नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १९७ काठमाडौं | १७ भदौ २०७६ मंगलबार भाद्र शुक्लपक्ष चतुर्थी | नेपाल संवत् ११३९ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, September 3, 2019 | पृष्ठ १२+६ | १० रुपैयाँ


## मिडिया काउन्सिल विधेयकमा अपुरो संशोधन

■ **राजेश मिश्र** (काठमाडौं)

संसद्मा दर्ता गरिएको मिडिया काउन्सिल विधेयकका केही विवादास्पद प्रावधान संशोधन गर्न सत्तारूढ र विपक्षी दुवैतर्फका सांसद सहमत भए पनि यसको गठन प्रक्रियामा उनीहरूको मत बाझेको छ । विधेयकमाथि नेकपाका १५ सांसदले संयुक्त रूपमा हालेको संशोधन प्रस्तावमा काउन्सिल पदाधिकारी नियुक्तिमा सरकार हावी रहने प्रावधान यथावत् छ ।

विधेयकमा सञ्चार मन्त्रालयका सचिव नेतृत्वको समितिको सिफारिसमा सरकारले काउन्सिलको अध्यक्ष र पदेनबाहेकका सदस्य नियुक्ति गर्ने प्रावधान छ । पत्रकार महासंघसहित विभिन्न संघसंस्थाले उक्त प्रावधानको विरोध गर्दै आएका छन् । महासंघले काउन्सिलका अध्यक्ष र सदस्य नियुक्तिको सिफारिस राष्ट्रिय सभा अध्यक्ष नेतृत्वको समितिबाट हुनुपर्ने भन्दै आएको छ ।

काउन्सिलको स्वायत्तताका लागि काउन्सिल सरकारप्रति नभई संसद्प्रति जिम्मेवार रहने गरी विधेयकमा संशोधन गर्नुपर्ने महासंघको माग छ । काउन्सिलले आफ्नो प्रतिवेदन सरकारलाई नभई संसद्को समितिलाई बुझाउनुपर्ने प्रावधान राख्न पनि महासंघले जोड दिएको छ । आचारसंहिता उल्लंघन गर्नेलाई २५ हजारदेखि १० लाख रुपैयाँसम्म जरिवाना र मनासिब क्षतिपूर्तिको प्रावधानलाई हटाइनुपर्ने महासंघको मागमा भने सत्ता र प्रतिपक्ष दुवै सहमत देखिएका छन् । नेकपाका सांसदले हालेको संशोधनमा जरिवाना हटाएर मध्यस्थता गरी मेलमिलाप गराइदिने उल्लेख छ ।

बाँकी पृष्ठ १६ ▶▶



काठमाडौंको वसन्तपुरमा सोमबार नाचगान गरेर तीज मनाउँदै महिला ।

*तस्बिर : केशव थापा/कान्तिपुर*

२५ वर्षअघिको प्रतिवेदन

# खोजिएन १८०० रोपनी

■ **दीपेन्द्र विष्ट** (काठमाडौं)

सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवं संरक्षणसम्बन्धी उच्चस्तरीय आयोगले २५ वर्षअघि विभिन्न व्यक्तिद्वारा अतिक्रमित भनी औंल्याएको १८ सय रोपनी सरकारी जग्गा अझैसम्म सरकारले खोजेको छैन ।

सरकारी र सार्वजनिक जग्गा अतिक्रमण भएको गुनासो बढेपछि ०४९ पुस १६ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पूर्वभूमिसुधार सचिव रामबहादुर रावलको अध्यक्षतामा तीन सदस्यीय आयोग गठन गरेका थिए । आयोगले दुई वर्ष लगाएर १३ सय पृष्ठ लामो प्रतिवेदन सरकारलाई बुझाएको थियो । जसमा काठमाडौं उपत्यकामा मात्र विभिन्न ओहदामा बसेका व्यक्तिले नदी, पोखरी, ढुंगेधारा, मन्दिर, खुलाचौर, सामाजिक संघसंस्थाको जग्गा, कुलो, चिहान, विभिन्न नदीको उकास भएको जग्गा, सरकारी वनलगायतको गरी करिब १८ सय रोपनी जग्गा अतिक्रमण भएको उल्लेख छ ।

प्रतिवेदन हालसम्म सार्वजनिक गरिएको छैन । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा उक्त प्रतिवेदन थन्क्याइएको छ । उक्त प्रतिवेदन अध्ययन गर्नसमेत पाइँदैन । 'ठूलाबडाले जग्गा अतिक्रमण गरेको प्रतिवेदनमा छ,' मन्त्रालयका एक उच्च अधिकारीले भने, 'त्यसकारण त्यो सार्वजनिक भएन, लागू गर्न पनि कठिन छ । विभिन्न स्वार्थ समूहले यसलाई सार्वजनिक गर्न दिएनन् ।'

**रावल आयोगको प्रतिवेदनमा शक्तिशाली व्यक्ति मुछिएकाले हालसम्म सार्वजनिक नभएको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका अधिकारी बताउँछन्**


सूक्ष्म ढंगले अध्ययन गरिएको भन्दै उनले आयोगले समाधान पनि सजिलो तरिकाले दिएको बताए । 'अहिले पनि निःस्वार्थ हिसाबले त्यसलाई कार्यान्वयन गर्ने हो भने लागू गर्न सकिन्छ,' ती अधिकारीले भने, 'लागू गर्न न सरकारले साहस गर्छ, न स्वार्थ समूहहरूले लागू गर्न दिन्छन् ।' एक आनादेखि रोपनीसम्म सरकारी जग्गा अतिक्रमण गर्नेको संख्या साढे चार हजारभन्दा बढी रहेको ती अधिकारीले बताए । आयोगले महानगरपालिकाका प्रत्येक वडामा गएर अध्ययन गरेको प्रतिवेदनमा उल्लेख छ ।

ठमेलस्थित सरस्वती क्याम्पसको पश्चिमतर्फ घ्याम्पे मन्दिर क्षेत्रको कित्ता नम्बर ३०५ को करिब ३ रोपनी जग्गा मिचिएको देखिन्छ । उक्त जग्गा ३ जनाले घरटहरा बनाई चर्चेका छन् । मन्दिरकै करिब १ रोपनीभन्दा बढी जग्गा सिद्धिगणेश माविले चर्चेको प्रतिवेदनमा छ । बालाजुस्थित विद्युत् प्राधिकरणको ३ रोपनी ३ आना २ पैसा १ दाम जग्गा २७ जनाले मिलेमतोमा मिचेका छन् । सोह्रखुट्टेनजिकको पाटीको करिब एक रोपनी जग्गामा ६ जनाले घर-पसल राखेको प्रतिवेदनमा छ ।

साथै, पार्टीलाई नयाँ स्वरूप दिएर निर्माण गरिएको उल्लेख छ । कलंकी, बल्खु, कालिमाटी, खड्का गाउँ, चक्रपथ र कुलेश्वर क्षेत्रमा पनि व्यापक रूपमा जग्गा मिचिएको छ । कलंकीको कित्ता नम्बर ८३ को खोलाको १ रोपनीभन्दा बढी र कित्ता नम्बर १०२ को कुलोको ७ रोपनीभन्दा बढीमा इँटाभट्टा स्थापना गरेको पाइएको छ । बाँकी पृष्ठ १६ ▶▶

# अनाहकमा अढाई वर्ष जेल

राज्यको बेवास्ताले बिनाकारण पन्जाबको जेलमा बस्न बाध्य एक नेपाली युवाको दुर्दान्त कथा



◀ **भारतको अमृतसरस्थित केन्द्रीय जेल जहाँ डिल्लीराम थारू (इन्सेटमा) अढाई वर्षदेखि छन् ।**

*तस्बिर : सुरेशराज/कान्तिपुर*

■ **सुरेशराज न्यौपाने** (अमृतसर)

दुब्लाएर सिट्ठो भएको ज्यान । महिनौं नकाटिएको दाह्रीकपाल । नाम : डिल्लीराम थारू (दिलु) । उमेर : २८ वर्ष । ठेगाना : पिपरा गाउँ, वाणगंगा नगरपालिका, कपिलवस्तु, नेपाल ।

तर करिब अढाई वर्षयता उनको ठेगाना फेरिएको छ- भारत, पन्जाब राज्यको अमृतसरस्थित केन्द्रीय जेल । नाम पनि परिवर्तन भएको छ- डिलराम तरु ।

निमुखा र आवाजविहीनहरूप्रति राज्यले गर्ने उपेक्षा तथा बेवास्ताको सिकार भएकाहरूका प्रतिनिधि पात्र हुन्, उनी । सरकारको जिम्मेवार निकायको गैरजिम्मेवारीपनका कारण नागरिकले कुन हदसम्म दुःख पाउन सक्छन् भन्ने कुराको उदाहरणसमेत हुन् उनी । कान्तिपुरले अमृतसर जेलमा गएर भेटेपछि उनले आफ्नो कथा-व्यथा सुनाए ।

**यसरी परे उनी जेल**

करिब साढे दुई वर्षअघिको कुरा हो । घरमा हातमुख जोर्न मुस्किल थियो । सम्पत्तिका नाममा एउटा सानो घर र त्यसले चर्चेको जग्गा मात्र । अरू दुई दाजु छुट्टिभिन्न भइसकेका थिए । आमा, श्रीमती, दुई छोरी र बूढी हजुरआमाको जिम्मेवारी डिल्लीकै काँधमा थियो । बुबा २०५८ सालमै बितेका थिए । दाजुहरू धनीराम र मणिराम आआफ्नो इलम गर्थे । बेग्लै बस्थे । आमा र श्रीमती दुवै मजदुरी गर्थे । त्यसले पनि राम्ररी घरखर्च नचलेपछि डिल्लीले निर्णय गरे, रोजगारीका लागि फेरि एक पटक पन्जाबको चण्डीगढ जाने । यसअघि दुई पटक गरी करिब तीन महिना उनले चण्डीगढमै 'वेटर'को काम गरेका थिए ।

घर छाड्ने दिन श्रीमती छोरी लिई माइती गएकी थिइन् । गाडी भाडा थिएन । त्यसैले उनले आफ्नो साइकल र श्रीमतीका दुई जोर पाउजु बोकी हिंडे । र, झोलामा आफ्नो नागरिकता र केही जोर लुगा हाले । साइकललाई सीमावर्ती बजार कृष्णनगरका आफन्त सन्तोष दाइको पसलमा १८ सय रुपैयाँमा बेचे । अनि त्यहीँबाट चण्डीगढका लागि बस चढे ।

यसअघि पनि आएको हुँदा चण्डीगढ उनका लागि नयाँ ठाउँ थिएन । उनी पहिले काम गरेकै ठाउँमा रोजगारी माग्न गए । तर साहुले काम छैन भनी फर्काइदिए । त्यसपछि एकजना चिनेका दाइलाई खोज्न निस्किए अटोरिक्सामा । तर राति भएकाले ती दाइ भेटिएनन् । अटोरिक्सा केही पर रोकिराखेका थिए, फर्किंदा उनको झोला लिएर त्यो भागिसकेछ ।

उनको परिचय खुलाउने नागरिकतासमेत त्यही झोलामा थियो, हरायो । 'त्यसपछि मेरो होसै हरायो- के गर्ने, कहाँ जाने ?' थारूले सुनाए । केही सीप नलागेपछि उनले घरै फर्किने सोचाइ बनाए । भाडा तिर्ने पूरा रकम पनि थिएन, रेलवे स्टेसन पुगेर रेल चढे । नेपाल फर्कन उनी चढ्नुपर्ने थियो अम्बालाको रेल, थाहा नपाएर अमृतसरको रेल चढेछन् । अर्को रात करिब ११ बजे अमृतसरमा झरे । जीउ भोकप्यास र थकाइले लखतरान थियो । स्टेसनबाट बाहिरिएपछि केही परसम्म हिंड्दै गए ।

करिब ६ सय मिटर पुगेपछि खपिनसक्नुभयो । सडकछेउ पल्टिन खोजे । उनी सैनिक छाउनी क्षेत्रमा पुगेछन् । 'खै के-कसरी हो, म त केही बेरमा सेनाको क्षेत्रभित्र पसेछु,' उनले भने, 'पर्खाल जस्तो थियो, यसो नाघेर भित्र गएको सेनाको क्षेत्र पो रहेछ ।'

बिनाअनुमति सैनिक क्षेत्रमा प्रवेश गरेको भन्दै उनलाई तत्काल सेनाले पक्राउ गर्‍यो । केरकार गर्‍यो । उनले सबै कारण बताए । तर सेनाले पत्याएन । किनभने उनीसँग नाम र ठेगाना खुल्ने कुनै कागजात थिएन । प्रमाण देखाउन नसकेपछि त्यो रात उनलाई छाउनीमै राखियो । र, भोलिपल्ट प्रहरीको जिम्मा लगाइयो । त्यसपछि १५ दिन प्रहरी थानामा राखिएको उनले बताए । प्रहरीले उनीमाथि 'फरेनर्स एक्ट'अन्तर्गत कारबाही अगाडि बढायो । उनको पक्षमा बहस-पैरवी गर्ने कोही भएन । २२ मे २०१७ मा स्थानीय अदालतले विदेशी नागरिकसम्बन्धी कानुनको हवाला दिँदै थारूलाई नौ महिनाको सजाय सुनायो । भारतमा शंकास्पद गतिविधिका आरोपित कुनै पनि विदेशी नागरिकले आफ्नो परिचय खुलाउन नसकेको अवस्थामा यस्तो मुद्दा चलाउने गरिन्छ ।

यता घरमा भने उनी जेल परेको खबर कसैले पाएन । उनले पनि केही सन्देश पठाउन पाएनन् । यत्तिकै नौ महिना बित्यो । जेल सजाय पूरा गरेपछि घर जान पाइन्छ भन्नेमा ढुक्क थिए । किनभने जेल परेकाहरू सजाय सकिएपछि आआफ्नो घर लागेको उनले देखेका थिए । अदालतको फैसलाअनुसार उनले २०१८ फेब्रुअरी अन्त्यमा कैद पूरा गरे । भारतीय कानुनमा विदेशी नागरिकलाई सम्बन्धित देशको दूतावासलाई नै जिम्मा लगाउनुपर्ने व्यवस्था छ । जेल प्रशासनले भारतको विदेश मन्त्रालयलाई नेपाल सरकारसँग पत्राचार गर्न अनुरोध गर्‍यो । त्यसैअनुसार २६ जुन २०१८ मा विदेश मन्त्रालयले नयाँदिल्लीस्थित नेपाली दूतावासलाई थारूको राष्ट्रियता र ठेगाना प्रमाणीकरणका लागि पत्र पठायो । बाँकी पृष्ठ १६ ▶▶




# चिकित्साका विद्यार्थीसँग वार्ता गर्न निर्देशन

काठमाडौं (कास)- शिक्षामन्त्री गिरिराजमणि पोखरेलले चिकित्सा विद्यार्थीका जायज माग पूरा गर्न सोमबार त्रिभुवन र काठमाडौं विश्वविद्यालयलाई निर्देशन दिएका छन् ।

त्रिवि र काठमाडौं विश्वविद्यालयका डिन कार्यालयमा तालाबन्दी गरेर विद्यार्थी आन्दोलनमा उत्रिएको भोलिपल्टै (सोमबार) मन्त्री पोखरेलले पदाधिकारीलाई डाकेर संवाद प्रक्रिया थाल्न निर्देशन दिएका हुन् । एमबीबीएस लगायत चिकित्सा शिक्षा सम्बन्धी विषयको प्रवेश परीक्षा प्रभावित हुन नदिन मन्त्रालयले विश्वविद्यालयलाई आन्दोलित विद्यार्थीसँग वार्ता गर्न निर्देशन दिएको उपसचिव पुष्प ढकालले जानकारी दिए । 'मन्त्रीले विद्यार्थीको पूरा गर्न सकिने जायज मागहरू पूरा गरेर अघि बढ्न दुवै विश्वविद्यालयका पदाधिकारीलाई निर्देशन दिनुभएको छ,' उनले भने, 'वार्ता कमिटी गठन गरेर संवाद थाल्न भनिएको छ ।'

विद्यार्थीले चिकित्सा शिक्षा ऐनले तोकेबमोजिम एकीकृत प्रवेश परीक्षाबाट भर्ना लिनुपर्ने, पचहत्तर प्रतिशत विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने, मेडिकल कलेजले विभिन्न शीर्षकमा असुल्दै आएको मनोमानी शुल्क फिर्ता गर्नुपर्नेलगायत ८ बुँदे माग अघि सारेका छन् ।

चिकित्सा शिक्षा आयोगले पूर्णता नपाएकाले विश्वविद्यालय र स्वास्थ्य विज्ञान प्रतिष्ठानले छुट्टाछुट्टै तरिकाबाट भर्ना प्रक्रिया अघि बढाएका छन् । ऐनले व्यवस्था गरेको छात्रवृत्तिको व्यवस्थालाई बेवास्ता गरिएको छ । विद्यार्थीले ऐनले सुनिश्चित गरेको व्यवस्था लागू गर्न चरणबद्ध आन्दोलन घोषणा गरेका हुन् ।

यसअघि गण्डकी मेडिकल कलेज पोखराका विद्यार्थी अतिरिक्त शुल्क लिइएको भन्दै आन्दोलित बनेका थिए । गत चैत ८ गते शिक्षा मन्त्रालयको पहलमा सरकारले तोकेभन्दा बढी शुल्क फिर्ता गराउने सहमति भएको थियो ।






# न्यायाधीशको आदेशमा नक्कली वारेसनामा

**कान्तिपुर संवाददाता** (काठमाडौं)

काठमाडौं जिल्ला अदालतले प्रमाणित गरेको एक फर्जी वारेसनामाबाट बूढानीलकण्ठको दुई रोपनी आठ आना जग्गा झुक्याएर अर्कै व्यक्तिको नाममा पास भएको भेटिएको छ ।

काठमाडौंका तत्कालीन न्यायाधीश रमेशराज पोखरेलको आदेशमा बनेको 'नक्कली वारेसनामा' का कारण चन्दनकृष्ण कायस्थको नाममा भएको जग्गा अर्कैको नाममा पास भएको थियो । ६ महिनाअघिको यो प्रकरणमा अख्तियारले 'न्यायाधीश' को भूमिकामा प्रश्न उठाई न्यायपरिषद्मा फाइल पठाउने तयारी गरिरहेको छ । '०४२ सालमा काठमाडौंमा नगर पञ्चायत थियो तर काठमाडौं महानगरपालिका भनी उल्लेखित नागरिकताका आधारमा अधिकृत वारेसनामा बनेको भेटियो,' अख्तियारको आरोपपत्रमा भनिएको छ, '०४२ साल भदौ १८ गते काठमाडौं जिल्ला अदालतले बनाइदिएको अधिकृत वारेसनामाका कारण एउटा व्यक्तिको जग्गा अर्कैको नाममा पास भयो ।'

उक्त दिन न्यायाधीश रमेशराज पोखरेलको इजलासले अधिकृत वारेसनामा प्रमाणित गरेको अभिलेखबाट देखिन्छ । बूढानीलकण्ठ गाविसको तीनवटा कित्तामा रहेको दुई रोपनी आठ आना जग्गा चन्दनकृष्ण कायस्थको नाममा थियो । चाबहिलको मालपोत कार्यालयमा रहेको स्रेस्तामा उनको फोटो उप्काएर नक्कली हस्ताक्षर र औंठाछाप गरेको भेटिएको हो । रजिस्ट्रेसन नम्बर १२१३९८ को नाममा नक्कली लालपुर्जा बनाएर जग्गा हत्याएको अख्तियारको आरोपपत्रमा उल्लेख छ । उक्त लालपुर्जामा सबै विवरण हस्तलिखित थियो तर ०६५ सालपछि मालपोत कार्यालय डिल्लीबजारले प्रिन्ट गरेका लालपुर्जा मात्रै वितरण गर्थ्यो ।

> बूढानीलकण्ठको दुई रोपनी आठ आना जग्गा झुक्याएर अर्कै व्यक्तिको नाममा पास

चन्दकृष्ण कायस्थको नाममा ०४२ साल मंसिर १९ गते नागरिकता बनेको थियो । उक्त लालपुर्जामा उनको ठेगाना काठमाडौं नगर पञ्चायत उल्लेख थियो । अदालतमा पेस भएको नक्कली प्रमाणपत्रमा भने ठेगाना 'काठमाडौं महानगरपालिका' लेखिएको थियो । नागरिकता र लालपुर्जा दुवै कार्यालय सहयोगी हरि खड्काले बनाएको आरोपपत्रमा उल्लेख छ । आरोपपत्रका अनुसार राजु थापामगरले आफूलाई चन्दनकृष्ण कायस्थ भनी उभ्याए । दीपक थापा, भूपाल मोक्तान, गोविन्द केसीलगायत व्यक्ति मिलेर नक्कली लालपुर्जा र नागरिकता बनाएको अख्तियारले जनाएको छ । अनि श्रीकृष्ण बरुवालले ध्रुव भट्टराईसँगको मिलेमतोमा 'वारेस' बनाई जग्गा किनेको भेटिएको छ । उनीहरूले सम्पत्तिको स्रोत देखाउन अर्थ कवच बचत तथा ऋण सहकारीबाट ६ करोड ऋणसमेत लिएका थिए । तर कारोबार नभएको आरोपपत्रमा उल्लेख छ ।

उक्त मुद्दामा आयोगले १६ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको थियो । अख्तियारले तीमध्ये १० जनासँग ६ करोड रुपैयाँका दरले बिगो दाबीसमेत गरेको थियो । 'त्यतिबेला हामीले न्यायाधीशको भूमिका हेरेका थिएनौं,' अख्तियार स्रोतले भन्यो, 'अब भने उहाँको भूमिकासमेत शंकास्पद भेटिएपछि अध्ययन गरेर न्यायपरिषद्मा फाइल पठाउने तयारी गरेका छौं ।' अख्तियारले न्यायाधीशहरूको काम-कारबाहीमाथि अनुसन्धान गर्न पाउँदैन । अनुसन्धान क्रममा त्यस्ता फाइलमा कैफियत देखिए थप अनुसन्धानका लागि न्यायपरिषद्मा फाइल पठाइदिन सक्छ ।

अख्तियारले मालपोत कार्यालय चाबहिलका प्रमुख कमलप्रसाद तिमिल्सिना, अधिकृतहरू खगेन्द्रप्रसाद अर्याल, रामप्रसाद सुवेदी, नासु रञ्जनकुमार खरेल र जमुनाकुमारी श्रेष्ठ तथा कार्यालय सहयोगी हरि खड्काविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको थियो । उनीहरूसँग बिगो मागदाबी गरेको छैन ।

त्यसैगरी राजु थापामगर, सानेभाइ श्रेष्ठ, श्रीकृष्ण बरुवाल, भूपालसिंह तामाङ, ध्रुवप्रसाद भट्टराई, श्रीकृष्ण देवकोटा, प्रदीपप्रसाद गौतमसँग ६ करोड रुपैयाँका दरले बिगो मागदाबी गरेको छ । उनीहरूको पहिचान खुलाइएको छैन । अख्तियारले अर्थ कवच तथा बचत ऋण सहकारीका निर्देशक नवदुर्गा ढुंगेल र प्रबन्ध निर्देशक सुरेशकुमार थापा अनि सानिमा बैंकका ट्रेलर सनिश सापकोटासँग ६/६ करोड रुपैयाँका दरले बिगो मागदाबी गरेको थियो ।

# उपनिर्वाचनलाई दल दर्ता आह्वान

काठमाडौं (कास)- निर्वाचन आयोगले मंसिर १४ मा हुने उपनिर्वाचनमा भाग लिन चाहने राजनीतिक दलहरूलाई दल दर्ता गर्न आह्वान गरेको छ । यसका लागि आयोगले भदौ मसान्तसम्मको समयसीमा तोकेको छ । ०७४ सालको प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तह निर्वाचनमा भाग लिएका दलले भने उपनिर्वाचनका लागि दर्ता गराउनु नपर्ने आयोगको विज्ञप्तिमा उल्लेख छ । उक्त निर्वाचनपछि एकीकरण भई नयाँ कायम भएका, नयाँ दर्ता भएका, नाम परिवर्तन गरेका र पहिले दर्ता नभएका दलले अनिवार्य दर्ता गराउनुपर्ने आयोगका प्रवक्ता सहसचिव शंकरप्रसाद खरेलले बताए । उपनिर्वाचन प्रयोजनका लागि संसद्मा रहेका नेकपा र समाजवादी पार्टीले पुनः दल दर्ता गराउनुपर्छ ।

संवैधानिक व्यवस्थाअनुरूप पार्टी एकीकरणपछि पहिलोपटक चुनावमा सहभागी हुन लागेका यी दलले आयोगमा दर्ता गर्नुपर्ने खरेलले जानकारी दिए ।

राप्रपा संयुक्त तथा तत्कालीन साझा पार्टी र विवेकशील पार्टीले समेत उपनिर्वाचन प्रयोजनका लागि पुनः दल दर्ता गर्नुपर्नेछ । आगामी मंसिर १४ गते प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहका कुल ५१ पदमा उपनिर्वाचन हुँदै छ ।

सोलुखुम्बुको दूधकुण्ड नगरपालिका-११ मा पर्ने तिङ्लामा यसपटक पनि चुनाव नहुने भएको छ । तिङ्लामा ३६ सयभन्दा बढी मतदाता छन् । यसअघि उनीहरूले आफूलाई नेचा-सल्यान गाउँपालिका-६ मा राखिएको विरोधमा तीनवटै तहका चुनाव बहिष्कार गरेका थिए । उनीहरूले अहिले चुनावको माग गरिरहेका छन् ।






प्रधानमन्त्रीको स्वास्थ्य

# छैटौंपटक प्लाज्माफेरेसिस

**अतुल मिश्र** (काठमाडौं)

प्रधानमन्त्री केपी शर्मा ओलीको 'मिर्गौलासम्बन्धी एन्टिबडी' को उपचारक्रममा सोमबार नेसनल युनिभर्सिटी अस्पताल सिंगापुरमा छैटौंपटक प्लाज्माफेरेसिस गरिएको छ ।

१२ वर्षअघि दिल्लीस्थित इन्द्रप्रस्थ अपोलो अस्पतालमा मिर्गौला प्रत्यारोपण गराएका प्रधानमन्त्री ओलीको रगतमा क्रिएटिनिनको स्तर २ पुगेपछि सम्भावित समस्या आकलन गर्दै करिब डेढ महिनाअघि विभिन्न परीक्षण एवं उपचार प्रक्रिया सुरु भएको हो । कान्तिपुरलाई सिंगापुरबाट प्राप्त जानकारीअनुसार दिन बिराएर गरिराखिएको रगत शुद्धीकरणसँग सम्बन्धित उपचारको क्रम बुधबार समाप्त हुनेछ । यसअघि प्रधानमन्त्रीले बिहीबार आराम गरेर शुक्रबार स्वदेश फर्कने कुरा भए पनि शनिबारसम्म लाग्न सक्ने एक चिकित्सकले बताए ।

'प्लाज्माफेरेसिस गरेपछि एन्टिबडी स्तर आदि हेर्ने भएकाले उहाँ शनिबार फर्कने कुरा भएको छ,' ती



चिकित्सकका अनुसार यसअघिको सिंगापुर उपचारपछि स्वदेश फर्किंदासमेत केही साइड इफेक्ट देखिएको थियो । प्रधानमन्त्रीका निजी चिकित्सक प्रा.डा. दिव्यासिंह शाहले प्रधानमन्त्रीको शरीरमा देखिएको केही बढी मात्रामा मिर्गौलासम्बन्धी एन्टिबडीलाई निष्कासन गरी निराकरण गर्ने उपचार विधि (प्लाज्माफेरेसिस) लाई निरन्तरता दिन पुनः दोस्रोपटक सिंगापुर लगिएको जनाएकी थिइन् ।

उनको शरीरमा कामलायकभन्दा भिन्न प्रकारको एन्टिबडी देखिएपछि यो उपचार प्रक्रिया अपनाइएको हो । यसअघि सन् २०१४ मा प्रधानमन्त्रीको हातमा फरक प्रकारको कडा संक्रमण भएपछि र दुई वर्ष अघिसमेत यो एन्टिबडी हेरिएको थियो । प्रधानमन्त्रीको उपचारमा संलग्न चिकित्सकका अनुसार त्यसयताका डोनर स्पेसिफिक एन्टिबडी' नदेखिएकाले यो उपचार प्रक्रिया अपनाइएको थिएन ।

'यसपटक दाता विशिष्ट एन्टिबडी देखिएकाले प्लाज्माफेरेसिस गरिएको हो,' प्रधानमन्त्रीको उपचारमा संलग्न एक चिकित्सकले कान्तिपुरसँग भने, 'यसलाई समयमै शरीरबाट बाहिर निकाल्दा राम्रो हुने आधुनिक चिकित्सा विज्ञानको मान्यता छ ।' यसअघि प्लाज्माफेरेसिसको पूर्वतयारीअन्तर्गत साउन १८ देखि २७ सम्म नेसनल युनिभर्सिटी अस्पतालमै प्रधानमन्त्रीको विभिन्न परीक्षण गरिनुका साथै औषधिसमेत चलाइएको थियो । त्यतिबेला उनी मुलुक फर्केपछि औषधिको साइड इफेक्टले 'हेडेक' अलि अप्ठ्यारोसमेत देखिएको थियो ।

'कतिपटक प्लाज्माफेरेसिस गर्ने भन्नेबारे बिरामीको एन्टिबडी टाइटर लेभल हेरेपछि चिकित्सकले निर्णय गर्छन्,' प्रधानमन्त्री ओलीले मिर्गौला प्रत्यारोपण गराउनुभन्दा अघिदेखि करिब १० वर्षसम्म उनको उपचार प्रक्रियामा संलग्न वरिष्ठ मिर्गौला रोग विशेषज्ञ डा. ऋषि काफ्ले भन्छन्, 'प्रधानमन्त्रीको उपचारमा संलग्न चिकित्सकले उनलाई ७ पटक प्लाज्माफेरेसिस गरेपछि एन्टिबडी टाइटर सामान्य वा सामान्यको नजिक हुने आकलन गरेका होलान् ।'

सामान्य भाषामा भन्दा प्रधानमन्त्रीको शरीरमा मिर्गौलासम्बन्धी एन्टिबडी बढ्नुको अर्थ उनको शरीरले अरूको प्रत्यारोपण गरेको मिर्गौला रहेको कुरा चिन्न थालेको डा. काफ्ले बताउँछन् ।

सोमबार ६७ वर्ष पुगेका ओलीको शरीरमा एन्टिबडी टाइटर सामान्य वा सामान्य नजिक भए हालको शारीरिक समस्या तत्कालका लागि समाधान भएको मानिन्छ ।

यसअघि २०७१ वैशाखमा उनमा ढुसी संक्रमणले हुने मस्तिष्क ज्वरो 'फंगल मेनेन्जाइटिस' समेत देखिएको थियो । यो समस्या अंग प्रत्यारोपण गराउनेलाई बढी देखिने गरिन्छ ।

त्यसबेला उनको उपचारमा संलग्न चिकित्सकले कान्तिपुरलाई दिएको जानकारीअनुसार फंगल मेनेन्जाइटिसको गलत उपचारले गर्दा निम्तिएको थियो । उनले सेवन गर्ने इम्युनोसप्रसेन्ट औषधिको मात्रा नमिलेर भएको थियो । त्यतिखेर इम्युनोसप्रसेन्ट औषधिको मात्रा निकै बढी थियो भने मुटु रोगको औषधिसमेत सेवन गरेका थिए । संक्रमणले उनलाई समस्या देखिए पनि युरिक एसिड ठानेर त्यसको समेत औषधि दिइएको थियो । इम्युनोसप्रसेन्ट औषधिको उच्च मात्राले उनको मिर्गौला जोगिए पनि अन्य संक्रमण भएको थियो ।

गत वर्ष कात्तिक महिनामा समेत प्रधानमन्त्रीलाई सास फेर्न असजिलो भएपछि मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरमा बिहान ४ बजेर ३० मिनेटमा भर्ना गरिएको थियो । त्यतिबेला प्रधानमन्त्रीको छातीमा संक्रमण देखिएको र शरीरमा चिनीको मात्रा असन्तुलित देखिएकाले उपचार गरेर ५ दिनपछि डिस्चार्ज गरिएको थियो । गत वर्ष फागुनमा पनि स्वास्थ्यमा गडबडी देखिएपछि मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरमा उपचार गरिएको थियो ।

**गौतम र पौडेल भेट्न जाँदै**

प्रधानमन्त्री ओलीको स्वास्थ्य अवस्था बुझ्न नेकपा सचिवालय सदस्य वामदेव गौतम र महासचिव विष्णु पौडेल मंगलबार सिंगापुर जाने भएका छन् । ओली भदौ ५ देखि सिंगापुरको नेसनल युनिभर्सिटी हस्पिटलमा मृगौलाको उपचार गराइरहेका छन् । पार्टीको प्रतिनिधिका रूपमा गौतम र पौडेल प्रधानमन्त्री ओलीलाई भेट्न जान लागेका हुन् ।

# मर्ज हुँदै म्यानपावर कम्पनी

■ होम कार्की (काठमाडौं)

नियमन र कामदारलाई क्षतिपूर्ति दिलाउन बाध्यकारी नियम ल्याइएपछि २ सय ६२ वैदेशिक रोजगार व्यवसायी कम्पनी गाभिएर एक सय १४ वटा बनेका छन्। व्यवसायीले ६ वटासम्म म्यानपावर आपसमा गाभेर एउटा कम्पनी बनाएका छन्।

कम्पनी एकआपसमा गाभ्न सक्ने गरी ६ करोड रुपैयाँसम्मको धरौटी राख्नुपर्ने बाध्यकारी नियम ल्याइएपछि व्यवसायी 'मर्जर' को प्रक्रियामा पुगेका हुन्। तोकिएको धरौटी भदौ १८ भित्र व्यवसायीले राखिसक्नुपर्ने छ। २ सय ६२ बाट गाभिएर बनेको




- १२ सयको संख्यामा रहेका म्यानपावरलाई आधामा झार्ने योजना
- २ सय ६२ व्यवसायी कम्पनी गाभिएर ११४ वटा
- ६३७ द्वारा बैंक धरौटी, ६ वटासम्म गाभिएर एउटा
- कामदारलाई क्षतिपूर्ति दिलाउन म्यानपावरलाई दायरामा ल्याइँदै

१ सय १४ सहित ६ सय ३७ वटा म्यानपावर कम्पनीले विभागमा तोकिएको धरौटी जम्मा गरेको वैदेशिक रोजगार विभागका महानिर्देशक भीष्मकुमार भुसालले बताए। उनले भने, 'हामीले अनुमान गरेअनुसार नै म्यानपावर कम्पनी दर्ता भएका छन्।'

सरकारले १२ सयको संख्यामा रहेका म्यानपावर कम्पनीलाई आधामा झार्ने योजना बनाएको थियो। जसअनुसार कामदार पठाउने संख्या तोकेर धरौटी रकम निर्धारण गरेको थियो। एक आर्थिक वर्षमा ३ हजार जनाभन्दा कम कामदार पठाउने कम्पनीले ५० लाख नगद र १ करोड ५० लाख रुपैयाँ बैंक ग्यारेन्टी, ५ हजारसम्म कामदार पठाउनेले १ करोड नगद र २ करोड बैंक धरौटी तथा ५ हजारभन्दा बढी कामदार पठाउने कम्पनीले २ करोड रुपैयाँ नगद र ४ करोड बैंक ग्यारेन्टी राख्नुपर्ने नियम छ।

झन्डै ९० प्रतिशत कम्पनीले दुई/दुई करोड रुपैयाँ राखेका छन्। वर्षमा १० हजार जनासम्म कामदार पठाइरहेका केही म्यानपावर कम्पनीले मात्रै माथिल्लो सिलिङको ६ करोड रुपैयाँ धरौटी राखेका छन्। सरकारले म्यानपावर कम्पनीको अनुगमन गर्न संयन्त्र नभएको भन्दै २०६७ असोज ११ देखि नयाँ दर्ता गर्न रोकेको थियो। तर, व्यवसायीले अदालतमा गएर म्यानपावर कम्पनी दर्ता गर्न थालेको थियो। अदालतको आदेश लिएर मात्रै झन्डै ५ सयवटा म्यानपावर कम्पनी दर्ता भए। अझ संख्या बढ्न थालेपछि सरकारले वैदेशिक रोजगार ऐन नै संशोधन गरेर २ करोडदेखि ६ करोडसम्म धरौटी राख्नुपर्ने बाध्यकारी नियम ल्याएको हो। एउटा व्यक्ति र एकाघरकाले एकभन्दा बढी म्यानपावर कम्पनी दर्ता गर्न नपाउने नियम ल्यायो। 'धेरैजसो व्यवसायीले दुईभन्दा बढी म्यानपावर खोलिएको देखियो। एउटा म्यानपावरको कालोसूची परेको समयमा अर्को म्यानपावर कम्पनीबाट कारोबार खोल्ने खास उद्देश्य थियो,' विभागका महानिर्देशक भुसालले भने, 'अब एकजनाको नाममा एउटा मात्रै म्यानपावर दर्ता गर्न पाउने वातावरण बन्यो।'

धेरै म्यानपावर कम्पनीबीचको अस्वस्थ प्रतिस्पर्धाका कारण निःशुल्क भिसा र टिकटको नीतिलाई कडाइका साथ कार्यान्वयन गर्न नसकिएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको बुझाइ छ। विभागका अनुसार आर्थिक वर्ष २०७५/७६ मा म्यानपावर कम्पनीविरुद्ध १२ सय ६३ वटा उजुरी परेका थिए। जसमा पीडितले २९ करोड ६३ लाख रुपैयाँ दाबी गरेका छन्। यसमा सबै उजुरीकर्ताले दाबी गरे अनुसारको क्षतिपूर्ति भने पाइसकेका छैनन्। ४ सय २९ वटा उजुरी फरफारक भई ९ करोड ५९ लाख रुपैयाँ पीडितलाई क्षतिपूर्ति दिलाइएको विभागले जनाएको छ। 'फरफारक भएका मुद्दाको प्रकृति हेर्दा पीडितले दाबी गरेअनुसार नै प्रमाण जुटाएर क्षतिपूर्ति दिलाइएको छ,' महानिर्देशक भुसालले भने, 'पीडितसँग म्यानपावर कम्पनीबाट दिइएको १० हजार रुपैयाँको मात्रै भर्पाइ हुन्छ। हामी अरू प्रमाण जुटाएर क्षतिपूर्ति दिलाउने काम गरिरहेका छौं।'

म्यानपावर (संस्थागत) बाटै भएका ठगीलाई विभागले नै टुंग्याउने गरेको छ। म्यानपावरमाथि छानबिन गरी मुद्दाको अन्तिम किनारा लगाउने अधिकार विभागलाई नै छ। 'विभागले अदालतमा मुद्दा पठाउने गरेको छैन। निर्णयउपर चित्त नबुझे मात्रै पुनरावलोकनका लागि श्रम मन्त्रालय जान पाउने म्यानपावरलाई अधिकार छ,' उनले भने, 'अहिलेसम्म विभागको निर्णयविरुद्ध म्यानपावर कम्पनी पुनरावलोकनका लागि श्रम मन्त्रालय गएका छैनन्।' विभागले पीडितलाई क्षतिपूर्ति दिलाएपछि म्यानपावरलाई जरिवाना पनि तिराउन थालेको छ। ८१ वटा म्यानपावर कम्पनीमाथि जरिवानालाई लगाइएको छ। पीडित उजुरी गरेपछि म्यानपावरको कारोबार बन्द हुन्छ। उजुरीको फरफारक नभएसम्म उक्त म्यानपावरले अरू कामदार विदेश पठाउन पाउँदैनन्। त्यस्ता ९३ वटा कम्पनीको कारोबार रोक्का भएको छ।

म्यानपावरभन्दा बढी व्यक्तिगत ठगीका घटना दोब्बर छन्। आर्थिक वर्ष २०७५/७६ मात्रै ८ सय १९ जनाविरुद्ध ५६ करोड २१ लाख रुपैयाँ ठगी भएको भन्दै विभागमा उजुरी परेको छ। यसमा विभागले प्रमाण पुर्‍याएर २ सय १९ जनाविरुद्ध २४ करोड ५० लाख रुपैयाँ बिगो दाबी गर्दै वैदेशिक रोजगार न्यायाधिकरणमा मुद्दा दर्ता भएको छ। 'संस्थागत उजुरी परेमा विभागबाटै किनारा लाग्छ। तर, व्यक्तिगत ठगीका विरुद्ध अदालत जानैपर्छ,' भुसालले भने, 'हामीले प्रमाण जुटाएर अदालतमा मुद्दा दर्ता गर्ने क्रम बढाएका छौं।' गत आर्थिक वर्षको साउनमा ८८ वटा व्यक्तिगत उजुरी पर्दा अदालतमा २८ मात्रै दर्ता भएको थियो। असार मसान्तसम्म विभागमा पुगेका ५५ उजुरीमध्येका ३१ मुद्दा अदालतमा दर्ता भएको छ।










# ८६ वटा संरक्षण पोखरी निर्माण

■ **प्रताप विष्ट** (हेटौंडा)

प्रदेश सरकारले आठवटा जिल्लामा ८६ वटा संरक्षण पोखरी निर्माण गरेको छ । पोखरी निर्माण गरेपछि बस्तीका कुवा र टयुबेलहरूमा पानी आउन थालेका छन् । वन्यजन्तुहरू पनि तिर्खाएर पानी खान बस्तीतिर झरेका छैनन् ।

'संरक्षण पोखरीवरिपरि हरियालीले ढाकेको छ,' डिभिजन वन कार्यालय सिन्धुली मरिणका प्रमुख लोकराज नेपालले भने, 'अझ यसको सकारात्मक प्रभाव असोज–कात्तिकपछि देखिन्छ ।' सिन्धुलीको मरिण गाउँपालिका–६ भगवती सामुदायिक वनभित्र करिब १० लाखको लागतमा चार-पाँच महिनाअघि निर्माण गरिएको संरक्षण पोखरीको प्रभाव अहिले नै देखापर्न थालिसकेको छ । मरिणमा निर्माण गरिएको संरक्षण पोखरीमा पाइपमार्फत् खोल्सीको पानी ल्याएर पनि जम्मा गर्ने गरिएको छ । संरक्षण पोखरीका कारणले वन्यजन्तुहरूले बस्तीभित्र छिरेर दुःख दिन पनि कम भएको छ ।

**वन्यजन्तुहरू पानीका लागि बस्तीमा आउन छाडे**

'पानीका लागि उनीहरू बस्तीभित्र प्रवेश गर्थ्ये, अहिले त्यो क्रम रोकिएको छ,' वन कार्यालयका प्रमुख नेपालले भने, 'संरक्षण पोखरीले पानीको संरक्षण गर्नुको साथै वन्यजन्तुका उत्तिकै महत्त्वपूर्ण रहेको छ ।' सिन्धुलीको मरिण गापामा चार वटा संरक्षण पोखरी निर्माण गरिएको छ भने सुनकोसी, घयाङलेख, हरिहरपुरगढी र कमलामाई नगरपालिकामा गरी १५ वटा संरक्षण पोखरी निर्माण गरिएको प्रदेश वन तथा वातावरण मन्त्रालयका अधिकृत नवराज पुडासैनीले बताए ।

प्रदेश सरकारमार्फत् सिन्धुली मात्र होइन काभ्रेको बनेपा नगरपालिका-२ टुकुचानाल र धुलिखेल नगरपालिका–११ कपिलेश्वर सामुदायिक वनमा निर्माण गरेको संरक्षण पोखरीका कारणले पानीका मुहानहरू बढेका छन् भने बस्तीमा वन्यजन्तु पानी खान आउन छाडेका छन् ।

'निर्माण गरेको छोटो समयमा नै संरक्षण पोखरीको प्रभाव देखिन थालेको छ,' डिभिजन वन कार्यालय काभ्रेका प्रमुख बद्रीबहादुर कार्कीले भने, 'संरक्षण पोखरीले वन्यजन्तुलाई जंगलमा नै पानीको तिर्खा मेट्ने स्थलमा पाएको छ भने अर्कोतिर पानीको 'रिचार्ज' पनि भएको छ ।' प्रदेश सरकारले सानाठूला गरेर काभ्रेमा १५ वटा संरक्षण पोखरी निर्माण गरेको छ ।

'वातावरण संरक्षण गर्ने, पानीका मुहानहरू सुक्न नदिने र वन्यजन्तुलाई सहजले ढंगले पानी उपलब्ध गराउने उद्देश्य प्रदेश सरकारले गत आवमा ८ जिल्लामा संरक्षण पोखरी निर्माण गरेको' वन तथा वातावरण निर्देशनालय हेटौंडाका उपसचिव कृष्णप्रसाद न्यौपानेले भने, 'संरक्षण पोखरीको निर्माणपश्चात् छोटो समयमानै परिणाम देखिएका छन् ।'

जलवायु परिवर्तन एवं मानवीय कारणले पानीका मूलहरू सुक्दै गएकाले प्रदेश सरकारको वन तथा वातावरण मन्त्रालयले गत आवमा ८ वटा जिल्लामा सानाठूला गरेर ८६ वटा संरक्षण पोखरी निर्माण गरेको वन तथा वातावरण मन्त्रालयका सचिव शिवकुमार वाग्ले बताए । निर्माण गरिएकामध्ये केही सिमसार क्षेत्रलाई विस्तार पनि गरिएको उनले बताए ।

गत आवमा ५ करोड २० लाख रुपैयाँमा संरक्षण पोखरीको निर्माण र सिमसार संरक्षण गरिएको थियो । वन तथा वातावरण मन्त्रालयले संरक्षण पोखरी मात्र निर्माण गरिएको होइन सिमसारको पनि संरक्षण गरेको छ । गत आवमा सिन्धुलीमा १५, रामेछाप ६, दोलखा ३, सिन्धुपाल्चोक ८, काभ्रे १५, मकवानपुर २ र चितवनमा ३२ वटा निर्माण गरिएका छन् ।

संरक्षण पोखरीको छोटै समयमा सकारात्मक प्रभाव देखिएकाले प्रदेशको वन तथा वातावरण मन्त्रालय उत्साहित भएर चालू आवमा सयभन्दा बढी संरक्षण पोखरीको निर्माण र सिमसारहरूको संरक्षण गर्नका लागि करिब ९ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । चुरेक्षेत्रमा पानीको मुहान सुक्दै गएका छन् । जसले गर्दा वन्यजन्तुहरू बस्तीमा छिर्ने गरेका छन् भने चुरेको काखमा बसेको बस्तीका बासिन्दाहरू पिउने पानीको समस्या भोग्दै आएका छन् । उक्त समस्याहरूलाई क्रमशः समाधान गर्ने उद्देश्यले वन तथा वातावरण मन्त्रालय रिचार्ज अर्थात् संरक्षण पोखरी निर्माणलाई जोड दिएको मन्त्रालयका अधिकृत पुडासैनीले बताए ।



भक्तपुर नगरपालिका वंशगोपालबाट बाराही मन्दिर जाने बाटोस्थित हनुमन्ते खोला किनारमा हिलोमा फसेको पिकअप भ्यान धकेलेर पार गर्दै खोज्दै । स्थानीयका अनुसार नगरपालिकालाई पटक-पटक गुहारे पनि सुनुवाइ समस्या समाधान भएको छैन । *तस्बिर : अंगद ढकाल/कान्तिपुर*

# अध्यक्षद्वारा उपाध्यक्षलाई मुद्दा

**कान्तिपुर संवाददाता** (रामेछाप)

दुई करोड चन्दा नदिए ज्यान मार्ने धम्की दिएको भन्दै रामेछापको लिखु तामाकोसी गाउँपालिकाका अध्यक्ष गोविन्दबहादुर खड्काले उपाध्यक्षसहित ५ जनालाई कारबाहीका लागि किटानी जाहेरी दिएका छन् ।

खड्काको जाहेरीले मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ३२ बमोजिम उपाध्यक्ष दीपशिखा न्यौपाने दाहाल, वडा अध्यक्ष सुवास बोहोरा, नेकपाका नेता सञ्जीव कार्की, लोप्सन भन्ने बाबुराम तामाङ र अमृत तामाङलाई ७ वर्ष कैद र ७० हजार जरिवाना माग दाबीसहित जिल्ला सरकारी वकिल कार्यालयले काठमाडौं जिल्ला अदालतमा आइतबार मुद्दा दायर गरेको छ । खड्काले प्रतिवादी बनाएकामध्ये लोप्सन भन्ने बाबुराम तामाङ र अमृत तामाङलाई साउन २४ मा प्रहरीले काठमाडौं सामाखुसीबाट नियन्त्रणमा लिएको थियो ।

सादा पोसाकका प्रहरीले नियन्त्रण लिन खोज्दा भाग्न लागेपछि प्रहरीले चलाएको गोली तामाङको घुँडामा लागेको थियो । उनी प्रहरीको नियन्त्रणमा रहेर उपचार गराइरहेका छन् ।

जबरजस्ती चन्दा माग्ने प्रतिवादी बनाइएकी उपाध्यक्ष दीपशिखा दाहाल न्यौपाने र वडा अध्यक्ष सुवास बोहोराले बाबुराम तामाङलाई प्रयोग गरी आफूलाई २ करोड माग गर्न लगाएको र नदिए आफू र परिवारका सदस्यलाई मार्नेसम्मको धक्की दिएको आरोप खड्काले लगाउँदै आएका छन् । किटानी जाहेरीमा नाम नपरेका नेकपाका नेता कार्कीलाई समेत प्रहरीको अनुसन्धानबाट दोषी देखिएकाले उनलाई समेत प्रतिवादी बनाएर मुद्दा दायर गरिएको छ ।

तर उपाध्यक्ष दाहाल र वडा अध्यक्ष बोहोराले उक्त आरोप पुष्टि गर्न चुनौती दिँदै खड्कालाई पैसा मागेर धम्क्याउने कार्यमा आफनो कुनै संलग्नता नभएको दाबी गर्दै आएका छन् । उनीहरूले पत्रकार सम्मेलन गर्दै विकास निर्माणका कुरामा पारदर्शिता खोज्दा अध्यक्षबाट झूटा अभियोग लगाएको दाबी गरेका छन् ।

लिखु तामाकोसी गाउँपालिका १ दुरागाउँमा विद्युतीकरण गर्दा लागेको खर्च भन्दै अध्यक्ष खड्काले चालू आर्थिक वर्षको बजेट विनियोजन गर्दा ६ करोड ९५ लाख रुपैयाँ माग गरेपछि अनुगमन समितिकी संयोजकसमेत रहेकी उपाध्यक्ष दाहाल र वडा अध्यक्षहरूले उक्त प्रस्ताव अस्वीकार गरेका थिए ।

बत्ती बलिसकेकाले योजना अनुगमन गरी लागेको पैसा विनियोजन गर्ने उनीहरूको अडान अध्यक्षलाई स्वीकार्य नभएपछि कार्यपालिकाको बैठकमा झैझगडा भएको थियो । गाउँपालिकाले असारको अन्त्यमा पारित गर्नुपर्ने बजेट अझैसम्म पारित हुन सकेको छैन । गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षबीच झगडा भएपछि गाउँपालिकाको एक महिनायता सबै काम ठप्प छन् । प्रमुख प्रशासकीय अधिकृतसमेत लामो तालिममा हिँडेका छन् । जनप्रतिनिधिहरू मुद्दा मामिलामा लागेपछि लिखु तामाकोसी गाउँपालिकाका काम प्रभावित भएका छन् ।

# पाँच नाबालकको बिचल्ली

■ **अनिश तिवारी** (सिन्धुपाल्चोक)

आमा र हजुरआमा बेहोसझैं भएको महिना दिन बित्यो । थोत्रो जस्ता पाताले बेरबार पारेको घर र फोहोर थुर्पिएको आँगन । इन्द्रावती गाउँपालिका वडा २ कुञ्चोक भारती गाउँका पाँच नाबालकको परिवारको बिचल्ली अवस्था देख्दा जोकोही भक्कानिन्छन् ।

सर्पले डसेर बाबु बितेपछि अनाथजस्तै भएका जेठा सन्तान १६ वर्षीय सुरेश र १४ वर्षीया अप्सरा आफूलाई अभागी मान्दै रुन्छन् । दाजु हेर्दै टोलाइरहेका नाबालक दस वर्षीय रचना, आठ स-साना र ६ वर्षीया राधालाई आफ्नो बुबाको मृत्यु नाटकजस्तै लागेको छ । 'बुबा त बित्नुभएपछि हाम्रो सपना सबै गुम्यो, अब हामी कसरी बाँच्ने अन्योलमा परेका छौं ?'

दुःखजेलो गरेर बनाएको टहराको घर भूकम्पले ध्वस्त बनाएपछि उनीहरू छिमेकीबाट सहारामा जस्तापातामा बसेका थिए । हुरी र वर्षात्ले क्षतिग्रस्त बनाएपछि संस्था र जनप्रतिनिधिलाई गुहारेर अहिले साधारण आवासमा बसिरहेका छन् । बाबु चन्द्रबहादुरले मजदुरी गरेर छोराछोरीको लालनपालन गर्दै आएका थिए ।

इन्द्रावती गाउँपालिकाका प्रमुख वंशलाल तामाङले स्थलगत पुगेर आवश्यक बुझेर सबै सहयोग गर्दै बालबालिकाको सहयोग जुटाउन लाग्ने बताए । गाउँपालिकाभर यस्ता समस्या व्यहोरिरहेका बालबालिका या अशक्त वर्ग भएकाहरूको आफूले अभिभावकत्व लिने सुनाउँदै उनले गाउँपालिकाका यस्ता पीडितलाई सेवा गर्न हरदम तयार रहेको दाबी गरे ।



**सिन्धुपाल्चोकको इन्द्रावती–२, कुञ्चोक भारती गाउँमा सर्पले डसेर बुबाको निधनपछि बिचल्लीमा परेका पाँच नाबालाक ।** *तस्बिर : फाइल/कान्तिपुर*

# शिक्षकलाई 'स्वर्णिम स्वेच्छिक अवकाश'

**कान्तिपुर संवाददाता** (हेटौंडा)

सामुदायिक विद्यालयको शिक्षालाई गुणस्तरयुक्त र समय सापेक्ष रूपमा अगाडि बढाउने उद्देश्यले मकवानपुरको एक स्थानीय तहले अपडेट हुन नसक्ने पुराना शिक्षकलाई अवकाश दिनका लागि योजना सार्वजनिक गरेको छ ।

थाहा नगरपालिकाले २५ वर्ष स्थायी सेवा गरिसकेको शिक्षकका लागि उक्त योजना सार्वजनिक गरेको हो । 'थाहा नगरपालिकास्थित नगर शिक्षा समितिले पेन्सन पाकेका, अपडेट हुन नसक्ने, अंग्रेजी माध्यममा प्रावितहका विद्यार्थीलाई पढाउन नसक्ने र प्रविधिमैत्री नभएका शिक्षकहरूलाई अवकाश दिने उद्देश्यले योजना ल्याएको हो,' नपाका मेयर लवशेर विष्टले भने, 'लामो अवधिसम्म शिक्षण पेसा गरेर समाजलाई योगदान पुऱ्याउँदै आएका शिक्षकलाई राजीनामा दिनोस् भनेर दबाब दिनुभन्दा सम्मानका साथ अवकाश दिने उद्देश्यले 'स्वर्णिम स्वेच्छिक अवकाश' योजना ल्याएको हो ।'

उक्त योजनामा समावेश हुने शिक्षकलाई नगरपालिकाले १ लाख रुपैयाँसहित सम्मानपत्र प्रदान गरेर अवकाश दिने योजना रहेको थाहा नपाका शिक्षा एकाईका शोभाकर रेग्मीले बताए । योजनाको अवधि एक महिना तोकिएको छ । योजनाअन्तर्गत अवकाश लिने शिक्षकले भदौ १८ सम्म नगर शिक्षा समितिमा निवेदन दिई सक्नुपर्ने उनले बताए । अवकाश लिन तोकिएको समयभित्र निवेदन दिएका शिक्षकलाई भदौ २२ मा शिक्षा दिवसको दिन एक लाख रुपैयाँसहित सम्मानपत्र प्रदान गरेर अवकाश दिने योजना नपाको रहेको छ । उक्त योजनाको न्यूनतम सर्त २५ वर्ष शिक्षण पेसामा स्थायी सेवा गरेको हुनुपर्ने छ ।

थाहा नगरपालिकाभित्रको सामुदायिक स्कुलमा २५ वर्ष स्थायी सेवा गरिसकेका ४४ जना शिक्षक छन् । तीममध्ये माविका २, निमाविका ३ र ३९ जना प्राविका शिक्षक छन् । थाहा नगरपालिकाले नगरभित्रका सबै सामुदायिक विद्यालयमा तल्लो तहदेखि अंग्रेजी माध्यमबाट पठनपाठन सञ्चालन गर्ने र विद्यालय प्रविधिमैत्री बनाउने योजना छ । नपाको उक्त योजना सफल बनाउन र नगरको शैक्षिक गुणस्तर वृद्धि गर्न 'स्वर्णिम स्वेच्छिक अवकाश' योजना ल्याएको नपाले जनाएको छ ।

# गाँजा नष्ट गर्न ६० प्रहरी

हेटौंडा (कास)- मकवानपुरमा गाँजा नष्ट गर्न सुरक्षाकर्मी नै परिचालित गर्नुपरेको छ । ६० जनाको प्रहरी चार समूहका विभाजित गरी राक्सिराङको विभिन्न वडामा गाँजाको बोट र ब्याड नष्ट गर्न आइतबारदेखि प्रहरी खटाएको हो ।


मकवानपुरको राक्सिराङ गाउँपालिका ३ तीन वडामा २ दिनमा प्रहरीले १० बिघा जमिनमा लगाएको गाँजा उखेलेको छ । १६ कठ्ठा जमिन राखेको गाँजाको ब्याड पनि नष्ट गरेको छ । प्रहरीको चार टोलीले राक्सिराङ गाउँपालिका–३ मा ६ बिघा जमिनमा लगाएको गाँजा नष्ट गरेको छ । उक्त गापाकै २ मा पर्ने आमडाँडामा साढे २ बिघा जमिनमा लगाएको गाँजाको बिरुवा उखेलेर फालेको प्रहरी उपरीक्षक मुकेश कुमार सिंहले बताए ।

वडा नं ३ र ४ नम्बरमा ३१ मा लगाएको गाँजाको ब्याड नष्ट गरेको उनले बताए । मकवानपुरलाई गाँजा र अफिममुक्त जिल्ला बनाउने उद्देश्यले गाँजा, अफिम र त्यसको ब्याडसमेत नष्ट गर्न आइतबारबाट प्रहरीलाई प्रभावित क्षेत्रमा परिचालन गरिएको छ । राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लले भने, 'जहाँ-जहाँ मोटरबाटो पुगेको छ, त्यहाँबाट गाँजा र अफिम खेती क्रमशः विस्थापित हुँदै गएको छ, जहाँ मोटरबाटो पुगेको छैन, त्यहाँका बासिन्दा अहिले पनि गाँजा खेती गरिरहेका छन् ।'

गाँजा प्रभावित क्षेत्रको रूपमा रहेको राक्सिराङ र कैलाश गाउँपालिकाले आफ्नो गाँउपालिकाभित्र गाँजा र अफिम खेती गर्न नदिने वार्षिक नीति तथा कार्यक्रममा पारित गरेका छन् ।

गत आवमा पनि दुई गाउँपालिकाले उक्त नीति पारित गरेको थियो । 'के कति नियन्त्रण भयो त्यसको समीक्षा गरेका छैनौं,' कैलाश गापाका अध्यक्ष टंक मोक्तानले भने, 'तर विगतका वर्षहरूभन्दा गाँजा र अफिम खेती गर्नेको संख्या घट्दै गएको छ, यो क्रमशः घट्दै जान्छ ।'

उक्त गापाले गाउँबाट गाँजा खेती विस्थापित गर्न यस चालू आवमा साढे एक करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । उक्त बजेट गाँजा खेती गर्ने क्षेत्रमा तरकारी खेती गर्न विनियोजित गरेको गाँपा अध्यक्ष मोक्तानले भने ।












## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | यात्रा हुने | तुला | भाग्य वृद्धि |
| वृष | शत्रु वृद्धि | वृश्चिक | केही लाभ |
| मिथुन | विद्यामा सफलता | धनु | यात्रामा सफल |
| कर्कट | आलस्यता | मकर | आलश्यता |
| सिंह | पराक्रम बढ्ने | कुम्भ | पुण्य आर्जन |
| कन्या | धन आर्जन | मीन | अस्वस्थता |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल भाद्र १८ गते बुधबार तदनुरुप ४ सेप्टेम्बर २०१९ भाद शुक्लपक्ष षष्ठि तिथी रात्रिको ०३:२४ बजेसम्म उप्रान्त सप्तमी तिथी, स्वाती नक्षत्र प्रात: ११:१२ बजेसम्म उप्रान्त विशाखा नक्षत्र, ब्रम्हा योग प्रात: ०५:४९ बजेसम्म उप्रान्त ऐन्द्र योग, कौलब करण दिनको ०४:१० बजेसम्म उप्रान्त तैतिल करण, तुला राशिमा चन्द्रमा रात्रिको ०४:३५ बजेसम्म उप्रान्त वृश्चिक राशिमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | मार्गदर्शन (लाइभ) |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | फायरसाइड (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | सुमनसँग (रिपिट) |
| ११:०० | कान्तिपुर न्यूज |
| ११:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | मंगलम (लाइभ) |
| १:३० | बलियो घर (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | यू एण्ड आई (रिपिट) |
| ३:०० | फायरसाइड (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) |
| ५:०० | कल कान्तिपुर रिलोडेड |
| ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | मनी टक्स (रिपिट) |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | सरोकार |
| १०:०० | मनी टक्स (रिपिट) |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | मनी टक्स (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपीट १) |
| २:३० | मार्गदर्शन (रिपिट) |
| ३:०० | मंगलम (रिपिट) |
| ४:०० | सरोकार (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ०५:०० | भक्ति अनुष्ठान (अच्युत) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ७:३० | कानुनी बहस र परामर्श (कमला) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | मेरो जब करिअर कनेक्ट (एलिसा) |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | गृह श्रृंगार (सृजना देवकोटा) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | फिल्मी परेड (दीपकराज गिरी) |
| १३:०० | डिस्ट्रिक्ट डायरी |
| १३:०५ | के छ नेपाल (दिपाञ्जली) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल (दिपाञ्जली) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | नेपालय (रश्मिला) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | कान्तिपुर मञ्च (महेश) |
| १७:०० | डिस्ट्रिक्ट डायरी |
| १७:०५ | हेल्थ हटलाइन (कमला) |
| १८:०० | पुनर्निर्माण |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | कनेक्ट (प्रियंका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | लाउड (रेमन) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | कालजयी गीत संगीत (भूपेन्द्र) |
| २३:०० | पुराना हिन्दी गीतहरु (दृष्टि अर्याल) |
| ००:०० | फिल्मी परेड (रिपिट) |
| ०१:०० | कालजयी गीत संगीत (रिपिट) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४११५५० |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| नेपाल अर्थोपिडिक अस्पताल | ४९११७२५ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल | ४९११००८ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल | ४४७६१५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४/४२१७७६६/४२१७७५५ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडीकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| कान्तिपुर हस्पिटल | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| वयोधा अस्पताल (प्रा.) लि. | ४२८६४२८/४२८१६६६ |
| लाइफ केयर अस्पताल | ४२२७०३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| नेपाल मेडिसिटी | ४२१७७५५/४२१७७६६ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल | ४३७७४०४/४३७७७०४ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि. | ४४७४९६८/४४८९८९१ |
| सामुदायिक मानसिक स्वा. से. केन्द्र | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल | ४३६६३०१-०५ |
| मध्यपुर अस्पताल | ०१-५०९३३८८/५०९३३०५/५०९३३७२ |
| विनायक अस्पताल तथा प्रसुति गृह | ४३८३१५२/४३८०८४८ |
| केन्द्रीय पशु चिकित्सालय | ४२६१३८२/४२२१०६४/४२६८१९३ |
| हेल्पिङ हेन्ड्स सामुदायिक अस्पताल | ४४७३५१८/४४७०६१५ |
| शहीद मेमोरियल अस्पताल | ४६७२९३४/०१६२०८६७२ |
| स्पार्क हेल्थ होम अस्पताल | ४२७३०९४/४२७०९२३ |
| ओम समाज अस्पताल | ४३१३५९२ |
| स्टार अस्पताल | ५५५०१९७/५५५०१९८/५५५२२२७ |
| अल्का अस्पताल | ५५५५५५५ |
| नागरिक सामुदायिक अस्पताल | ६६३७६००/५६३९१८४ |
| हिमाल अस्पताल/एम्बुलेन्स | ४४१५०७६/४४१९६७२ |
| स्पाइनल इन्जरी पुनर्स्थापना केन्द्र | ०११-६६०८४७/६६०८४८ |
| काठमाडौं अस्पताल | ४२२२२९२ |
| अन्तराष्ट्रिय मैत्री बाल अस्पताल | ४४१११३४/४४१५४६१ |
| बी.पी. स्मृति अस्पताल | ४३८७०९४/४३८७०९६ |
| सुमेरु अस्पताल | ५२७५३७७/५२७५०८८/९९ |
| वेलकेयर हस्पिटल | ४४२६१३५/४४२६१८४ |
| एभरेष्ट हस्पिटल | ४७८१२९४/४७८३०२४ |
| काठमाडौं नाक कान घाँटी अस्पताल | ४२४५५५४/४२२६७३० |
| ग्रान्डी इन्टरनेशनल हस्पिटल | ५१५९२६६/५१५९२६७ |
| ग्रिन सिटी हस्पिटल | ४३५२२४८/४३५७४५२ |
| शुभेक्षा इन्टरनेशनल हस्पिटल | ४२८९५३४/४२८९५३५ |
| कान्तिपुर जनरल हस्पिटल | ४३८५९१०/४३८५९११ |
| नि:शुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| दीर्घायु गुरु हस्पिटल | ४४६९५९३/९८४४८५५५७ |
| गणेशमान सिंह मेमोरियल अस्पताल | ०१-५५३०८८५/५५२३४२०, ५५४४२४४/५५५५८७४ |
| ॐ समाज डेण्टल हस्पिटल | ०१-४४७३४४४/४४८०८८० |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## विवाद सुल्झाउन माग

भक्तपुर (कास)- भक्तपुर क्यान्सर अस्पताललाई अन्योलमा नराख्न चिकित्सक तथा कर्मचारीले आग्रह गरेका छन्। नेपाल अर्बुद रोग निवारण संस्थाका केन्द्रीय अध्यक्ष एवं अस्पताल व्यवस्थापन समिति अध्यक्ष लोकेन्द्रकुमार श्रेष्ठ (ईश्वर) लगायत पदाधिकारीले अनियमिता गरेको भन्दै भक्तपुर नगर-पालिकाले अस्पतालमा हस्तक्षेप गरेपछि उब्जिएको विवाद तत्काल सुल्झाउन उनीहरूले माग गरेका हुन्। नेपाल अर्बुद रोग निवारण संस्थाद्वारा २०५१ मा भक्तपुर क्यान्सर केयर सेन्टरको नामबाट सञ्चालित हालको भक्तपुर क्यान्सर अस्पतालको व्यवस्थापन समिति खारेज गरी भक्तपुर नगरप्रमुख सुनिल प्रजापतीको अध्यक्षतामा नयाँ व्यवस्थापन समिति गठन भएपछि विवाद चर्केको हो। भक्तपुर नगरपालिकाले अस्पताल हस्तक्षेप गरेर एकातर्फ समिति गठन गरेको भन्दै संस्थाले सर्वोच्च अदालतमा मुद्दा दायर गरेको थियो। उक्त मुद्दाको सम्बोधन गर्दै सर्वोच्च अदालतले गत मंगलबार नगरप्रमुखको अध्यक्षतामा बनेको नयाँ व्यवस्थापन समितिलाई काम नगर्न अन्तरिम आदेश दिएको छ। आदेशबमोजिम पुरानै समितिलाई काम गर्न अदालतले भनेको हो।

## १५९औं पटक रक्तदान

काठमाडौं (कास)- नेपालमा रगत दिनेमा कीर्तिमानी राख्ने प्रेमसागर कर्माचार्यले शनिबार दमौलीमा १५९औं पटक रक्तदान गरेका छन्। नेपाल स्वयंसेवी रक्तदाता समाज तनहुँ, समाधान अस्पताल र जागौं युवा नेपालको आयोजनामा दमौलीमा रक्तदान कार्यक्रम गरिएको हो। काठमाडौं बागबजार घर भएका कर्माचार्यले उपत्यकाबाहिर म्याग्दी, दोलखा, दाङ, कैलाली, कास्की, रुपन्देही, कपिलवस्तुलगायतका जिल्लामा पुगेर रक्तदान गरिसकेका छन्। सर्वसाधारणमा रक्तदान गर्नुपर्छ भन्ने सन्देश प्रवाह गर्न आफूले निरन्तर रक्तदान गर्दै आएको उनले बताए। '१८ वर्ष उमेर कटेपछि मानिस रक्तदान गर्न सबल हुन्छ,' उनले भने, 'रक्तदान गर्दा स्वास्थ्यमा कुनै समस्या हुँदैन भन्ने सन्देश दिन जिल्ला जिल्लामा गएर रक्तदान गर्ने गरेको छु।' रक्तदाता कर्माचार्य नेपाल स्वंयसेवी रक्तदाता समाज नेपालका अध्यक्षसमेत हुन्। शनिबार नै रक्तदान कार्यक्रममा बेसींसहरका सुरेश वज्राचार्यले ३२ औं पटक रक्तदान गरे। रक्तदान मानव जीवनको महान् दान भएकाले रक्तदानमा सहभागी हुनु सराहनीय कार्य भएको सांसद कलिला खानले बताइन्।



यौनिक तथा लैंगिक अल्पसंख्यकको महासंघ नेपाल, नीलहीरा समाज र क्रुजएड्स नेपालले काठमाडौंमा गरेको तीज कार्यक्रममा नाच्दै समलिंगी तेस्रोलिंगी समुदाय । *तस्बिर : कबिन अधिकारी/कान्तिपुर*

# 'मल्लकालीन नमुना गाउँ' संकटमा

■ **दामोदर न्यौपाने** (साँगा)

सूर्यविनायक र बनेपा नगरपालिकाको सीमामा मनोरम सरस्वती डाँडो छ। यसै ठाउँमा नेपालको प्राचीन मल्लकालीन वास्तुकला झल्कने गाउँ बसाउन सुरु गरिएको छ। सम्पदा संरक्षणमा योगदान दिएबापत् युनेस्को अवार्ड विजेता रवीन्द्र पुरीको योजनामा बन्न लागेको यो गाउँ सडक विस्तारका कारण संकटमा पर्ने भएको हो।

बनेपा नगरपालिका र सडक विभागको निर्णयविपरीत ढुंगा खानीका कारण सडक बढाउन थालेपछि नेपालकै नमुना मानिएको यो गाउँ संकटमा पर्ने भएको छ। सडक विभागले दुई वर्षअघि ७ मिटरको सडक बढाएर १० मिटर बनाउन सूचना जारी गरेको थियो। तर त्यहाँको भौगोलिक अवस्थाको कारणले सडक बढाउन नसक्ने टिप्पणी प्राविधिकले गरेपछि विभागले सडक ५ मिटरै कायम गर्ने निर्णय गरयो। सडक विभागले ५ मिटर बनाउने निर्णय गरे पनि अहिले यो ७ मिटर छ। सडक डिभिजन कार्यालय भक्तपुरले २०७४ जेठमा सडकको प्रारम्भिक वातावरणीय परीक्षण गर्न सार्वजनिक सूचना आह्वान गरेको थियो। वातावरणीय परीक्षण प्रतिवेदनले पनि सडकको चौडाइ साढे ५ मिटर रहेको उल्लेख गरेको छ।

साँगा हुँदै भक्तपुर-डोलेश्वर निस्कने यो सडक दुई खण्डमा छ। पहिलो खण्ड साँगा आशापुरीको लम्बाइ साढे ५ किलोमिटर छ। त्यहाँबाट डोलेश्वरसम्म साढे १ किलोमिटर छ। यो सडकमा नियमित रुटका गाडी चल्दैनन्। अवैध रूपमा सञ्चालन भएको खानीका टिपर गुडाउने प्रयोजनका लागि नमुना बस्ती मासिने गरी बनेपा नगरपालिकाले सडक विस्तार गर्न लागेको हो।

नमुना गाउँको छेउमा भौगोलिक कारणले सडक चौडा बनाउन नमिल्ने सुझाव सडक विभागलाई दिएको पुरीले जानकारी दिए। बस्तीको बीच र सिरानबाट बाटो पर्छ। बाटो विस्तार गरेर सडक चौडा गर्दा बनिसकेका घर सबै भत्काउनुपर्ने हुन्छ। चार वर्षमा सक्ने योजनासहित घर बनिरहेका छन्। अहिले तीनवटा घर बनिसकेका छन्। घरको कम्पाउन्डसँगै सडक जोडिएको छ। घरको दक्षिणतिरको सडक भिरालो ठाउँमा छ। 'बाटो १२ मिटरको पर्खाल उठाएर बनाइएको छ,' पुरी भन्छन्, तलतिर बढाउने ठाउँ छैन। माथितिर बढाउँदा घरहरू सबै भत्काउनुपर्छ। प्राविधिक रूपमा सम्भव छैन भनेर प्राविधिकले सडक विभागलाई प्रतिवेदन नै दिएको छ।' सडक विभागलाई प्राविधिक रूपमा सडक विस्तार गर्न संभव छैन भनेर प्रतिवेदन दिएपछि बनेपा नगरपालिकाको १४ वडा कार्यालयको बैठक बस्यो। २०७४ साउन १२ गते वडा अध्यक्ष गौरी राउतको अध्यक्षतामा बसेको बैठकले बाटो ७ मिटरै कायम गर्ने निर्णय गरेको थियो। साँगा हुँदै भक्तपुरको डोलेश्वर निस्कने अर्को वैकल्पिक बाटो पनि छ। गणेशस्थानबाट काँक्रेबारी हुँदै आशापुरी पुग्ने बाटो यसको विकल्प हो। त्यो बाटो विस्तार गर्ने सम्भावना हुँदाहुँदै त्यता ध्यान दिइएको छैन। यो बाटोलाई वडा कार्यालयले २६ नम्बरमा राखेर मापदण्ड तोकेको छ। यसको चौडाइ पनि ७ मिटरै छ।

यो विकल्प प्रयोग नगरी नगरपालिकाले तीन पटक सूचना जारी गरिसकेको छ। २०७६ असार १९ मा नगरपालिकाले सार्वजनिक सूचना जारी गरेर यही नमुना बस्तीको गेटमा सूचना टाँसेको थियो। बोर्ड बैठक बसेको भोलिपल्टै सात दिनभित्रमा सडक विस्तार गर्ने भन्दै सूचना सार्वजनिक गरेको थियो। पहिलो सूचनामा संरचना भएको ठाउँ यथास्थितिमै राखेर विस्तार गर्ने जनाएको थियो। फेरि दोस्रो सूचना जारी गऱ्यो साउन २९ मा। दोस्रो सूचनामा सडक फराकिलो पार्ने उद्देश्यले रेखांकनभित्र पर्ने पर्खाल तथा अस्थायी संरचना १५ दिनभित्र हटाउन वा भत्काउन अनुरोध गऱ्यो। वडा बोर्ड बैठकमा ७ मिटर कायम गर्ने निर्णय गर्ने उनै वडा अध्यक्ष राउतले पर्खाल भत्काउन अनुरोध गर्दै सूचना जारी गरेका थिए। उनको नाममा टाँसिएको सूचनामा हस्ताक्षर भने गरिएको छैन।

**घरमा प्राचीन निर्माण सामग्री, चुकुल, नसलगायत प्रयोग गरिएका छन्**

५४ रोपनी क्षेत्रफल ओगटेको नमुना गाउँको मुख्य आकर्षण भनेकै पर्खाल हो। पर्खाल बनाउन मात्रै करोडौं खर्च भएको पुरीले जानकारी दिए। यो पर्खाल भुइँचालो आउनुअघि नै बनाइएको हो। 'भूकम्प प्रतिरोधी छ पर्खाल,' पुरी भन्छन्, 'यति ठूलो पर्खाल भुइँचालोले कतै पनि चर्किएन।

**बस्ती भूकम्पप्रतिरोधी**

नमुना बस्तीमा तयार भएका तीन घरमध्ये एउटा घर माटोको छ। तीनघरको नामै ढुंगे घर, इँटा घर र माटो घर नाम दिइएको छ। अहिले बलियो बनाउनुपर्छ भनेर गाउँगाउँमा सिमेन्ट प्रयोग गरिएका छन्। रड प्रयोग गरिएका छन्। तर व्यवस्थित तरिकाले बनायो भने प्राचीन निर्माण सामग्री प्रयोग गरेर बनाइएका घर पनि बलिया हुन्छन् भन्ने उदाहरण हो यो बस्ती। 'भुइँचालोले माटोको जडान भएको घरसमेत केही भएन,' पुरी भन्छन्, 'हाम्रा प्राचीन निर्माण सामग्री पनि बलिया छन् भन्ने उदाहरण हो यो।' यहाँ बनेका तीन घरमध्ये माटोको घरै सबैको आकर्षण केन्द्र भएको पुरी बताउँछन्। घरमा प्राचीन निर्माण सामग्री चुकुल, नसलगायत प्रयोग गरिएका छन्।

बस्तीको डिजाइन मल्लकालीन वास्तुकलाअनुसार गरिएको छ। बस्तीमा ढुंगेधारा हुने छन्। इनार, जलद्रोणी हुने छन्। चैत्य, गुम्बा, मन्दिरजस्ता संरचना हुने छन्। परम्परागत घरमा आधुनिक सुविधा हुने गरी घरको डिजाइन गरिएका छन्। घरको तल्लो तलामा किचन, डाइनिङ र बैठक कोठा छन्। बीचको तलामा एटचाच बाथरुमसहितका दुइटा बेड रुम छन्। बुइगलमा कौसी र खुला ठाउँ छ। खुला ठाउँमा पुस्तकालय बनाउन सकिने गरी डिजाइन गरिएको छ। हरेका कोठाको साइज सात फुट छन्। पिँढी, बार्दलीमा पनि छन्। 'यहाँ बसेर प्राकृतिक दृश्यमा हराउन सकिन्छ,' पुरी भन्छन्।

बस्तीमा कृषियोग्य जमिनमा खेती गर्ने र डाँडामा बस्ती बसाउनुपर्छ भन्ने सन्देश पनि दिन खोजिएको पुरी बताउँछन्। अर्को उदाहरण नेपाली शैलीको बस्ती उत्कृष्ट हुन्छ भन्ने पनि यो गाउँ हेरेर अध्ययन गर्न सकिने उनले बताए।

**खानी अवैध**

बनेपा नगरपालिकाले सञ्चालन गर्न दिएको सूर्यविनायक र बनेपा सीमाको ढुंगा खानी नै अवैध रहेको पाइएको। भक्तपुर वन कार्यालयका जिल्ला वन अधिकृत प्रेमप्रसाद खनालका अनुसार पनि यो खानी अवैध छ। 'वन क्षेत्रबाट पनि एक किलोमिटर पर हुनुपर्ने ऐनमा व्यवस्था छ,' उनी भन्छन्, 'तर यो खानी वन क्षेत्रभित्रै सञ्चालन गरिएको छ। नियमअनुसार विद्यालयभन्दा १ किलोमिटर पर सञ्चालन गर्नुपर्छ।' तर खानीबाट सय मिटर दूरीमा जागृती आधारभूत स्कुल छ।




## सम्पादकीय

# अल्झेको ईपीजी


नेपाल-भारतबीच रहेका सबै प्रकारका सन्धि-सम्झौताको पुनरावलोकन, संशोधन वा खारेजीसम्मको प्रक्रियालाई अघि बढाउन गठित प्रबुद्ध व्यक्ति समूह (ईपीजी) ले तयार पारेको प्रतिवेदन थन्किएको एक वर्ष भइसकेको छ । दुवै देशका प्रधानमन्त्रीको तहमा भएको सहमति र त्यसैअनुसार गठन भएको प्रबुद्ध समूहले दुई वर्षको अवधि खर्चेर बनाएको 'साझा प्रतिवेदन' अहिलेसम्म बुझ्नलाई आनाकानी भइरहेको स्थिति आफैंमा संशयपूर्ण देखिन्छ । त्यसमाथि भारतीय पक्षबाट प्रधानमन्त्री नरेन्द्र मोदीको समय नमिलेको भन्दै 'उपयुक्त समय'को पर्खाइ भइरहेको कामचलाउ जवाफले पनि ईपीजीको प्राथमिकता र औचित्य अलमलमा परेको छ । यो अवधिमा प्रबुद्ध समूहका तर्फका मुख्य स्वतन्त्र विज्ञहरू दुई सरकारले तोकेका विभिन्न तहको जिम्मेवारी बहन गर्ने स्थानमा पुगिसकेकाले आफ्नो समूहले सुझाएको प्रतिवेदन कार्यान्वयनमा 'दबाबपूर्ण राय' दिन नसक्ने स्थिति पनि एकैसाथ उब्जेको देखिन्छ ।

खुला सिमाना, सामाजिक-सांस्कृतिक सम्बन्ध, भूराजनीति, अवस्थिति र रणनीतिका कारण पनि नेपाल-भारत सम्बन्धको आयाम धेरै अर्थमा अलग र विशिष्ट रहिआएको छ । यही विशिष्टता आधारमा द्विदेशीय सम्बन्धका विभिन्न पक्ष समेटिने गरी झन्डै तीन दर्जन संयन्त्रहरू अहिले परराष्ट्र मन्त्रालयमार्फत कार्यान्वयनमा छन् । तर, यी सबै आधार र पक्षहरूभन्दा माथि दुई देशको सम्पूर्ण राजनीतिक, आर्थिक तथा सामाजिक सम्बन्धको सूत्रधारका रूपमा सन् १९५० को सन्धिलाई हेरिँदै आएको छ । राजनीतिक भाषामा 'असमान सन्धि' भनेर सम्बोधन गरिने यो दस्तावेजबारे नेपालले संशोधनदेखि खारेजीसम्मका आवाज निरन्तर मुखरित गर्दै आएको छ । यही पृष्ठभूमिमा द्विदेशीय सम्बन्धको पुनर्व्याख्या गर्ने क्रममा प्रधानमन्त्री तहमा प्रबुद्ध समूह गठन गर्ने निधो भएको थियो । गत महिना मात्रै भारतीय विदेशमन्त्री एस जयशंकरको नेपाल भ्रमणका क्रममा सम्पन्न द्विदेशीय संयन्त्र बैठक ईपीजी प्रतिवेदनका सम्बन्धमा पनि 'निर्णायक' हुन सक्ने अपेक्षा गरिएको थियो । तर, यो चरणमा आएर 'सन् १९५० को सन्धिलगायतका पक्षमा पुनरावलोकनको आधार पहिल्याउन सचिव तहमा निर्देशन दिइएको' भन्ने सन्देश बाहिर आएपछि सिंगो ईपीजी पद्धति र प्रतिवेदनको औचित्यमाथि प्रश्न उठेको हो । बनिसकेको प्रतिवेदन 'बुझ्नै नचाहेको' यथार्थका माझ अब फेरि उही सन्धि-सम्झौताको पुनरावलोकन गर्न सचिव तहमा दिइएको निर्देशन सांकेतिक अर्थमा प्रबुद्ध समूहको सुझावलाई 'अस्वीकार' गरेझैं देखिन्छ ।

विज्ञ समूहका एक सदस्य पूर्वजलस्रोत सचिव सूर्यनाथ उपाध्यायले दुवै देशका विज्ञको साझा सहमतिको 'दस्तावेज' लाई अहिले आएर बुझ्न नचाहेको स्थिति आफैंमा अनौठो भनेर टिप्पणी गरेका छन् । यस्तो अवस्थामा नेपालको परराष्ट्र संस्थापनले ईपीजी प्रतिवेदनको कार्यान्वयनमार्फत नेपाल-भारत सम्बन्धलाई पुनःपरिभाषित गर्ने उद्देश्य प्राप्तिका निम्ति आवश्यक राजनीतिक र कूटनीतिक 'लबिइङ' बढाउन जरुरी छ । खासगरी भारतको सुरक्षा संस्थापन १९५० को सन्धि प्रतिस्थापनका निम्ति तयार नभएको भनिएको अवस्थामा त्यहाँको राजनीतिक नेतृत्व तहमै संवाद बढाउनुपर्छ ।

ईपीजी प्रतिवेदनको कार्यान्वयनमा नेपालको प्रयास केन्द्रित हुनुपर्छ । तर, यसमा ढिलाइ हुँदै जाने र गर्नुपर्ने अन्य अत्यावश्यक कार्यहरू समेत ओझेलमा पर्ने अवस्था भने आउन दिनु हुन्न । भारतले कहिले ईपीजी प्रतिवेदन बुझिदेला भनेर पर्खाइमा बस्नुभन्दा द्विदेशीय सम्बन्धमा जोडिएका खुला सीमा व्यवस्थापनलगायत मूलभूत मुद्दाहरू सल्टाउनेतर्फ सँगसँगै लाग्नुपर्ने देखिन्छ । भारतसँगको खुला सीमामा नागरिक आवागमनको दर्ता र अनुगमन प्रक्रिया हालसम्म व्यवस्थित हुन नसकेका बेला यसतर्फ तयारी हुनुपर्ने देखिन्छ । नाका बिन्दुमा रेकर्ड पद्धति तथा आवागमनमा स्पष्ट पहिचान पत्र अनिवार्य चाहिने प्रबन्ध नेपाल पक्षले तय गर्न सके मात्रै द्विदेशीय सम्बन्ध व्यवस्थापनमा स्वतन्त्र रणनीति अपनाएको स्पष्ट हुनेछ । अन्यथा ईपीजी प्रतिवेदन आउला र आफ्नो अनुकूलका काम गरौंला भनेर पर्खिबस्नु किंकर्तव्यविमूढ अवस्था ठहर्नेछ । दुई देशका प्रधानमन्त्रीको तहमा बनेको एउटा प्रबुद्ध समूहको प्रतिवेदनको हविगत यसरी 'अपारदर्शी तहमा थन्किन सक्छ' भने अरू संयन्त्र र तहका राय-सुझावहरूलाई कसरी सकारात्मक बनेर आत्मसात् गर्न सकिएला ? ईपीजीसँगै अल्झेको अहं प्रश्न यही हो ।

# एमालेको 'कम्युनिस्टीकरण'



**विष्णु सापकोटा**

जब नेकपा-एमाले र माओवादी केन्द्रले 'ऐतिहासिक' रूपमा दुइटा पार्टी एकीकरण गर्ने घोषणा गरे, त्यति बेला जागेका जिज्ञासामध्ये प्रमुख थियो– अब एकीकृत दलको वामपन्थी राजनीतिक-वैचारिक धार कस्तो होला ? कुनै परिभाषित राजनीतिक दृष्टिकोण र वैचारिक धार नबनाएरै पनि कसरी एउटा 'कम्युनिस्ट' पार्टी सञ्चालित हुन सक्छ भनेर नेकपाले यी दुई वर्षमा प्रखर उदाहरण पस्किसकेको छ । यो उदाहरण निःसन्देह एक्काइसौं शताब्दीको अन्तर्राष्ट्रिय वामपन्थी आन्दोलनका लागि मार्क्सवादलाई कसरी विकसित गर्न सकिन्छ भनेर नेपालका तर्फबाट गरिएको ऐतिहासिक योगदान हो ।

जति बेला समकालीन राजनीतिक मुद्दालाई हेर्ने दृष्टिकोण नै दुई ध्रुवमा भएका यी दुई दल एक भए, त्यति बेला तिनका कार्यकर्ता र वाम शुभचिन्तक मात्रै उत्साही भएका थिएनन्, गैरवाम वृत्तका र माओवादीलाई कहिल्यै मन नपराउनेहरू पनि उत्तिकै दंग थिए । माओवादी पार्टी, आन्दोलन र नेताहरू त्यसै इतिहासको गर्तमा विलीन भएर विसर्जन भइदिए हुन्थ्यो भन्ने राजनीतिक भाकल गर्नेहरू पनि उक्त समूहमा थिए । 'मूलधार' को माओवादी संगठन र आन्दोलन अब एमालेको 'दक्षिणपन्थी संशोधनवाद' को प्रवृत्तिमा विसर्जन हुने भो भन्ने चिन्ता अर्को थरी शुभचिन्तकको थियो । एकीकरणको बेलाको सहज अनुमान थियो– त्यत्रो ठूलो आकार र शक्तिको एमालेले माओवादलाई त्यसै निलिदिन्छ । र, नाम जे भए पनि एकीकृत पार्टीको मूल पहिचान पूर्वएमालेकै जस्तो हुनेछ । तर एकीकृत पार्टी सिद्धान्ततः एउटा वामपन्थी लोकतान्त्रिक समाजवादी पार्टीका रूपमा (पहिलेको एमाले जस्तो) विकसित हुन्छ भन्ने मान्यता जजसको थियो, तिनीहरू अब निराश हुनुपर्ने देखिएको छ ।

त्यति बेला पार्टीको पूरा नाम नेकपा-एमाले भए पनि उसको जनताको बहुदलीय जनवादपछिको दशकको मिहिनेतले बनेको मूल पहिचान 'एमाले' थियो । 'एमाले' अगाडिको 'नेकपा' भित्रको 'कम्युनिस्ट' उसको आफ्नो इतिहासप्रतिको औपचारिकता मात्र थियो, 'पहिचान' थिएन (पहिचानको सन्दर्भमा : देशको राजनीतिलाई घुमाइरहेको तत्कालीन 'पहिचानको राजनीति' मा समेत एमालेको असहमति छँदै थियो) । तर एमाले र माओवादीको एकतापछि बनेको नामको बनोट जुन छ, त्यो तत्कालीन एमालेको राष्ट्रिय मात्रै नभई अन्तर्राष्ट्रिय रूपमै स्थापित परिचय र लोकतान्त्रिक 'विश्वसनीयता' लाई सहयोग नगर्ने प्रकृतिको छ । एमाले अब पुनः कम्युनिस्ट पार्टीका रूपमा फिर्ता भएको छ । साहित्यकार शेक्सपियरले लयबद्ध रूपमा भनेको आखिर 'नाममा के छ र ?' भनेजस्तो यो प्रसंग त्यति सजिलो छैन ।

नामले के गरेको छ, अलिक तल छलफल गरौंला । र, थुप्रै 'खास वामपन्थी' हरूले 'डिसमिस' गर्ने जस्तो, अब यो नेकपाजस्तो पूरै दलाल पुँजीवादको भासमा निस्कनै नसक्ने गरी जकडिएको पार्टीलाई केको कम्युनिस्ट पार्टीका रूपमा चर्चा गर्नु भन्ने विषयलाई पनि यस स्तम्भले बेवास्ता गरेको छैन । यो सबै पृष्ठभूमिलाई पर्गेल्दा देखिएको निष्कर्ष हो– तत्कालीन एमाले चरित्रमा 'कम्युनिस्ट' नहुँदा-नहुँदै पनि उसको पहिचानको 'कम्युनिस्टीकरण' भएको अब यथार्थ हो ।

कहिलेकाहीं सार्वजनिक संकथन वा न्यारेटिभमाथि जसको नियन्त्रण हुन्छ, आफैले बनाएको संकथनलाई फेरि चिर्न नसक्ने स्थितिमा पुग्छ ऊ । न्यारेटिभ बनाउने प्रक्रिया एउटा हो, तर त्यसलाई भत्काउने र विस्थापित गर्ने प्रक्रिया अर्कै । एमाले र माओवादी पार्टी एकीकरण हुँदा देशभरमा वामपन्थी कार्यकर्ता र शुभचिन्तकलाई उत्साहित पार्न बनाइएको संकथन थियो– सत्तरी वर्षको आन्दोलनपछि बल्ल दुइटा ठूला कम्युनिस्ट पार्टी एक भएर नेपालको कम्युनिस्ट आन्दोलन एकीकृत भएको छ । र, नेकपाले जब दुईतिहाइ आसपासको जनमत पायो, त्यसलाई पनि त्यसरी नै व्याख्या गरियो– संसारलाई देखाउने गरी एउटा कम्युनिस्ट पार्टीले संसदीय निर्वाचनमा लगभग दुईतिहाइ जनमत प्राप्त गर्‍यो । त्यसपछि नेपालमा पहिलो पटक बहुमत जितेको 'कम्युनिस्ट सरकार' गठन गरेर नेपालले विश्व वामपन्थी आन्दोलनलाई उदाहरण देखाउन सक्यो ।

अब माथिको भाष्यले कालान्तरमा के अर्थ ग्रहण गर्दै गएको छ भनेर हेरौं । मानौं, एमालेले माओवादीसँग एकता नगरी बहुमत ल्याएर सरकार बनाएको भए त्यो 'एमाले' सरकार भनेर चिनिन्थ्यो, कम्युनिस्ट पार्टीको सरकार भनेर चिनिने थिएन । जबजबाट 'ऐतिहासिक डिपार्चर' लिएको एमाले 'ब्रान्ड' लाई कुनै 'कम्युनिस्ट' उपसर्गको जरुरत पर्ने थिएन । तर एकीकरणको परिणामस्वरूप जसरी तत्कालीन एमाले नेकपा भयो, लोकतान्त्रिक प्रक्रियाबाट चुनिएको सरकारको परिचय नै कम्युनिस्ट सरकार भयो । एमालेका नेताहरूले नै डेढ वर्षयता 'हाम्रो कम्युनिस्ट सरकार' भन्ने पदावली बढी प्रयोग गरेका छन्, जबकि यो कम्युनिस्ट सरकार नभई कम्युनिस्ट पार्टीको नेतृत्वमा बनेको परम्परागत संसदीय प्रणालीको 'लोकतान्त्रिक सरकार' हो ।

यहाँनेर सबै कुरा आफै जोडिन्छन् : 'दलाल पुँजीवाद' द्वारा सञ्चालित 'बुर्जुवा' प्रजातन्त्रको एउटा संसदीय पार्टीको नाम कम्युनिस्ट छ । जोसँग कुनै परिभाषित सिद्धान्त छैन, कम्युनिस्ट वा समाजवादी आचरण त परको कुरा । यो विडम्बना र विसंगतिलाई एकै पटक हेरौं : एकातिर एमालेको कम्युनिस्टीकरण भएको छ, अर्कातिर जसलाई कम्युनिस्ट पार्टी भनेर निर्वाचनमार्फत चुनियो, आफैले बनाएको संकथनको भारले थिचिएर उसको परिचय पनि त्यस्तै स्थापित भएको छ । यो पार्टी स्वयम् कम्युनिस्ट त के, सरकार चलाउँदा अपनाएको नीतिका आधारमा लोकतान्त्रिक समाजवादीसमेत रहन सकेको छैन । न्यूनतम सामाजिक लोकतन्त्र – बरु कतिपय पुँजीवादी मुलुकले अवलम्बन गरेका छन् – सम्म पनि डोरिन नसक्नु उक्त दललाई दलाल पुँजीपतिहरूले कसरी प्रभावमा राखेका छन् भन्ने कुराको थप प्रमाण हो । नेपालका 'निर्दोष' वामपन्थीहरूका लागि सबैभन्दा ठूलो यो विसंगति समग्र नेपाली राजनीतिको विडम्बना हो ।



एमालेबाट नेकपा बनेपछिको कम्युनिस्टीकरणको प्रभाव हो कि के हो, एमाले–आन्दोलन आफैले स्थापित गरेका कतिपय लोकतान्त्रिक संस्थालाई उसैले अहिले कमजोर बनाउन खोज्दै छ ।

नेकपाको स्कुल विभाग पूर्वएमालेकै भागमा परेकाले माओवादी विचारधारा एमालेमै समाहित हुने प्रक्रिया सुरु भयो भन्ने कसैलाई लागेको छ भने त्यो अपरिपक्व हो । पाठ्यक्रम नै नबनेको स्कुल विभागबाट नेकपाको 'वैचारिक धार' बन्छ भन्नु स्वैरकल्पना हो । एमालेबाट नेकपा बनेपछिको कम्युनिस्टीकरणको प्रभाव हो कि के हो, एमाले-आन्दोलन आफैले स्थापित गरेका कतिपय लोकतान्त्रिक संस्थालाई उसैले अहिले कमजोर बनाउन खोज्दै छ । राष्ट्रिय मानव अधिकार आयोग, मिडिया काउन्सिल विधेयकको नामको अनावश्यक विवाद, सार्वजनिक 'नागरिक स्पेस' माथि संकुचनको प्रयास दुई वर्षपहिलेको एमालेबाट कसैले अपेक्षा गर्थ्यो होला र ? यसको सैद्धान्तिक जवाफ कसले दिने, यदि एमाले आफ्नो पूर्व 'लोकतान्त्रिक विश्वसनीयता' मा अडेको छ भने ?

एमालेको माओवादीकरण हुँदै छ भनेर यहाँ तर्क गर्न खोजिएको होइन । नेपाली समाजका लागि एमाले र माओवादी धारमध्ये कुन कसरी हावी हुनु ठीक वा बेठीक भन्नेतर्फ पनि छलफल गर्न खोजिएको होइन । तर राजनीतिक प्रवृत्तिका रूपमा हेर्दा माथिका जेजस्ता विसंगति र विरोधाभास देखिएका छन्, देश आगामी केही वर्ष यिनै अव्यवस्थाको बन्दी हुनुपर्ने भएकाले यो विषय महत्त्वपूर्ण भएको हो ।

सैद्धान्तिक रूपमा माओवादीको एमालेकरण हुँदै छ कि एमालेको माओवादीकरण भन्ने विषय दुई वर्षयताको नेकपाभित्रको बहस र संरचनाले असान्दर्भिक बनाइदिएको छ । नेकपाले न त एमालेका कुनै राम्रा गुण अनुसरण गर्न सकेको छ, न माओवादीका । एमालेको लोकतान्त्रिक विश्वसनीयता कायम गर्ने एउटा प्रमुख औजार उसको सामयिक महाधिवेशन र प्रतिनिधिद्वारा प्रत्यक्ष निर्वाचित गरिने कमिटीहरूको नेतृत्व थियो । माओवादीबाट सिकेर होला, उसले एकीकृत नेकपामा त्यसलाई एजेन्डासम्म बनाएको छैन । दुवै धारका नेकपाका वरिष्ठ नेताहरूको दाउ महाधिवेशनलाई अझ दुई वर्ष पर धकेल्ने नै हुनेछ । कस्तो समीकरण बन्छ र महाधिवेशनपछिको आफ्नो भूमिका के हुन्छ भन्ने पक्का नभई कोही महाधिवेशनमा जान तयार छैन । प्रत्येक महिना नयाँ समीकरण बन्ने-भत्कने अहिलेको तरल परिस्थितिमा महाधिवेशनको जोखिम मोल्न कोही तयार छैन । दुई वर्ष जसोतसो धकेल्न सकियो भने त्यसपछि त आमनिर्वाचनको बेला आइहाल्छ । अनि पार्टी मिलेरै चुनावमा गए पनि भयो, नमिले अलग-अलग अरू 'अलायन्स' बनाएर गए पनि भयो । आखिर मूल रूपमा सत्ताका लागि बनेको जुन एकीकरण थियो, त्यसको अभीष्ट दुवै पक्षका लागि त्यति बेलासम्म पूरा भइसकेको हुनेछ ।

एकातिर 'नेकपा' नाम र आफैले सिर्जना गरेको 'कम्युनिस्ट सरकार' को भाष्यको भारीले सरकार आफैलाई थिचिरहेको छ । अर्कातर्फ, यो 'कम्युनिस्ट सरकार' शिक्षा र स्वास्थ्यजस्ता आधारभूत नीतिमा समेत समाजवादको सैद्धान्तिक सहानुभूतिको लेपनसमेत देखाउन सक्दैन । समाजवादी हुनुपर्ने दबाब आउने देखेर शिक्षा आयोगको प्रतिवेदनसमेत सार्वजनिक गर्न सकेको छैन । 'दलाल पुँजीपति' हरूको स्वास्थ्य क्षेत्रमा भएको 'समाजवादीकरण' त अब सार्वजनिक रूपमा सबैले बुझ्ने विषय भइसक्यो ।

केही वर्षअघिसम्म त अलिक लाज ढाक्ने चलन थियो, केही वर्षयता त हाम्रा शीर्ष नेताहरूले आफ्नो आर्थिक व्यवस्थापन कस्ता-कस्ता 'दलाल पुँजीपति' हरूले गर्छन् भनेर आफै हाकाहाकी सार्वजनिक गर्न थालेका छन् । अब उनीहरूलाई न आफ्ना कार्यकर्तासँग डर छ, न आफ्नै वर्ग-संघर्षको इतिहाससँग लाज छ । हुनुपर्ने न्यूनतम रूपमा समेत समाजवादी हुने चेष्टासम्म नगर्ने अनि हुनै नपर्ने र हुँदै नभएको चरित्र थोपरेर आफूलाई कम्युनिस्ट सरकार भन्ने विमर्शको धुनले कसलाई के फाइदा पुगेको छ र भविष्यमा कसलाई कस्तो राजनीतिक नोक्सानी हुनेछ, विचारणीय छ ।

## सम्पादकलाई चिठी

### पुँजीवाद र पुँजीपतिको भ्रम

सोमबार प्रकाशित मुराहरि पराजुलीको 'को, कति पुँजीवादी विश्लेषणात्मक लेख साँच्चिकै नेपालसहित केही अन्य देशको तथाकथित सामाजवादको पुच्छर समातिराखेकाहरूलाई पर्याप्त जवाफ हो । वैज्ञानिक भन्ने गरेका यो वाद कागजमा लेखेर जनतामा भ्रम छर्नमात्र हो । सही मानेमा यो अवैज्ञानिक आर्थिक सोच हो । विद्यार्थी कालमा कल्पना गरेको यो वाद बुझ्दै जाँदा कागजमा बाहेक व्यवहारमा फिटिक्कै लागू नहुने रहेछ । युरोप र अमेरिका, जापानजस्तो अहिले हामीले भन्ने गरेको पुँजीवाद नै खासगरी सामाजवाद हो । जहाँ प्रत्येक नागरिकले रोजगारी, सामाजिक सुरक्षा तथा पुँजी संकलन गरी आफूले चाहेको समयमा प्रयोग गर्न सक्छन् । लेखकले भनेजस्तो पुँजीपति वाद र पुँजीवाद धेरै अलग कुरा हो । यसलाई अहिलेका कम्युनिष्टहरूले बुझेर पनि बुझ पचाइरहेका छन् । मानिस स्वभावैले पुँजी संकलन र सुखसयल गर्न चाहन्छ । आर्जन गरेका उपभोग्य वस्तु आफूखुसी प्रयोग गर्न रुचाउँछ । यस्तो स्वविवेक प्रयोग गर्न रुचाउने प्राणीलाई बलजफ्ती मेसिन बनाउन खोज्नु अवैज्ञानिक नभएर के त ? योभन्दा पहिले पनि आहुतिको यस सम्बन्धी लेखमा प्रशस्त टिप्पणी आएका छन् । उनीहरू काल्पनिक दुनियाँमा रमाउनेहरू हुन् ।

– **केदारनाथ त्रिपाठी**, *बूढानीलकण्ठ, काठमाडौं*

### सरकारी नियम नमान्ने कलेजहरू

केपी ओली सरकारले अबको ७ दिनभित्र प्रभावकारी हस्तक्षेप नगरेमा गरिब र जेहेनदार विद्यार्थीले निःशुल्क पढ्न पाउने मेडिकल शिक्षा यो वर्ष पढ्न नपाउने अवस्था सिर्जेको छ । सरकारले यो आर्थिक वर्षदेखि आफू मातहतका मेडिकल कलेजहरूमा ७५ प्रतिशत सिट छात्रवृत्तिमा निःशुल्क पढाउनुपर्ने नियम अनिवार्य गरेको थियो । तर सरकारले आफैले जारी गरेको नियम आफ्नै मातहतका मेडिकल कलेजहरूले नमानिरहेको विचित्र दृश्य देखा परिरहेको छ । यो जस्तो विडम्बना अरु के होला ? कुलपति ओली र सहकुलपति शिक्षामन्त्री गिरिराजमणि पोखरेल के हेरेर बसिरहेका छन् ?

डा. गोविन्द केसीको आन्दोलनपश्चात आएको यो नियमले गरिब जेहेनदार विद्यार्थीहरू निकै खुसी भएका थिए । १० प्रतिशत मात्र रहेको छात्रवृत्ति एकैचोटी ७५ प्रतिशत बनाउनुपर्ने नियमलाई अनिवार्य गरेपछि मेडिकल शिक्षामा एउटा ठूलै परिवर्तन आएको आभाष गरिएको थियो । तर सरकारको अकर्मण्यताले सरकारी मेडिकल कलेजहरूले नै त्यो नियम उल्लंघन गरेका छन् । यो जस्तो लज्जाको विषय अरु के होला ? सरकार मातहत वा सरकारको आर्थिक सहयोगबाट चलेका मेडिकल कलेजहरू १ दर्जनभन्दा बढी छन् । चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगन्ज लगायत वीर, पाटन, सेना र प्रहरीका मेडिकल कलेजहरू, काठमाडौं विश्वविद्यालयको मेडिकल कलेज लगायतका कलेजहरू ७५ प्रतिशत अनिवार्य छात्रवृत्ति दिनुपर्ने नियम अन्तर्गत पर्छन् । तर उनीहरूले हालै त्यो नियम छल्न विज्ञापन निकाली विद्यार्थी भर्ना अभियान सञ्चालन गरिरहेका छन् । उनीहरूको विज्ञापनमा ७५ प्रतिशतको कुरा कहीं कतै छैन । जब सरकारी कलेजहरूले नै सरकारले बनाएको ऐन-नियम पालना गर्दैनन् भने अन्य निजी कलेजहरूले सरकारी नियम र निर्देशन किन मान्ने ? आफूलाई दुई तिहाइ मतको बलियो सरकार बताउनेले किन आफै मातहतका कलेजहरूलाई अंकुश लाउन नसकेको ? त्रिवि र केयु दुबैको कुलपति प्रधानमन्त्री ओली र सहकुलपति शिक्षामन्त्री पोखरेलले जवाफ दिनुपर्छ कि पर्दैन ?

– **गोपाल देवकोटा**, *गोकर्णेश्वर-८, काठमाडौं*

**लेखका लागि : article@kmg.com.np**
**प्रतिक्रियाका लागि : letter@kmg.com.np**
*(लेख-रचना पठाउँदा सम्पर्क नम्बर अनिवार्य उल्लेख गर्नुहोला)*

### मिटर ब्याजीको ऋणले रुँदै सर्वसाधारण

आइतबार प्रकाशित 'एउटै ऋणका १९ तमसुक' समाचारले धेरै दुःखी बनायो । राज्य सञ्चालन अझै गरिबमैत्री हुन नसकेको महसुस गरायो । हुनेखाने वर्गकै हालीमुहाली र लुटधन्दा छन् । गरिबको पसिना र इमानदारीमाथि कामचोर र ठगहरूले लुटिरहेका छन् । यसले समाजमा हिंसाको विजारोपण गर्छ । दिनदिनै हत्या र आत्महत्या बढ्नुको पछाडि यो पनि एक कारण हुनसक्छ । सर्लाही हरिपुरमा मात्र छैन यो समस्या, मधेसको हरेक घर र बस्तीमा छ । समाजमा अझै पनि गरिब गरिबै र धनी धनी नै छन् । पहिले-पहिले कोसित कति उब्जनीको जग्गा-जमिन छ, त्यसैको आधारमा धनी र गरिब छुट्टिन्थे । अहिले पैसा र पावरले धनी र गरिब छुट्याउँछ । पैसा कमाउन पैसा चाहिन्छ । गाउँघरमा धेरै पैसा गरिबसँग हुँदैन । गरिबलाई मोटो पैसा पनि चाहिँदैन । बरु ऋणकै कारण मोटो पैसा टाउकोमा भारी बन्न पुग्छ । विदेश जानेदेखि विवाहमा दाइजो दिनेसम्म, बिरामी पर्दा उपचारदेखि चाडपर्व लगायत घरायसी ठूला समस्या टार्नसम्म साहुसँग ऋण लिनैपर्ने हुन्छ । ऋण लिँदा पहिला कपाली तमसुकमै गराएर दिने चलन थियो । अहिले जोसँग जमिन छैन, त्यसले ऋण पाउँदैन ।

ऋण लिँदा जमिनको कुनै मूल्य हुँदैन । विश्वासकै भर पर्छ । लाखौं, करोडौंको जमिन महाजनलाई पास गरेर खाँचो परेका बेला थोरथोरै किस्तामा पैसा उठाउने गर्छन् । जसको हिसाब गरिब ऋणीसँग हुँदैन । साहुमहाजनसँगै हुन्छ । साहुले मनपरी पैसा असुली गर्न पाउँछन् । गरिब जति कमाए पनि साहुमहाजनहरूको ब्याज तिर्न र जीवन चलाउनमै ठिक हुन्छ । कुनै आपत्-विपत् परे र कमाउन सकेन भने ऋणको मिटर बढेर तनावमा पर्नुपर्ने हुन्छ । यसले घर झगडादेखि हिंसासम्मको अवस्था निम्त्याउँछ ।



गरिबले आफ्नो हात काटेर ऋण लिने बेलै दिइसकेका हुन्छन् । ३६ प्रतिशतमा कुरा भएको भए पनि जमिन फर्काउने बेला ५०-६० प्रतिशत ब्याजदर मागे पनि दिनुपर्ने हुन्छ । दिएन भने समाजदेखि अड्डासम्म पैसा र पावरको खेती हुन्छ । यसरी धनी झन् धनी र गरिब झन् गरिब भई सडकमा पुग्छन् । अर्को महँगो र महत्त्वपूर्ण जमिन छ भने साहुमहाजनले झनै गिद्दनजर हाल्छन् । र त्यो जमिन हडप्ने खेलमा लाग्छन् र हडपेर त्यही जमिन फेरि बैंकमा राखेर कम ब्याजदरमा पैसा निकालेर गाउँमा चर्को ब्याजमा पैसा लगाउँछन् । बैंकहरूले व्यावसायिक नारामात्र चर्को लगाइरहेका छन् । उनीहरूले गरिबलाई होइन, धनी र सम्पत्ति हुनेहरूलाई मात्र ऋण दिएका छन् । त्यो पनि कमिसनको बलमा चलेको छ । यसर्थ सरकारले यस्ता मिटर ब्याजीहरूलाई कारबाही गरी त्यसको सम्पत्ति छानबिन गर्नुपर्छ र पीडितलाई न्याय दिनुपर्छ ।

– **राजेश विद्रोही**, *लहान, सिरहा*

●●●

'एउटै ऋणका १९ तमसुक'ले भावविह्वल बनायो । किनभने सर्लाही, रौतहट र महोत्तरीका ५३ जनाभन्दा बढी गरिब, निरक्षर अधिकांश महिलाप्रति सर्लाहीका श्याम प्रदेशी भनी चिनिने श्यामकृष्ण साहले कानुन हातमा लिई आर्थिक, सामाजिक र यौन शोषण लगायत पाशविक हर्कत गरेको डेढ वर्ष बितिसकेछ । ती जिल्लाका विपन्न, गरिब र दलितहरूलाई दिएको ऋणको मिटर ब्याज, ब्याजको स्याज जोड्ने, ब्याजको मितिमा एकदिन नाघेमा दैनिक १ हजार हर्जना भनी असुल्ने, १ लाख ऋण दिँदा १० हजार सुरुमै काटेर ९० हजारमात्र दिने, १ लाख ऋणको सावाँ-ब्याज गरी ८ पटक तिर्दा पनि ऋण कट्टी नभई उल्टै थपिएको रहेछ ।

आसामी बनेका व्यक्तिले ऋणीका परिवारका सदस्यसँग सादा कागजमा सहीछाप गराइराख्ने र पछि आफू, आफ्ना पत्नी, छोराछोरी, ज्वाइँ समेतबाट एउटै ऋणीले ८-१० जनाबाट ऋण लिएको तमसुक बनाउने, एउटै ऋणका १९ वटासम्म तमसुक बनाउने जस्ता कार्य गरी ९९ जना विपन्न, निरीह गरिबलाई ठग्ने, ऋण तिर्न नसकेको भनी चल, अचल सम्पत्ति हडप्ने काम गरेका छन् । पीडितहरूले डेढ वर्षसम्म पनि कुनै न्याय पाउन नसकेपछि न्याय माग्न काठमाडौं आएका छन् । श्याम प्रदेशीको यो अन्यायपूर्ण हर्कतका कारण उनी पक्राउ परेको सुनिएकाले खुसी लागेको छ । पीडकको सम्पत्ति र ऋणपत्रको छानबिन गरी उनीमाथि हदैसम्मको कारबाही होस् ।

– **गंगाराज अर्याल**, *पाणिनि-८, अर्घाखाँची*

# डेंगुविरुद्ध सामूहिक दायित्व



डा. ढुण्डीराज पौडेल

'आगो लागेपछि मात्रै कुवा खन्ने' उखान स्वास्थ्य मन्त्रालयको रोग नियन्त्रण पहलले चरितार्थ गर्छ। गर्मी तथा बर्खा मौसमवरिपरि झाडापखाला, डेंगु आदि प्रकोप बढ्छ। वर्षातका केही महिना पानीजन्य रोग लाग्छन्। हावाहुरी प्रकोप, लू, ठन्डीले सिर्जित रोग पनि मौसमी हुन्। बेलायत लगायतका कैयौं देशमा रोगहरू बढ्ने मौसमका लागि चिकित्सकको विशेष व्यवस्था नै हुन्छ।

नेपालमा अहिले डेंगुको संक्रमण फैलिएको छ। विश्व स्वास्थ्य संगठनका अनुसार, विश्वका करिब चालीस करोड मानिस डेंगुबाट संक्रमित छन्। डेंगु रोग सर्नबाट रोक्न लामखुट्टे नियन्त्रण गर्नुको विकल्प छैन।

डेंगु फैलिनुमा मानिसको रोगप्रतिरोधी क्षमता, घरको सरसफाइ र बाह्य वातावरण परिवर्तन (मानवीय कारणले मानिसका निम्ति प्रतिकूल बनिरहेको छ) जस्ता घटकहरू जिम्मेवार छन्। सहरीकरण, अस्वाभाविक वातावरण, बढ्दो मानवीय क्रियाकलाप, फोहोर निष्कासन, जथाभावी रूपमा खुला ठाउँमा फालिएका टायर, पानीका खाली बोतल, क्यान, बट्टा, खाल्डाखुल्डी, ओसिलो ठाउँ आदि लामखुट्टेको प्रजननका निम्ति अनुकूल हुने गर्छन्।

स्थिर पानी पनि लामखुट्टेका निम्ति उपयुक्त स्थान भएकाले त्यहाँ लामखुट्टेको वृद्धि हुन नदिने उपाय अपनाउनुपर्छ। करिब २४ वर्षअघि पंक्तिकार सोमालियाली शरणार्थीका लागि जिबुतीमा रहँदाको घटना याद आयो। निर्जन मरुभूमिको सडकमा जापानी टोलीसँग सवारीमा यात्रा गर्दा झुक्किएर खाली क्यानको बट्टा झ्यालबाट फाल्दा निकै हल्लीखल्ली मच्चियो। झुक्किएर खसेछ भन्दै बस रोकी फिर्ता ल्याइयो। हामीकहाँ बाटैभरि खाली बोतल, प्लास्टिकका खाली प्याकेट जताततै फालिएका देखिन्छन्।

**स्थिर पानी लामखुट्टेका निम्ति उपयुक्त स्थान भएकाले त्यहाँ लामखुट्टेको वृद्धि हुन नदिने उपाय अपनाउनुपर्छ।**

सरकारले एक्लै डेंगु नियन्त्रण गर्न सक्दैन भन्नु स्वास्थ्यको नेतृत्वलाई शोभनीय हुँदैन। संघीय सरकारले आफू स्वयंका साथै प्रादेशिक एवं स्थानीय सरकारहरूलाई यस दिशामा क्रियाशील र प्रभावी बनाउन सक्नुपर्छ। सबै तप्का र सेवा क्षेत्रका जनसमुदायलाई रोगको प्रकोप नफैलिँदै सचेत र सक्रिय बनाउनुपर्छ।

मुख्यतया लामखुट्टेको विनाश या नियन्त्रण र मानिससँगको सम्पर्कमा अवरोध उत्पन्न गर्नु नै रोग सर्न नदिने उपाय हो। एकीकृत व्यवस्थापनद्वारा भेक्टरको नियन्त्रण हुनसक्ने विश्व स्वास्थ्य संगठनको ठहर छ। घरवरिपरि, विद्यालय, कार्यालय, कार्यस्थल, बसपार्क, बाटो, पार्क आदि ठाउँहरूमा एडिस लामखुट्टेका लागि अनुकूल पक्षहरू हटाइनुपर्छ। पानी र ढल जम्न नदिने उपाय अपनाउनुपर्छ।

प्रत्येक व्यक्ति, परिवार र समाज लामखुट्टेको नियन्त्रण र यसको आक्रमणबाट जोगिन सजग, सचेत र क्रियाशील हुन आवश्यक छ। बाहिर हिँड्दा पूरै शरीर ढाक्न सके मात्रै पनि डेंगुबाट जोगिन सकिन्छ। गर्मीको मौसममा गोधूलिको समयमा घरबाहिर नटहलिनु उपयुक्त हुन्छ। कम्तीमा पनि वातावरणलाई लामखुट्टेको प्रतिकूल बनाउन हरेकले पहल थाल्नुपर्छ।

स्वास्थ्यको नेतृत्वले भनेजस्तो सेना र प्रहरी मात्रै होइन, गाउँ-गाउँ र वडा-वडामा रहेका जनप्रतिनिधि, शिक्षक, चेतनशील नागरिक, संघ-संस्थालाई वातावरण सुरक्षाको अभियानमा आबद्ध बनाइनुपर्छ। यो दिशामा उपयुक्त कानुन बनाई त्यसको कार्यान्वयन हुनुपर्छ। सकभर रासायनिक विषादी प्रयोगमा नल्याउनु नै राम्रो हुन्छ। तर शरीरमा लामखुट्टेको टोकाइबाट बच्न रिपेलेन्ट मल्हम लगाउन सकिन्छ। घरवरिपरि लामखुट्टे भगाउन मेरिगोल्ड (सयपत्री), लेमनबाम, तुलसी, लैभेंडर, बाबरी, लसुन आदि लगाउँदा पनि फाइदा हुन्छ।

डेंगुको नियन्त्रण मूलतः तीनै तहका सरकारी निकायहरूको दायित्व हो। लामखुट्टेको टोकाइबाट जोगिनु/जोगाउनु प्रत्येक व्यक्ति, परिवार एवं समाजको साझा जिम्मेवारी हो।

# चितवनको डीएनए टेस्ट



समवेत
सरिता तिवारी

जलेका टायरहरूको पिरो गन्ध अझै छ, सडकमा। त्यसै पनि तीन सातायता राम्ररी पानी पर्न सकेको छैन, तापमान उखरमाउलो गतिमा उक्लिँदो छ। त्यसमाथि आक्रोश, भावुकता र उद्वेगको ज्वरोले रन्किएको चितवनका दस दिन ! कुनै युग परिवर्तनकारी विद्रोहको तातो रापमा उम्लिरहे जस्तो ! मानौं कुनै महान् उद्धारक, कुनै विघ्नहर्ता 'मसिहा' लाई क्रुसमा टाँग्न लागिएको छ र उसैको उद्धारमा हाम फालिरहेका छन् मानिसहरू। छिचोली नसक्नुको भीडले भरिएका नाकाहरू अनि प्रशासनद्वारा जारी निषेधाज्ञा। कतिपय अभद्र नारा, वृद्धाहरूका रोदनसहितका फिराद ! भागाभाग, लाठीचार्ज, अश्रुग्यास ! प्रहरी प्रशासनमाथिको तीव्र आक्रोश र एक-व्यक्ति-सत्तामाथि जनसमुदायको अपार विश्वास र भक्ति।

दैनिकजसो यी दृश्यसित ठोक्किएर हिँड्दा यतिका मानिसहरू प्रतिक्रियात्मक भइरहेको प्रकरणप्रति निरपेक्ष हुन सम्भव छैन। तर सहरको एउटा खास बौद्धिक तप्का केही भएकै छैन जस्तो भाव देखाइदिन्छ। त्यसमा घटनाप्रतिको उपेक्षा मात्रै छैन, सत्ता-सामीप्य र सत्ताभयका मनोवैज्ञानिक तरङ्ग पनि छन् भनी बुझ्न गाह्रो छैन। पक्षधरताको स्वतन्त्रता लोकतन्त्रको सुन्दरता हो। यसको सम्मान सरकार वा सरकारइतर दुवै पक्षले गर्नुपर्छ। सर्त के हो भने, पक्षधरतासँग बलियो र तथ्यसङ्गत तर्क हुनुपर्छ। राष्ट्रिय जीवनमा अनपेक्षित तर एउटा प्रवृत्ति र सामूहिक मनोविज्ञान कतातिर लक्षित हुँदै छ भन्ने सङ्केत दिन अरू धेरै परिघटना जरुरी हुँदैनन्। देखिएका सामान्य घटनाक्रमले कसरी असामान्य रूप लिन्छन् र तिनले सामूहिक चेतनालाई कसरी 'मिस लिड' गर्न थाल्छन्, यसैलाई ध्यानपूर्वक अध्ययन गर्नु नै पर्याप्त हुन्छ। र, सम्भवतः विवेकसम्मत पक्षधरताको महत्त्व पनि यहीँनेर पुष्टि हुन्छ।

अठार वर्षदेखि म चितवनको माटोमा खाइखेलिरहेकी छु। यसको उर्वर छातीमा टेकेर दुनियाँ हेर्ने नजर बनाइरहेका पात्रमध्ये म पनि एक हुँ। इतिहासमा निरङ्कुश व्यवस्थाजन्य असन्तोष र आवेगका ज्वारहरूलाई राजनीतिक भाषामा अभिव्यक्त गर्दा चितवनले कमाएको ख्याति मेरा लागि पनि उत्तिकै गौरवको विषय हो। विक्रमका बीस, तीस, चालीस र पचासको दशकसम्मै चितवनको राजनीतिक चेतना देशका अन्य कुनै पनि ठाउँका लागि ईर्ष्याको विषय थियो। किसान, मजदुर र मोही आन्दोलन, दलित र विद्यार्थी आन्दोलन मात्रै होइन, कतिपय अर्धभूमिगत पार्टीले राष्ट्रियता र जनजीविकाका मुद्दामा चलाउने जागरण अभियान र सडक सङ्घर्षले समेत चितवन एउटा जिउँदोजाग्दो र विवेकसम्पन्न मानिसहरूको थलोका रूपमा परिचित भएको हो। तर पछिल्ला दशकसम्म आइपुग्दा चितवन हूलदङ्गा, हल्ला, भीडतन्त्र र राजनीतिका नाममा कुत्सित इच्छाको क्रीडाभूमि बनिरहेको छ। केही वर्षअघिको कथित हृतिक रोशन काण्ड भनौं या गत स्थानीय चुनावमा मतपत्र च्यातेर नागरिक मतमाथि गरिएको 'खेल', रङ्गशाला प्रकरणपछिको परिस्थिति भनौं या शालिकराम पुडासैनीको 'आत्महत्या' पछि देखिएको 'हिरोइजम' र व्यक्तिपूजनको रूप। यी र यस्ता घटनाले चितवनको सामूहिक स्वभाव के हो भन्नेबारे घोरिन बाध्य बनाउँछन्।

**किसान, मजदुर र दलित आन्दोलन लगायतका कारण जिउँदोजाग्दो थलोका रूपमा परिचित चितवन अचेल भीडतन्त्र र राजनीतिका नाममा कुत्सित इच्छाको क्रीडाभूमि बनिरहेको छ।**

●●●

विचार र विवेकले कम अनि भावुकता र शीघ्र प्रतिक्रियाले बढी निर्देशित हुने समाजमा तर्क र विवेकको मूल्य कति कमजोर हुन्छ, त्यो पछिल्लो घटनाले बताएको छ। यद्यपि यो ठाउँविशेषको मात्रै नभई विश्वव्यापी रूपमा देखिएको सङ्कट हो। कुनै ठाउँविशेषको प्रतिक्रियात्मक चरित्रलाई त्यसअघिका अन्य परिघटनासँग जोडेर हेर्दा देखिने सिङ्गो चित्र कस्तो हुन्छ र त्यसले आजको सामूहिक प्रतिक्रिया मूलतः पद्धतिजन्य र राजनीतिक भएर पनि किन अराजनीतिक जस्तो देखिइरहेको छ भन्नेबारे छलफल जरुरी छ।

विचारले संगठित हुँदा वा कुनै स्पष्ट सामूहिक नेतृत्वद्वारा निर्देशित हुँदा 'जनता' बन्ने आम जनसाधारण निश्चित घटनाको प्रतिक्रियामा असंगठित रूपले प्रकट हुँदा 'भीड' बन्छन्। तर सामान्य रूपमा हेर्दा गैरराजनीतिक लाग्ने यस्तो जनसमूह खासमा देशको राजनीतिले पक्रेको गलत दिशाकै उपज हो। व्यवस्थाको गरिमा धानेर काम गर्नुपर्ने संस्थाहरू हदैसम्म भ्रष्ट, गैरजिम्मेवार र लाचार हुनुको परिणति नै भीडतन्त्र निर्माणको कारक हो भन्नेमा कुनै शंका छैन। चितवनमा देखिएको प्रतिक्रियालाई त्यस अर्थमा पनि सामान्य मान्न सकिन्न। व्यवस्थाका चालकहरूमाथि भरोसा उठ्न थालेपछि मानिसहरू व्यवस्थाकै अकर्मण्यताका सहउत्पादनरूपी व्यक्ति वा समूहमाथि विश्वास गर्न थाल्छन्। रंगशाला प्रकरण र शालिकराम पुडासैनीको आत्महत्यापछिको प्रतिक्रियामा देखिएको भीड मनोविज्ञानलाई हेर्दा व्यवस्थाजन्य नालायकीबाटै उम्रिने ऐंजेरुले कसरी मुक्तिदाता 'ईश्वर' को रूप धारण गर्छ भन्ने देखिइसकेको छ।

'एज अफ एङ्गर' का लेखक पंकज मिश्रले तीव्र गतिमा बढ्दो असमान र अस्थिर अर्थतन्त्रका कारण त्यही अनुपातमा निराशा, आक्रोश र दिशाहीनता कसरी बढ्दै छ भन्ने कुराका लागि विकसित र अल्पविकसित दुवै खाले विश्वसमाजका प्रशस्त उदाहरण दिएका छन्। उनी भन्छन्, 'भोलिका दिनमा आत्मकेन्द्री राजनीतिकर्मी वा अनुदार व्यापारी, सजिलै सञ्चालित हुने भीड वा आतङ्कवादले मात्रै होइन, कुनै घटनाप्रति व्यापक स्तरमा जन्मिने नकारात्मक ऐक्यबद्धताले पनि संसारलाई बरबाद गर्नेछन्।' विश्वव्यापी रूपमा विवेकहीन आक्रोशको दर ती समाजमै व्याप्त छ, जहाँ मानिसहरू अति सजिलै कसैप्रति पनि भावुक र प्रभावित हुन सक्छन्।

पछिल्ला घटनाक्रमलाई हेर्दा कुनै टेलिस्टार वा मिडियाकर्मीमाथि लगभग अन्धविश्वासकै तहमा विश्वास जन्मिने कारक अरू कोही होइनन्, यो पद्धतिका चालकहरू नै हुन् भन्ने कुरा वास्तवमै सोचनीय छ। त्यस्ता चालक सरकार वा प्रतिपक्षी दल मात्रै होइनन्, बौद्धिक तप्का पनि हुन्। बौद्धिक शून्यता र दासत्वले पनि हो समाजलाई दिशाहीन बन्न सघाउने। सरकार चलाउनेहरूमा ठेक्कापट्टा, नियुक्ति, सरुवा-बढुवा र कमिसनको मात्रै चिन्ता हुने, बौद्धिक भनिएको वर्ग कि तिनैको प्रदक्षिणा र स्तुति गर्ने कि चुप लागेर बस्ने ! यस्तो समाजमा आममानिस राजनीतिको वर्णसंकर चेतनाबाट उत्पादन भएका ठिमाहा उद्धारकको पछाडि मर्न र मार्न तयार हुने नै भए ! पञ्चायतकालीन नारा ब्युँताएर हाम्रो फलाना हाम्रो देश, प्राणभन्दा प्यारो छ भन्ने नै भए !

जहिलेसुकै कुनै उद्धारक, मसिहा पर्खेजस्तो मुद्रामा बाँच्ने समाज यतिखेर आफैले थपना गरेको 'ईश्वर' का धूर्तता, बकम्फुसे गफ, ढाँट र बेइमानीका कारण प्रतिक्रियात्मक भैरहेको हो भन्नेमा ध्यान नदिने हो भने पद्धतिका खाँबाहरू ढल्न ठूलो त्रासदी पर्खनुपर्दैन। यतिखेर समाज ससाना सुधार र प्रयत्न गर्ने जोकसैलाई नयाँ 'ईश्वर' बनाउन तयार छ। त्यो कल्पित ईश्वर कुनै विचार वा प्रतिबद्धताले होइन, केवल केही संयोगले बनेको मूर्ति मात्रै पनि हुन सक्छ भनेर उसमाथि परीक्षण गर्ने लेठो गर्दैन समाज। यसले सामूहिक चेतनाको डरलाग्दो विघटनतर्फ सङ्केत गर्छ।

कमसेकम यस्तो बरबादीको काल्पनिकीभन्दा दुई हात पर बसेरै सोचौं भन्ने हो भने, सामूहिक विवेकलाई कसरी निर्देशित गर्ने भन्नेबारे दलहरू, सरकार र बौद्धिक तप्का जिम्मेवार र उत्तरदायी बन्नुको विकल्प छैन।

●●●

यतिखेर चितवनको समाजमा फर्केर हेरौं। मूलबासीहरूमाथि आगन्तुकहरूका विचार र कार्यशैलीको निरन्तर हस्तक्षेप भोगिरहेको समाज हो, चितवन। यस्तो हस्तक्षेपका कारण समाजले चेतनाको तहमा व्यापक विकास वा त्यही स्तरको नकारात्मक संक्रमण दुवै स्थिति बेहोर्नुपर्छ। विकास र संक्रमणका आरोहमा यहाँको मौलिक स्वभाव पूरै अल्पमतमा छ। औलो निवारणअघिदेखि यो समथर भूमिमा एक्लो निवासी रहेको थारू समुदायको किनारीकरणदेखि बीसदेखि पचासको दशकसम्म व्यक्त राजनीतिक-बौद्धिक चेतनाको उपेक्षासम्म। यतिखेर यी सबै कुरादेखि टाढा चितवनको चेतनाको लगाम आवेग र तीव्र प्रतिक्रियाको हुन्डरीमा कुदिरहेका विचारहीन मानिसहरूको झुन्डसँग मात्रै छ भन्ने महसुस हुन थालेको छ।




देशका विभिन्न ठाउँबाट आएर जम्मा भएको बढ्दो आबादी र तीव्र सांस्कृतिक अन्तरमिश्रणका क्रममा चितवन विभिन्न स्वभावको प्रयोगशाला बन्दै गएको निश्चित हो। सानै हल्लाको भरमा देशव्यापी भड्काव र हिंसा जन्माउने हृतिक रोशन काण्डकै उदारहण लिऔं अथवा रंगशाला निर्माणको विषयलाई राष्ट्रवादको भाष्यसँग जोडेर उचालिएको आक्रोश र भक्तिको स्मरण गरौं या रवि लामिछानेको रिहाइको माग गर्दा तातेको सडक मनोदशाको कुरा गरौं। यस्तो लाग्छ, चितवनको सामूहिक चेतनामा यति शीघ्र प्रज्वलनशील बारुद भरिएको छ, जहाँ हिंसा र भड्कावका लागि एक काँटी सलाई नै पर्याप्त हुन्छ। राजनीतिक अपराधीकरणको कहिल्यै नबिर्सिने घटना मतपत्र च्यात्ने 'पर्व' माथि सुरुआतमा विरोध र विमति भए पनि पछिल्लो समय साधिएको मौनतालाई नै हेरौं, अरू त अरू यहाँको तथाकथित बौद्धिक वर्गले समेत त्यसलाई मौनताकै अस्त्रले सदर गरिसकेको छ।

पार्टीनिरपेक्ष निर्भीक, निडर र विवेकसम्पन्न बौद्धिक सत्ताको निर्माण नै हुन नसकेको अधकल्चो ठाउँका आफ्नै दुःख हुँदा रहेछन्। चितवनले भोगेको दुःखका पछाडि बौद्धिक वर्गको लाचारी, सम्यक् नेतृत्वहीनता र अकल्पनीय शून्यता पो छ कि ?

# खस्किँदो भारतीय अर्थतन्त्र र नेपाल



विशाल चालिसे

भारतीय अर्थतन्त्रमा केही समययता समस्या देखिएको छ। केही वर्षदेखि करिब ७ प्रतिशत रहेको आर्थिक वृद्धिदर पछिल्ला तीन त्रैमासिकमा लगातार घटेर हाल ५ प्रतिशतमा सीमित भएको छ। भारतीय अर्थतन्त्रसँग एकदमै जोडिएको नेपाली अर्थतन्त्रमा यसबाट के असर पर्छ भन्ने चासो सर्वत्र छ। नेपालको सबैभन्दा ठूलो व्यापार साझेदार, स्थिर विनिमय दर र खुला सिमानाका कारण श्रमको निर्वाध आवागमन जस्ता कारणले यो अस्वाभाविक होइन पनि।

**आन्तरिक मागमा कमी, नोटबन्दी, जीएसटीका कारण भारतीय अर्थतन्त्र समस्यामा पर्दै गएकाले नेपालले निर्यात, पर्यटन, रोजगारी र कृषि उपज आयातजस्ता क्षेत्रमा कठिनाइ भोग्नुपर्ने हुनसक्छ।**

## समस्या के हो ?

भारतमा पछिल्लो चोटि सतहमा आएको समस्याचाहिँ आर्थिक वृद्धिदर घट्नु हो। केहीले यसलाई आर्थिक मन्दी भनेका छन्, तर यो त्यस्तो अवस्था होइन। आर्थिक मन्दीका लागि अर्थतन्त्र लगातार दुई त्रैमासिकमा ऋणात्मक हुनुपर्छ। अर्थात्, अर्थतन्त्रको आकारै संकुचित हुनुपर्छ। अहिलेको भारतीय अर्थतन्त्र संकुचित छैन, वृद्धिदर घटेको मात्रै हो। गत वर्षको यही त्रैमासिकमा ८ प्रतिशतले भएको वृद्धि यसपालि घटेर ६.९ प्रतिशत हाराहारी रहने अनुमान थियो। तर त्यस्तो प्रक्षेपणभन्दा पनि तल ५.८ हुँदै आर्थिक वृद्धि ५ प्रतिशतमा सीमित भएको छ।


५ प्रतिशत हाराहारीको आर्थिक वृद्धि आफैमा नराम्रो होइन। भारतका समकक्षी विकासशील अर्थतन्त्रहरूसँगको तुलनामा चाहिँ कम देखिएको हो यो। बङ्गलादेशको आर्थिक वृद्धि ७.२ प्रतिशतले भएको छ, जसले उसलाई विश्वमै द्रुतगतिमा वृद्धि हुने राष्ट्रको सूचीमा अग्रस्थानमा पुऱ्याएको छ। भारतको प्रतिस्पर्धीका रूपमा हेरिने चीनको अर्थतन्त्र पनि ६.२ प्रतिशतले वृद्धि भएको छ, जबकि चीनको अर्थतन्त्र भारतको भन्दा करिब पाँच गुणा ठूलो छ। अर्थतन्त्र जति ठूलो भयो, वृद्धिदर त्यति कठिन हुनुपर्नेमा चीन अपवाद देखिनुले भारतको अर्थतन्त्र गम्भीर खतरामा रहेको छनक दिन्छ।

यद्यपि भारतको पहिले भन्ने गरिएको आर्थिक वृद्धिदर कृत्रिम तथ्याङ्क रहेको र अहिलेको समस्या अर्थतन्त्रको 'कोर्स करेक्सन' मात्र भएको मत केही अर्थविद्को छ। यसको अग्रपंक्तिमा छन्, मोदी सरकारको पहिलो कार्यकालका प्रमुख आर्थिक सल्लाहकार तथा हाल हार्वर्ड विश्वविद्यालयमा प्राध्यापनरत अरविन्द सुब्रमण्यन। उनले जून २०१९ मा एउटा शोधपत्रमा भारतको आर्थिक वृद्धिको आँकडा कम्तीमा आठ वर्षदेखि अधिक गणना भएको र वास्तविक दर आधिकारिक तथ्याङ्कभन्दा निकै कम रहेको सप्रमाण प्रस्तुत गरेका छन्। उक्त शोधपत्र अनुसार, भारतमा २०११ देखि २०१७ सम्म आधिकारिक रूपमा देखाइएको आर्थिक वृद्धिदर औसत ७ प्रतिशतभन्दा करिब २.५ प्रतिशतले कम हुनुका साथै वास्तविक परिमाण करिब ४.५ प्रतिशत थियो। त्यो वास्तवमा ३.५ सम्म पनि तल हुनसक्ने शोधपत्रमा उल्लेख छ। उनको यो निष्कर्षले भारतको अर्थतन्त्र दरिलो नभई भयावह स्थितिमा रहेको देखाउँछ। समयोचित हस्तक्षेप नभए आर्थिक वृद्धिदर झन् तल जान सक्ने सम्भावनालाई नकार्न सकिन्न।

## समस्याका कारक

भारतीय आर्थिक वृद्धिको प्रमुख स्रोत आन्तरिक माग वा उपभोग हो। जबकि चीन, भियतनाम वा बङ्गलादेश जस्ता विकासशील देशको अर्थतन्त्र निर्यातमुखी छ। भारतमा अहिले आन्तरिक मागमा ह्रास आएकाले समस्या देखिएको हो। जस्तो– टीभी, मोटरसाइकल, कारजस्ता उपभोग्य वस्तुको मागमा तीव्र गिरावट आएको छ। घर निर्माण वा घुमघामको क्रम पनि घटेको छ। कतिसम्म भने, बिस्कुट र लत्ताकपडा जस्ता आधारभूत वस्तुको बिक्री पनि घटेको छ। माग नभएकाले औद्योगिक क्षेत्रले उत्पादन घटाएको छ। त्यसैले कच्चा पदार्थको खपत निकै कम भएको छ। उत्पादन घट्दा रोजगारीमा पनि कमी आई मानिसहरूको आय घट्नाले उपभोगमा असर पर्न जान्छ। आर्थिक वृद्धिलाई पुनः चलायमान बनाउन यो दुश्चक्रलाई तोड्न जरुरी हुन्छ। तर यो अवस्था अर्थतन्त्रमा आउने चक्रीय उतारचढाव हो कि गहिरो संरचनात्मक समस्याको उपज, अहिल्यै छुट्याउन गाह्रो छ। यसका बहुआयामिक कारण रहेकामा भने सन्देह छैन।

अहिलेको समस्याको एक प्रमुख कारक 'नोटबन्दी' देखिएको छ। भारतले २०१६ मा भारु ५०० र १,००० का नोट चलनचल्तीबाट हटाउनाले ८६ प्रतिशत नगद आकस्मिक रूपमा गैरकानुनी भयो। नयाँ नोट बजारमा आउन केही महिना लाग्यो। त्यति बेलासम्म धेरै व्यक्ति र साना तथा मझौला व्यवसायहरू कारोबारबाट विमुख भए।




नगद अभावले समग्र आर्थिक गतिविधिमा कमी आयो। अनौपचारिक क्षेत्रका व्यवसाय र त्यसबाट जीविकोपार्जन गर्ने व्यक्तिहरू सबैभन्दा बढी मर्कामा परे। भारतमा त्यस्तो अनौपचारिक क्षेत्रको हिस्सा ८० देखि ९० प्रतिशतसम्म रहेकाले नोटबन्दीको असर आर्थिक वृद्धिमा पनि पऱ्यो। हाल अन्तर्राष्ट्रिय मुद्राकोषकी प्रमुख अर्थशास्त्री गीता गोपीनाथ लगायतले गरेको शोध अनुसार, नोटबन्दीले भारतमा करिब २ प्रतिशत कुल गार्हस्थ्य उत्पादन तथा रोजगारी घटायो भने बैंक तथा वित्तीय संस्थाको ऋण प्रवाह क्षमतामा पनि सोही अनुपातले असर पुऱ्यायो।

भारतमा वित्तीय क्षेत्रको कमजोर अवस्थाले पनि समस्या बल्झाउन सघायो। केही वर्षदेखि सरकारी बैंकहरूको खराब कर्जाको स्तर निरन्तर उकालो लाग्नाले बजारमा पर्याप्त कर्जा प्रवाह हुन सकेको थिएन। त्यसमा पनि एकपछि अर्को ठूला बैंक घोटाला सार्वजनिक भएपछि बजारमा सहज कर्जाको अभाव थियो। यसैले गर्दा केन्द्रीय बैंकले कसिलो मौद्रिक नीति अवलम्बन गरेकाले ब्याजदर लामो समयसम्म उच्च रह्यो र उत्पादन क्षेत्रले कर्जा लिएर गर्ने लगानी कम भयो। परिणामतः उत्पादनशील क्षेत्रको विस्तारमा कमी आयो र रोजगारीमा असर पऱ्यो। अहिले आर्थिक वृद्धि घट्नुमा उत्पादनशील क्षेत्रको संकुचनको पनि भूमिका छ। यो क्षेत्र ०.६ प्रतिशतले मात्र बढेको छ, बेरोजगारी केही समययताको उच्चतम विन्दु, ६.१ प्रतिशत पुगेको छ। अटोमोबाइल्स उत्पादन क्षेत्रमा मात्रै ३५ लाख रोजगारी घटेको अनुमान छ।

यसबाहेक वस्तु र सेवा कर (जीएसटी) ले आर्थिक वृद्धिलाई असर गरेको देखिन्छ। २०१७ मा केन्द्र सरकारले प्रान्तहरूमा लाग्दै आएका विभिन्न कर हटाएर देशभरि एकीकृत वस्तु र सेवा कर प्रणाली लागू गऱ्यो। यसले कर प्रणालीलाई भविष्यमा प्रभावकारी बनाउन सहयोग गर्ने भए पनि तत्कालीन रूपमा आर्थिक गतिविधिमा असर पुऱ्यायो। पहिले करको दायराबाहिर रहेका साना तथा मझौला उद्योगलाई पनि जीएसटीले छोयो। त्यस्ता उद्योगको उत्पादन लागत बढेसँगै महँगी उकालो लाग्नाले मागमा कमी आयो।

भारतीय अर्थतन्त्रको आकार र विश्वबजारमा यसको सम्बन्धले गर्दा अहिलेको आर्थिक समस्यामा बाह्य कारणको पनि थोरै भूमिका छ। भारत-अमेरिका व्यापार युद्ध तीमध्ये एउटा हो। त्यस्तै, भारतीय उत्पादनको प्रमुख निर्यात गन्तव्य अमेरिका र पश्चिम युरोपमा आएको मन्दीको असर पनि पऱ्यो। अमेरिका-चीन व्यापार युद्धले भारतलाई प्रत्यक्ष असर नगरे पनि माथि उल्लिखित आन्तरिक कारणले गर्दा यसबाट उसले सम्भाव्य फाइदा उठाउन सकेको छैन।

## नेपाललाई पर्न सक्ने असर

भारतीय अर्थतन्त्र समस्याग्रस्त हुँदा नेपाललाई तीन वटा असर पर्न सक्छन्।

पहिलो, नेपाली वस्तु तथा सेवाको निर्यात। भारत नेपालको सबैभन्दा ठूलो व्यापार साझेदार तथा निर्यात बजार हो। हाम्रो लगभग ९७ अर्बको वस्तु निर्यातमा करिब आधा भारतमा बिक्री हुन्छ। गत आर्थिक वर्षमा नेपालले भारतमा वनस्पति तेल, घिउ वा जनावरको बोसोजन्य पदार्थ (१८.१ प्रतिशत), कफी चिया मसला (१२.८ प्रतिशत), जुट फाइबर (१०.९ प्रतिशत), फलाम तथा स्टिल (१०.० प्रतिशत) तथा तरकारी र फलफूल (७.८ प्रतिशत) निर्यात गरेको थियो। यीमध्ये धेरै आधारभूत उपभोग्य वस्तु भए पनि भारतमा देखिएको मागमा कमीले गर्दा हाम्रो निर्यातलाई नकारात्मक प्रभाव पार्न सक्छ। अहिलेको मन्दीले ग्रामीण र सहरी क्षेत्रका मध्यम वर्गलाई उत्तिकै प्रभाव पारेकाले नेपाल आउने भारतीयको संख्यामा पनि कमी आउन सक्छ।

दोस्रो असर भने रोजगारीमा पर्न सक्छ। ठूलो संख्यामा नेपालीहरू पूर्णकालीन वा मौसमी रोजगारीका लागि भारत जाने गर्छन्। यकिन तथ्याङ्क नभए पनि त्यहाँ नेपालीहरू मुख्यतः साना कलकारखाना वा होटल निर्माण लगायतका अनौपचारिक क्षेत्रमा काम गर्ने गर्छन्। ती सबै क्षेत्रको विस्तारमा कमी आएकाले कामदारको माग घट्ने र नेपालीहरू बेरोजगार बस्नुपर्ने अवस्था आउन सक्छ। बरु उल्टो रोजगारी गुमाएका भारतीयहरू कामको खोजीमा नेपाल पस्ने सम्भावना प्रबल छ। दुवैतर्फ त्यस्ता कामदार प्रायः अनौपचारिक क्षेत्रमा रहने हुनाले अहिल्यै यसको परिमाण मापन गर्न भने गाह्रो छ।

तेस्रो, भारतबाट आयात हुने कृषिजन्य उत्पादन महँगिन सक्छ। भारतमा गत त्रैमासिकमा कृषि क्षेत्रको उत्पादन २ प्रतिशतमा खुम्चिएको छ। कृषि उपजमा कमीले मूल्य बढ्न सक्ने सम्भावना छ।

यद्यपि भारतमा हाल खुद्रा मुद्रास्फीति सन्तोषजनक नै रहेकाले हामी डराइहाल्नु त पर्दैन, तथापि हाम्रा नीतिनिर्माताले भारतीय अर्थतन्त्रमा विकास भइरहेको परिदृश्यमाथि निरन्तर सूक्ष्म दृष्टि लगाइरहनु जरुरी छ।

# सत्य निरूपणमा 'समझदारी'

## सिफारिस समितिले सूची प्रकाशन गर्ने र उम्मेदवारका विषयमा प्रतिक्रिया लिन तीन दिन समय छुट्याउने

■ **कुलचन्द्र न्यौपाने र घनश्याम खड्का** (काठमाडौं)

सत्तारूढ नेकपा र प्रतिपक्षी कांग्रेसले सत्य निरूपण तथा मेलमिलाप आयोगको अध्यक्षमा पूर्वमहान्यायाधिवक्ता रमण श्रेष्ठलाई ल्याउने अनौपचारिक समझदारी गरेका छन् । अर्को बेपत्ता छानबिन आयोगमा भने पुरानै पदाधिकारीलाई दोहोर्‍याउने पक्षमा नेताहरू देखिएका छन् ।

दुई दलका शीर्ष नेतृत्वबीच बनेको अनौपचारिक सहमतिलाई सिफारिस समितिले कानुनी प्रक्रिया पुर्‍याएर अघि बढाउने तयारी गरेको छ । समितिको बैठक मंगलबार बस्दै छ । आयोगमा पदाधिकारी नियुक्तिका लागि गत चैत १२ मा पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको संयोजकत्वमा समिति गठन गरिएको थियो । समितिले सत्य निरूपण ऐनअनुसार दुवै आयोगमा पदाधिकारी हुनका लागि इच्छुक र योग्य उम्मेदवारलाई दरखास्त दिन आह्वान गरेको थियो । ५७ आकांक्षीको आवेदन परे पनि पदाधिकारीको नाम सिफारिस नगरी समितिले दलका नेताहरूको मुख ताक्दै आएको थियो ।

समितिले उम्मेदवारहरूमा श्रेष्ठलाई थप गरी मंगलबार नै सूची प्रकाशित गर्ने तयारी छ । समितिले बनाएको कार्यसूचीअनुसार उम्मेदवारको नाम सार्वजनिक भएपछि तीन दिनसम्म प्रतिक्रिया लिने समय छुट्ट्याइनेछ । त्यसपछि प्रक्रिया पुर्‍याएर दुवै आयोगमा समितिले नाम सिफारिस गर्नेछ । 'कुनै अप्रत्याशित घटना नभए श्रेष्ठलाई सत्य निरूपण तथा मेलमिलाप आयोगको अध्यक्ष बनाउन कांग्रेस र नेकपा तयार छन्,' स्रोतले भन्यो ।

स्रोतका अनुसार प्रधानमन्त्री केपी शर्मा ओली उपचारका लागि सिंगापुर जाने अघिल्लो दिन भदौ ४ गते बालुवाटारमा बसेको नेकपा र कांग्रेसका शीर्ष नेताको बैठकले श्रेष्ठकै नाममा समझदारी गरेर प्रक्रिया अघि बढाउन सिफारिस समितिलाई निर्देशन दिएको थियो । नेकपा र कांग्रेसबीच कसलाई अध्यक्ष बनाउने भन्नेमा दर्जनौंपटक छलफल भए पनि सहमति जुटेको थिएन । सिफारिस समितिले दलहरूको सहमति खोजेपछि आयोग ५ महिनादेखि पदाधिकारीविहीन छ ।

नेकपा अध्यक्ष पुष्पकमल दाहाल र कांग्रेस सभापति शेरबहादुर देउवा सत्य निरूपण तथा मेलमिलाप आयोगमा कसलाई अध्यक्ष बनाउने भन्ने विषयमा विशेष चनाखो थिए । द्वन्द्वकालमा विद्रोही पक्षको नेतृत्व दाहालले गरेका थिए भने सरकारको नेतृत्वमा देउवा थिए । द्वन्द्वकालीन घटनाका दोषीलाई दिने सजाय र त्यसको विधिका विषयमा मुख्य दलहरूबीच सहमति बन्न सकेको छैन । यही विवाद नसल्टँदा द्वन्द्वकालमा सरकार र विद्रोही पक्षको नेतृत्व लिएका क्रमशः देउवा र दाहाल आयोगमा आफ्नो अनुकूलका व्यक्ति ल्याउने प्रयासमा लागेका हुन् । दाहालले पूर्वएमाले पृष्ठभूमिका कानुन व्यवसायी गोविन्द बन्दी र देउवाले तत्कालीन राष्ट्रपति रामवरण यादवका कानुनी सल्लाहकार सूर्य ढुंगेललाई आयोग अध्यक्ष बनाउन खोजेका थिए । प्रधानमन्त्री ओलीले भने दाहाल र देउवालाई सहमति जुटाउन जिम्मा दिएका थिए । बन्दीप्रति ओली सकारात्मक थिए । तर देउवा मान्न तयार भएनन् ।

ढुंगेललाई मान्न दाहाल तयार नभएपछि देउवा आफैंले पूर्वमाओवादी पृष्ठभूमिका श्रेष्ठको नाम अघि सारेका हुन् । आफ्नै नेतृत्वको सरकारका बेला महान्यायाधिवक्ता रहेका श्रेष्ठको प्रस्ताव देउवाबाट आएपछि दाहाल सकारात्मक बनेका हुन् । 'ढुंगेललाई सत्तारूढ दलले नमानेजस्तै देउवाले बन्दीलाई अध्यक्ष बनाउन मान्नुभएन । बीचको बाटो खोज्दा कांग्रेसबाटै श्रेष्ठको नाम आएको हो,' देउवानिकट स्रोतले भन्यो, 'भदौ ४ गतेको बालुवाटार बैठकमा पनि यही कुरा भएको हो ।'

पीडितहरूले श्रेष्ठको विरोध गर्न सक्ने भएकाले दलहरूको समझदारीलाई गुपचुप राखिएको थियो । सम्भावित विरोध छल्नकै लागि श्रेष्ठ स्वयंले आफू उक्त आयोगमा नबस्ने प्रतिक्रियासमेत सञ्चार माध्यममा दिएका थिए । श्रेष्ठ सिफारिस हुने लगभग निश्चित भएपछि द्वन्द्वपीडितहरूको संस्था साझा चौतारीले विरोध गर्न लागेको थियो । त्यसैलाई रोक्न दलहरूले निर्णयलाई गुपचुप राखेको स्रोतको दाबी छ । महान्यायाधिवक्ता छँदा श्रेष्ठले आममाफीको व्यवस्था गरेर द्वन्द्वकालीन घटनाहरूमा पीडक र पीडितबीच मेलमिलाप गराउने कानुनी बाटो ल्याउन सहजकर्ताको भूमिका निर्वाह गरेका थिए । त्यही कारण जोडेर पीडितहरूले श्रेष्ठको विरोध गर्दै आएका हुन् ।

गैरन्यायिक हत्या, यातना, बेपत्ता पार्ने र बलात्कारका घटनामा क्षमादान दिन नसक्ने गरी कानुन संशोधन गर्न सर्वोच्च अदालतले धेरै अघि आदेश गरेको थियो । अन्य मुद्दामा पनि पीडितको सहमतिबिना क्षमादान दिन नसक्ने, द्वन्द्वकालीन मुद्दा अदालतले नै टुंगो लगाउनेलगायतका संशोधन सत्य निरूपण तथा मेलमिलाप ऐनमा गर्न सर्वोच्चको आदेश थियो । तर कानुन मन्त्रालयले द्वन्द्वकालीन घटनाका दोषीलाई सांकेतिक सजाय दिने गरी ऐन संशोधन मस्यौदा तयार पारेपछि पीडितहरूले विरोध गरका थिए ।

उनीहरूले अदालतको फैसलाविपरीत विधेयक ल्याउन लागिएको भन्दै विरोध गरेपछि सरकारले विधेयक संसद्मा पेस गरेको छैन । मानव अधिकार सम्बद्ध अन्तर्राष्ट्रिय संघसंस्थाले समेत विश्वव्यापी मापदण्ड र सर्वोच्च अदालतको फैसलाको मर्मविपरीत नहुने गरी विधेयक तयार गर्न राज्य पक्षलाई सुझाव दिँदै आएका छन् ।

# गुप्सीपाखामा हिमालको पानी

■ **हरिराम उप्रेती** (गोरखा)



गोरखाको धार्चे-४ लाप्राकको गुप्सीपाखामा पानी पुर्‍याउन पाइप लगिँदै । *तस्बिर : कान्तिपुर*

न मुहान भेटियो, न त बोरिङ गरेर भूमिगत पानी ल्याउन सम्भव भयो । एकीकृत बस्तीका लागि घरहरू तयार हुँदै जाँदा पानीको संकट हुने देखिएपछि धार्चे-४ लाप्राकको गुप्सीपाखामा हिमालको पानी ल्याउने प्रबन्ध भएको छ ।

एकीकृत बस्तीको काम अन्तिम चरणमा छ । अबको केही साताभित्रै जोखिम बस्ती छाडेर लाप्राकी गुप्सीपाखा सर्नेछन् । ५ सय ७३ घरधुरीको बस्ती रहने पाखा आसपास आवश्यक पूर्वाधार पनि निर्माण जारी छ । बस्तीबाट १९ किमि परको हिमालको फेदको मुहानबाट भीर छिचोल्दै पाइप जोडेर गुप्सीपाखामा खानेपानी झरेपछि स्थानीय खुसीसँगै अचम्मित छन् । पाखा आसपास टहरोमा बसेकाहरूले पानी प्रयोग थालिसकेका छन् । 'कुवाको पानी हिउँदमा हिउँ बन्थ्यो, पगालेर खानुपर्थ्यो,' स्थानीय कान्छी गुरुङले भनिन्, 'यस्तो उचाइको ठाउँमा कसरी पानी ल्याउलान् पत्याउनै पनि गाह्रो ।' बस्तीमा 'एक घर एक धारा' जडान गरेपछि पानी विधिवत् वितरणको तयारी गरिएको छ ।

भूकम्पले लाप्राकको पुरानो बस्ती तहसनहस पारेको थियो । घरहरू भत्किनुका साथै जमिन धाँजा फाटेकाले बसोबास योग्य नभएपछि २७ सय मिटर उचाइको गुप्सीपाखामा एकीकृत बस्ती निर्माण थालिएको हो । निर्माणाधीन नयाँ बस्तीमा खानेपानी ल्याउन ३८ सय ५० मिटर उचाइको मुहान रोजेको स्थानीय सुकबहादुर गुरुङले बताए । 'भुल्मेचेतको मुहानबाट पानी ल्याइएको हो,' उनले भने । मुहानबाट बस्तीसम्म पाइप बिछ्याउने काम निकै गाह्रोसँग गरिएको उनी सम्झन्छन् । 'हिउँले कामदार जाने बाटो थिएन, हिउँ पन्छाएर बाटो बनाउनै सकस,' उनले भने, 'भीरको बाटो पाइप लान उस्तै अप्ठ्यारो । हेलिकप्टरबाट पाइप र सिमेन्ट निर्माणस्थल पुर्‍यायौं ।' सामान ढुवानीका लागि हेलिकप्टरबाहेक अन्य कुनै विकल्प नरहेपछि महँगो शुल्कमा चार्टर गरिएको थियो । लाप्राकको भूमेडाँडासम्म गाडीले लगेको निर्माण सामग्री मुहानसम्म लैजान हेलिकप्टरले १ सय १७ उडान गरेको थियो ।

उनले भने, 'हिउँ फाल्दै, बाटो बनाउँदै मुहानको काम गर्‍यौं ।' खर्क र गोठका अतिरिक्त टेन्ट टाँगेर कामदार राखिएको उनले बताए । 'यति दुःख गरेर ल्याएको पानी खानको आनन्द पनि बेग्लै,' उनले भने । बस्तीबाट मुहानसम्म पुग्न मात्र कस्सिएर हिँड्दा डेढ दिन लाग्ने स्थानीय किरण गुरुङले बताए । 'भूगोल नै यस्तै भएपछि काम गर्न सजिलो नभएको हो,' उनले भने । १९ किमिको दूरीमा १२ ट्यांकी निर्माण गरिएका छन् । मुहानको भुल्मेचेतमा २, दिलिङखर्क, मेम्छी भेंडाखर्क, लाम्रखर्क, हुम्चेखर्क, कैका भन्ज्याङ र गुप्सीपाखामा ५ सय लिटरदेखि ८० हजार लिटर क्षमताको ट्यांकी निर्माणको काम सम्पन्न भएको छ । हिउँदमा गुप्सीपाखामै हिउँ पर्छ । हिमाल फेदीमा पनि मुहान जम्ने भएकाले अहिले पानी ल्याइए पनि जाडोका बेला पाइपमै जम्ने सम्भावना रहेको भन्दै स्थानीयले चिन्ता जनाएका छन् । 'पानी नजम्न कस्तो प्रविधि अपनाउन सकिन्छ भनेर प्राविधिकसँग राय पनि लिन्छौं,' गुरुङ भन्छन्, 'मिटर जडानपछि २४ सै घण्टा पानी आउँछ । यति धेरै घरधुरीलाई अब पानीको समस्या रहँदैन ।'

बस्ती निर्माणका लागि भने पाखामा ठूलो रिन्जुलिङबाट पम्पिङ गरेर पानी लगिएको थियो । पम्पिङ सिस्टम लामो अवधि टिकाउ नहुने प्राविधिकले बताएपछि स्थानीयकै जोडबलमा हिमालको फेदमा रहेको मुहानबाट यहाँ पानी ल्याइएको हो । खानेपानी कार्यालय लमजुङले उपलब्ध गराएको ५ सय १० वटा मिटर सदरमुकाम आइपुगेको छ ।


# बर्गिकृत विज्ञापन

## घर जग्गा

पेप्सीकोला कांडाघारीमा घरबिक्रीमा 9851048472, 9841800978

घरजग्गा खरिदविक्री गर्नुपरेमा 9851027364, midasrealestate9@gmail.com

दिव्येश्वरी आयोजना सानोठिमीमा घडेरीहरू 9851209035

बुढानिलकण्ठ हाइटमा १०-०-०-० जग्गा विक्रीमा 9851027364

काठमाण्डौंमा घरजग्गा खरिद विक्री ०१-४२५४४२२

चितवनको पिचबाटोमा 0-5-12-5 एकमुष्ट १,१५,०००००/ 9851154507

ललितपुरमा घरजग्गा खरिद विक्रिमा 9849737955

सांगाम ३१ रोपनी जग्गा विक्रीमा, सट्टापट्टा, फाइनान्स ९८६४५३१४७७

भैंसीपाटी एरीयामा घडेरीहरू विक्रीमा, ९८४१५१५३०२

बुढानीलकण्ठ न्यूकोलनीभित्र यूरो स्कुलअगाडी ०-४-०-० जग्गाविक्रीमा 9841429189

कौशलटारमा टुक्रा जग्गाहरू चाहिएमा ९८५१०४३५३७

बुढानिलकण्ठ सिद्धार्थकोलनी ०-१-२-० कपन आकाशेधारा २.५तल्लेघर, मुलपानी क्रिकेटग्राउण्डसँगै २.५तल्लेघर र टुक्राटुक्री जग्गाबिक्रीमा 9851246812

घरजग्गा खरिदबिक्रि गर्नुपरेमा 9851205679, 9851181197, 9849331154

कपुरधाराचोकैमा मासिक ८०००० भाडाआउने व्यापारिक घर बिक्रिमा ९८१३०२७८१३

सस्तो बलियो घरजग्गाहरू वा जग्गा चाहियो, ९८६०९२६३४५

बंगला, घरजग्गा तुरुन्त खरिदबिक्री, 9813339738

सुकेधारा, कपन, चपलीमा घरजग्गा, खरिदबिक्रि ९८४१३४५००५

गोगंबु धनेश्वर मेघासीटीमा टुक्राजग्गा 9851081539

सितापाईलामा १ करोड ४५ लाख देखिका आधुनिक घरहरू बिक्रीमा, 9851016242, 9801205185

मातातिर्थमा ०-७-०-० टुक्राउन मिल्ने ९८५१०९४८४३

चितवन म.न.पा ६ गितानगरमा 20ft पिचबाटोमा प्लाटिङ्गको जग्गाबिक्रिमा 9851102720

चितवन भरतपुरको शुक्रनगरमा 41गठ्ठा जमीनबिक्रिमा 9846044105 9819120340

गोलढुंगा ०-५-१-१ नयांघर बिक्रीमा 9841496601

मुलपानी हरियालीनगरको थलिजाने वाइसमिटर सडकमा १-०-०-० ९८५१०९९९७८

नयाँघरजग्गा बानेश्वर, बुद्धनगर, ईमाडोलमा बिक्रीमाछ 9841594417

ग्रान्डीहस्पिटल अगाडीधापासी सुर्यडांडामा नयांघर 9851116433

मुलपानी, दुवाकोटमा 9,00,000-15,50,000/ प्रतिआना 9861665560, 9840208434

दधिकोट मेनबाटोमा २२आना बिक्रिमा ९८१३२१००६६

निर्मलनिवासबाट पुर्वजानेबाटोमा ०-४-२-० माबनेको ३.५-तलेघर तुबिक्रीमा मुल्य ४.३०-लाखमात्र 9801134777

भक्तपुर, नाला- बनेपा जाने पिचरोडमा ०-७-०-० बनेको २.५ तले पक्कीघर, ०-१०-०-० घडेरी बिक्रीमा ९८६०४८७३८५

पेप्सीकोलासंगै घर बिक्रीमा 9863948080, 9841542598

बुढानिलकण्ठ मन्दिरनजिकै ६ आना 9818015694

धुम्बाराही/ सुकेधारा न्यूकोलोनी दक्षिणमोहडा ०-५-३-०, ०-६-०-०, ०-७-१-०, 9851265324

बुढानिलकण्ठ.न.पा. ज्योतीनगरमा ०-४-०-० माबनेको साढेदुई तल्लेघर 9855044654

बालुवाखानी कपन ज्योतीनगरमा ०-५-०-० 9851249307

बुढानिकण्ठ.न.पा. चपलीभंगाल ०-६-०-२, ०-७-०-०, ०-४-०-०, 9855068777

लालबन्दीमा घडेरी, सिन्धुलीघर तु.बिक्रीमा 9813637744

ग्राण्डीहस्पीटलनजिक ०-४-०-२ प्रतिआना २९,५०,०००। ९८५१०७४००१

ग्राण्डीहस्पिटल नजिक ०-३-५-० बनेको नयांघर १,७५,००,०००/- 9813266620

**कपन २०आना २५,००,०००/- प्रतिआना 9803312082**

लाजिम्पाटमा ६आना जग्गा बिक्रीमा 9813013400

पेप्सीकोला प्लानिङ्गनजिकै ०-५-१-० बनेको ३.५-तलेघर बिक्रीमा 9841955798, 9841733454

इमाडोल डाउनटाउन हाउजिङ्ग अगाडी मेनहाईवेबाट १-कित्ताभित्र २.५-तल्लेनयाँघर 9851016989, 9851090887

भक्तपुरमा घडेरीकोलागि उपयुक्त २रोपनी ११आना पिचबाटो नजिकै जग्गा ९८४२४८३४८९

सानोगाँउ पानीट्याङ्कीनजिक ५आना जग्गा प्रतिआना १६,७५,००० र इमाडोलमा १६,००,००० ९८४१९८४५४६

ग्राण्डि हस्पिटल नजिकै 0-2-2-0, 3.5 घर 2,00,00,000/- 9841016474

दहचोकमा प्रतिआना २० लाख ५० हजारको घडेरी, 9851160228

कलंकीमा आकर्षक तयारी घरहरू ९८१८३७०४७७

भोटेबहालमा पांचतले सुबिधा सम्पन्न घर विक्रीमा, ९८५१००४६८५

बनदिपुरको आकर्षक घरजग्गा बिक्रीमा 9806570605

ग्रीनल्याण्डमा ०-४-२-० मा बनेको २.५ तल्ले नयांघर बिक्रीमा 9810100118

घर विक्रिमा १,२५,००,००० ९८५१०२६८२२, ९८५१०३०७०९

सानेपा सतमार्ग २४ आना जग्गा प्रतिआना ६९ लाख खरिदकर्ता मात्र सम्पर्क गर्नुहोला फोन: ९८१८३७६७५६

घरजग्गा खरिदविक्री गर्नुपरेमा कुमारलामा Realestate 9851045824, 4720460

गोपिकृष्ण प्लानिङ्गमा ०-५-३-० जग्गा ९८४१८४१०८२

चापागाउ नेपाल बैंकसंगै घडेरीहरू ९८४१३०४०८८/ ९८०८०००३९७

नयांबसपार्क टेलिकमसंगै पिचबाटोमा दक्षिण-पुर्व मोहडा भएको ४ आनाको प्लट विक्रीमा, 9851237772

**निर्मलनिवास पछाडि बिसफिटे बाटोमा ४आना जग्गा बिक्रिमा ९८२३८२७८८५**

## सवारी साधन

नयां Scorpio रिजर्भ चाहिएमा ९८५१०४३५३७

नयां स्करपियो रिजर्भ चाहिएमा ९८५१०४३५३७

2010 स्कार्पियो फाइनान्स भएको 9803700846

Scorpio 2010 CRD4W 25,25,000/- 9851024678

WagonR 2009 Fulloption Onsale 9841073028

Omni cargo van 2010 9841073028

Scarpio जिप भाडामा सम्पर्क 9619290449

I10 2011 राम्रो कण्डिसनको ९८४८७६००४५

## सम्पर्क

सस्तोमा Cashdeposit धितोफुकुवा ऋणलिन 9851243313, 9851014416

सस्तोमा Cash deposit धितोफुकुवा 9841027010

ट्याङ्करको शुद्धपानी चाहीयमा सम्पर्क:- 9841712243, 9860182491

सस्तोमा Cash deposit धितोफुकुवा 9851053106

अतिसस्तोमा धितोफुकुवागर्न, बिदेश अध्ययनकोलागि Cashdeposit, ऋणलिन ९८५१११७९८०

सस्तोमा Cash Diposit धितोफुकुवा, 9851032104

धितोफुकुवा क्यासडिपोजिट धितोराखी ऋण 9851014408

धितो पासगरी लोन चहिएमा Easy Loan Consultancy 9813138779

अति सस्तोमा बैंक Deposit 9842622084

सस्तोमा Cashdeposit धितोफुकुवा लोनतिर्न 9851006688

अति सस्तोमा धितो फुकुवा बैंक जम्मा ९८४१५४३३६७, ९८५१११९०३५१

घरजग्गा धितोराखी BANK LOAN Consultancy 9851034124

नि:शुल्क Home tuition (1-8) 9841416676

America, Australia World Visit Opportunities 9869862433, 9803988508

रोडा बालुवा इत्यादी चाहिएमा भ्यालीभित्र 9841508295

## विविध विक्रीमा

लगनखेल चोकमा रेष्टुरेण्ट तुबिक्रीमा ४०,००,००० ९८६१२३६२५८, ९८६९३९१०४६

कोटेश्वर रोडमा अफिस कन्सल्टेन्सी बिक्रिमा ९८४५८५८८१७

कलंकीमा चलिरहेको वाइनशप विक्रिमा ९८४१९०६३६५

नयाबसपार्कमा चलिरहेको गेष्टहाउस तुबिक्रीमा ९८६३९९६२२२

ठहिटीचोकको मालापसल बिक्रीमा 9818666856, 9843988910

माहाबौद्धमा चालिस पचासहजार कमाउने पानीकोडिपो तुबिक्रीमा 01-4232305

शिक्षा मन्त्रालयको लाइसेन्ससहित बागबजारस्थित रेपुटेड एजुकेशन कन्सल्टेन्सी तुबिक्रिमा ९८६५५४९२९२

चलिरहेको गर्ल्स होस्टेल तुरुन्त बिक्रिमा ९८४०७९५०५५

होस्टल बिक्रिमा थापागाउं, नयांबानेश्वर ९८१८६७२३०७

धनेश्वरमा रहेको ३.५माबनेको घरबिक्रीमा ९८१३१०८२१४

एयरपोर्ट शम्भू मार्गमाराम्रो नाफामा चलिरहेको म:म: क्याफे तुबिक्रीमा 9800959708

३०० इस्क्वाएरफिट ३.२५ खालीसटर कमलादी ९८१८२८२५५५

२००७ हायस माइको बिक्रीमा ९८१३७०१४२७

कपन मिलन चोकमा किराना पसल बिक्रीमा 9823764588

सोह्रखुट्टेको प्राईमलोकेसनमा चलिरहेको किचेनवयर पसल ९८०३२००७६८

बानेश्वरको बुटिक, कुर्ता पसल सस्तो मुल्यमा ९८४१६०९०५५

सुमेरुमार्ट सातदोबाटोको इलेक्ट्रोनिक पसल ९८४९६३७३५९

ग्वार्को हस्पिटल नयांक्याफे बिक्रीमा ३,७५,००० ९८१३७८२० ९०,९८४१३३०७७३

पुतलीसडकको क्याफे बिक्रीमा/ ठेक्कामा ९८६३९९३२३५

बौद्धमा जेन्स फेन्सीपसल बिक्रीमा 9818016336

## निर्माण सफाई

ढलमंगाल ट्वाइलेट जामखोल्ने ९८५१०८९४१० ९८४१२६६९५०

ढलट्वाइलेट, मंगालबनाउने, जामखोल्ने 9840540700, 9860053124

सस्तोमा सेफ्टीटैंकी ढल ट्वाइलेट ९८५१०५६६६२

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा ९८४१६६३६६८

प्लम्बिङ्ग, बोरिङ्गसर्भिस, रिजर्बटेङ्किसफाई भ्याकुमबाट ईनारसफाई, पहेंलोपानिफिल्टर, ढलट्वाइलेटजाम, मेशिनबाटखोल्ने 9841404028

ढलमंगाल बनाउने जामखोल्ने सेफ्टीटैंकी मेशिनबाट ९८४१४४८७७० होमप्रसाद

ढलट्वाइलेट, मंगाल जामखोल्ने सस्तोमा 9841714665

ढलमंगाल बनाउने जामखोल्ने 9849759072, 9841319394

ढलट्वाइलेट, मंगाल, जामखोल्ने सस्तोमा 9851024861

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9841663344

इनारसफाई, रिजबटेङ्कीसफाई, फिल्टरमर्मत, ढलजडान, ढलट्वाइलेट, जामखोल्ने 9851116022

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने ९८५१०१९८८९, ९७४११३७११४

गाड़ीमेसीनबाट सेफ्टीट्याङ्की ढलट्वाईलेट सफाई 9851247369

ढलमंगाल, ट्वाइलेट जामखोल्ने 9851013512, 9841607856

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

ढलमंगाल ट्वाईलेट जामखोल्ने सस्तोमा 9841132435

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा 9841634234, 9841176292

सेफ्टिटैंकि सफाई 9841212244, 9841488132, 01-5182401

सेफ्टिटैंकि सफाई सस्तोमा 9841343487, 01-4464568

सेफ्टिट्यांकि सफाई गाडिबाट 9851118279, 9851087058

भ्याकुमबाट सेफ्टिट्याकि सफाई 01-4114455, 01-5712671, 9851052299

सेफ्टीटैंकी सफाई २०००। ९८४१६७३२३०, ९८५१०९९५७२

सेप्टीट्याकी सफाई गाडीमा १५००/-, ९८४३७६८७३७

सेफ्टीट्याकी सफाई ठुलोगाडीमा मेसीनबाट, ५२५१०९२, ९८५१०२४३६४

प्रोफेसनल पानीट्यांकि सफाई ९८५११५२२९९, ९८४१३६७८५१

धेरैसस्तोमा सेफ्टीट्याङकी सफाईगर्ने 9841691494, 9823859294

ढल ट्वाइलेट जामखोल्ने १००% 9841000096

## भाडामा

ललितपुरमा घरफ्ल्याट छिटै लिनदिन, ९८४१३५८६८४

ललितपुरमा घरफ्ल्याट, बंगला लिनदिन 9851085854

Flat, बंगलो, अफिसस्पेस लिनदिन सम्झनुहोला www.homektm.com 9801117335

Banglows Apartments भाडामा लिनदिन, 9818059214

तुरुन्तै घरभाडामा लिनदिन 9851040807 realestatemanakamana@gmail.com

ललितपुरमा घरफ्ल्याट भाडामा लिनदिन, 9851071590

मध्यवानेश्वरमा आवासिय, अफिसियल फ्ल्याटखाली, 9841659007

तुरुन्त भाडामा लिनदिन सम्झनुहोस ९८१३१९८१७६

बालाजु सिदार्थ बनस्थली होस्टेल जोडिएको साढेएकरोपनी जग्गा ९८४१२९१७०३

कालिमाटी सोल्टीमोडमा १२०० वर्गफिट गोदामकोलागी भाडामा ९८०१०९२६०३

तिनकुने, कान्तिपुर पछाडी फ्ल्याट, ९८५११४२९०३

सतुंगल सशस्त्र हस्पिटलअगाडिको सटरभाडामा ९८४१६४९६३१

ललितपुरमा घरफ्ल्याट भाडामा लिनदिन 9851014009

बागमतिपुल तिनकुने बसस्टपमा जोडिएको व्यवसायिक ट्रस्ट फेन्सीकपडा, जुत्ताचप्पल लगाएतका सामानहरूको सस्तोबजार संचालन गर्नकोलागि तथा अफिससोरुमका लागि ९८४८५९४२६३, ९८५११२३०७८, ९८४१५४२७१७

चुनदेवीमा दुईबेडरुमको फ्ल्याटभाडामा र भाटभटेनीमा अफिसकोलागि फ्ल्याटभाडामा 9869051774

मध्यवानेश्वरमा पार्किङ, गार्डेन भएको आधुनिक बंगलाघर भाडामा, ९८४८८४१९०५

सुन्दर घर अफिसकोलागी ९८१५१२१५१२, ९८४०७२८२९२

लाजिम्पाटमा एकतल्ले घर भाडामा ९८४१९८३९१५

गौरीघाटचोकमा सटरहरू भाडामा साथै मिनीमार्केटलाई उपयुक्त ९८५१०८७२७३

बसन्तपुर, झोंछे फाल्चा क्याफेरहेको घरको पहिलो तला तथा भित्रको ५तले घर भाडामा ९८५१०९७६९६, ९८१३७८३३६४

बलुवाटारमा कार्यालय प्रयोजनकोलागी (१२'x१३')को पार्किङ्ग सहित भुईतल्ला 9810103434

पसल- गोदामकोलागि ठाँउ चाहियो बालुवाटार 9846362194

## चाहियो

ग्वार्कोचोकैको PGLअफिसलाई अफिसस्टाफअर्जेन्ट 18500/- जोकोहिले गर्नमिल्ने 9808728580, 9846599866

गोपिकृष्णहल नजिकैको अफिसमा बेरोजगारहरूलाई रोजगार 25,500/ 9823691949, 9861497188

इन्स्टिच्युट, रेष्टुरेन्टकालागि पार्टनर चाहियो ९८४३७५५४९०

कोटेश्वर अफिसलाई कर्मचारी 14,500/- गाडीभाडा 9880238712, 9851087809

मित्रपार्कको ओमसाई अफिसमा साधारणदेखि SEEabove कर्मचारी आवश्यकता 18,500/- +खाजाभाडा 9810286955, 9860912207

बिजनेश कम्पनी नख्खुलाई कर्मचारी 15,000/- 9808481425

सेक्युरिटीगार्डको तालिम प्रमाणपत्रतथा रोजगार तालिमफी -५,०००।- 9803121700

Salesgirl/ Salesboy महाराजगंज 15,500/- 9818702341

गोंगबु अफिसलाई कर्मचारी 15,499/- 9849365964, 9824937551

दशैंभत्तासहित बालाजु अफिसलाई कर्मचारी 15,500/- 01-4388962, 9818349301

साधारण सेक्युरीटी तुअर्जेन्ट 17000 9813210032

कलंकीचोकमा पढेनपढेका कर्मचारी अर्जेन्ट रु.२८,०००/- 9813558061, 01-5234618

अफिस कर्मचारी 18,500/- 9810233680 ललितपुर

गोपिकृष्णनजिकै अफिसियल कर्मचारीहरू अर्जेन्ट 27,500/ +खाजाभाडा पढेनपढेका सबेलगर्नमिल्ने 01-4820559, 9818282550

चावहिलचोकैमा टाईपिङ्ग, पेपरकटिङ, डल्समा पढेनपढेका कर्मचारीहरू रु.२४,५००।- 9817749612

International कम्पनीलाई कर्मचारी 15,000/- 9805104649, 9860453054

जोरपाटीचोकैमा English टाइपिङ्ग, चाईनिज विट्स, पेपरकटिङ्गमा पढेनपढेका कर्मचारीहरू १८,५००। खाजागाडीभाडा ०१-४९१२८६७, ९८१३५२८०११

गोंगबु अफिसलाई कर्मचारी 15,500/- 9813261320, 9848822910, 01-4020315

बस्नसुविधासहित कर्मचारी बल्खुचोक 18,500/- 9823091703, 9860909328

सेक्युरिटिगार्ड तु.आवश्यकता 9851227553, 9823802766

तिनकुनेचोकैको CSSकम्पनीलाई पढेनपढेका जोकोहिलेगर्नमिल्ने अफिसस्टाफ अर्जेन्ट 29,500/- खाजाभाडा 01-5199302, 9823705671

बाफलचोकैको अफिसमा विभिन्न पोष्टमा कर्मचारीहरू आवश्यकता 26,500/ खाजाभाडा 9842768410, 9823566595

सुटिङ्गरत टेलिसिरियलमा कलाकारहरू ईमर्जेन्सि, नजान्नेलाइनि प्राथमिकता ९८०३१९०१८८

साधारण सेक्युरीटी तुअर्जेन्ट 17000 9801101472

सातदोबाटो, कलंकी, भक्तपुरमा अन्तराष्ट्रिय सामानहरू उत्पादन/ प्याकिङगर्नेमा थपकर्मचारीहरू 24,000/- +गाडीभाडा 9803877828, 9863992202, 9818466995

ग्वार्खु भक्तपुरमा गिफ्ट आईटमका सामानहरू उत्पादन/प्याकिङगर्नेमा पढेनपढेका महिलापुरुषहरू 22,500/- +गाडीभाडा 9813830958, 9863992205

लेडिज/ जेन्स डान्सर, वेट्रेस ९८६१७३२०१६

कालिमाटीमा साघारण लेखपढका कर्मचारी अर्जेन्ट रु.२५,०००/- ९८१३५८६५२२, ९८६१८८१८४५

पढेनपढेका बेरोजगारलाई तुरुन्तै रोजगार रु.२८,०००/- ९८१३००५००९, ०१(४३६२०५८ गोंगबुचोक

कर्मचारी आवश्यकता 15,500/- 9811201660, 9844278049 चाबहिलचोक

नयाबसपार्क BGMALL अगाडीको मेनरोडको गेष्टहाउसबिक्रीमा ९८१३१६३३१३

साधारण सेक्युरीटी तुअर्जेन्ट 17000 9813209817

खानबस्नसहित इमान्दार कर्मचारीहरू- १५,९९९/- ९८१३३७१०५५, ९८४०७२७९००

चक्रपथमा +2 कर्मचारी 15,500/- 9823841868

English and science teacher for lower secondary bhaktapur 66145341, 9841042220

लगनखेलमा चलिरहेको सहकारीकोलागि रिसेप्सनिष्ट-२, मार्केटिङ-७९८०१८८२२२३, ९८०१८८२२२४

फास्टफुडका लागि Manager, Helper, Cook 9851123112

बिध्यालयकोलागि क्यान्टिनसंचालक, ड्राईभरचाहियो बाफल ०१५२३७४५५, ९८२३५०४८०७

गेष्टहाउसलाई हाउसकिपिङ्ग महिला कामदार चहियो 9841836800

कुखुराफर्मकोलागि दुईजोडी कामदार बस्नेकोसुबिधा तलबजोडिको २०,०००।- 9843719790, 9851057404

अनुभवी कुक वेटर मसाल्चि 9802082245

भारतको बम्बई,गुजरात, कलकत्तामा पानीजहाज, सरकारी कम्पनीभित्र ड्युटीगर्ने भू.पु. सिभिल सेक्युरिटीगार्ड, बडीगार्ड २३५जना अर्जेन्ट, तलब: २४,०००-४०,०००।-, सरकारीसुविधा, ०१४९१६६८९, ९७४१४२७४००

सेक्युरिटीगार्ड तु.आवश्यकता १६,०००-२०,०००।- 9803121700

अनलाईन टाईपिङमा १५ कर्मचारी 9840273483

Primary Teacher, LKG-Grade Teacher, Gatthaghar, Thimi 9823645166

नयांबानेश्वरमा नयांरेष्टुरेन्टलाई अलराउन्डर कुक वेटर वेट्रेस ९८४२४१५४९१

सबै प्रकारको जागीरकोलागि सम्पर्क ०१-५२३४६३८

कपडा पसलमा सेल्सगर्ल, सेल्सब्वाई ९८२३०३२५७३

मसाल्चि (भाडा माझ्ने) चाहियो खानबस्नसुविधा महाराजगंज 9841501118

खानेबस्ने सुविधासहित वेटर, हेल्पर चाहियो ४२३८०९८

**टाईपजानेको- ५०,०००/-, मोसाजानेको- ६०,०००/-, ९८५१११४१९८**

सबैसुबिधा भएको होटलकोलागि रिसेप्सनिस्ट २ 01-4224055

## मर्मत

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9851096233

ढलट्वाइलेट, मंगालबनाउने, जामखोल्ने 9840540700, 9866457955

ढलमंगाल ट्वाइलेट जामखोल्ने ९८५१०८९४१० ९८४१२६६९५०

ढलट्वाइलेट, मंगलाबनाउने, जामखोल्ने 9841516395, 9844531660

सेफ्टीट्याङ्की, ढलमंगाल सफाई 9841516541, 9808210706

ढलमंगाल, सेफ्टीट्याङ्की सफाई जामखोल्ने 9849519040

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9841881901

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

TV/LED, Computer, CCTV ग्यारेन्टीसाथ घरैमामर्मत 01-4215169, 9841688285

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9843541227

ढलट्वाईलेट मंगाल जामखोल्ने साथैमर्मत 9807622373

फ्रिज, वासिङ्गमेशिन, A/C, LEDTV, Microwave ग्यारेन्टी घरमैमर्मत 9851156123

घरैमा फ्रिज, LED-T.V, 01-4464254, 9841296192

ढलट्वाईलेट जामखोल्ने १५० निर्माणसफाई 9841464543

## भर्ना

होटल तालिममा निशुल्क भर्ना 9851154507

प्राइभेट SLC/SEE, +2 100% पास साथै अंग्रेजी, जापानिज भाषा कक्षाहरू ९८८०७८०४१३

## तालिम

होटल म्यानेजमेण्ट, कुक, वेटर ०१-४३८२१९६

लिडर्सक्लब र लाइफ एकेडेमीद्वारा निशुल्क/सशुल्क कार/वाइक/ स्कुटर ड्राइभिङ तालिम 9851160669, 9818691666

## उपचार

यौनशक्ति, लिङ्गकोसाईज बढाउने Herbal Suppliment ९८५११४७८१०

दम, पायल्स, नि:सन्तान ग्यारेन्टी उपचार ९८०७०३३६४८

सुगर,पथरी किड्नी फेलियरको १००% सफल उपचार 014468817, 9841663276

जांडरक्सीको कुलत 100% थाहैनदिई छुटाउन 9860759890, 9841403210

# बर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ९८५११७८८३०/९८५११८५८६७ |
| जिरो मिडिया | अनामनगर | ४२२०३२७ |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ४८२३१२५, ९८४३७८७५५६ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| मेमोरेक्स मिडिया | धापाखेल | ९८४१५३२९३३ |
| गोर्खा न्यूज एण्ड स्टेशनरी | सोह्रखुट्टे चोक | ४३५५७६० |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ४३७२३३०, ९८४९९६५२९३ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस कम्युनिकेशन | गोंगबु, नयांवसपार्क | ४३६४७५१ |
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४३८३४५२ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० |

| | | |
|---|---|---|
| पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ४३५६४७५ |
| नेपाल मिडिया कन्सर्ल्ट | अनामनगर | ४१०२८२८ |
| विडलिंक मिडिया | पु. बानेश्वर | ४४९२३०९ |
| सूर्य विनायक साइबर | सूर्यविनायक | ५०९२६७४, ९८४१९७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४४१४९२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | बागबजार | ४२४१२१२, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |

| | | |
|---|---|---|
| आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| भिजन एडभरटाइजिङ्ग | कलंकी | ४०३२०४२, ९८५१०९६०४४ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | नक्खु चोक | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५५२५५५०, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| अंकुर मिडिया हाउस प्रा.लि. | गठ्ठाघर | ६६३३५५८, ९८५११५२०५६ |
| सेभेन24 प्रा.लि. | जावलाखेल, लपु | ५५३५९२४, ५५४७७९७ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

## बर्गीकृत डिस्प्ले

श्याम/श्वेत रू. ३०००/-
स्पट कलर रू. ३५००/-
मल्टी कलर रू. ५०००/-

## बर्गीकृत विज्ञापन

| | |
|---|---|
| साधारण प्रति शब्द | रू. ४५/- |
| बोल्ड प्रति शब्द | रू. १००/- |

* मू.अ.क. बाहेक

# पुलमाथि नदी

पुल जोखिममा परेपछि त्रिवेणी नगरपालिकाले आवतजावत गर्न रोक लगाए पनि स्थानीय त्यहाँबाट आउजाउ गर्छन्


■ **संगीता तिमिल्सेना** (बाजुरा)

नदीमा पानीको बहाव बढ्दा ताप्रिसेरामा झोलुंगे पुल डुब्छ। आवतजावत असहज हुन्छ। विकल्प नभएपछि त्यही जोखिमयुक्त पुलबाट ओहोरदोहोर गर्न स्थानीय बासिन्दा बाध्य छन्।

ताप्रिसेराको पुलले त्रिवेणी नगरपालिकाको बागापाटा क्षेत्रलाई बुढीगंगा नगरपालिकासहित सडक सञ्जाललाई जोड्छ। बुढीगंगाकै अक्कोट क्षेत्रमा पारि त्रिवेणीको पैमाक्षेत्रबाट ठूलो पहिरो नदीमा खसेको छ। त्यही पहिरोकै कारण ताप्रिसेरा लगायतका क्षेत्रमा नदीको सतह बढेको छ। 'माथिको पहिरोले सतह बढेर झोलुंगे पुल डुबेको हो,' पैमा गाउँका भानुभक्त पाध्यायले भने, 'नजिकमा अर्को पुल छैन।'

त्रिवेणी क्षेत्रका किसान हरेक बिहान दूध, दही, तरकारी लिएर आउने गर्छन्। त्रिवेणी नगरपालिकाले पुल जोखिममा परेपछि त्यहाँबाट आवतजावत गर्न बन्देज लगाएको छ। तर स्थानीय बासिन्दा घुमाउरो बाटो हिंड्न कठिनाइ मानेर त्यहींबाट जोखिम मोल्ने गरेको नगर प्रमुख रामसिंह रावलले बताए। उनले भने, 'बुढीगंगा नगरपालिकाको ताप्रिसेरा र त्रिवेणीको राँजामा पर्ने सो पुलभन्दा केही माथि बल्देमा अर्को झोलुंगे पुल छ। अर्को विकल्प नहुँदासम्म बल्देबाटै ओहोरदोहोर गर्न भनेका छौं।' नगरपालिकाले तत्काल अर्को पुल निर्माण गर्न नसक्ने भएकाले सहयोग एकाइ नेपालगन्जलाई पुलको अवस्था देखाएर सर्वेक्षण गराएको बुढीगंगा नगरपालिकाका नगर प्रमुख दीपकविक्रम शाहले बताए। सहयोग एकाइले विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गरिसकेको जनाएको उनले बताए। बुढीगंगा नदीकै कारण द्वारीदेखि बल्देसम्मको सडक ठाउँठाउँमा भासिएको छ। अम्कोटमा करिब २० मिटर सडक बुढीगंगा नदीको पहिरोमा परेपछि तत्कालका लागि वैकल्पिक मार्ग खोलिएको बडिमालिका नगरपालिका प्रमुख पदम बडुवालले बताए।

अर्कोतिर पैमाबाट वर्षौं अघि खस्न सुरु भएको पहिरोले बुढीगंगा नदी थुनिने त्रास पनि बढदो क्रममा छ। हाल विस्तारै खस्दै गरेको पैमाको पहिरो अलि ठूलो मात्रामा एकैपटक खस्यो भने बुढीगंगा नदी थुनिने प्राविधिक बताउँछन्। त्यस अवस्थामा बुढीगंगा नदी आसपासमा पर्ने तटीय क्षेत्रका बस्तीसहित अछामको साँफेबगरलाई क्षति पुग्ने खतरा छ। हरेक वर्ष बुढीगंगा नदीले खेतीयोग्य जमिन कटान गर्ने गरेको छ। सेराका खेतीयोग्य फाँट बगरमा परिणत भएका छन्। अमकोटका स्थानीय हंशराज पाध्याय भन्छन्, 'मेरै पनि थुप्रै जग्गा बगर बन्यो।'



**बाजुराको ताप्रिसेरामा पानीको बहावले छोपेको झोलुंगे पुलबाट नदी तर्दै स्थानीय।**
*तस्बिर : सामाजिक सञ्जालबाट*

# जागिरको बहानामा लुटपाट, बलात्कार

■ **अवधेशकुमार झा** (राजविराज)

भदौ ७ मा सोलुखुम्बुको थुलुङ कोसी गाउँपालिकाकी युवती विष्णु नेपालीको मोबाइलमा नयाँ नम्बरबाट फोन आयो। 'एनआईसी एसिया बैंकमा जागिर खुलेको छ, तपाईं इच्छुक भए शैक्षिक योग्यताको प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्र लिएर विराटनगर आउनू' भनियो। उनलाई फोन गर्ने व्यक्ति थिए, आफूलाई रोजगार डटकमका प्रमुख सञ्जीव खड्का नाम बताउने सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका २ सीतापुरका सन्तोषकुमार यादव। सामाजिक सञ्जालमा रोजगारी डटकममा आफू जागिरका लागि इच्छुक रहेको भन्दै विष्णुले मोबाइल नम्बर दिएपछि उनलाई फोन आएको थियो।

विष्णुले परिवार र छरछिमेकमा सल्लाह गरिन्। सबैले जागिरको अवसर हो भन्दै जान सुझाए। उनी बुबा र सुनसरी बराहक्षेत्रकी साथी आशा राईसहित ११ भदौमा विराटनगर आइन्। बिहानै विराटनगर आएर सन्तोषलाई फोन गर्दा उनले आफू दमकमा रहेको भन्दै साँझ आउने बताए। बेलुकीपख सन्तोषसँग भेट भयो। उनले विष्णु र उनका बुबालाई विराटनगरको ग्यालेक्सी होटलमा राखे। अनि विष्णुकी साथी आशालाई 'तिमीलाई राजविराजस्थित एनआईसी बैंकको शाखामा आजै हाजिर गराउनुपर्छ' भन्दै सफारी गाडीमा हालेर इटहरीतर्फ लगे। इटहरीबाट उनी सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका २ सीतापुरस्थित एकान्त स्थानमा लगेर उनी आशामाथि जाइलागे। मुख थुनेर उनको साथमा रहेको नगद, मोबाइल र सुनचाँदीका गरगहना गरी दुई लाख रुपैयाँ लुटपाट गरे। जसोतसो ज्यान जोगाएर आशा राजमार्गमा आइन्। र, कञ्चनपुर इलाका प्रहरी कार्यालयको प्रहरीलाई सम्पर्क गरिन्। उनले होटलमा रहेकी साथी विष्णु र बुबालाई घटनाबारे सुनाइन्। उनीहरूसहित यसअघि परेका विभिन्न जाहेरीका आधारमा प्रहरीले

**यादवले डेढ दर्जनभन्दा बढी युवतीलाई जागिर लगाइदिने भन्दै लुटपाट गरेको प्रहरीको दाबी**

यादवलाई भदौ १४ मा मोरङको बूढीगंगा गाउँपालिका ३ स्थित डेराबाट नियन्त्रणमा लिएको छ। यादवले आशा र विष्णुमाथि गरेका घटना पहिलो होइन। गत वैशाख १ मा सिन्धुपाल्चोक लिशंखु पाखर गाउँपालिका १ की स्वस्थानी नेपालीलाई सामाजिक सञ्जाल इमोबाट फोन नम्बर पत्ता लगाई यादवले एनजीओमा जागिर खुलेको छ भन्दै लोभ देखाएर सप्तरीको कृष्णासवरण गाउँपालिका २ सीतापुरस्थित आफ्नो गाउँमा बोलाएर एकान्तमा लगी मोबाइल र सुनका गहना गरी २ लाख १४ हजार रुपैयाँ बराबरको लुटपाट गरेको पाइएको इलाका प्रहरी कार्यालय कञ्चनपुरका डीएसपी मकेन्द्रकुमार मिश्रले जानकारी दिए।

असार २६ गते सन्तोषले सुदूरपश्चिम कञ्चनपुरकी मीना बोहरालाई रोजगारी डटकमकै माध्यमबाट विराटनगरको एनआईसी बैंकमा जागिर लगाइदिने भन्दै विराटनगर बोलाएका थिए। मीनाबाट पनि मोबाइल र सुनका गरगहना गरी १ लाख ५६ हजार रुपैयाँ बराबरको धनमाल लुटेर यादव फरार भएको डीएसपी मिश्रले बताए।

लुटने मात्र होइन, यादवले केही युवतीलाई बलात्कारसमेत गरेको खुलेको छ। बाँकेको नेपालगन्ज उपमहानगरपालिका ५ की एक युवतीलाई बैंकमा जागिर दिलाइदिने भन्दै विराटनगर बोलाएर बलात्कार गरेको मिश्रले जानकारी दिए। बलात्कारपछि युवतीसँग भएका मोबाइल, नगदसहित गरगहना लुटेर भागेका थिए। यादवले करिब डेढ दर्जन अन्य युवतीलाई पनि जागिर दिने नाममा लुटपाट गरेको खुलेको छ। त्यसमध्ये केहीलाई यौन शोषण गरेको प्रहरीले बताएको छ। यादव जबर्जस्ती करणी मुद्दाका फरार अभियुक्त रहेको पनि खुलेको छ। गत वर्ष फागुनमा मोरङको विराटनगरमा महिलालाई लुटपाट र जबर्जस्ती करणी उद्योग गरेको मुद्दामा पक्राउ परी धरौटीमा रिहा भएका थिए। उक्त मुद्दामा फैसला गर्दा उनलाई एक वर्ष ६ दिन कैद सजाय तोकिएको थियो। तर यादव कैद भुक्तान नगरी फरार थिए।

# भेटियो सेतो काग



■ **अब्दुल्लाह मियाँ** (काठमाडौं)

कागलाई कालोबाहेकको रङमा कल्पना गर्नेहरू विरलै होलान्। हाम्रा वरपर पाइने काग निख्खर कालो र कालो-खरानी रङकै हुने भएकाले पनि यीभन्दा पृथक् रङका हुन सक्लान् भन्ने नलागेको हो। काठमाडौंको टोखामा सेतो काग भेटिएपछि चराविद्सँगै यसको अध्ययनमा लागेकाहरू छक्क परेका छन्।

चराविद्हरू मोहनविक्रम श्रेष्ठ, पूर्णमान श्रेष्ठ, आनन्दकुमार श्रेष्ठ र सुवर्ण घिमिरेको टोलीले शनिबार टोखाको ठूलो लाछीमा सेतो काग देखेको हो। टोखावासीका अनुसार उक्त सेतो काग ४/५ वर्षदेखि काब्रोको रूखमा गुँड लगाएर बस्दै आएको छ। कालाको हूलमा सेतो भएकाले स्थानीयले त्यसलाई काग नै हो भनेर पहिचान गर्न सकेका थिएनन्। 'स्थानीय बूढापाकाले पहिले नै देखेका रहेछन्,' चरा अनुगमन र संरक्षण शिक्षामा काम गर्दै आएका आनन्दकुमारले भने, 'सेतो कागको फोटो खिच्न सफल भएका छौं।' केहीअघि कीर्तिपुरमा सेतो काग भेटिएको चराविद्ले सुनेका थिए। फोटो खिचेर कसैले ल्याउन नसकेकाले त्यसलाई पत्यारिलो नमानिएको उनले बताए।

टोखामा भेटिएको सेतो कागको प्वाँख सेतै भए पनि ठुँड, आँखा र खुट्टाका नङ्ग्रा भने काला छन्। यसको आनीबानी र आहारा कालो कागको जस्तै छ। वंशाणुगत गुणमा अचानक आउने उत्परिवर्तन वा कालो बनाउने तत्त्वको कमीले काग सेतो रङको पाइएको भन्नेमा चराविद्बीच मतान्तर छ। 'पृथ्वीमा उत्पन्न विभिन्न कारणले वंशाणुगत गुण नै बदलिएर रङ फेरिएको हुन सक्छ,' आनन्दकुमारले भने, 'यसबारे विस्तृत अध्ययन गर्नु आवश्यक देखिएको छ।' सेतो भेटिएको उक्त काग 'लार्ज बिल्ड क्रो' भनिने रैथाने कालो कागभन्दा रङमा मात्रै फरक छ। ठुँड, जीउको बनोट र आनीबानी सबै उस्तै छ। लन्डन जुलोजिकल सोसाइटीका नेपाल प्रतिनिधि चराविद् हेमसागर बराल पनि यसको अध्ययन आवश्यक रहेको बताउँछन्। 'उत्परिवर्तन वा उसको प्राकृतिक रङ उत्पादन गर्ने तत्त्वको कमी भन्नेमा अध्ययन नगरी ठोकुवा गर्न सकिँदैन तर काग सेतो भेटिनु एकदमै अनौठो घटना होइन,' उनले भने, 'करिब २० वर्षअघि टेकुमा पनि त्यस्तो काग देखिएको थियो।' चराका अरू प्रजातिमा पनि बेलाबखत प्राकृतिकभन्दा फरक सेतो रङ पाइएका घटनाहरू बेलाबेला अध्ययनको विषय हुने गरेको उनले बताए। चराविद्हरूका अनुसार संसारमा कतै पनि सेतो रङका काग छुट्टै प्रजातिमा पाइएका छैनन्। अमेरिकी चराविद्हरूले सन् १९९८ मा फेला पारेको सेतो रङको कागको अध्ययन गर्दा रैथाने प्रजातिको भए पनि त्यसको जीउमा प्राकृतिक कालो रङ उत्पादन नभएर त्यस्तो भएको जर्नलहरूमा भेटिन्छ।

अर्का चराविद् कृष्णप्रसाद भुसालका अनुसार नेपालमा घर काग, कालो काग (वन काग), टेमु, टुंगा र राजा काग गरी पाँच प्रजातिका काग पाइन्छन्। समूहमा बस्ने कागले आफ्नो क्षेत्र निर्धारण गरेर गुँड बनाउँछन्। गुँड बनाएका ठाउँ छेउछाउ मानिस वा अन्य शत्रु जीव पुग्दा रिसाउने, ठुङ्न खोज्ने, आफ्नो परिवारलाई बोलाएर जोडजोडले कराएर धपाउने गर्छन्।

बढ्दो सहरीकरण, प्रदूषण र फोहोरमैलासँग काग पनि अनुकूलित बन्दै गएको नेपाल पन्छी संरक्षण संघको अध्ययनले देखाएको छ। काठमाडौं उपत्यकाका २४ स्थानमा गरिएको सहरी चरा गणनामा अन्य प्रजातिहरू हराउँदै गए पनि काग भने बढ्दै गएका छन्। कागलाई सबैभन्दा बाठो चरा ठानिन्छ। अत्यन्तै चतुर मान्छेलाई 'कागको फुल चोर्ला' जस्तो भन्छौं। कागका बौद्धिकता र चलाखीका कथा तथा प्रसंगहरू अन्य चराहरूको भन्दा धेरै नै सुनिन्छ। चलनचल्तीमा कागसँग जोडेर धेरै थरी उखानको प्रयोग गर्ने गरिन्छ। कागले अन्य चराहरूलाई सताउने, तर्साउने र आक्रमणसमेत गरी अन्ततः आफ्नो क्षेत्रबाट विस्थापित गराउँछन्। कागले विभिन्न फोहोरहरू खाएर वातावरण सफा राख्ने मात्र होइन, मानिसलाई नचिनेका मान्छे वा जंगली जनावर आए सुरक्षित रहन सचेत गराउने सूचनावाहक पनि हो।

# ओली-मोदीले गोरखामा पुनर्निर्मित घर हेर्ने

■ **हरिराम उप्रेती** (गोरखा)

गोरखा नगरपालिका-९ लक्ष्मीबजारकी भूकम्पपीडित रेणुका कुँवरले घर पुनर्निर्माण गरिसकिन्। दुईकोठे घर रङरोगन गरेर चिटिक्क पारेकी छन्। तर अझै सरेकी छैनन्।

उनलाई प्रतीक्षा छ, भदौ २४ को। गृह प्रवेशको साइत त्यही दिनलाई जुरेको छ। यससँगै जुरेको छ, अर्को साइत। उनको गृहप्रवेश प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय समकक्षी नरेन्द्र मोदीले भिडियोमार्फत संयुक्त अवलोकन गर्दै छन्। 'पुसबाट घर निर्माण थालेको, भर्खरै सकियो,' उनले खुसी हुँदै भनिन्, 'दुई प्रधानमन्त्रीले पनि हामी घर सरेको हेर्न रे।' मोतीहारी-अमलेखगन्ज पेट्रोलियम पाइपलाइन उद्घाटन कार्यक्रममा दुई प्रधानमन्त्रीले गोरखामा निर्मित घर पनि अवलोकन गर्ने तय भएको भारतीय दूतावासका प्रेस संयोजक अभिषेक दुवेले बताए। भिडियो कन्फरेन्समार्फत भारतको सहयोगमा भएका कामको अवलोकन हुने उनको भनाइ छ। 'भारत सरकारको सहयोगमा गोरखा र नुवाकोटमा भएको भूकम्पपछिको पुनर्निर्माण पनि लाइभ देखाउँछौं,' उनले भने। दुवेका अनुसार प्रधानमन्त्री ओलीले काठमाडौं र मोदीले दिल्लीबाट 'भिडियो कन्फरेन्स' मार्फत उद्घाटनसँगै प्रत्यक्ष निरीक्षण गर्नेछन्। 'भूकम्पपीडितको गृहप्रवेश हेर्न गोरखालाई दुई मिनेटको समय छुट्ट्याएका छौं,' उनले भने, 'लाइभ प्रस्तुति र रेकर्ड गरिएका अन्य क्षेत्रका पुनर्निर्माण गतिविधि पनि देखाउँछौं।' नेपाल टेलिभिजन र दूरदर्शन च्यानलमार्फत पनि प्रत्यक्ष प्रसारण हुने उनले जानकारी दिए।

गोरखास्थित घरको आइतबार भारतीय राजदूत मञ्जीवसिंह पुरीले अवलोकन गरे। तुलसी रोपे। उनी शनिबारै आएका हुन्। दुई देशको सहकार्यमा भइरहेको भूकम्पपछिको पुनर्निर्माण सन्तोषजनक रहेको पुरीले बताए। 'गोरखामा मात्र ८५ प्रतिशत निजी आवास पुनर्निर्माण सकिएको छ,' उनले भने, 'यो सन्तोषजनक हो।' घर अवलोकनपछि उनले घरधनी कुँवरसमक्ष गुणस्तरीयताबारे चासो राखे।

गोरखा र नुवाकोटमा गरी ५० हजार घरलाई भारत सरकारले अनुदान दिएको छ। गोरखामा मात्र २६ हजार ९ सय १२ घरलाई भारतको अनुदान रहेको यूएनडीपीका जिल्ला संयोजक राम सापकोटाले बताए। 'गोरखाका २६ हजार ९ सय १२ मध्ये २३ हजार ८ सय घर बनिसकेका छन्,' उनले भने, 'भारत सरकारले ६ अर्ब रुपैयाँ नेपाल सरकारलाई निकासा पनि गरिसकेको छ।' दुवै जिल्लामा गरी ५० हजारमध्ये ४० हजार घर निर्माण भइसकेको उनले बताए।

भारतले नेपालमा ७० विद्यालय, ७० स्वास्थ्यचौकी र ५० हजार घर निर्माणका लागि एक खर्ब रुपैयाँ सहयोग गर्ने जनाइएको छ। त्यसमध्ये २५ अर्ब अनुदान र ४२४ अर्ब सहुलियत ऋण उपलब्ध गराउने सम्झौता भएको सापकोटाले जानकारी दिए। गोरखामा भारत सरकारले १० विद्यालय र ३२ स्वास्थ्यचौकी पुनर्निर्माण गर्दै छ।


## नबिल बैंक लिमिटेडका ग्राहक महानुभावहरूलाई सूचना

मिति २०७६/०५/१४ गते यस बैंक समेतको एटीएम प्रयोग गरी अनधिकृत रूपमा केही बिदेशी नागरिकहरूले रकम निकालेको सम्बन्धमा नविल बैंकका ग्राहक महानुभावहरूलाई देहाय बमोजिम स्पष्ट गर्नका लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध गर्दछौं।

१. नबिल बैंक VISA, MasterCard, UnionPay International को आधिकारिक सदस्य रहेकोले ती संस्थाका सदस्य संस्थाहरूले जारी गरेका कार्डहरू प्रयोग गरी यस बैंकको एटीएम मेशिन मार्फत समेत रकम झिक्न सक्ने व्यवस्था अन्तर्गत निज बिदेशी नागरिकहरूले यस बैंक समेतको एटिएम प्रयोग गरी अनधिकृत रूपमा रकम निकालेको तर यस बैंकले जारी गरेको कार्डहरू मार्फत रकम ननिकालिएको।

२. यस बैंकको प्रणालीमा कुनै पनि किसिमको सुरक्षा कमजोरी वा सम्झौता नभएको, बैंकलाई कुनै आर्थिक क्षति नभएको बरू बैंकको अनुगमन प्रणाली सुदृढ भएकोले समस्या समयमै पहिचान गर्न सहयोग पुगेको।

३. सो घटनाको कारणले यस बैंकले कुनै पनि समयमा एटीएम लगायत कार्डसँग सम्बन्धित कुनै पनि सेवा बन्द गर्न नपरेको र सेवा सूचारू रहेको।

यस बैंकप्रति ग्राहक महानुभावहरूले देखाउनु भएको विश्वास एवं सद्भावका लागि हामी सदैव आभारी छौं।

NABIL BANK®
प्रधान कार्यालय, तीनधारा, दरबारमार्ग, काठमाडौं, नेपाल,
फोन नं. ४२२७१८१





# चुम्लुङ हिममा मुन्धुम जीवन

कान्तिपुर संवाददाता (ललितपुर)



राजधानीबासी लिम्बू समुदाय यतिखेर चित्र, पुस्तक, डकुमेन्ट्री फिल्म र पुराना कलात्मक सामग्रीमार्फत् आफ्नै जनजीवन नियाल्दै छन् । ललितपुरको शोभाहिटीस्थित चुम्लुङ हिममा आयोजित चित्रकला प्रदर्शनीमा लिम्बूनीहरू अनेक सांस्कृतिक रंगमा भेटिन्छन् । ढाक्रोका बुट्टाहरू, सिलामसाक्माको नौरंगमा मुन्धुम दर्शन र जीवनशैली पाइन्छ । वंशावलीका पुस्तकमा पुर्खाहरूको खोजी भेटिन्छ । डकुमेन्ट्री फिल्ममार्फत् लिम्बूवानको खाँटी जनजीवन अभिव्यक्त भइरहेको छ ।

सोमबार सुरु प्रदशर्दनीमा ग्रामीण जीवनमा प्रयोग भएका सामग्रीहरू र उबेला सुब्बाङ्गीले प्रयोग गरेका ढाल, तरबार, भाले-पोथी निसान झण्डासँगै फोटो खिचाइरहेका युवायुवतीहरूको प्रशस्तै भेटिए । भुइँतलादेखि चौथो थलासम्म कलात्मक सामग्री छन् । भित्ताभरि लिम्बू समुदायको झलक दिने चित्रकलाहरू कोरिएका छन् । भुइँतलाभरि प्रदर्शन गरिका छन्, राष्ट्रिय विभूति महागुरु फाल्गुनन्द, सिरिजंगा, इतिहासविद् इमानसिंह चेम्जोङका मिनिकदका मूर्ति । किरात, लिम्बू जाति, इतिहास, संस्कृति, परम्परा, भाषा, साहित्य, सिरिजंगा लिपि, कलाजन्य पुस्तकहरू छन् ।

'सेवारो आदाङ्बा लु है तपाईंलाई मेरो हातको चिनो' भन्दै निरु आङबुङ आफैंले बुनेको लिम्बूनी कला उपहार थमाइरहेकी थिइन् । 'चुम्लुङको अभियान नै एक घर (लिम्बू) एक सिलामसाक्मा (मुन्धुम वर्णित धागोको प्रतीक) भन्ने छ,' ढाका उद्यमी उनले भनिन्, 'त्यसैले हरेक व्यक्तिको हातमै पुऱ्याउने सजिलो हुने चाँबी झुन्ड्याउने आकारमा सिलामसाक्मा तयार पारेका छौं । सिसाको फ्रेममा राखेर घरमा सजाउन मिल्ने ठूलो आकारमा पनि बनाएका छौं ।'

चुम्लुङ ललितपुर जिल्ला उपाध्यक्ष राम बखिम लिम्बू संग्रहालय कक्षको रेखदेख गर्दै थिए । 'यस परम्परागत घरेलु सामग्रीदेखि गैंडाको छालाबाट बनेको ढाल, तरबार, निसान झण्डा सबै व्यक्ति र परिवारबाट उपहारका रूपमा प्राप्त गरेका हौं,' उनले भने, 'लिम्बू जातिमा प्रथम सगरमाथा आरोही जुनिता सम्बाहाङफेले २०६६ वैशाखमा सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गर्दा प्रयोग गरेको कपला, सामग्रीसमेत यही छन् ।'

चित्रकलामा लिम्बू जातिको विषयमा बृहत् पक्ष समेटिएको कलाकार नबेन्द्र लिम्बूले बताए । 'वरिष्ठ कलाकार हिक्मत नेम्बाङदेखि कान्छो कलाकार सुसागेनसम्मका ४२ जनाको चित्रकला समेटेका छौं,' उनले भने । नेम्बाङले परम्परागत तानको प्रतिविम्बमा लिम्बूनी मुहार उतारेका छन् । चुम्लुङ केन्द्रीय अध्यक्ष योगराज लिम्बूले स्थापना दिवसलाई फरक ढंगले जनजीवनसित जोड्ने प्रयास गरेको बताए । 'नेपाली समाजमा याक्थुङ (लिम्बू) समुदायको एक अभिन्न विशिष्टता छ,' उनले भने, 'त्यसैले एकसाथ हेर्न, देख्न चाहनेका निम्ति दुई दिन समारोह गरेका हौं । योपटक लिम्बू व्यक्तित्वबाट समारोहलाई उद्घाटन गराउने पहल गरेका छौं ।'

# साइबर संसारमा एक्लोपन

कान्तिपुर संवाददाता (काठमाडौं)

मान्छेका लत अनेक हुन्छन् । केही चीजको पनि लत वा अम्मली हुनु राम्रो हैन । हुन त विज्ञान र प्रविधिको नयाँ युगमा यतिबेला धेरैको लत इन्टरनेट बनेको छ । अझ त्यसमा पनि धेरैको समय सामाजिक सञ्जालमै रुमल्लिएर बितिरहेको छ । 'मान्छे बरु खाना नखाएर दुई दिनसम्म बाँच्न सक्ला तर इन्टरनेटबिना बाँच्न नसक्ने भइसक्यो'- नाटक 'गुम्फन' मा एक पात्र यसै भन्छन् ।

बत्तिसपुतलीस्थित शिल्पी थिएटरमा मञ्चन भइरहेको यो नाटक थिएटर भिलेजले प्रस्तुत गरेको हो । नाटक साइबर संसारमा रुमल्लिरहेको नयाँ पुस्ता र त्यसले पुऱ्याइरहेको सामाजिक, मनोवैज्ञानिक असरबारे केन्द्रित छ । एलिसा सालोको फिनिस नाटक 'रयादेस्सवारा' लाई नेली केइनानेन र लिया अब्सेसले गरेको अंग्रेजी अनुवाद 'फलिङ' मा आधारित भई जीवेश रायमाझीले यो नाटकको नेपालीमा भावानुवाद गरेका हुन् । निर्देशन गरेका छन् दिलीप रानाभाटले । एलिनाका स्कुले साथीहरू थुप्रै छन् । तर पनि ऊ आफूलाई एक्लो अनुभव गर्छे । शारीरिक बनावटमा केही मोटी भएकैले उसले आफुलाई दुःखी महसुस गर्छे । सँगैकी साथी जस्मिन राम्री र शारीरिक रूपमा फिट छे । केटाहरू उसका लागि मरिहत्ते गर्छन् । जस्मिन पनि प्रेमीसँग अति नजिक भएको, रमाएको एलिनाका लागि कताकति खल्लो बनाइरहेको हुन सक्छ । जस्मिन भर्चुअल वर्ल्डमा समेत विभिन्न बेनामे आईडीका केटाहरूसँग प्रेमिल कुरा गरिरहेकी हुन्छे । अचानक एक दिन च्याट गर्दागर्दै ऊ लगआउट नगरी प्रेमीसँग जान्छे । एलिनाले जस्मिनकै आइडीबाट उसका भर्चुअल साथीमध्येको एक डार्क फ्लोसँग च्याट गर्न थाल्छे । साइबर संसारमा ऊ बिस्तारै रमाउन थाल्छे । छद्म परिचयमा गरिएको कुराकानीले एलिनालाई वास्तविक सन्तुष्टि दिइरहेको हुन्छ । तर यो धेरै समय कसरी टिक्थ्यो र ? जस्मिनले आफ्नो आईडीबाट एलिनाले च्याट गरिरहेको पत्तो पाउँछे । आयन पनि जिन्दगीदेखि निराश छ । स्कुले साथीभाइसँग खासै रमाउन सक्दैन । प्रायः एकान्तमा नै बस्न रुचाउँछ । कक्षाकोठामा पनि अक्सर निदाइदिन्छ । तर भर्चुअल वर्ल्डमा भने उसको परिचय ठीक विपरीत छ । डार्क फ्लोको आइडीमा भने ऊ युवतीहरूसँग रमाइरहेको हुन्छ । तर भर्चुअल वर्ल्ड वास्तविक संसारजस्तो कहाँ छ र ? आत्मीयता र आफ्नोपना कहाँ पाउनु ? नतिजा आयन डिप्रेसनमा जान्छ । ऊ मात्र हैन, एलिनाको अवस्था पनि उस्तै हो । साइबर संसारमा हराएर आफ्नो व्यक्तिगत जीवन, आफन्तसँगको सम्बन्ध तथा मानवीयता नै गुमाइरहेको यो पुस्ताले प्रत्यक्ष जीवनमा आफ्नो समस्यासँग जुध्न सक्ला त ? नाटकले यसैमा टेकेर चित्रण गर्न खोजेको छ । यसअघि 'सिंहदरबारको टेन्डर' र 'झिझिक झिमिक झचाप्प' निर्देशन गरिसकेका रानाभाटले यसपटक अनुदित नाटकलाई नेपाली समाजको परिवेशमा ढालेर 'गुम्फन' पस्कने जमर्को गरेका छन् । गुमनाम परिचयमा साइबर संसारमा मनोरञ्जन खोज्ने पुस्ताका लागि नाटक रुचिकर हुन सक्छ । अद्वेत अकेला, अभिषेक गैरे, इष्टु कार्की, आयुष्मा गिरी, एचके अधिकारी, गुगल लामा, मदन सुवेदी, प्रमोद खड्का, पीबीएस रिदम र संगीता थापाको अभिनय रहेको 'गुम्फन' को मञ्च तथा प्रकाश परिकल्पना विमल सुवेदीले गरेका हुन् । लाजिम्पाटस्थित नाट्यगृह भत्किएपछि स्वदेशमा नाटक मञ्चन नगरेको थिएटर भिलेजले रानाभाटको 'गुम्फन' बाट उक्त मौनता तोडेको हो । रानाभाटले भने 'उन्दाउन्दै र बुन्दाबुन्दै 'गुम्फन' तयार भएको बताए ।



'गुम्फन' नाटकमा अभिनय गर्दै कलाकार । *तस्बिर : कबिन अधिकारी/कान्तिपुर*

# 'मयूरझैं राम्री...'

काठमाडौं (कास)- अशोक मुकारुङ र जुनी खालिङ राईको स्वरमा 'मयूरझैं राम्री चिटिक्क पटुकी कसेर...' बोलको गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ । जीवन खालिङ राईको शब्द र कृष्णभक्त राईको संगीत तथा संयोजन रहेको भिडियो जीवन मुकारुङले नै निर्देशन गरेका हुन् ।



भिडियोको छायांकन र सम्पादन पनि मुकारुङकै रहेको छ । निर्माता विजय मगर रहेका छन् । गीतमा युवायुवतीबीचको प्रेमको बयान गरिएको छ ।

# पुस्तकमा उहिलेका कुरा

ललितपुर (कास)- झन्डै ८० वर्षअघिको पूर्वी पहाडी समाज र जनवीवनको झल्को उत्रने गरी भीमप्रसाद गुरागाईंले लेखेको संस्मरणात्मक कृति 'ती दिनहरू' बजारमा आएको छ । ललितपुरमा पाका पत्रकार भैरव रिसालले कृतिको लोकार्पण गरे ।

कृतिबारे बोल्दै पत्रकार रिसालले 'भोजपुरतिरको सहअस्तित्व र समावेशीपना भरिएको तत्कालीन समाजका बारे' गुरागाईंको कृतिमा खुराक भेटिने बताए । 'बूढा भएका बाआमालाई मिठाई होइन, बरु हटवाटर-ब्याग र तातो कम्बल दिनुको धेरै अर्थ रहन्छ,' उमेरमा ९२ कटिसकेका पत्रकार रिसालले ८८ वर्षीय लेखक गुरागाईंतिर हेर्दै भने । भोजपुरपछि मोरङ झरेर बस्दै आएका गुरागाईंलाई २०५८ सालमा मस्तिष्कश्राव भएपछि काठमाडौं मोडेल अस्पतालका चिकित्सक वसन्त पन्तले अप्रेसन गरेर



पुनर्जीवन पाएका लेखकले आफूले पाएको दोस्रो जन्ममा पनि लेखेर कृतज्ञता जनाएका छन् । समारोहमा सहभागी डा. पन्तले 'यसरी आफ्ना बाआमाका अनुभवलाई किताब रूपमा ल्याउनु आफैंमा सराहनीय काम' भनी मन्तव्य राखे ।

लेखक एवं चिकित्सक सरोज धितालले गुरागाईंको कृतिमा ८० वर्षयताको नेपाली समाजको हिस्सा उल्लेख भएको भन्दै समाजशास्त्र र मानवशास्त्रका विद्यार्थीलाई पनि उपयोगी हुने बताए । कृतिमा पुरातन नेपाली समाजमा महिलाको स्थितिका बारेमा पर्याप्त जानकारी रहे पनि त्यस बेलाको वर्गव्यवस्था र शोषणको चित्र समेटिन नसकेको टिप्पणी उनले गरे । लेखक नारायण ढकालले त्यस बेलाको समाजमा ब्राह्मण जातिको अवस्था र इतिहासबारेमा किताब बढी खुलेको धारणा राखेका थिए ।

# फिल्म सम्मेलन भदौ अन्तिममा

काठमाडौं (कास)- फिल्ममाथि प्राज्ञिक बहस र छलफलको उद्देश्यसहित पहिलोपटक राष्ट्रिय फिल्म सम्मेलन हुँदै छ । चलचित्र विकास बोर्ड र मानवअधिकार चलचित्र केन्द्रले यही भदौ २६ देखि नेपाल प्रज्ञा प्रतिष्ठानमा तीनदिने सम्मेलन गर्न लागेका हुन् । सम्मेलनमा फिल्मसम्बन्धी विभिन्न विषयको चित्रण र तीनको प्रभावबारे कार्यपत्र प्रस्तुति, छलफलसँगै फिल्म क्षेत्रका समसामयिक विषयमाथि 'प्यानल' छलफलसमेत हुने बताइएको छ ।

मुलुकमा फिल्ममाथि अहिलेसम्म प्राज्ञिक तहबाट खासै गम्भीर बहस नभइरहेको सम्मेलनले नेपाली फिल्म उद्योगलाई गुणात्मक र सकारात्मक दिशा दिन सघाउने आफूहरूको अपेक्षा रहेको चलचित्र विकास बोर्डका अध्यक्ष केशव भट्टराईले बताए । 'फिल्मकर्मी, विज्ञ, फिल्म अध्ययनअनुसन्धान एवं प्राध्यापन गरिरहेकाहरूले नेपाली फिल्मका विभिन्न आयाम, यसको प्रभाव, कला र सौन्दर्यबारे एक दर्जन बढी कार्यपत्र पेस गर्ने छन्,' उनले भने, 'वरिष्ठ चलचित्रकर्मीको अनुभव पनि सुन्ने छौं ।' उनका अनुसार डा. हरि शर्माले नेपाली समाजको अर्थराजनीतिमा फिल्मको महत्त्वका विषयमा 'किनोट स्पिच' पनि दिने छन् । मुलुकका बौद्धिक क्षेत्रका व्यक्तिलाई नेपाली फिल्मका बारेमा अध्ययन अनुसन्धान गर्न, बहसमा सहभागी बनाउन र फिल्मलाई बौद्धिक क्षेत्रको चासोभित्र पार्नसमेत सघाउने सम्मेलनका संयोजक अनुप सुवेदीले बताए । 'नेपालमा फिल्म बन्न थालेको ६ दशकको इतिहासमा नेपाली चलचित्रबारे बहस गर्न पहिलोपटक सम्मेलन हुन लागेको छ,' उनले भने ।


## भर्ना सम्बन्धि सूचना

CTEVT बाट सम्बन्धन प्राप्त यस कलेजमा निम्न कोर्षहरुमा भर्ना हुन बाँकी रहेका केही सिमित सिटमा CTEVT को TSLC तहमा जुनसुकै विषयको प्रवेश परीक्षामा सामेल भएका सम्पूर्ण विद्यार्थीहरुले यथाशिघ्र सम्पर्क गरी तुरुन्त भर्ना हुन अनुरोध गरिन्छ ।

१. मेडिकल ल्याब असिस्टेन्ट | ३. कृषि जे.टि.ए./बाली विज्ञान
२. भेटनरी जे.टि.ए. (V.J.T.A) | ४. सिभिल सब-ओभरसियर

**सिंह टेक्निकल कलेज**
गोंगबुचोक, काठमाडौं, नेपाल
सम्पर्क: ०१-४३८२०२२, ९८६९०६५६७४, ९८४१४६५९०९, ९८४३३००७९२, ९८२३१४५७७८ (गोंगबुचोक र रेडनपुल बिचमा)

*गुणस्तरीय प्राविधिक शिक्षा, न्यूनतम शुल्कमा*
## खाली सिटमा भर्ना हुने सूचना

CTEVT सँगको संयुक्त साझेदारी कार्यक्रममा संचालित तीन वर्षे Diploma in Electrical Engineering मा प्रवेश परीक्षामा पास भएका विद्यार्थीहरुको लागि केही खाली सिटमा भर्ना खुल्यो ।

Hostel Facility Available for Boys & Girls
३ वर्षको जम्मा शुल्क रू. २,१०,०००/-

**DON BOSCO INSTITUTE OF ENGINEERING & TECHNOLOGY**
Thecho-12, Lalitpur, www.donboscoinstitute.com
Tel.: 01-5571697, 9803269509, 9860489739

## ANM कार्यक्रममा ५ सिट खाली

सम्पर्क:
ईटहरी हेल्थ कलेज ईटहरी
०२५-५८८१००/९८६२२११७००

**SIDDHA FORMULATION PVT.LTD.**
TILOTTAMA-15,RUPANDEHI
GRAB THE OPPORTUNITY !!!

Siddha formulation Pvt Ltd, guided by WHO GMP certified Company established in 2049, invites for the following posts:

1. FINANCE/ACCOUNT OFFICER -1
(Factory Site, Kotihawa –Rupandehi)
*MBS/MBA /M.Com with knowledge of computer skill, Accounting Software, Taxation, Company Act with minimum 4/5 year experience in related field.*
(Gajeted 3rd class officer, Salary & tax as per Govt. rules)
2. MEDICAL REPRESENTATIVE -2
a. Butwal HQ - 1 (Priority "Local & Experience Candidates")
b. Kathmandu HQ- 1
*B.Sc. or equivalent with good communication skills, having pleasant & smart personality and willing to work & travel extensively & having two wheeler License.*

(Apply Within 15 days: siddha.formulation@gmail.com)
Phone No.: 071514002
(Only short listed candidate will be called for an interview)

## SEE पछिको प्राविधिक शिक्षा सिमित कोटामा भर्ना खुल्यो

Nursing / HA / Pharmacy / Ophthalmic / Civil / Electrical / Geomatics / Forestry वा जुनसुकै विषयको CTEVT प्रवेश परीक्षा २०७६ उत्तीर्णहरुका लागि:

३ वर्षे डिप्लोमा इन्जिनियरिङ्ग
• सिभिल • इलेक्ट्रिकल
• आर्किटेक्चर • कम्प्युटर
• इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स

Kathmandu Institute of Technology
KIT COLLEGE
Civil, Architecture, Electronics, Electrical & Computer Engineering
Milan Tole, Tokha Road, Dhapasi, Kathmandu ☎ 01-5159255 9849766768

## कोठा भाडामा

नयाँ सडक धर्मपथ स्थित १५०० sqfeet को एउटै तल्लामा तुरुन्तै संचालनमा ल्याउन मिल्ने फर्निचर र पार्टिशन भएको बैंक तथा वित्तिय संस्थाहरुको लागी अति उपयुक्त कोठा उपलब्ध छ ।
सम्पर्क : ९८६४४७५७२४

## PROCUREMENT NOTICE

United Nations Development Programme (UNDP) Nepal works with the People and Government of Nepal, and other development partners to pursue equitable and sustainable human development goals through eradication of poverty, increase in livelihood opportunities, improvement in community resilience against conflict, disasters and impact of climate change, while laying down strong foundation or a society based on rule of law with an inclusive and participatory democracy.

UNDP Empowered lives. Resilient nations.

The UNDP Nepal is soliciting proposals from interested firms/companies to provide the following services:

**Reference No.:** Request for Proposal - **UNDP/RFP/07/2019**
**Project/Agency:** UN Resident Coordinator' Office (RCO)
**Purpose:** Long-Term Agreement for Community Perception Surveys
**Deadline for bid submission: 5:00PM on 19 September 2019**

**Reference No.:** Request for Proposal - **UNDP/RFP/08/2019**
**Project:** Electoral Support Project (ESP)
**Purpose:** Production of a short film on the participation of voters in the election process
**Deadline for bid submission: 19 September 2019**

**Weblink: http://www.np.undp.org/content/nepal/en/home/operations/procurement.html**
**Who can apply:** National/International firms/companies
**How to apply:** As per the instructions in the detailed bidding document.

## ADMISSION NOTICE

Students interested to study Bachelor in **Civil Engineering, Computer Engineering, Electronics, Communication & Information Engineering and Architecture** in Himalaya College of Engineering, are informed to fill up the application forms (passed in **IOE BE/B Arch** Entrance Examination-2076) from 17th to 20th of Bhadra 2076. The forms which are already filled are applicable for the coming admission lists.

| Entrance Preparation Class | |
|---|---|
| **BSc CSIT** | : From 17th of Bhadra 2076 |
| **BCA** | : From 18th of Bhadra 2076 |

***College remains open on public holidays from 7:00 A.M. to 5:00 P.M.***

*For further details, please contact:*
**Himalaya College of Engineering**
(Affiliated to TU )
Chyasal -9, Lalitpur, Nepal, Ph.: **01 5540555, 5554287, 5554297**
Email: info@hcoe.edu.np Website: www.hcoe.edu.np

## डिप्लोमा मा भर्ना सम्बन्धमा

CTEVT द्वारा सम्बन्धन प्राप्त यस मध्यमाञ्चल रिजनल ईन्जिनियरिङ्ग कलेज प्रा.लि. जनकपुरमा Diploma in Electrical & Electronic Engineering, Diploma in Electrical Engineering & Diploma in Computer Engineering मा केही सिट रिक्त रहेको हुँदा इच्छुक विद्यार्थीहरूले आजका मितिले ७ (सात) दिन भित्र निवेदन पेश गर्नका लागी व्यहोरा जानकारी गराईन्छ ।

**MADHYAMANCHAL REGIONAL ENGINEERING COLLEGE**
Dashrathnagar, Ramanand Chowk, Janakpur-08, Dhanusha
Tel.: +977-41-521991, Cell: 9869997641, 9854026555
Website: www.mrec.edu.np Email: mrec.jnk@gmail.com

Since 2001 AD
**NCE**
नेशनल कलेज अफ इन्जिनियरिङ्ग
(त्रि.वि. बाट सम्बन्धन प्राप्त)
ताल्छिखेल, सातदोबाटो, ललितपुर

## पुन: आवेदन फाराम भर्ने सम्बन्धमा सूचना

यस कलेजको बि.ई. तहमा २०७६ ब्याचका लागि Civil, Computer, Electrical र Electronics, Communication & Information विषयमा भर्ना भई अध्ययन गर्नका लागि :
१. भर्ना आवेदन फाराम भर्न छुट भएका
२. आवेदन दिएर प्रथम सूचीमा नाम प्रकाशित भई विविध कारणवश भर्ना हुन छुटेका विद्यार्थीहरूलाई पुन: आवेदन फाराम भर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

▶ पुन: आवेदन दिने समय
२०७६ भाद्र १७ गते विहान १० बजेदेखि भाद्र २० गते साँझ ५ बजेसम्म
▶ दोस्रो भर्ना सूची प्रकाशन
२०७६ भाद्र २१ गते बिहान १० बजे
▶ दोस्रो भर्ना सूचीका विद्याथीको भर्ना
२०७६ भाद्र २२ गते विहान ११ देखि २३ गते दिउँसो ३ बजेसम्म

पुनश्च: यसअघि नै भर्नाका लागि फाराम भरी प्रथम सूचीमा नाम प्रकाशित नभएका विद्यार्थीहरूको यसअघि भरेको फाराम नै यथावत हुनेछ ।
पुन: आवेदन फाराम e-Sewa तथा कलेजमा उपस्थित भएर दिन सकिनेछ ।
विस्तृत जानकारीका लागि
फोन नं. ०१-५१५१३८७, ०१६२०३६००

# बहमासमा शक्तिशाली आँधी

फ्लोरिडा (एजेन्सी)- बहमासमा सोमबार आएको शक्तिशाली आँधी 'डोरिअन' ले अभूतपूर्व क्षति पुऱ्याएको छ ।

'क्याटगरी-५' को शक्तिशाली समुद्री आँधीले तहसनहस मच्याएको कारण बहमासका प्रधानमन्त्री हुबेर्ट मिनिसले बताएका छन् । अन्तर्राष्ट्रिय रेडक्रसका अनुसार आँधीले १३ हजार घरहरू क्षतिग्रस्त बनाएको छ ।

सञ्चारमाध्यममा सार्वजनिक तस्बिर तथा दृश्यहरूमा सहरका कपितय स्थान जलमग्न छन् भने कारहरू पल्टेका देखिन्छन् । स्थानीय बासिन्दाहरूले आफ्ना घरहरूमा बाढी पसेको र आँधीले घरका छाना उडाएको दृश्य सामाजिक सञ्जालमा सार्वजनिक गरेका छन् ।

२ सय ७० किलोमिटर गतिको डोरियन आँधी बहमासमा आएको हालसम्मकै शक्तिशाली आँधी हो । समुद्री आँधीसम्बन्धी अमेरिकी निकाय एनएचसीका अनुसार आधुनिक तथ्यांक राख्न थालिएयताकै यो 'अति खतरानाक' आँधी हो ।

बहमासका प्रधानमन्त्री मिनिसले डोरिअनलाई डोरियनलाई 'राक्षस आँधी' को संज्ञा दिए । उनले ग्रान्ड बहामा र एबाको टापुका कतिपय स्थानबाट मानिसलाई अन्यत्र सारिएको बताए । उनले सबै पर्यटकलाई अन्यत्र जान बाहिर जान आदेश दिइएको थियो ।

पत्रकार सम्मेलनमा निकै भावुक भएका मिनिसले भने, 'बहामसका जनतालाई सम्बोधन गरिरहँदा सम्भवतः यो मेरो जीवनको सबैभन्दा दुःखद् र नराम्रो दिन हो ।'


डोरियनको मार्ग भने अनिश्चित छ । तर अमेरिकाका फ्लोरिडा, जर्जिया, साउथ क्यारोलिना र नर्थ क्यारोलिनामा आपत्कालीन अवस्था घोषणा गरिएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफूले डोरियन आँधीसँग सम्बन्धित घटनाक्रम राम्रोसँग नियालिरहेको बताए । उनले पोल्यान्डको निर्धारित कार्यक्रम स्थगित गरी उपराष्ट्रपति माइक पेन्सलाई पठाइसकेका छन् ।

# आक्रामक बन्दै सार्क

### समुद्रको किनारमा मानिसको चहलपहल बढ्नु, सार्कको बासस्थान नष्ट हुँदै जानु, सामुद्रिक प्रदूषण बढ्नु, मौसम परिवर्तन मुख्य कारण

**नारायण खड्का** (अस्ट्रेलिया)



एक महिनाअघि अस्ट्रेलियाको पर्यटकीय जलक्षेत्र ग्रेट बारियर रिफमा २१ वर्षीया युवतीलाई सार्कले आक्रमण गरेर घाइते बनायो । सुरक्षाकर्मीले तत्काल उद्धार गरी अस्पताल पुऱ्याएपछि गम्भीर घाइते युवतीको ज्यान जोगियो । डेढ महिनाअघि मात्र सिड्नीको मेन्ली विचमा पौडीबाज पिटर सल्जलाई पौडी खेलिरहेका बेला सार्कले आक्रमण गऱ्यो ।

स्थानीय पौडी संस्थामा आबद्ध उनले पनि सुरक्षाकर्मीको तत्काल उद्धारका कारण पुनर्जीवन पाए । अस्ट्रेलियाका सामुद्रिक क्षेत्रहरूमा हरेक वर्ष सार्कको आक्रमणबाट दर्जनौं व्यक्तिहरू घाइते हुने गरेका छन् भने केहीले ज्यान गुमाउँछन् । तथ्यांकअनुसार सन् २०१९ को अहिलेसम्ममा मात्र अस्ट्रेलियामा सार्कको आक्रमणबाट ८ जना गम्भीर घाइते भइसकेका छन् । सार्कको आक्रमणबाट घाइते हुने नागरिकको सूचीमा अस्ट्रेलिया दोस्रो नम्बरमा पर्छ । सन् २०१८ मा सार्कको आक्रमणबाट यहाँ एक व्यक्तिले ज्यान गुमाएका थिए भने १९ घाइते भएका थिए ।

माछा प्रजातिको मानिने सार्कका विभिन्न प्रजातिलाई अन्तर्राष्ट्रिय प्रकृति संरक्षण कोषले खतराको सूचीमा राखेको छ । विश्व वन्यजन्तु कोषका अनुसार विश्वभर सार्क र यससम्बन्धी प्रजातिका १ हजार बढी प्रजाति रहेका जनाउँदै सार्क र मानिसबीचको सम्बन्धलाई सन्तुलित राख्न १० वर्षे कार्ययोजना नै तयार गरिएको जनाएको छ ।

आखिर किन गर्छ त सार्कले मानिसमाथि आक्रमण ? बीबीसीका अनुसार सार्क तथा मानिसको संख्या एकै समयमा एकै पानीमा भएका यसले मानिसप्रति आक्रमण गर्ने गरेको हो । जसले विश्वभरका सार्क आक्रमणको तथ्यांक राख्ने संस्था 'इन्टरनेसनल सार्क अटयाक फाइल' का निर्देशक गेभिन नेयलोरले 'धेरै सार्कहरू र मानिस एकैपटक पानीमा भएको खण्डमा आक्रमण हुन सक्ने' बताउँछन् । उनले सार्कको आक्रमणलाई मुख्यतः 'धेरै संख्यामा मानिस पानीमा खेल्न जानुसँग' जोडेका छन् ।

त्यसैगरी, अस्ट्रेलियाका दक्षिणी सामुद्रिक किनारामा सिलको संख्या बढेकाले पनि सार्कले मानिसमाथि आक्रमण गर्ने अनुमान गरिएको छ । सार्कले आफ्नो भोजनका लागि सिललाई निकै मन पराउँछ । 'इन्टरनेसनल सार्क अटयाक फाइल' का अुनसार सार्कको मुख्य लक्ष्य भने मानिसलाई आक्रमण गर्नु नभएको जनाएको छ ।

यद्यपि, सार्कले मानिसमाथि किन आक्रमण गर्छ भन्नेबारे विज्ञहरूले अध्ययन/अनुसन्धान गरिरहेका छन् । समुद्रमा पौडी खेलिरहेका मानिस सार्कका लागि सजिलोसँग पाइएको खाना भए पनि उनीहरू मानिसप्रति खासै आकर्षित नहुने नेयलोरले बीबीसीलाई बताएका छन् । 'तिनीहरू सामान्य रूपमा मानिसलाई उपेक्षा गरेर नै हिँड्छन् ।'

सार्ककै बारेमा किताब लेखिसकेका सामुद्रिक जैविकविद् ब्लेक चापमानले सार्कको आक्रमण बढ्दै जानुमा एक मात्र कारण नभएको बताउँछन् । उनले सामुद्रिक किनारमा मानव जनसंख्या बढ्नु सँगसँगै उनीहरूको बासस्थान नष्ट हुँदै जानु, पानीको गुणस्तरमा गिरावट आउनु, मौसम परिवर्तन हुनुलगायत कारण मुख्य भएका दाबी गर्छन् । सार्कले मानिसलाई गरेको आक्रमणको तथ्यांक हेर्ने हो भने यसमा सन् २०१७ को तुलनामा सन् २०१८ मा केही कमी आएको छ । 'इन्टरनेसनल सार्क अटयाक फाइल' को तथ्यांकअनुसार विश्वभर भएका सार्क आक्रमणका १३० घटनामा ४ जनाले ज्यान गुमाएका थिए ।

सन् २०१७ मा भने १५५ घटनामा ५ जनाले ज्यान गुमाएका थिए । सार्क आक्रमणका कारणबारे थप तथ्य पत्ता लगाउन केही अनुसन्धानकर्ताले विभिन्न नयाँ प्रविधिको उपयोग गरिरहेको बीबीसीले जनाएको छ । अनुसन्धानकर्ताहरूले डीएनएको प्रयोग गर्ने र आक्रमण गर्ने शैलीको समेत अनुसन्धान गरिरहेका छन् भने सार्क आक्रमणको भिडियो हेरी आक्रमणबाट भएको घाउलाई समेत अनुसन्धान गरिरहेका छन् । अर्कोतिर केही अनुसन्धानकर्ताहरूले भर्खरका युवा सार्कले आफ्नो आक्रमण शैलीलाई परिष्कृत गर्न उनीहरूभन्दा अग्रज सार्कको तुलनामा कडा आक्रमण गर्ने सक्नेसमेत सुझाएका छन् ।

ब्रिटानिका इन्साइक्लोपेडियाका अनुसार सार्कले आफ्नो बासस्थान मानिएको पानीमा पौडी खेल्ने मानिसलाई बाहिरी वस्तुका रूपमा देख्ने र मानिस आक्रमणको सिकार हुने गरेका जनाएको छ । यसैगरी यसले पनि सार्कले आफ्नो प्राकृतिक बासस्थान र खानेकुराको स्रोतलाई बचाउने क्रममा मानिस आक्रमणमा पर्ने गरेको जनाएको छ ।

# प्रशिक्षक बेहोस्, सिकारुले उतारे विमान

अस्ट्रेलिया (एजेन्सी)- प्रशिक्षक आकाशमै बेहोस् भएपछि एक प्रशिक्षार्थी चालकले अस्ट्रेलियामा एउटा सानो विमानलाई सफलतापूर्वक अवतरण गराएका छन् ।

पर्थस्थित विमानस्थलमा जहाज उडाउन सिकाइरहेका प्रशिक्षक अचेत भएपछि म्याक्स सिल्भेस्टरले हवाई ट्राफिक नियन्त्रकसँग आपत्कालीन सञ्चार सुरु गरेका थिए ।

उनले विमानस्थलका हवाई ट्राफिक नियन्त्रकहरूको सहयोग र निर्देशनमा विमान अवतरण गराउन सफल भएका हुन् । घटनापछि सिल्भेस्टरलाई धेरैले धन्यवाद दिनुका साथै प्रशंसा गरेका छन् ।

सञ्चारमाध्यमले सार्वजनिक गरेको आपत्कालीन सञ्चार संवादमा सिल्भेस्टरले आफ्ना प्रशिक्षकको अवस्थाबारे केही बताएका छन् । सिल्भेस्टर र नियन्त्रकबीचको संवादमा भनिएको छ, प्रशिक्षक मेरो काँधमा अडेस लागेका छन् । म उहाँलाई उठाउने प्रयास गरिरहेको छु, तर जति पटक उठायो उनी ढलिहाल्छन् ।

त्यसलगत्तै नियन्त्रकले सिल्भेस्टरलाई सोध्छन्, तपाईंलाई सेस्ना विमान चलाउन आउँछ ? जवाफमा उनी भन्छन्, 'यो मेरो पहिलो कक्षा हो ।' यो घटनाअघि सिल्भेस्टरले जम्मा २ पटक उडानको कक्षा लिएका थिए । यसअघि कहिल्यै पनि विमान अवतरण नगरेका उनी सेस्ना विमानमा पहिलोपटक उडेका थिए ।

नियन्त्रकले सिल्भेस्टरलाई करिब एक घण्टा विमान अवतरण गर्ने अभ्यास गराएका थिए । त्यसपछि उनले नियन्त्रकको सहायतामा सफलतापूर्वक विमान ओरालेका हुन् ।

विमान अवतरण गर्दा उनलाई आफन्त, साथीहरू तथा आपत्कालीन उद्धारकर्मीले कुरिरहेका थिए । विमान अवतरण भएलगत्तै विमान प्रशिक्षकलाई अस्पताल लगिएको छ ।

विमानमा कुनै क्षति भएको छैन । यो एक सम्झनलायक अवतरण रहयो ।, उडान प्रशिक्षण केन्द्रका मालिक चक म्याकइल्वीले भने । उनले ती प्रशिक्षार्थी विमानचालक र विमानस्थलको हवाई ट्राफिक नियन्त्रणको प्रशंसा गर्दै भनेका छन्, 'म तपाईंलाई सत्य भन्छु, यस्तो समन्वय विरलै हुने गर्छ ।'

**हङकङ प्रदर्शन**

# विद्यार्थीद्वारा कक्षा बहिष्कार



हङकङ (एजेन्सी)- हङकङका लोकतन्त्र पक्षधरहरूको विरोध प्रदर्शन शैक्षिकलगायतका क्षेत्रमा समेत फैलिएको छ ।

विरोध प्रदर्शनलाई समर्थन गर्दै सोमबार करिब १० हजार विद्यार्थीले स्कुल तथा विश्वविद्यालय बहिष्कार गरेका छन् । विरोध प्रदर्शन आयोजकका अनुसार २ सय माध्यमिक विद्यालयका विद्यार्थी यस शैक्षिक सत्रको पहिलो दिनको कक्षामा बसेनन् ।

हङकङमा लोकतन्त्रको माग गर्दै गरिएको आन्दोलन तेह्र सातादेखि जारी छ । सरकारले ल्याएको विवादास्पद सुपुर्दगी विधेयकको विरोधमा हङकङका मुख्य स्थानमा सुरु प्रदर्शन हाल लोकतन्त्रका विभिन्न मुद्दामा केन्द्रित छ ।

प्रदर्शनकारीले आन्दोलनप्रति अन्तर्राष्ट्रिय समुदायको ध्यान केन्द्रित गर्नु आवश्यक भएको भन्दै पछिल्लो समय विमानस्थल केन्द्रित विरोध गर्दै आएका छन् । पछिल्ला प्रदर्शनमा विवादास्पद विधेयक खारेज, कार्यकारी प्रमुख क्यारी लामको राजीनामा, प्रहरी दमनको स्वतन्त्र छानबिनलगायतका माग राखिँदै आएको छ । सोमबार प्रदर्शनकारीले रेलसेवा अवरुद्ध पारेपछि कार्यालय समयमा ट्राफिक व्यवस्था अस्तव्यस्त भएको थियो । विद्यालय बहिष्कार गरेका विद्यार्थीहरू सोमबार केन्द्रीय जिल्लाको एडिनबर्ग प्लेसमा जम्मा भएका थिए ।

'म कुनै पनि अनुशासनको कारबाही भोग्न तयार छु,' साम स्वी जिल्लाका एक विद्यार्थीले भने । सोमबारको विद्यालय बहिष्कारको संयोजन भने स्थानीय दल डेमोसिस्टो र केही विद्यार्थी समूहले गरेका थिए । सामाजिक सञ्जालमा सार्वजनिक तस्बिरहरूमा विद्यार्थीले स्कुलअगाडि मानव साङ्लो बनाएर प्रदर्शन गरेका थिए ।

डेमोसिस्टो दलका नेता एग्नेस चोउलाई हङकङ अदालतले सोमबार यस वर्षको अन्त्यमा हुने संसदीय चुनावमा भाग लिन रोक लगाएको छ । गत साता जोसुवा वोङसँगै पक्राउ परेका एग्नेस धरौटीमा रिहा भएका हुन् ।

आइतबारका प्रदर्शनका क्रममा प्रहरी र प्रदर्शनकारीबीच झडपहरू भएका थिए । झडपमा ३१ जना घाइते भएका थिए । तीमध्ये ५ जना गम्भीर घाइते छन् । सडकमा आगो बालेका प्रशर्नकारीले प्रहरीमाथि आक्रमण थालेपछि भिडन्त भएको थियो । प्रहरीले ४० प्रदर्शनकारीलाई गिरफ्तार गरेको जनाएको थियो ।

यसअघि हङकङको एक अदालतले आदेश जारी गर्दै प्रदर्शनका लागि प्रतिबन्ध लगाएको भए पनि प्रदर्शनकारीहरूले विमानस्थल वरपरका सडक बन्द गराएका हुन् । चीनका सरकारी सञ्चारमाध्यमले उक्त भूभाग नियन्त्रणबाहिर जाने खतरा बढेको भन्दै कानुन स्थापित गर्न ढिला गर्न नहुने बताएका छन् ।

सन् १९९७ मा स्वतन्त्र हुनुअघि बेलायतको उपनिवेश हङकङलाई चीनले आफ्नो 'विशेष प्रशासकीय क्षेत्र' बताउँदै 'एक देश, दुई व्यवस्था' अन्तर्गत शासन सञ्चालन गर्छ ।

अपराध तथा बलात्कार आरोपीलाई मुख्य भूमि चीनमा सुपुर्दगी गर्ने प्रावधानसहितको विधेयक ल्याएपछि हङकङमा प्रदर्शन चर्केको हो । अपराध तथा बलात्कार आरोपीलाई मुख्य भूमि चीनमा सुपुर्दगी गर्ने प्रावधानसहितको विधेयक ल्याएपछि हङकङमा प्रदर्शन चर्केको हो ।





| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| Dominar 400 | Pulsar 200NS | Pulsar NS160 | Pulsar 220F DTS-i | Pulsar 180 DTS-i | Pulsar 150 DTS-i | Avenger Cruise 220 | Avenger Street | Discover 125 | Platina ES |
| Rs. 5,29,900/- | Rs. 3,19,900/- | Rs. 2,86,900/- | Rs. 3,14,900/- | Rs. 2,79,900/- | DTS-I TD Rs. 2,64,900/- DTS-I Rs. 2,53,900/- | Rs. 3,39,900/- | 220 Rs. 3,19,900/- 180 Rs. 2,99,900/- | ST Rs.201,900/- DISC Rs.1,91,900/- DRUM Rs.1,83,900/- | Rs. 1,64,900/- |

SOLE DISTRIBUTOR FOR NEPAL
HANSRAJ HULASCHAND & COMPANY PRIVATE LIMITED Teku Road, Kathmandu, Ph. No: 4230001/4268088, Fax: 4220491, url: bajajauto.com.np www.facebook.com/hhbajaj
Bajaj 24 x 7 HELPLINE 16600175555 9801575555

STATE 1: Ilam 520906, Birtamod 540724, Damak 582109, Pathari 556082, Itahari 585442, Biratnagar 526242, Inaruwa 561657, Dharan 533996, Khandbari 560499, Urlabari 541876, Biratchowk 545383, Gaighat 420966, Katari 450207, Diktel 9852849404, Duhabi 9805324834, Phidim 9851230099 | STATE 2: Rajbiraj 523545, Lahan 560987, Mirchaiya 550744, Siraha 520255, Janakpur 9801667828, Jaleshwor520518, Bardibas 550639, Lalbandi 501564, Gaur 521599, Nijgadh 540079, Jitpur (Bara) 412170, Birgunj 523837, Kalaiya 551525 | STATE 3: Hetauda 522498, Parsa 583176, Narayanghat 571089, Tandi 563303, Bharatpur 526510, Kumaripati 5530187, Gongabu 4359039, Nayabaneshwor 4781946, Kalanki 4286015, Dillibazar 4435916, Baudha 4474716, Thimi 6631386, Bhaktapur 6611777, Lainchaur 4425579, Gwarko 5007553, Sukedhara 4650914, Maharajgunj 4720809, Battisputali 4465542, Banepa 660295, Charikot 421925, Balaju 4353150, Balkhu 4286377, Sitapaila 4286452, Tinkune 4117534, Nuwakot 561817, Satungal 9813687774, Dhading 521326 | STATE 4: Aabukhaireni 540482, Gorkha 421571, Lamjung 520953, Damauli 560399, Pokhara 522315, Baglung 520882, Jomsom 440290, Dulegauda 414373, Kawasoti 540906, Syangja 9805887122, Walling 412106 | STATE 5: Butwal 437849, Bardaghat 580387, Parasi 520048, Bhairahawa 521855, Jeetpur (4No.) 550249, Chandrauta 540123, Arghakhachi 420964, Pyuthan 460755, Ghorahi 560743, Tulsipur 523402, Rampur 400480, Tamghas 520419, Nepalgunj 522751, Guleriya 420375, Kohalpur 540320 | STATE 6: Surkhet 521979, Jumla 520205, Jajarkot 430364 | STATE 7: Lamki 540365, Tikapur 560807, Dhangadi 520892, Mahendranagar 520896, Dadeldhura 420116, Darchula 420300, Aatariya 550762

# जग्गा फिर्ता गर्ने सहमति

विराटनगर (कास)- व्यक्तिका नाममा सारिएको मोरङ बेलबारी-२ को सहारा बालग्रामको जमिन नागरिक समाज र राजनीतिक दलको दबाबमा संस्थाकै नाममा फिर्ता गर्ने सहमति भएको छ।

संस्थाका संस्थापक अध्यक्ष पूर्वसभासद हर्कमान तामाङ र हालका अध्यक्ष शिव बरालले संस्थाको १ बिघा ८ कट्ठा ३ धुर जमिन व्यवसायी डम्बरबहादुर तामाङको नाममा २०७५ मंसिर ११ मा नामसारी गरेको सार्वजनिक भएको थियो।

संस्थाले लिएको रकम ६ महिनाभित्र फिर्ता गर्ने सर्तमा शुक्रबार डम्बरबहादुरबाट जमिन संस्थाकै नाममा फिर्ता गर्ने सहमति गरिएको बरालले बताए। उनले डम्बरबहादुरबाट आफूहरूले ६९ लाख ९४ हजार रुपैयाँ लिएर जमिन उनको नाममा नामसारी गरेको दाबी गरे। तर संस्थाले ३ करोड रुपैयाँ लिएर नतिरेपछि अदालतमार्फत संस्थाको जमिन आफ्नो नाममा नामसारी गराएको डम्बरबहादुरको दाबी छ। उनले पनि आफ्नो रकम ६ महिनामा फिर्ता गर्ने लिखित सहमतिपछि शुक्रबार संस्थाको जमिन फिर्ता गर्ने प्रक्रिया अघि बढाएको बताए।

संस्थाको जग्गामध्ये ६ वटा कित्ताको १ बिघा ८ कट्ठा ३ धुर जमिन संस्थाले डम्बरबहादुरको नाममा नामसारी गरेको थियो। यो प्रकरणमा नेकपाका पुराना सक्रिय सदस्यहरू तामाङ र बरालको नाम जोडिएपछि पार्टीको बेलबारी नगर कमिटीले सोमबार सचिव रविन थापाको नेतृत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरेको थियो। समितिले पाँच दिनमा आफ्नो प्रतिवेदन बुझाउने र संस्थाको जमिन बिक्रीमा संलग्न पार्टीका जुनसुकै तहका नेता भए पनि कारबाही गर्ने नगर अध्यक्ष पर्शुराम सुवेदीले बताएका थिए।

समितिले प्रतिवेदन बुझाउनु पहिल्यै उनीहरूले जमिन संस्थाको नाममा फिर्ता ल्याइएको दाबी गरेका छन्। तामाङ पूर्वसभासद र बराल तत्कालीन बेलबारी गाविसका दुई कार्यकाल अध्यक्ष हुन्। अमेरिकाको भर्जिनियाका डचानी अनी, एलिसा हाम्फ्रिन, डा. वाल्ट ज्यामी हर्बर र टेनिसीले अनाथ बालबालिकाको संरक्षणको काम गर्न सहारा स्थापना गरेर सञ्चालनको जिम्मेवारी तत्कालीन प्रतिनिधिसभा सदस्य हर्कमान तामाङलाई २०५६ भदौ ४ मा हस्तान्तरण गरेका थिए।

# यस वर्ष निरक्षरता उन्मूलन नहुने

काठमाडौं (कास)- सरकारले २०७६ साललाई 'साक्षर नेपाल वर्ष' तय गरे पनि निरक्षरता उन्मूलन हुन अझै दुई वर्ष लाग्ने देखिएको छ। भदौ २२ गते पर्ने अन्तर्राष्ट्रिय साक्षरता दिवस तथा ४० औं राष्ट्रिय शिक्षा दिवसका सन्दर्भमा आयोजित पत्रकार सम्मेलनमा शिक्षा मन्त्रालयले यस्तो जानकारी दिएको हो।

अन्तर्राष्ट्रिय साक्षरता दिवसको नारा 'साक्षरता र बहुभाषिकता' रहे पनि त्यसअनुसार काम हुन नसकेको सरोकारवालाले औंल्याएका छन्। 'साक्षरता उन्मूलन गर्ने सरकारको लक्ष्य हो,' पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता बैकुण्ठ अर्यालले भने, 'यस वर्ष ७० जिल्ला साक्षर भइसक्नेछन्। बाँकी जिल्लामा अझै दुई वर्ष लाग्छ।'



लुम्बिनी तौलिहवा सडकखण्डअन्तर्गत लोहखडिया चौराहामा एक्कामा बसेर ईँटा उद्योगमा काम गर्न जाँदै महिला मजदुर। तीजका दिन सोमबार काखे बालकसँगै उनी काम गर्न जाँदै थिइन्।
तस्बिर : मनोज पौडेल/कान्तिपुर

# खेत मासेर माछापोखरी

■ कमल पन्थी (बर्दिया)

लागत बढी र उत्पादन न्यून हुन थालेपछि यहाँको बढैयाताल-५ का गणेश शर्मा लम्सालले धान खेती छोडे। विकल्पमा माछा पालन व्यवसाय रोजाइमा पर्‍यो। त्यसका लागि उनले त्यही खेतमा माछा पाल्ने पोखरी निर्माण गरे। प्रतिबिघा मुस्किले २५ क्विन्टल धान उत्पादन हुने खेतबाट पोखरी निर्माण गरी माछापालन सुरु गरेपछि अहिले खर्च कटाएर प्रतिबिघा वार्षिक चार लाख रुपैयाँ कमाउँछन्। उनले चार बिघा क्षेत्रफलमा माछा पाल्दै आएका छन्। उनी मत्स्यपालक व्यवसायी संघका अध्यक्ष पनि हुन्।

माछामा खासै लगानी गर्नु नपर्ने, राम्रो आम्दानी हुने र आफ्नो प्रयोगका लागि पनि हुने भएकाले किसान त्यसतर्फ आकर्षित भएका हुन्। 'धान खेती गर्दा मुस्किलले प्रतिबिघा ५० हजार रुपैयाँ आम्दानी हुन्थ्यो,' उनले भने, '१० वर्षदेखि माछा उत्पादन र बिक्रीबाट प्रतिबिघा वार्षिक चार लाख बचत गर्दै आएको छु।' पुष्प भुसालले १५ बिघा धान खेत मासेर माछा पालन गरेका छन्। उनको पनि अनुभव उस्तै छ। धानले भन्दा माछाले राम्रो आम्दानी दिएको छ। बढैयातालमा करिब एक सय घरपरिवार विगत केही वर्षयता धान खेती छाडदै माछापालनमा आकर्षित छन्। परम्परागत खेतीबाट घरखर्च चलाउन धौधौ भएपछि व्यावसायिक माछापालन सुरु गरेका बढैयाताल-३ का रामनाथ थारुले थोरै समयमा पाछा पालन व्यवसाय गरेर राम्रो आम्दानी गर्न सफल भएको बताए। धान खेतीका लागि समयमा बीउ, मल र उचित सिँचाइ नपाएको भन्दै माछापालनतर्फ लागेको किसानको भनाइ छ। साबिक सोरहवा गाविसमा १ सय ५५ हेक्टरभन्दा बढी धान खेत मासेर यहाँका किसान मत्स्यपालनमा छन्। यहाँ दैनिक दुई टन माछा बिक्री हुने गरेको बढैयाताल मत्स्य ब्लक एवं मत्स्य व्यवसायी संघका अध्यक्ष लम्सालले बताए। दसैं, तिहार, माघीमा माछाको माग बढी हुन्छ। बढैयाताल गाउँपालिका पश्चिम तराईको माछाको हब हो। चार दशकअघिसम्म भारतको पश्चिम बंगाल र सिलगुढीबाट बढैयातालमा माछा खरिद गर्न व्यवसायी आउँथे। त्यस बेला सडक सन्जाल थिएन। यहाँका बूढापाका अनुसार रुपैडिहाबाट नेपालगन्ज हुँदै बढैयातालसम्म बयलगाडामा आइस (बरफ) राखेर माछा खरिद गरी नेपालगन्जबाट ट्रकमा लोड गरी लैजान्थे। अहिले सीमावर्ती भारत र यहाँ माछाको माग बढी भएपछि सिलगुढीका व्यवसायी आउन छाडेका छन्।

बढैयातालमा उत्पादन हुने माछाका लागि बजारको समस्या छैन। यहाँ उत्पादित माछा बाँके, सुर्खेत, दाङ, कैलालीलगायत जिल्लामा निकासी भएको प्रधानमन्त्री आधुनिकीकरण कृषि परियोजना कार्यालयले जनाएको छ। यहाँका माछा सीमावर्ती भारतीय बजारमा समेत खरिदबिक्री हुन्छन्। थोरै लगानी, कम मिहिनेत तथा छोटो समयमा धेरै आम्दानी हुने भएपछि बढैयातालका किसान माछापालनप्रति आकर्षित भएको कृषि ज्ञान केन्द्रका नायब प्राविधिक सहायक कमल तामाङले बताए। गत वर्षको तुलनामा माछाको निकासी बढेको उनले बताए। 'गत आवको असार मसान्तसम्म ३३ करोड रुपैयाँको माछा उत्पादन भएको छ,' उनले भने।

# समन्वय गर्दैनन् प्रदेश र संघीय संसद्

■ प्रतीक्षा काफ्ले (गण्डकी)

संघीय संसद् सचिवालय सिंहदरबारमा प्रदेशसभा सम्पर्क तथा समन्वय शाखा छ। तर प्रदेशहरूले उद्देश्यअनुरूप समन्वय नगर्दा शाखा प्रभावकारी बन्न सकेको छैन।

गण्डकी प्रदेशसभा सचिवालय उक्त शाखाबारे जानकार भए पनि अहिलेसम्म कुनै समन्वय नभएको सचिवालयका सचिव हरिप्रसाद बाँस्तोलाले बताए। 'कुनै विषयमा जानकारी लिन चाहे सचिव-सचिवबीच मौखिक कुराकानी हुन्छ,' उनले भने, 'शाखासँग त्यस्तो समन्वय भएको छैन।' शाखाले प्रदेशसभा सचिवालयलाई समन्वयका लागि फोकल पर्सन तोक्न भनेको थियो। सोहीअनुसार सचिवालयले शाखा अधिकृतसरहको व्यक्ति तोकेर पठाएको थियो। फोकल पर्सन र शाखाबीच पनि कुनै समन्वय भएको जानकारीमा नआएको बाँस्तोलाले बताए।

प्रदेश सचिवालय र संघीय संसद् सचिवालयका कर्मचारीबीच व्यक्तिगत चिनजानका आधारमा सम्पर्क भने हुने गर्छ। संघको अधिकार-सूचीमा रहेका विषयमा प्रदेश वा स्थानीय तहसँग र संघ-प्रदेशको साझा सूचीमा रहेका विषयमा प्रदेशसँग समन्वय गर्ने/गराउने काम शाखालाई तोकिएको छ। सभाको कार्यसञ्चालन प्रक्रिया वा जनशक्ति व्यवस्थापनमा प्रदेशसभा वा स्थानीय निकायबाट अनुरोध भए सहयोग गर्ने तथा प्रदेश र स्थानीय तह सचिवालयका कर्मचारीलाई आवश्यकताअनुसारको तालिम गर्ने/गराउने काम पनि शाखाको हो।

**सिंहदरबारस्थित प्रदेशसभा सम्पर्क तथा समन्वय शाखा प्रयोजनविहीन**

प्रदेशसभाका कर्मचारीले शाखामा कहिलेकाहीँ आईडी कार्ड र लोगोको नमुना तथा सांसदको फोन नम्बरजस्ता विषय सोध्छन्। समिति बैठक सञ्चालन, विधेयक निर्माणलगायत विषयबारे सोध्नुपरे संघीय सचिवालयका पदाधिकारीलाई सिधै सम्पर्क गर्छन्।

प्रदेशसभा र संघीय संसद् सञ्चालनका छुट्टाछुट्टै नियमावली छन्। संघीयसभा सञ्चालनसँग प्रदेशसभा सञ्चालनको कुनै सम्बन्ध छैन। प्रदेश सभामुख नेत्रनाथ अधिकारीले प्रदेशको नियमावलीमा रहेर काम गरिरहेकाले केन्द्रसँग खासै समन्वय आवश्यक नपर्ने बताए। अनौपचारिक सल्लाह र सुझाव लिने काम भने हुने उनको भनाइ छ। 'संघीय सभाको सचिवालयबाट कर्मचारी आएर प्रदेशसभा सचिवालयका कर्मचारीलाई तालिम दिने, बेलाबेलामा सिकाउने काम पनि भइरहेको छ,' अधिकारीले भने।

प्रधानमन्त्रीको नेतृत्वको अन्तरप्रदेश समन्वय परिषद्जस्तै अन्तर प्रदेशसभा परिषद् वा समिति बने काम गर्न थप सहज हुने उनको भनाइ छ। नियमावलीअनुरूप एउटै विधिबाट प्रदेशसभा सञ्चालन गर्ने गरिएको जनाउँदै अधिकारीले भने, 'आवश्यक परे नियमावली नै संशोधन गरेर अघि बढ्छौं नत्र नियमबाहिर रहेर काम गरेका छैनौं।' उनका अनुसार ३ पटकसम्म नियमावली संशोधन भइसकेको छ।


प्रदेशसभा सचिवालयमा विधेयक तथा कानुन शाखा छ। यसले प्रदेशसभा सञ्चालनका क्रममा कानुनी समस्या आइपरे आवश्यक सल्लाह दिन्छ। कानुन अधिकृत एवं शाखा प्रमुख राजेन्द्र न्यौपाने भन्छन्, 'सभामुखले कानुनमा अस्पष्ट भए हामीसँग सहकार्य गर्नु हुन्छ। हामी सहजीकरण गर्छौं। थप आवश्यक परे मुख्य न्यायाधिवक्तासँग कानुनी सल्लाह लिन सकिने प्रावधान छ।'

प्रदेशसभामा सभामुखको नेतृत्वमा कार्यव्यवस्था परामर्श समिति छ। समितिमा छलफल गरेर सभामुखले अन्य कानुनका विज्ञसँग पनि सल्लाह लिन पाउँछन्। 'नियमावलीमा सचिवालयको कानुन शाखासँगै मुख्य न्यायाधिवक्ता औपचारिक ढंगले नै राखेका छौं। उहाँले सिंगो सभालाई नै सुझाव दिनु हुन्छ। सुझाव लिने र नलिने सभाको कुरा हो,' सभामुख अधिकारीले भने। अहिले सभामुखसँग कानुनका उपसचिव र अधिकृत छन्। सभामुखका लागि कानुनी सल्लाहकार नियुक्त गर्ने तयारी रहेको प्रदेशसभा सचिवालयले जनाएको छ।

कांग्रेस सांसद कुमार खड्काले प्रदेशसभा सञ्चालन प्रदेशसभा नियमावलीमै अडिग रहेको बताउँछन्। कार्यव्यवस्था परामर्श समितिमा छलफल गरेर मात्र सभामुखले काम अगाडि बढाउने उनको भनाइ छ। 'प्रदेश संरचना नै नयाँ हो, खासै अनुभव र ज्ञान छैन,' सार्वजनिक लेखा समितिको सभापतिसमेत रहेका खड्का भन्छन्, 'साझा अधिकारको सूची छ।

संघसँग कानुन बाझिने गरी प्रदेशले पनि कानुन निर्माण गर्नुभएन। आवश्यकता भए पनि नयाँ कानुन निर्माण गर्न पाइँदैन। यसले गर्दा संघले नमुना कानुन बनाएर समन्वय गर्नुपर्ने हो।'

# सुत्केरीलाई सुत्केमानु



सुत्केरीलाई सुत्केमानु दिँदै गाउँपालिका उपाध्यक्ष राधिकाकुमारी रताला।
तस्बिर : वसन्तप्रताप/कान्तिपुर

■ वसन्तप्रताप सिंह (बझाङ)

छबीसपाथीभेरा गाउँपालिका-२ की तिनु दमाई सुत्केरी भएको एक महिना भयो। भारतका जंगलमा गएर लिसो (खोटो संकलन) टिप्ने र उनी सुत्केरी हुने बेलासम्म घर फिर्ने वाचासहित मंसिरमा घर छाडेका उनका श्रीमान् सोचे जस्तो कमाइ नभएको भन्दै फर्केका छैनन्।

निम्न आर्थिक अवस्थाको परिवारकी उनले सुत्केरी अवस्थामा आवश्यक पर्ने पोषणयुक्त खानाको जोहो गर्न सकेकी छैनन्। सुत्केरी भएको १५ दिनसम्म रगत बगेका कारण उनको शरीर कमजोर भएको छ। बेलाबेला आँखा तिर्मिराउँछन्। शरीर झमझमाउँछ। घरीघरी रिँगाटा लाग्छ। यसैबीच गाउँपालिकाले सुरु गरेको 'सुत्केरीसँग उपाध्यक्ष' कार्यक्रमले भने उनलाई थोरै भए पनि राहत दिएको छ।

छबीसपाथीभेरा गाउँपालिकाले सुरु गरेको यो कार्यक्रमअन्तर्गत दुई किलो घिउ, एक क्यारेट अन्डा र दुई किलो गेडागुडी पाउँदा उनको अनुहारमा ठूलै चमक देखिन्थ्यो। 'यति खाएपछि त तंग्रिन्छु कि ?' उनले भनिन्। अहिलेसम्म आफू राम्रोसँग उभिन पनि नसकेको उनले बताइन्। बिहानबेलुका कोरो रोटो (निस्तै रोटी) र भात मात्र खाने गरेको उनको भनाइ छ।

'घरका पुरुष भारततिर छन्। सलाई किन्न पनि हामीसँग पैसा हुन्न,' अर्की सुत्केरी झल्लादेवी धामीले भनिन्, 'घरमान्छे नभए पनि गाँउपालिकाले हेरेको छ।' गाउँपालिकाले यो वर्ष मात्र ५६ जना सुत्केरीलाई उपहारस्वरूप सुत्केमानु दिइसकेको छ। २०७८ सालसम्म कुपोषणमुक्त हुने उसको लक्ष्य छ। सोहीअनुसार सुत्केमानु वितरण गरिएको गाउँपालिकाले बताएको छ।


## बर्गिकृत डिस्प्ले

**क्यान्सर**
सबै प्रकारको क्यान्सर
एलोपेथीक उपचारबाट निराश भएकाहरुको लागि सहज उपचार
नशा, स्त्रीरोग, बाथ, पायल्स, युरिक एसिड र माइग्रेन समेत
जडिबुटीबाट परम्परागत उपचार पद्धतिको एउटैमात्र केन्द्र
राजवैद्य रामलाल श्रेष्ठ
परम्परा दिव्य आयुर्वेदिक औषधालय
बौद्ध, काठमाडौं
01-4917152, 9803073093

**Affiliated to CTEVT**
**होटल तालीम**
100% Placement in Nepal/Abroad
Cook, Waiter, Bakery, Coffee Making, Front Office, Housekeeping, Bar
Cook (Special Tandoori and Naan) & many more
Commercial Cooking (Culinary Arts)/Hotel Mgmt.
(Technical Support with Euroskills)
5 Star होटलहरुमा तालिम दिइने
ओरिएण्टल हस्पिटालिटी
नयाँ बानेश्वर, एभरेष्ट होटलसँगै
सम्पर्क: ४७८६८०१, ४७८७१७८

**भाडामा**

काठमाण्डौं नारायणटार स्थित दक्षिणढोका चोक ह्याप्पी होम कम्पेक्समा अतिउपयुक्त पार्किङ्गको सुबिधा भएको बैंक तथा वित्तिय संस्थाको लागी हल र पसलको लागी सटरहरु भाडामा छ।
सम्पर्क : ९८४१०७२७४७, ९८५१०७४३१३, ९८४११८४५८१

**चाहियो**
काठमाण्डौको एक मुख्य स्थानमा एक व्यवसायिक भवन चाहियो। मुल्य बढीमा रु. दश करोड सम्म।
भवनको फोटो लगायत अन्य विवरण इमेल मार्फत पठाईदिनु होला।
indira72@gmail.com
Mobile: 9864337434

**भाडामा**
वीणामार्ग, तीनधारा, दरवारमार्ग स्थित
I.J. Plaza
Ground Floor
2650 Sq.Ft.
सम्पर्क ४२५२८०१-४, ९८४१२२२०३९

**निर्माणको लागि सम्पर्क**
घर/भवन निर्माण, ग्राउटिङ्ग, वाटरप्रुफिङ्ग, प्लम्बिङ्ग, रङ्गरोगन, वायरिङ्ग, ट्रस निर्माण, बगैंचा निर्माणको साथै नर्सरी सम्बन्धी कार्यका लागि सम्पर्क।
अल ओभर कन्स्ट्रक्सन प्रा.लि.
चावहिल, काठमाडौं
सम्पर्क: ०१-४४८०७८६
९८५११५४४३२, ९८५११५४४३४

**WANTED**
FMCG COMPANY को लागि
Area Sales Manager
Sales Officer
Sales Supervisor
चाहिएकोले काम गर्न इच्छुकले पदसहित आफ्नो विवरण खुलाई robinexim@gmail.com मा इमेल गर्नुहोस्।

**WANTED**
For a reputed +2 in College
Canteen Head Cook
Salary: Attractive
Experience : Min. 3 years
Contact : 9841644161
Send your CV with expected salary at: collegeadvusa@gmail.com

स्वदेशमै उत्पादित गुणस्तरीय
**सोलार वाटर हिटर**
सस्ता आयातित तथा न्यून गुणस्तरीय सोलार जडान गरेको केही बर्षमा नै बिग्रेर हैरान हुनुहुन्छ ??
महर्जन मेटल इण्डष्ट्रिज
टेकु, काठमाडौं,
४२६२०३२/ ४२४३५३७
९८०१०३८५३६/ ९८०१०३८५४०

**यौन-शक्ति बर्द्धक**
यौन दुर्बलता कमजोरी हटाई EXTRA TIME बढाई यौनशक्ति बढाउने विश्वस्तरिय HERBAL SUPPLIMENT. GERMAN, USA, LONDON PRODUCTS ARE AVAILABLE (80 वर्षसम्म)
जाँड-रक्सी कुलत थाहै नदिई छुटाउने
स्तन बढाउने घटाउने, गुप्तांक टाइट गर्ने, मोटोपन घटाउने बढाउने।
हाइट बढ्ने स्टेपअप
FREE HOME DELIVERY ALL OVER NEPAL
9851147810, 9818941842

**सेक्युरिटी अर्जेण्ट**
तालिम गरेका/नगरेका महिला पुरुष सेक्युरिटी गार्डहरू चाहियो
तलब: १६,०००-१८,००० डे, नाइट, खाना बस्न, पार्ट टाईम, फुल टाईम जुन गरे पनि आफ्नो एरियामा पाइनेछ।
योग्याता: साधारण लेखपढ
९८१८७७५१३६
९८१३२८२१४१
नोट: १००% जब ग्यारेण्टी, विदेश जानको लागि तालिम र प्रमाण पत्र दिइन्छ।

**१००% जब ग्यारेन्टी सेक्युरीटी अर्जेन्ट**
तालीम गरेका/नगरेका महिला/पुरुष सेक्युरिटी गार्ड चाहियो
पुरुष-४८ जना, महिला-११ जना
(खानेबस्ने सुविधा, डे-नाइट, पार्टटाइम-फुलटाइम जुन गरेपनि मिल्ने, ड्युटी स्थान आफूलाई पायक पर्ने ठाउँमा)
तलब: १६,००० देखि १८,००० सम्म
योग्यता: साधारण लेखपढ।
(विदेश जानेलाई तालीम र प्रमाणपत्र दिइन्छ)
9808772301
9808772461

**चाहियो चाहियो चाहियो**
Construction Materials को Marketing का लागि Sales Executive चाहियो।
MBA र अनुभवीलाई बिशेष ग्राहयता दिइने छ
सम्पर्क: 9801087911, 01-4112224

**WANTED**
1. Manager - 1 Female
2. PRO - 5 M/F
मेनपावर क्षेत्रमा कम्तीमा २ बर्ष को अनुभव भएको हुनुपर्नेछ। Manager को माशिक तलब रू. २५,००० + कमिशन र PRO को माशिक तलब रू. १५,००० हुनेछ।
Contact: 9841079633
Mail: dilsamsung2005@gmail.com

**जग्गा बिक्रिमा**
शंखमूलको आकर्षक कमर्शियल जग्गा
बिक्रिको जग्गा 0-4-1-3
कोटेश्वर जाने बाटो
नयाँबानेश्वर, सनराइज बैंक, शंखमूल पुल
Contact: 9855067183, 9849326179

**आवश्यकता**
एक प्रतिष्ठित रेष्टुरेन्टको लागि निम्न कर्मचारीहरुको तुरुन्त आवश्यकता।
१. दक्ष मेनेजर -१
२. अनुभवी वेटर -२
३. मार्केटिङ्ग अफिसर -२
न्यू ठमेल मनास्लु बेकरी एण्ड रेष्टुरेन्ट
९८४१५४१२२६ (लीला थापा)
९८५१०३४१६९, ०१-४१५२०६०

फ्रि-होम डेलिभरी
**यौन-शक्ति**
यौन सम्बन्धी सम्पूर्ण समस्याहरूको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरू
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहै नदिई छुटाउन
चाँयापोतो डण्डीफोर चाउरीपना हटाउन
STEP-UP हाईट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना घटाउन-बढाउन
SEX-TOYS पनि पाईन्छ
कपाल झर्न रोकी पुनःउमार्न-Hair Building Fiber
★हेलो शप नेपाल★
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This Is Food Supplement Products, Not For Medicinal Use

**51 कर्मचारीहरु अर्जेन्ट**
काम: अफिसभित्रै
No interview, 100% Job
योग्यता: Test, SLC, +2 साधारण लेखपढ गर्न जान्ने/नजान्ने
सुविधा:- गाडीभाडा:-१००।- खाजा:-१००।-
तलब: १७,५००-४६,५००।-
समय:-9 to 4:00PM/ 12 to 4:00 PM
बसुन्धारा, काठमाडौं
9823064266, 9843325340
महिला/गृहिणीलाई घरैमा कामको व्यवस्था

**आवश्यकता**
विजयादशमीको पावन अवसरमा AHRM Group को १४ औं शाखा विस्तारको लागि थप कर्मचारी चाहियो।

| पद | संख्या | योग्यता | तलब |
| --- | --- | --- | --- |
| सुपरभाइजर | ६ | +2 Pass | 17500/- |
| अफिस स्टाफ | १० | SLC/+2 Above | 14000/- |
| स्टोर किपर | ६ | +2 Run | 14000/- |
| रिसेप्सनिष्ट | ६ | SLC/+2 Above | 14000/- |

थप सुविधा: गाडीभाडा, खाजा, बस्ने व्यवस्था

| कोटेश्वर | चावहिल |
| --- | --- |
| 9843945221 | 9851124539 |
| 9801203446 | 9801203445 |

नोट: Experience नभएकालाई Free Training को व्यवस्था

नेपाल सरकारबाट मान्यता प्राप्त
**८५ कर्मचारीहरु अर्जेन्ट**
काम: अफिसभित्रै
No interview, 100% Job
योग्यता: Test, SEE, +2 साधारण लेखपढ गर्न जान्ने/नजान्ने
सुविधा:- गाडीभाडा:-१००।- खाजा:-१००।-
काम: कम्प्यूटर/उत्पादन सेक्टर
तलब:- Parttime: 24,500/- Fulltime: 48,500/-
समय: 12 to 4PM/9 to 5PM
चावहिलचोक
इजिलिंक नेपाल प्रा.लि.
9803434644, 014483414
9866446837

**बर्गिकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने**
श्याम स्वेत: रु. ३०००/-*
स्पट कलर: रु. ३५००/-*
मल्टि कलर: रु. ५०००/-*

घर बिक्रिमा

गाडि बिक्रिमा


जग्गा बिक्रिमा
* उपरोक्त दररेटहरुमा मूल्य अभिवृद्धि कर समावेश गरिएको छैन।

कार्यस्थलतर्फ
कपिलवस्तुका कामदार एक्का चढेर काममा जाँदै ।



ekantipur.com

# अर्थ वाणिज्य

# डिपोबाट इन्धन चोरी

राजु चौधरी (काठमाडौं)

नेपालगन्ज डिपोबाट पेट्रोलियम पदार्थको स्टक ट्रान्सफरमा इन्धन चोरी हुने गरेको पाइएको छ । स्टक ट्रान्सफर भैसकेका टैंक ट्रकहरूलाई डिपोबाहिर पाकिङ गर्दा सबैजसो टैंक ट्रकहरूमा अस्वाभाविक परिमाणमा नोक्सान देखिएको हो ।

राप्ती अञ्चल पेट्रोलियम डिलर्स एसोसिएसनले भदौ महिनामा चेकजाँच गर्दा अधिकाश टयांकरबाट इन्धन चोरी भएको पाइएको हो । 'डिपोबाहिर पार्किङको अवस्था हेर्दा गैर कानुनी कार्य सबै रातको समयमा हुने देखिन्छ,' एसोसिएसनले आयल निगमलाई पठाएको पत्रमा भनिएको छ, 'स्टक ट्रान्सफर भैसकेका सम्पूर्ण टयांकर-ट्रकहरूलाई नेपालगन्ज डिपोभित्र पार्किङ गर्न व्यवस्थाका साथै आवश्यक छानबिन गरी कारबाहीका लागि पहल गरिदिन अनुरोध छ ।'

निगमका अनुसार नेपालगन्जमा भारतको गोन्डाबाट इन्धन आयात हुन्छ । गोन्डाबाट नेपालगन्ज डिपोसम्म आउँदा सबै टयांकरमा लकिङको व्यवस्था गरिएको छ । तर आन्तरिक ढुवानीमा लकिङ नहुँदा समस्या भएको निगमका प्रवक्ता वीरेन्द्र गोइतले बताए । 'गोन्डाबाट आयात हुने इन्धन १ सय २० टयांकर मार्फत दाङ, नेपालगन्ज र सुर्खेतमा ढुवानी हुन्छ,' प्रवक्ता गोइतले भने, 'गोन्डाबाट आयात हुँदा लकिङ हुन्छ । नेपालगन्ज डिपोबाट दाङ पठाउँदा लकिङको सुविधा छैन । त्यसैले चोरी भएको हुन सक्छ ।' उनले चोरी भएको पुष्टि भए कानुनअनुसार कारबाही हुने बताए ।

**डिपोबाहिर पार्किङमा राखिएका टयांकरबाट राति इन्धन झिकियो**

तापक्रम बढ्दा इन्धनको मात्रा बढ्छ । तापक्रम घट्दा इन्धन खुम्चिने हुँदा तौलमा फरक पर्दैन । चेकजाँचको क्रममा तापक्रम बढ्दा पनि इन्धन घटेको पाइएको हो । एसोसिएसनका अनुसार भदौ महिनामा टयांकर-ट्रकहरू दाङ डिपोभित्र चेकजाँच गर्दा भे१ख २६३८ ले स्टक ट्रान्सफर भई ल्याएको तापक्रममा १.५ डिग्री सेन्टिग्रेड तापक्रम नोक्सान थियो । १.५ डिग्री नोक्सान हुँदा डिजेलको मात्रा २२ देखि २३ लिटर घटेको थियो । ना४ख मा ५१६२ नम्बरको टयांकरको तापक्रम लस २ डिग्री थियो । तर, डिजेल प्रतिचेम्बर २ पोइन्टका दरले बढेको उल्लेख थियो । ना४ख ६२२६ नम्बरको टयांकरमा तापक्रम लस ३.५ डिग्री पुगेको थियो । ३.५ डिग्री नोक्सान हुँदा पेट्रोलको मात्रा १ सय ९५ लिटर घटेको पत्रमा उल्लेख छ । यो अस्वाभाविक रहेको एसोसिएसनका अधिकारीहरू बताउँछन् ।

ना४ख ७१४ मा तापक्रम ३ डिग्री बढेको थियो । सामान्यतया तापक्रम बढ्दा इन्धनको मात्रा बढ्ने पेट्रोलियम डिलर्स एसोसिएसनका अध्यक्ष लीलेन्द्र प्रधानले बताए । तर, उक्त टयांकरमा तापक्रम बढेको पाइए पनि डिजेलको मात्रा ४२ लिटर घटेको उल्लेख छ । मिक्सलोड भएको ना५ख ९४६ टयांकरमा तापक्रम बराबर भए पनि चारवटा चेम्बरमा ३९ लिटर डिजेल घटेको उल्लेख छ । पेट्रोलको तापक्रम ७ डिग्री बढ्दा पनि २ पोइन्ट मात्र बढेको एसोसिएसनले जनाएको छ । ना४ख ७३ नम्बरको टयांकरको तापक्रम लस १ डिग्री भएकोमा ५१ लिटर पेट्रोल घटेको जनाएको छ । ना५ख ७३६ नम्बरको टयांकरको तापक्रम ३ डिग्री बढे पनि डिजेलको मात्रा २१ लिटर घटेको छ ।

ना६ख ११२ नम्बरको टयांकरमा तापक्रम २ डिग्री बढेको थियो । उक्त टयांकरमा डिजल बराबर रहेको उल्लेख छ । मिक्सलोड मा ना७ख ९५४३ मा तापक्रम २ डिग्री बढेर पनि डिजल बराबर नै छ । पेट्रोलको तापक्रम ५ डिग्री बढ्दा भने उक्त टयांकरमा रहेको पेट्रोल १५ लिटरले घटेको उल्लेख छ । 'ना५ख ७२३ नम्बरको टयांकर मा तापक्रम १ डिग्री घट्दा पेट्रोल ४८ लिटर घटेको छ । ना३ख १०५८ मा तापक्रम १ डिग्री मात्र बढ्दा पेट्रोल ९० लिटर बढेको छ । ना३ख ९७७१ मा चेम्बर नम्बर ५ मा मात्र अस्वाभाविक १.१ सेमि घटेको देखिन्छ,' पत्रमा भनिएको छ ।

बाँकी पृष्ठ १४

# रेल स्टेसनका लागि २ सय कर्मचारी माग

विमल खतिवडा (काठमाडौं)

रेल आउने समय नजिकिए पनि विभिन्न स्टेसनका लागि चाहिने कर्मचारीको व्यवस्थापन अहिलेसम्म हुन सकेको छैन । रेल विभागले कात्तिक अन्तिमसम्म रेल आउने दाबी गर्दै कर्मचारी माग गरेको छ । विभागका महानिर्देशक बलराम मिश्रका अनुसार दुई महिनाअघि नै करिब २ सयभन्दा बढी कर्मचारी माग गर्दै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय पठाइएको छ ।

'रेल स्टेसनका लागि संगठनको संरचना बनाएरै कर्मचारी माग गरेका छौं,' उनले भने, 'सबै कर्मचारी रेल सञ्चालनका लागि हो, माग स्वीकृतिको क्रममा छ,' उनले कर्मचारी राख्ने प्रक्रिया लामो हुने बताए ।

भौतिकले कर्मचारी मागबारे अर्थ मन्त्रालय, कानुन न्याय तथा संसदीय मन्त्रालय, लोकसेवा आयोगमा पठाएको छ । 'हामीलाई २ सयभन्दा बढी कर्मचारी चाहिन्छ,' मिश्रले भने, 'एउटा स्टेसनमा १२ देखि १५ जनासम्म कर्मचारी चाहिने हुन्छ ।' जयनगर-जनकपुरदेखि बर्दिबाससम्म रहेका स्टेसनका लागि कर्मचारी चाहिएको हो । 'स्टेसनअनुसार कर्मचारी थप्नुपर्ने हुन्छ,' उनले भने, 'तर माथिल्लो तहमा कर्मचारी थपिने छैनन ।' कार्यस्थलमा मात्र कर्मचारी थपिँदै जानेछन् । जयनगर, इनरुवा, खजुरी, मैनाथपुर, बैदेही, पर्वा, जनकपुर, कुर्था, प्रिपाडी, बिजलपुरासम्ममा कर्मचारी चाहिने हुन्छ ।

'कात्तिक अन्तिमसम्म रेल आउने निश्चित छ,' उनले भने, 'हामीलाई जति सक्दो चाँडो कर्मचारीको माग स्वीकृत भइदिए हुन्थ्यो भन्ने हो, चाँडो भर्ना प्रक्रिया अगाडि बढाउने थियौं ।' विशिष्ट प्राविधिक कर्मचारी भारतबाटै ल्याइनेछ । 'यसका लागि प्रस्ताव पनि आइसकेको छ,' उनले भने, 'त्यसैले जति कर्मचारी माग गरेका छौं, ती सबै नेपालका लागि मात्र हो ।'

पहिलो चरणमा रेल भारतको जयनगर-जनकपुरअन्तर्गत कुर्था खण्डसम्म चल्नेछ । पछि कुर्थादेखि बिजलपुरासम्म पुग्नेछ । ३४ किमि क्षेत्रको कुर्थासम्म काम सकिसकेको छ । उक्त खण्डमा रेल गुडाएर परीक्षणसमेत गरिसकिएको छ । कुर्थादेखि बिजलपुरासम्म १७ किमि छ । बिजलपुरादेखि बर्दिबाससम्म रेल गुड्न भने समय लाग्नेछ । जयनगरबाट बर्दिबाससम्म ६९ किमिको रेल्वे नेटवर्क बन्नेछ ।

उक्त स्थानमा गुड्ने दुई सेट रेलको अहिले भारतमा निर्माण भइरहेको छ । 'रेल गुड्ने ठाउँ तयार भइसकेको छ,' उनले भने, 'दुई सेट रेलको निर्माण चाँडो सक्न हामीले ताकेता गर्दै आएका छौं, काम तीव्र रूपमा भइरहेको जानकारी पाएका छौं ।' रेल सेट खरिदका लागि कुल ८४ करोड ६५ लाखमध्ये २० प्रतिशत रकम बैंक खाता मार्फत पठाइसकिएको छ । रेलको एक सेटमा पाँचवटा डिब्बा रहनेछन् । ती डिब्बामा एक पटकमा करिब १३ सय यात्रु अटाउनेछन् ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव देवेन्द्र कार्कीका अनुसार नियम कानुनका लागि अर्थ, कानुन, लोकसेवा पठाइएकोमा अर्थबाट स्वीकृत भएर आइसकेको छ । 'सहमति गर्ने ठाउँहरूमा पठाइसकिएको छ, कहीँबाट आएको छ, कहीँबाट आएको छैन,' उनले भने, 'कर्मचारीका सम्बन्धमा छिट्टै टुंगिएला, धेरै समय लाग्ने छैन ।'

# विदेशी लगानी साढे २५ प्रतिशतले घट्यो

यज्ञ बञ्जाडे (काठमाडौं)

गत वर्ष मुलुकमा १३ अर्ब ७ करोड रुपैयाँबराबर प्रत्यक्ष विदेशी लगानी (एफडीआई) भित्रियो । यो गत वर्षको तुलनामा २५ प्रतिशतले कम हो । आर्थिक वर्ष ०७४/७५ मा यस्तो लगानी ३० प्रतिशतले बढेको थियो ।

गत आर्थिक वर्षको बाह्रै महिना विदेशी लगानी घट्यो । विदेशी लगानी बढाउन सरकारले थुप्रै नीतिगत र व्यावहारिक सुधार भएको दाबी गरिरहेको वर्षका सबै महिनामा विदेशी लगानी घटेको हो । त्यसो त गत वर्ष सरकारले लगानी सम्मेलन पनि गरेको छ । सम्मेलनमा विभिन्न राष्ट्रका चार दर्जनभन्दा बढी लगानीकर्ताको सहभागिता थियो । सम्मेलन मार्फत करिब ३० खर्ब रुपैयाँ विदेशी लगानी भित्र्याउने महत्त्वाकांक्षी लक्ष्य सरकारले राखेको छ । यथार्थमा मुलुक भित्रिएको कुल विदेशी लगानी भने निरन्तर घट्दो छ । आर्थिक वर्ष ०७४/७५ मा कुल १७ अर्ब ५५ करोड रुपैयाँ बराबर विदेशी लगानी नेपाल भित्रिएको थियो ।

सरकारले नीतिगत सुधार गरेको जनाए पनि लगानीकर्ता विश्वस्त हुने आधार विकास भइनसकेकाले विदेशी लगानी बढन नसकेको अर्थविद्हरू बताउँछन् । 'विदेशी लगानीकर्ताले नेपालको लगानी वातावरणलाई पत्यार गरेनन्,' अर्थविद् केशव आचार्यले भने, 'एकद्वारा प्रणालीका लागि कार्यालय खोलिए पनि पर्याप्त कम्प्युटर पनि राख्न सकिएको छैन । अरू सुविधा अपेक्षा कसरी गर्ने ?'

पछिल्ला तीन वर्षमा बैंकिङ प्रणालीमा देखिएको तरलता समस्या, त्यसले सिर्जना गरेको उच्च ब्याजदर पनि विदेशी लगानी घट्नुको कारण रहेको जनाउँदै उनले थपे, 'गैरजिम्मेवार प्रशासनतन्त्र र पैसा खान खोज्ने प्रवृत्तिले विदेशी लगानीकर्ताले नेपालको लगानी वातावरणमा विश्वास गर्न सकेका छैनन् ।'


नेपालमा विदेशी लगानी घट्दै जानुमा नेपाली उद्योगी व्यवसायी (लगानीकर्ता) पनि जिम्मेवार रहेको आचार्यको तर्क छ । 'विदेशी लगानी आउँदा आफ्नो भाग खोसिदिन्छ कि भन्ने प्रवृत्ति घरेलु लगानीकर्तामा देखिन्छ,' उनले भने, 'आउन लागेको विदेशी लगानी रोक्न नेपाली लगानीकर्ताबाट भएका प्रयासले त्यो पुष्टि हुन्छ ।' विदेशी लगानी प्रोत्साहन गर्नका लागि सरकारले हेजिङ नियमावली बनाए पनि अझै कार्यान्वयन हुन नसक्नु नै सरकारको कमजोरी भएको उनले आरोप लगाए ।

गत वर्षभरि विदेशी लगानी घटे पनि यो वर्ष वृद्धिको सम्भावना रहेको दाबी रहेको राष्ट्र बैंकले जनाएको छ । ठूलो परिमाणमा विदेशी लगानी भित्र्याउनका लागि राज्य स्तरबाटै विभिन्न सुधारका प्रयास भएकाले आउँदा दिनमा लगानी बढ्ने राष्ट्र बैंक अनुसन्धान विभाग प्रमुख गुणाकर भट्टले बताए । 'नीतिगत तथा प्रक्रियागत सुविधाहरू भएका छन्,' उनले भने, 'यसकारण आउँदा वर्ष विदेशी लगानी बढ्नुपर्छ ।'

मुलुकको बृहत् आर्थिक परिसूचकमा उच्च दरको सुधार र अर्थतन्त्रको संरचनात्मक परिवर्तन ल्याउने प्रमुख कारकका रूपमा एफडीआई उपयुक्त विकल्पका रूपमा देखिएको छ । यसकारण मुलुकमा आशातीत आर्थिक वृद्धि प्राप्त गर्नका लागि लगानीसम्बन्धी नीतिमा सरलीकरण गर्नुपर्ने विज्ञहरूको सुझाव छ । यसो हुन सके निकट भविष्यमा विदेशबाट ठूलो लगानी भित्रिने सम्भावना रहेको उनीहरूको भनाइ छ ।

अघिल्लो आर्थिक वर्षको अन्त्यमा विदेशी लगानी वृद्धिदर करिब ३० प्रतिशत रहे पनि गत वर्ष सुरुदेखि नै लगानी उच्च दरले घट्यो । जसमध्ये अघिल्लो वर्षको तुलनामा ०७५ असारमा कुल विदेशी लगानी साढे ९३ प्रतिशतले घट्यो । त्यसपछिका महिनामा यस्तो वृद्धिदर निरन्तर रूपमा घटिरह्यो । गत चैतसम्म आइपुग्दा विदेशी लगानीको वृद्धिदर करिब ५१ प्रतिशतले ऋणात्मक थियो । त्यसपछिका महिनामा विदेशी लगानीको वृद्धिदर घटे पनि सुधार भएन । यसकारण गत वर्षको बाह्रै महिना विदेशी लगानी वृद्धिदर ऋणात्मक रह्यो । आर्थिक वर्षको अन्तिम महिना (असार) मा यस्तो वृद्धिदर साढे २५ प्रतिशतले ऋणात्मक रहेको राष्ट्र बैंकको तथ्यांक छ ।

**प्रत्यक्ष विदेशी लगानी**




### तीन वर्षमा ३७ अर्ब विदेशी लगानी

गएको तीन वर्षमा करिब ३७ अर्ब रुपैयाँ मात्र भित्र्याएको छ । उक्त अवधिमा आएको विदेशी लगानी अपेक्षाभन्दा निकै कम हो । राजनीतिक अस्थिरता समाप्तिसँगै ठूलो परिमाणमा विदेशी लगानी आउने अपेक्षा रहे पनि लगानीमैत्री वातावरण र घूसखोरी सोचका कारण धेरै लगानी आउन नसकेको जानकारहरू बताउँछन् ।

विगत तीन वर्षमध्ये गत वर्ष सबैभन्दा बढी १७ अर्ब ५१ करोड रुपैयाँ विदेशी लगानी आयो । त्यसअघिका दुई वर्ष क्रमशः १३ अर्ब ५० करोड रुपैयाँ र ५ अर्ब ९२ करोड रुपैयाँ विदेशी लगानी आएको राष्ट्र बैंकको तथ्यांक छ । राजनीतिक अस्थिरता सकिए पनि केन्द्रीय सरकारदेखि स्थानीय तहसम्मको व्यवहार र सोच नसुध्रिएकाले विदेशी लगानीकर्ता आउन नचाहेको अर्थविदहरूको आरोप छ ।

खासगरी जलविद्युत्, पर्यटन, प्राविधिक शिक्षा, स्वास्थ्यमा विदेशी लगानीको ठूलो सम्भावना छ । ती क्षेत्रमा लगानी बढाउनका लागि एकद्वार लगानी नीति र लगानी परिचालन तथा व्यवस्थापनसम्बन्धी व्यवस्थामा सरलीकरण गर्नुपर्ने जानकारहरू बताउँछन् । राष्ट्र बैंकको अध्ययन प्रतिवेदनअनुसार ३९ वटा राष्ट्रबाट २ सय ५२ वटा कम्पनीमा एफडीआई भित्रिँदै आएको छ । यी कम्पनीमा करिब डेढ खर्ब रुपैयाँ विदेशी लगानी रहेको सरकारी तथ्यांक छ ।

नेपाल भित्रिएको कुल एफडीआईमध्ये सबैभन्दा बढी वेस्टइन्डिज' बाट आएको देखिन्छ । टयाक्स हेवन मानिने सो राष्ट्रबाट अघिल्लो वर्ष कुल लगानीको करिब साढे ४६ प्रतिशत एफडीआई भित्रिएको छ । यो सबै सेवा क्षेत्रमा आएको हो । कर तिर्नु नपर्ने र आम्दानीको स्रोत नखोजिने भएकाले सो राष्ट्रबाट भित्रिने एफडीआई धेरै रहेको जानकारहरू बताउँछन् । यो राष्ट्रबाट आएको सबै विदेशी लगानी सेवा क्षेत्रमा मात्र आउनुले पनि केही हदसम्म उक्त कुरा पुष्टि हुने उनीहरूको दाबी छ ।

# विद्युत् आयोजनाको अनुमति प्रतिस्पर्धाबाट मात्रै

विजय तिमल्सिना (काठमाडौं)

विद्युत् आयोजनाको अनुमतिपत्र प्रतिस्पर्धाबाट मात्रै दिने व्यवस्थासहित ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले विद्युत् ऐनको मस्यौदा तयार पारेको छ । विद्युत् आयोजनाको अनुमतिपत्र पूर्वयोग्यता खुलाई वा नखुलाई प्रतिस्पर्धा गराउन सकिने प्रावधान मस्यौदामा राखिएको छ ।

प्रतिस्पर्धाका लागि मन्त्रालयले तोकिएबमोजिमका विवरणहरू उल्लेख गरी तोकिएबमोजिम सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नुपर्ने व्यवस्था मस्यौदामा गरिएको छ । मस्यौदामा ३ मेगावाटसम्म जडित क्षमताको विद्युत् आयोजनाको हकमा स्थानीय तह, तीनदेखि २० मेगावाटसम्म जडित क्षमता भएका विद्युत् आयोजनाको हकमा प्रदेश सरकारले अनुमति जारी गर्ने प्रस्ताव गरिएको छ ।

ऐन बन्नुअघि सर्वेक्षण अनुमति पाएका संस्था वा कम्पनीले त्यस्तो अनुमतिको अवधिभित्रै विद्युत् उत्पादन वा प्रसारण अनुमति प्राप्त गर्न निवेदन दिएमा वा सरकारको ५१ प्रतिशतभन्दा बढी स्वामित्व भएको संस्थाले विकास तथा सञ्चालन गर्ने भनी पहिचान भएको विद्युत् आयोजनाबिना प्रतिस्पर्धा दिन सकिने मस्यौदामा प्रस्ताव गरिएको छ ।

सरकारले वा विदेशी सरकार वा दातृ निकायले संयुक्त वा एकल लगानीमा विकास गर्ने विद्युत् आयोजनाको लागि पनि बिनाप्रतिस्पर्धा अनुमति दिन सकिने प्रस्ताव गरिएको छ । ऐनको मस्यौदामा विद्युत्को उत्पादन, प्रसारण, वितरण वा व्यापारका लागि एउटै निकाय वा संस्थालाई एकभन्दा बढी प्रयोजनका लागि अनुमति नदिइने उल्लेख गरिएको छ । 'अनुमतिपत्र प्राप्त संस्था आफैंले उत्पादन गरेको विद्युत् प्रसारण गर्ने प्रयोजनका लागि प्रसारण अनुमति प्रदान गर्न बाधा पुऱ्याएको मानिने छैन,' मस्यौदामा भनिएको छ ।

**३ मेगावाटसम्मका आयोजना स्थानीय तह र २० मेगावाटसम्मका आयोजना प्रदेशबाटै स्वीकृति– विद्युत् उत्पादन सुरु नगरेसम्म अनुमतिपत्र पाएको संस्थाले २५ प्रतिशतभन्दा बढी सेयर बिक्री गर्न नपाउने**

राष्ट्रिय ग्रिड नपुगेको क्षेत्रमा विद्युत् उत्पादन गरी त्यस्ता क्षेत्रमा विद्युत् बिक्री वा वितरण गर्ने भएमा, उत्पादित विद्युत् प्राविधिक कारणले राष्ट्रिय ग्रिडमा जोड्न नसकिएमा वा उत्पादित सबै विद्युत् निर्यात गर्ने भएमा एकभन्दा बढी प्रयोजनका लागि अनुमति दिन सकिने प्रस्ताव मस्यौदामा गरिएको छ ।

जलस्रोतबाट विद्युत उत्पादन गर्न बढीमा ३५ वर्ष, अन्य स्रोतबाट विद्युत् उत्पादन गर्न २५ वर्ष र विद्युत् निर्यातका लागि बढीमा तीन वर्षसम्म अनुमति दिन सकिने व्यवस्था प्रस्ताव गरिएको छ । जलाशययुक्त संरचना निर्माण गर्नेलाई भने बढीमा ५ वर्षसम्म अनुमतिपत्र अवधि थप गर्न सकिने प्रावधान प्रस्ताव गरिएको छ ।

अनुमति प्राप्त संस्थाले अनुमतिको अवधि समाप्त भएपछि संरचना चालु हालतमा सरकारलाई हस्तान्तरण गर्नुपर्ने र एक वर्षअघिदेखि नै सम्बन्धित निकायका कर्मचारीलाई सञ्चालनमा संलग्न गराई प्रविधि हस्तान्तरण गर्नुपर्ने प्रावधान पनि मस्यौदामा राखिएको छ ।

बाँकी पृष्ठ १५



# राति खुल्दैनन् एटीएम

सुवास विडारी (मकवानपुर)

हेटौंडा-४, कमलाडाँडाका गम्भीर बर्तौला शनिबार राति करिब ११ बजे विद्युतीय भुक्तानी कार्ड (एटीएम) बाट पैसा झिक्न पूरै हेटौंडा घुम्दा पनि पाएनन् । काभ्रेस्थित छिमेकी विकास बैंकमा कार्यरत रहेका बर्तौलाले रातको समयमा पैसा निकाल्न नपाएपछि साथीहरूलाई फोन गरेर समस्या समाधान गरे ।

बर्तौला उदाहरण मात्र हुन् । पछिल्लो समय हेटौंडा प्रदेश ३ को मुकाम भएसँगै आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढिरहेको छ । यस्तो अवस्थामा हेटौंडाका बैंकहरूबाट अधिकांश एटीएम प्रयोगकर्ताहरूले रातको समयमा पैसा निकाल्न नपाएको गुनासो गरिरहेका छन् । हेटौंडामा वाणिज्य र विकास बैंक गरी कुल ३२ वटा बैंकले एटीएम सेवा प्रदान गरिरहेका छन् ।

'हामीले हेटौंडामा रातिको समयमा दस बजेपछि मात्र एटीएमको सटर झार्ने गरेका छौं । आपत्कालीन अवस्थामा सेक्युरिटी गार्डहरूले सटर खोलेर सेवा दिएका पनि छन्,' हेटौंडा बैंकर्सका संयोजक रमेश प्याकुरेलले भने । उनका अनुसार रातको समयमा एटीएमबाट बैंकिङ कारोबार लगभग शून्य देखिएकाले सञ्चालन नगरिएको हो ।

'एटीएम मेसिन रातको समयमा सञ्चालनमै रहेको हुन्छ । सटर भने झारिएको हुन्छ । कारोबार नै न्यून भएकाले सेक्युरिटी गार्डहरूले सटर लगाउने गरेका छन्,' उनले भने । राति दस बजेबाट बिहान ५ बजेसम्म एटीएमका सटरहरू बन्द गरिन्छ । बैंकहरूले रात परेसँगै एटीएम सेवा बन्द गर्ने भएकाले रातको समयमा पैसा निकाल्न हेटौंडामा असम्भव नै रहेको उद्योग वाणिज्य संघ मकवानपुरका अध्यक्ष कृष्ण कटुवालले बताए । उनले सरकारले नेपाल भ्रमण वर्ष २०२० मनाउने तयारी गरिरहेको समयमा यस्ता साना विषयलाई पनि बैंकहरूले गम्भीरतापूर्वक लिन जरुरी रहेको बताए । 'सुरक्षा अपुग भएको खण्डमा हामी पहल गर्न तयार छौं । मन लागे खोल्ने नत्र बन्द गर्नु गलत हो । एटीएम चलाएबापत हामीले सेवा शुल्क तिर्छौं भने हामीले मन लाग्दा पैसा निकाल्न पाउनुपर्छ,' संघ अध्यक्ष कटुवालले भने ।

> 'सुरक्षा अपुग भएको खण्डमा हामी पहल गर्न तयार छौं । मन लागे खोल्ने नत्र बन्द गर्नु गलत हो ।'

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रमुख एसपी मुकेशकुमार सिंहले हेटौंडाको मुख्यमुख्य चोकहरूमा २४ सैं घण्टा सुरक्षाकर्मी राखिएको बताउँदै रातको समयमा एटीएम सञ्चालन गर्दा सुरक्षाको हिसाबले कुनै समस्या नरहेको बताए । 'बैंक, वित्तीय संस्था र बजारको मुख्य चोकहरूको सुरक्षालाई विशेष रूपमा ख्याल गरिएको छ । रातभर एटीएम सञ्चालन गर्न कुनै समस्या छैन,' उनले भने ।

### पर्यटकीय स्थलमै अभाव

मकवानपुरको उत्तरी क्षेत्रमा रहेको थाहा नगरपालिकालाई पर्यटकीय नगरीको रूपमा चिनिन्छ । थाहानगरको सिमभञ्ज्याङ, दामन, पालुङ, बज्रबाराही, चित्लाङ र मार्खु क्षेत्र पर्यटकीय गन्तव्यको रूपमा विकास भइरहँदा त्यस क्षेत्रमा एटीएम सेवा भने उपलब्ध छैन ।

थाहा नगरको शिखरकोटस्थित प्रहरी कार्यालयअगाडि महालक्ष्मी विकास बैंकको एउटा मात्र एटीएम सेवा रहेको भए पनि त्यो त्यस क्षेत्रका लागि पर्याप्त नभएको थाहा उद्योग वाणिज्य संघका महासचिव सुरेन्द्रमान प्रधानले जानकारी दिए । थाहा नगरभित्र पाँचवटा वाणिज्य बैंक करिब तीन दर्जन सहकारी सञ्चालनमा रहेको र वार्षिक बैंकहरू दुई करोडभन्दा बढी नाफा कमाइरहेको अवस्थामा सेवाग्राहीलाई आवश्यक सेवा बैंक तथा वित्तीय संस्थाहरूले प्रदान नगरेको उनको गुनासो छ ।

'प्रदेश सरकारले समेत थाहानगरको विभिन्न स्थानलाई पर्यटकीय गन्तव्यको रूपमा घोषणा गरिसकेको छ । अब पर्यटकीय गन्तव्य भएका स्थानमा एटीएम सेवा सञ्चालन गर्नुपर्ने देखिन्छ,' थाहा नगरपालिकाका मेयर लवशेर विष्टले भने, 'दामान, बज्रबाराही, चित्लाङ तथा मार्खु क्षेत्रमा एटीएमको टड्कारो अवश्यकता देखिएको छ ।'

kimff Kathmandu International Mountain Film Festival

सृजनशील नेपाली युवा सिनेकर्मीहरूलाई
**काठमान्डू इन्टरन्यासनल माउन्टेन फिल्म फेस्टिभल (किम्फ) को आव्हान**

सर्ट फिल्म प्रतियोगितामा भाग लिनुहोस् र नगद पुरस्कारहरू जित्नुहोस् ।

फिल्मको अवधि : तीन (३) मिनेट । कथानक, वृत्तचित्र र एनिमेसनमध्ये कुनै एक विधा । उत्कृष्ट फिल्महरू किम्फ २०१९ मा प्रदर्शित गरिनेछन् ।

फिल्म बुझाउने अन्तिम मिति : १५ नोभेम्बर २०१९

नेपालको सामाजिक-सांस्कृतिक विषयमा घटीमा २० मिनेटको डकुमेन्ट्रीको अवधारणा बढीमा ५०० शब्दमा लेखी पठाउनुहोस् ।

दुईवटा अवधारणापत्र छानिनेछन् र प्रत्येकलाई डकुमेन्ट्री बनाउन रू. १,५०,०००/- को आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

अवधारणापत्र पठाउने अन्तिम मिति : १० सेप्टेम्बर २०१९

थप जानकारीका लागि www.kimff.org
किम्फ, हिमाल एसोसिएसन
लाजिम्पाट, काठमाडौं । फोन ०१-४४४०६३५ । इमेलः info@kimff.org

## डिपोबाट...

अध्यक्ष प्रधानका अनुसार लकिङबाटै चोरी हुनु दुर्भाग्य भएको बताए । 'बाहिर पठाउने गाडी कम्पान्डबाहिर राख्ने । त्यस क्रममा चोरी नै भएको छ,' अध्यक्ष प्रधानले भने, 'लकिङबाटै चोरी भएको छ । त्यो राम्रो होइन ।'

उनले बाटोमा हुने चोरी तत्काल नियन्त्रण गर्नुपर्ने बताए । निगमका प्रवक्ता गोइतका अनुसार यसअघि दाङमा नोक्सानको मापदण्ड तोकिएको थिएन । अब २० किलोलिटरको ट्यांकरमा वार्षिक ३० लिटर नोक्सानको मान्यता दिइएको छ । उक्त परिमाणभन्दा बढी नोक्सान भए ट्यांकर चालक वा ट्रान्सपोर्टरबाटै भर्पाई गरिने बताए । 'दाङमा पेट्रोल ढुवानी गर्दा नोसानको मापदण्ड थिएन । ढुवानीको क्रममा इन्धनको मात्रा घटिरहेको थियो,' उनने भने, 'निगम बोर्डबाट वार्षिक नोक्सानको मापदण्ड स्वीकृत भएको छ । अब मापदण्डभन्दा बढी भए कारबाही हुन्छ ।'

## अर्थ संक्षेप

### ओपोको उपहार योजना

काठमाडौं (कास)- स्मार्टफोन ब्रान्ड ओपोले चाडपर्वको अवसरमा 'बडादसैं एसएमएस क्याम्पेन विशेष उपहार योजना' घोषणा गरेको छ । उपहार योजनाअन्तर्गत उपभोक्ताले क्याम्पेन अवधिभर फोनको आईएमईआई एसएमएस गरी योजनामा सहभागिता जनाई उपहार जित्ने अवसर प्राप्त गर्न सक्नेछन् । क्याम्पेन अवधिभर कुनै पनि ओपो फोनको खरिद गरी उपभोक्ताले उपहार योजनामा सहभागिता जनाउन सक्नेछन् । सहभागिताका लागि उपभोक्ताले ओपो स्पेस आईएमईआई उल्लेख गरी ३३००१ नम्बरमा एसएमएस पठाउनुपर्ने जारी विज्ञप्तिमा भनिएको छ । प्राप्त एसएमएस मार्फत हरेक साता २ जना भाग्यशाली विजेताको छनोट गरिनेछ ।

### बागलुङमा कामना

काठमाडौं (कास)- कामना सेवा विकास बैंकले बागलुङ नगरपालिका ३ गलकोटमा मंगलबारदेखि शाखा कार्यालय सञ्चालनमा ल्याएको छ । बैंकिङ पहुँच नपुगेका ग्रामीण क्षेत्रमा आफ्नो सेवा विस्तार गर्ने उद्देश्यले शाखा सञ्चालनमा ल्याएको हो । उक्त शाखाको एक समारोहका बीच प्रतिनिधिसभा सदस्य देवेन्द्र पौडेलले उद्घाटन गरेका थिए ।

### अशोक लेलैन्ड-सप्तकोसी सम्झौता

काठमाडौं (कास)- आईएमई ग्रुपअन्तर्गत सञ्चालित आईएमई मोटर्स प्रालिद्वारा प्रवर्द्धित अशोक लेलैन्ड र सप्तकोसी डेभलपमेन्ट बैंकका बीच कर्जा सुविधासम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ । आईएमई मोटर्सका भाइस प्रेसिडेन्ट इमरान ए खान र बैंकका प्रमुख कार्यकारी अधिकृत नभिन सुवेदीले सम्झौतामा हस्ताक्षर गरेका थिए । यस सम्झौताअनुरूप आईएमई मोटर्सबाट सिफारिस पाएका ग्राहकहरूले सहज रूपमा ७० प्रतिशतसम्मको कर्जा सुविधा सप्तकोसी डेभलपमेन्ट बैंक (विराटनगर प्रधान कार्यालय) बाट पाउने सक्ने जनाइएको छ ।

### रोल्पाको लिबाङमा एनआईसी

काठमाडौं (कास)- एनआईसी एसिया बैंकले रोल्पाको लिबाङमा नयाँ शाखा सञ्चालनमा ल्याएको छ । रोल्पा नगरपालिकाका मेयर पूर्ण केसीले शाखा कार्यालयको उद्घाटन गरे । ग्रामीण तथा दुर्गम स्थानका साथै सहरी क्षेत्रमा समेत उपस्थिति थप दरिलो बनाउने क्रमसँगै शाखा विस्तार गरेको बैंकद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।

### सानिमाको नयाँ शाखा

काठमाडौं (कास)- सानिमा बैंक लिमिटेडले कैलालीको बौनियाँमा आफ्नो नयाँ शाखा सञ्चालनमा ल्याएको छ । शाखा कार्यालयको उद्घाटन बैंकका ब्रान्ड प्रवर्द्धक कलाकार हरिवंश आचार्य र सञ्चालक भरतकुमार पोखरेलले संयुक्त रूपमा गरेका छन् । बैंक सञ्चालक पोखरेलले शाखाबाट सम्पूर्ण बैंकिङ सेवा प्रदान गर्न पाएकोमा खुसी व्यक्त गरे । यसैगरी कलाकार आचार्यले बौनियाँमा सानिमा बैंक सञ्चालनले स्थानीयलाई सहज र सरल तरिकाले सेवा पुग्ने बताए ।

### ग्लोबलको नारी बचतमा छुट

काठमाडौं (कास)- ग्लोबल आईएमई बैंकले तीजलाई लक्षित गर्दै नारी बचत खातामा विशेष छुट योजना ल्याएको छ । नारी बचत खातामा पहिलो वर्ष मोबाइल बैंकिङ र भाइबर बैंकिङ सेवा निःशुल्क रूपमा उपलब्ध हुनेछ । यस्तै यस योजनाअन्तर्गत नारी बचत खाता भएका ग्राहकहरूले बैंकबाट कर्जा लिंदा लाग्ने कर्जा प्रवाह शुल्कमा ० दशमलव २५ प्रतिशत छुट दिने बैंकले जनाएको छ ।

### महालक्ष्मी-क्यान्सर अस्पताल सम्झौता

काठमाडौं (कास)- महालक्ष्मी विकास बैंकले आफ्ना ग्राहकका लागि स्वदेशमै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले नेपाल क्यान्सर अस्पताल तथा रिसर्च सेन्टर प्रालिसँग सम्झौता गरेको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णराज लामिछाने र अस्पतालका कार्यकारी अध्यक्ष डा. सुदीप श्रेष्ठले सम्झौतापत्रमा हस्ताक्षर गरे । उक्त सम्झौताअनुसार बैंकका ग्राहक, कर्मचारी, तिनका परिवारलगायतले नेपाल क्यान्सर अस्पतालमा उपचार गराउँदा सेवा शुल्कमा छुट पाउनेछन् ।

### सिभिल बैंक-द हबी अटो सम्झौता

काठमाडौं (कास)- सिभिल बैंक र द हबी अटो ट्रेडिङका बीच व्यावसायिक सहकार्यसम्बन्धी सम्झौता भएको छ । उक्त सम्झौतापत्रमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत सुनीलकुमार पोखरेल र द हबी अटो ट्रेडिङका अध्यक्ष उमेशनारायण मानन्धरले हस्ताक्षर गरे । उक्त सम्झौताअनुसार द हबी अटो ट्रेडिङबाट ट्याक्टर, कृषि औजार तथा हेभी इक्युपमेन्ट खरिद गर्दा ग्राहकहरूलाई सिभिल बैंकले ७० प्रतिशतसम्म कर्जा सुविधा प्रदान गर्न सक्नेछ ।

### आइफोन प्रयोगकर्तालाई निःशुल्क सेवा

काठमाडौं (कास)- एप्पल (आइफोन, म्याकबुक, आइम्याक, आइप्याड) को अधिकृत वितरक तथा सर्भिस सेन्टर जेनेरेसन नेक्स्ट कम्युनिकेसन्सले एप्पलका प्रयोगकर्ताका लागि 'फ्री सर्भिस क्याम्प' सञ्चालन गरेको छ । सोमबारदेखि सुरु सर्भिस क्याम्प ५ दिनसम्म चल्नेछ । दरबारमार्गस्थित शेर्पा मलमा रहेको आधिकारिक सर्भिस सेन्टर जेन नेक्स्टबाट उक्त सुविधा लिन सकिने जनाइएको छ । जेनेरेसन नेक्स्टले उक्त सर्भिस क्याम्पमा आफ्नो आइफोन देखाउने एप्पलका प्रयोगकर्ताहरूका लागि अफर पनि सार्वजनिक गरेको छ । जसमा पुरानो आइफोनबाट नयामा ब्याकअप ट्रान्सफरको सुविधा, सफ्टवेयरसँग सम्बन्धित सम्पूर्ण समस्याहरूको समाधान तथा आइफोनभित्र भएका डस्ट क्लिनिङ सेवा प्राप्त गर्न सकिनेछ ।

## नेपाल स्टक एक्सचेन्ज

१६ भदौ २०७६ को कारोबार

| कम्पनीको नाम | अघिल्लो दिनको मूल्य | अन्तिम मूल्य | कारोबार संख्या | फरक |
|---|---|---|---|---|
| आँधीखोला लघुवित्त | ३३० | ३४२ | २० | १२ |
| कृषि विकास बैंक | ४२१ | ४१७ | ४३५३१ | -४ |
| अंखुखोला जलविद्युत | ६१ | ६० | ३८० | -१ |
| अपी पावर लि | १२१ | ११७ | १८०४३ | -४ |
| अरूण कावेली पावर | १५५ | १४९ | ३५७० | -६ |
| अरूणभ्याली हाइड्रोपावर | १०० | १०० | ६०९ | ० |
| आशा लघुवित्त | ४४० | ४३९ | ११४८ | -१ |
| एसियन लाइफ इन्स्योरेन्स | ३१३ | ३०९ | १३५१४ | -४ |
| बैंक अफ काठमाडौं लि. | २५२ | २५३ | २४८५२ | १ |
| बेस्ट फाइनान्स | ९३ | ९१ | ५२३ | -२ |
| बुटवल पावर क. लि. | ३८० | ३८० | १६२७२ | ० |
| सेन्ट्रल फाइनान्स | ११३ | ११३ | १५० | ० |
| सेन्चुरी कमर्सियल बैंक | १५९ | १५८ | ३७८७७ | -१ |
| छिमेक लघुवित्त विकास बैंक | ९७० | ९५६ | ७६८४ | -१४ |
| छ्याङदी हाइड्रोपावर | ७५ | ७५ | ६० | ० |
| चिलिमे हाइड्रोपावर | ४३६ | ४३० | २४३५ | -६ |
| सिटिजन बैंक इन्टरनेशनल | २१६ | २१५ | २०३४२ | -१ |
| सिटिजन इन्भेष्टमेन्ट ट्रष्ट | २३३० | २२८० | ३१४२ | -५० |
| सिटि एक्सप्रेस फाइनान्स | १०४ | १०३ | १००० | -१ |
| सिभिल बैंक | १४९ | १४७ | १८७६९ | -२ |
| सिभिल लघुवित्त | ४९० | ४८५ | २६६ | -५ |
| कर्पोरेट डेभलपमेन्ट | ११७ | ११६ | १४० | -१ |
| डिप्रोक्स डेभलपमेन्ट बैंक | ७४९ | ७२४ | १२०७६ | -२५ |
| देव विकास बैंक संस्थापक सेयर | १०५ | १०५ | १३१८ | ० |
| देव विकास बैंक | १३३ | १३० | १२६३५ | -३ |
| दिव्यश्वरी हाइड्रोपावर | ५५ | ५८ | २८१ | ३ |
| एभरेष्ट बैंक लि. | ६३० | ६१३ | ८७८३ | -१७ |
| एभरेष्ट इन्स्योरेन्स | ३१० | ३०४ | १९६ | -६ |
| एक्सेल डेभलपमेन्ट बैंक | २७३ | २६९ | ८०५ | -४ |
| फस्ट माइक्रोफाइनान्स | ३७७ | ३७३ | ८६५३ | -४ |
| फरवार्ड कम्युनिटी माइक्रोफाइनान्स | १३१९ | १३०० | ८६९ | -१९ |
| गणपति माइक्रोफाइनान्स | ५१४ | ५०० | १०५१ | -१४ |
| गण्डकी विकास बैंक | २०६ | २०६ | ६७५८ | ० |
| गरिमा विकास बैंक | २१३ | २१० | १२७९४ | -३ |
| घलेम्ली हाइड्रो | ७५ | ७३ | १८० | -२ |
| ग्लोबल आईएमई लघुवित्त | ७२८ | ७०० | ३३३ | -२८ |
| गुडविल फाइनान्स | १३७ | १४० | ५२२५ | ३ |
| ग्रामीण विकास लघुवित्त | ३६४ | ३३५ | २४९८४ | -२९ |
| ग्रिन डेभ. बैंक | १०८ | ११० | १०० | २ |
| गुहेश्वरी मर्चेन्ट बैंक एन्ड फाइनान्स | १२१ | ११९ | ११० | -२ |
| गुराँस लघुवित्त वि. संस्था | ४८० | ४५८ | ५३० | -२२ |
| गुराँस लाइफ इन्स्योरेन्स | ४०० | ३८० | ३४७० | -२० |
| गोर्खाज फाइनान्स | ११८ | ११८ | १० | ० |
| हिमालय ऊर्जा विकास क. | ११९ | ११६ | ७०० | -३ |
| हिमालय बैंक | ५३६ | ५२२ | २१३२ | -१४ |
| हिमालय डिष्टिलरी | १५०५ | १४८० | ४६० | -२५ |
| हिमालयन जनरल इन्स्योरेन्स | ३०६ | २९६ | ३६३० | -१० |
| हिमालयन पावर पार्टनर | १४० | १३९ | ५८० | -१ |
| जलविद्युत लगानी तथा विकास क. | १४२ | १४० | ३७१२ | -२ |
| आईसीएफसी फाइनान्स | १६१ | १५७ | २९७२ | -४ |
| आईएमई जनरल इन्स्योरेन्स | ३२६ | ३२५ | २२४९ | -१ |
| इन्फिनिटी लघुवित्त | ४५० | ४३७ | १२६० | -१३ |
| जानकी फाइनान्स | १८७ | १८६ | २७४० | -१ |
| जनउत्थान सामुदायिक लघुवित्त | ९२७ | ८९२ | ३० | -३५ |
| जोशी हाइड्रोपावर | ६४ | ६२ | २०० | -२ |
| ज्योती विकास बैंक | १६४ | १६१ | ८४०८ | -३ |
| कालिका पावर | ८४ | ८१ | ११६० | -३ |
| कामना सेवा विकास बैंक | १४२ | १४२ | १०२८६ | ० |
| कर्णाली डेभललपमेन्ट बैंक | १०७ | १०१ | २८०५ | -६ |
| खानिखोला हाइड्रोपावर | ५७ | ५७ | ७० | ० |
| कुमारी बैंक लि. | २०२ | २०१ | ९४१९५ | -१ |
| लक्ष्मी बैंक | २१३ | २१० | २०५२० | -३ |
| लक्ष्मी लघुवित्त | ७२६ | ७०० | ७५५ | -२६ |
| लाइफ इन्स्योरेन्स | १०३९ | १०१७ | ७१० | -२२ |
| लुम्बिनी विकास बैंक | १७६ | १७५ | १०९१५ | -१ |
| लुम्बिनी जनरल इन्स्योरेन्स | ३७५ | ३७० | ३१०९ | -५ |
| माछापुच्छ्रे बैंक लि. | २४९ | २४५ | १९९८९ | -४ |
| महालक्ष्मी विकास बैंक | २१३ | २१० | १६९१६ | -३ |
| महिला सहयात्रा माइक्रोफाइनान्स | ४८२ | ४६० | ४३६ | -२२ |
| महुली सामुदायिक लघुवित्त | ९५२ | ९३३ | ६७ | -१९ |
| मन्जुश्री फाइनान्स | १२५ | १२७ | ४०४३ | २ |
| मेगा बैंक | १९८ | १९६ | २५३८६ | -२ |
| मेरो माइक्रोफाइनान्स | ५६० | ५५६ | २४८९ | -४ |
| मितेरी डेभलपमेन्ट बैंक | २३८ | २२८ | १७०३ | -१० |
| माउन्टेन हाइड्रो नेपाल | ९१ | ८८ | ५८० | -३ |
| मुक्तिनाथ विकास बैंक | ३१७ | ३१३ | ५४६२ | -४ |
| मल्टिप्रपोज फाइनान्स | १०६ | १०५ | १००० | -१ |
| नबिल बैंक | ७६९ | ७५८ | ६९६९ | -११ |
| नाडेप लघुवित्त | ४६१ | ४५५ | २२३९ | -६ |
| नेशनल हाइड्रोपावर | ५७ | ५६ | २६०० | -१ |
| नेशनल लाइफ इन्स्योरेन्स | ५३४ | ५१९ | ६३८० | -१५ |
| नेसनल माइक्रोफाइनान्स | १४४० | १४६० | १०९ | २० |
| नयाँ नेपाल लघुवित्त | ४२५ | ४१९ | ७२० | -६ |
| नेको इन्स्योरेन्स | ३८४ | ३८० | ४७९३ | -४ |
| नेपाल एग्रो लघुवित्त | ७५४ | ७६० | ८२० | ६ |
| नेपाल बंगलादेश बैंक लि. | २१० | २०८ | २५३१२ | -२ |
| नेपाल बैंक लि. | ३२० | ३१४ | ८१०२० | -६ |
| नेपाल क्रेडिट एन्ड कमर्स बैंक | २०२ | २०१ | २७६८१ | -१ |
| नेपाल दुरसंचार कम्पनी | ६६३ | ६५८ | ७७३५ | -५ |
| नेपाल हाइड्रो डेभलपर्स | ११० | १०६ | ४० | -४ |
| नेपाल इन्स्योरेन्स | २७९ | २७५ | ४१२१ | -४ |
| नेपाल इन्भेष्टमेन्ट बैंक | ४५९ | ४५३ | १०७२० | -६ |
| नेपाल इन्भेष्टमेन्ट बैंक प्र.से. | ४२३ | ४१७ | १५४० | -६ |
| नेपाल लाइफ इन्स्योरेन्स क. लि. | ८०८ | ७९७ | ३११९७ | -११ |
| नेपाल एसबीआई बैंक | ४४० | ४३२ | ४५८६ | -८ |
| नेपाल सेवा लघुवित्त | ४३० | ४२३ | २० | -७ |
| नेरूडे लघुवित्त | ५२२ | ५०८ | २४५२ | -१४ |
| न्याग्दी ग्रुप पावर | १०८ | १०८ | १७५९१ | ० |
| एनआईबीएल प्रगति फन्ड | ६.९८ | ६.७७ | १२६३ | -०.२१ |
| एनआईसी एसिया बैंक | ४४० | ४३६ | ११९४२ | -४ |
| निर्धन उत्थान बैंक | ८५२ | ८३० | ९१० | -२२ |
| एनएलजी इन्स्योरेन्स | ६११ | ५८५ | १२२० | -२६ |
| एनएमबी माइक्रोफाइनान्स | १०५६ | १०४० | १४९ | -१६ |
| एनएमबी सुलभ इन्भेस्टमेन्ट फन्ड १ | ११.०८ | ११.०२ | ७६१० | -०.०६ |
| ओरियन्टल होटल | ५४८ | ५६४ | १०८० | १६ |
| पञ्चकन्या माई हाइड्रोपावर | ९८ | ९४ | ९३० | -४ |
| पाँचथर पावर क. | १०० | ९८ | १५०० | -२ |
| पोखरा फाइनान्स | १३६ | १३३ | ३९०१ | -३ |
| प्रभु बैंक | २६० | २६० | ३३०४६ | ० |
| प्रभु इन्स्योरेन्स | ३३० | ३२८ | २३९९ | -२ |
| प्राइम इन्स्योरेन्स | ३९७ | ३८८ | ३३६० | -९ |
| प्राइम कमर्सियल बैंक | २७३ | २६७ | २१०७३ | -६ |

कुल कारोबार मूल्य : ४०७,५६९,७१२ | कारोबार संख्या : ०,७७० | सेयर संख्या : १,३८०,६६० | नेप्से : १,१७०.३४ (-१४.४५)

**प्रभु बैंक लिमिटेडको मुख्य शाखा कार्यालय बबरमहल काठमाण्डौका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सुचना तथा धितो लिलाम बिक्री गर्ने बारेको सूचना**

**(सूचना प्रकाशित मिति २०७६/०५/१७ गते मंगलबार, कान्तिपुर राष्ट्रिय दैनिक)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको व्याज एवं किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धित शर्त कबुलियत उल्लघंन गर्नु भई यस बैंकबाट पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी तहाँ ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउन हुन ऋणी, जमानतकर्ता तथा धितोसुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधिभित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिनभित्र शिलबन्दी बोलपत्र बैंकको प्रधान कार्यालय, बबरमहल काठ्माण्डौमा दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०७६/०६/२८ गते मंगलबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको प्रधान कार्यालय, बबरमहल, काठ्माण्डौमा दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

**क. ऋणी, जमानतकर्ता तथा लिलाम विक्री हुने धितो सुरक्षणको विवरणः**

१ **ऋणीः** नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०२/११ मा दर्ता नं. १४९८५३/०७२/०७३ मा दर्ता भई आन्तरिक राजश्व विभाग, करदता सेवा कार्यालय, बालाजु काठमाण्डौबाट मिति २०७३/०२/१२ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०४२६५०९६ को प्रमाणपत्र प्राप्त **एन.आर.बि. सप्लायर्स प्रा.लि.। ठेगानाः का.म.न.पा. वडा नं.१६ ठमेल, काठमण्डौ ।**

**सञ्चालक तथा जमानतकर्ता : श्री नारायण प्रसाद अधिकारी**
(ना.प्र.न.४०- १०४०/१४४४ मिति २०६६/१२/३१, जि.प्र.का.अर्घाखाँची )
ठेगाना : जुकेना ९,अर्घाखाँची ।
बाबु : तुल्सीराम अधिकारी ।
बाजे : कृष्ण नन्द अधिकारी ।



**जमानतकर्ताः श्री सिता अधिकारी**
(ना.प्र.न. ४० १०४०/१७८१ मिति २०६८/१२/०३ जि.प्र.का.अर्घाखाँची) ।
ठेगाना : जुकेना ९, अर्घाखाँची ।
बाबु : भुवनेश्वर आचार्य ।
ससुरा : तुल्सीराम अधिकारी ।
पति : नारायण प्रसाद अधिकारी ।




**लिलाम बिक्री हुने सम्पत्तिहरुको विवरण :**
१. नारायण प्रसाद अधिकारीको नाममा मालपोत कार्यालय मनमैजु काठमाण्डौमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला मनमैजु गा.वि.स. वडा नं. ८ नक्सा सिट नं. १०२०९०४२१ स्थित कि.नं. ३३७ क्षेत्रफल २१५.४१ ब.मी. को घर जग्गा र सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ..........१
२. सिता अधिकारीको नाममा मालपोत कार्यालय मनमैजु काठमाण्डौमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला फुटुङ गा.वि.स. वडा नं. ३ नक्सा सिट नं. ३ख स्थित कि.नं. क्रमशः ४७०,४७३,४७६,४७९,४७७ र ४८० क्षेत्रफल ०-०-२-०, ०-३-२-०, ०-३-०-०, ०-१-२-०, ०-२-१-२ र ०-२-१-० को घर जग्गा र सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ..........१
३. सिता अधिकारीको नाममा मालपोत कार्यालय मनमैजु काठमाण्डौमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला गोलढुंगा गा.वि.स. वडा नं. ५ नक्सा सिट नं. ५ख स्थित कि.नं. १८४१ र १८४३ क्षेत्रफल ०-१-३-३ र ०-८-२-१, को घर जग्गा र सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ..........१
४. धनी प्रभु बैंक लि. ऋणी **एन.आर.बि. सप्लायर्स प्रा.लि.** भई बाग्मती अञ्चल यातायात कार्यालयमा दर्ता भएको ईन्जिन नं. F8BIN-5057304 च्यासिस नं. MA3EUB1150-1835149 बनाउने कम्पनी SUZUKI बनेको साल सन् २०१८ गाडी नं. बा. १९ च ३१७७ को ओमनी भेन ।
५. ऋणी एन.आर.बि. सप्लायर्स प्रा.लि. संग रहेको स्टक तथा चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण ।

२ **ऋणी :** नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०७/०७ मा दर्ता नं. १७६९३०/०७४/०७५ मा दर्ता भई आन्तरिक राजश्व विभाग, करदता सेवा कार्यालय, बालाजु काठमाण्डौबाट मिति २०७४/०७/१२ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं.६०६८६६४४० को प्रमाणपत्र प्राप्त **अल नेपाल खाद्य सप्लायर्स प्रा.लि.। ठेगानाः का.म.न.पा. वडा नं.१६ धारागल्ली, काठमण्डौ ।**

**सञ्चालक तथा जमानतकर्ता : श्री नारायण प्रसाद अधिकारी**
(ना.प्र.न.४०- १०४०/१४४४ मिति २०६६/१२/३१, जि.प्र.का.अर्घाखाँची ) ।
ठेगाना : जुकेना ९, अर्घाखाँची ।
बाबु : तुल्सीराम अधिकारी ।
बाजे : कृष्ण नन्द अधिकारी ।



**सञ्चालक तथा जमानतकर्ता : श्री महेश कुमार श्रेष्ठ**
(ना.प्र.न.४१४ मिति २०४५/०२/२०, जि.प्र.का.काठमाण्डौ)
ठेगाना : आलापोट गा.वि.स.वडा नं. ७ ।
बाबु : त्रैलोक्य मान श्रेष्ठ ।
बाजे : गौरीमान श्रेष्ठ ।



**जमानतकर्ता : श्री राधा देवी श्रेष्ठ**
(ना.प्र.न. १५७५५/३२८३७ मिति २०५०/०८/२१ प्रथम प्रतिलिपी मिति २०७०/०८/१९ जि.प्र.का. काठमाण्डौ) ।
ठेगाना : आलापोट गा.वि.स. वडा नं. ७ ।
बाबु : जगन्नाथ श्रेष्ठ ।
ससुरा : गौरीमान श्रेष्ठ ।
पति : त्रैलोक्य मान श्रेष्ठ



**लिलाम बिक्री हुने सम्पत्तिहरुको विवरणः**
१. राधा देवी श्रेष्ठको नाममा मालपोत कार्यालय साँखुमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला भद्रवास गा.वि.स. वडा नं. ६ स्थित कि.नं. २६, २७ र २८ क्षेत्रफल ४-४-३-०, १-७-२ -० र १-८-०-० को को घर जग्गा र सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१
२. ऋणी अल नेपाल खाद्य सप्लायर्स प्रा.लि. संग रहेको स्टक तथा चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण ।

**पुनश्चः**
१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ** बाट प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली बिभागमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-४७८८५००, फ्याक्स नं. ०१-४७८०५८८**

**Call for Expression of Interest (EoI)**

The Nepal Water for Health (NEWAH) invites EoI from interested and eligible manufacturers/ suppliers for the supply of metal plaques (QR code in steel mat) for its Water, Sanitation and Hygiene (WASH) Projects. The detail terms of reference (ToR) for the provision of supply for the said supplies can be downloaded from NEWAH website: http://newah.org.np/notice.

EoI should be submitted to the following address by 5.00 pm on 9th September 2019.

NEWAH Nepal Water for Health

The Procurement Committee,
**Nepal Water for Health (NEWAH)**
Lohasal, Kathmandu
P.O. Box: 4231, Kathmandu

भ्रमण वर्ष

# सरोकारवाला नै बेखबर

भ्रमण वर्ष सफल बनाउन कनेक्टिभिटी सहज गर्नुपर्छ । स्थल मार्गबाट सबैभन्दा धेरै पर्यटक भित्रिने बेलहिया नाकाको भने बेहाल छ । एक लेन बाटो लथालिंग छ । हिलो जमेर आवतजावत गर्न मुस्किल हुन्छ ।

■ **मनोज पौडेल** (लुम्बिनी)

सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्ष घोषणा गरी प्रचारप्रसार अभियान सञ्चालन गरे पनि लुम्बिनी र यस आसपासको क्षेत्रमा भने चहलपहल शून्यजस्तै छ । भ्रमण वर्ष सुरु हुन चार महिना मात्र बाँकी भए पनि न तयारी छ, न त जानकारी नै । स्थानीय सरकारदेखि सरोकारवाला सबै बेखबर छन् ।

'संघीय सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्ष मनाउन लागेको सुनेको छु,' लुम्बिनी सांस्कृतिक नगरपालिका प्रमुख मनमोहन चौधरीले भने, 'अरू केही थाहा छैन ।' यसका बारेमा कुनै छलफल र सोधपुछ कसैले नगरेको उनले बताए । उनीजस्तै लुम्बिनीका पर्यटन व्यवसायी लीलामणि शर्माले पनि भ्रमण वर्षबारे पत्रिकाबाट मात्र थाहा पाएको बताए । 'के हुँदै छ, के गरिँदै छ हामी अनभिज्ञ छौं,' उनले भने, 'संघीय र प्रदेश मन्त्रालयमा योजना बन्दै होला ।'

अहिलेसम्म भ्रमण वर्ष मनाउने विषयमा लुम्बिनीमा सामान्य छलफल पनि नभएको शर्माको भनाइ छ । सरकारले ०७४ साउन २९ गते नै भ्रमण वर्ष मनाउने घोषणा गरेको थियो । 'अहिलेसम्म तयारी सुरु भइसक्नुपर्थ्यो,' होटल एसोसिएसन, लुम्बिनीका अध्यक्ष मिथुनमान श्रेष्ठले भने, 'हामी पाहुनाको स्वागत गर्न आतुर छौं तर कुनै जानकारी र तयारी छैन ।'

समयमै जानकारीसम्म पाएको भए व्यवसायीले पाहुनालाई विशेष छुट दिने गरी आकर्षक प्याकेज र थप तयारी गर्न सक्ने उनले बताए । 'अब त्यसका लागि ढिला भइसकेको छ । यस्तै अवस्था रहे यसअघिको लुम्बिनी भ्रमण वर्षभन्दा पनि दयनीय हुनेछ,' श्रेष्ठले भने, 'त्यसैले समयमै सरकारले विचार गर्नुपर्छ ।' भ्रमण वर्षमा २० लाख पर्यटक भित्र्याउने सरकारको योजना छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईले एकवर्षे कार्ययोजनामा दर्जनभन्दा बढी योजना लुम्बिनीमा केन्द्रित गरेका छन् । 'नयाँ केही छैनन्,' स्थानीय पथप्रदर्शक प्रह्लाद यादवले भने, 'पुरानै योजनालाई अद्यावधिक गरेर कार्ययोजना बनाइएको छ ।' सन् २०१७ भन्दा २०१८ मा लुम्बिनीमा आन्तरिक पर्यटकको संख्यामा ६ प्रतिशतले कमी आयो । सहज अवस्था, राजनीतिक स्थिरता हुँदा पनि पर्यटक आगमन नबढेको उनले बताए ।



**लुम्बिनीस्थित बेबी बुद्धमा प्रार्थना गर्दै विभिन्न मुलुकका पर्यटक ।** *तस्बिर : मनोज/कान्तिपुर*

## पूर्वमा पुगेन प्रचार

इलाम/ताप्लेजुङ (कास)- भदौ ९ गते इलाम सदरमुकाममा मेची क्षेत्रका व्यवसायीको एकदिने भेला सम्पन्न भयो । भेलामा अधिकांश होटल व्यवसायी सहभागी थिए । आयोजनाको अगुवाइ उनीहरूले नै गरेका थिए । मेची अञ्चलका चार जिल्ला ताप्लेजुङ, पाँचथर, इलाम र झापालाई पर्यटकीय करिडोरका रूपमा विकास गर्ने उद्देश्य भेलाको थियो । चारै जिल्लाका व्यवसायी समेटिएको समिति पनि गठन गरियो । भेलाले करिडोरमा के कुरालाई समेट्ने र कसरी योजना बनाउने निर्णय भने भएन ।

दुई वर्षअघि पनि चार जिल्लाको करिडोरका लागि समिति गठन भएको थियो । सक्रिय भएर काम गर्न सकेन । समितिले एउटै बैठक राख्न नसकेको गुनासो व्यवसायीको छ । आयोजकले सार्वजनिक रूपमा नभने पनि यो समिति भने भ्रमण वर्षलाई नै लक्षित गरी गठन गरिएको धेरैले आकलन गरे । 'मेची क्षेत्रका पर्यटन व्यवसायीको छलफल तथा अन्तर्क्रिया कार्यक्रम' भनेर बोलाइएको भेलामा भ्रमण वर्षका प्रदेश संयोजक राजन श्रेष्ठ र अन्य सदस्य पनि आएका थिए । उनीहरूले नवगठित समितिलाई बधाई दिए । करिडोरको सचिवमा त भ्रमण वर्ष समितिका सदस्य अर्जुन कार्की आफैं बसे । भ्रमण वर्ष नजिकिए पनि पर्यटकीय महत्त्वका जिल्लामा यसबारे खासै चासो देखिएको छैन । ठूलै संख्यामा पर्यटक आए भने कहाँ राख्ने श्रेष्ठले भने, 'हाम्रो कमजोर पक्ष भनेको मार्केटिङ गर्न नसक्नु हो । यसमा जोड दिन जरुरी छ ।' भारतका पर्यटक नेपालको तीर्थस्थलमा आउन रुचाउने भएकाले त्यसतर्फ जोड दिनुपर्ने श्रेष्ठ बताउँछन् । धरानमा आगामी असोज ५ देखि ७ गतेसम्म तीन दिने 'इस्ट टुरिज्म मार्ट' गर्ने र त्यहाँ भारतका एक सय जनालाई ल्याउने तयारी रहेको उनले बताए । 'विहार, बंगाल, सिक्किमका सय जनालाई खाने, बस्ने व्यवस्था हामीले नै गरेर ल्याउने तयारीमा छौं,' श्रेष्ठले भने, 'फर्केर जाँदा उहाँहरूले भ्रमण वर्षको सन्देश लिएर जानुहुन्छ ।'

पाथीभरा देवी मन्दिर क्षेत्र संरक्षण तथा संवर्द्धन समिति उपाध्यक्ष नारायण श्रेष्ठ असोज महिनामा भारतको आसाम, सिक्किम, मनिपुर र पश्चिम बंगालमा प्रचारका लागि जाने तयारी रहेको बताउँछन् । 'ठ्याक्कै मिति तय भएको छैन, पोस्टर, पम्प्लेट बनाएर सिक्किमका प्रत्येक घरमा र अरू क्षेत्रका टोलटोलमा पुग्ने गरी प्रचारमा जाने तयारीमा छौं,' उनले भने, 'भ्रमण वर्षमा पाथीभरा आउने भारतीय पर्यटक बढाउने हाम्रो मुख्य उद्देश्य हो ।' यसका लागि नेपाली, अंग्रेजी, हिन्दी र बंगाली भाषामा ब्रोसर बनाउने, होटलको प्याकेज बनाउने काम भइरहेको उनको दाबी छ । पाथीभरामा भारतबाट अधिक तीर्थयात्री आउँछन् तर संख्या भने यकिन छैन । वार्षिक ३ लाख पर्यटक आउने आकलन गरिएको छ ।

पाथीभरा क्षेत्र विकास समितिका सदस्य गोपाल न्यौपाने पर्यटन बोर्डसँग मिलेर क्षेत्र विकासले प्रचारको तयारी गरिरहेको बताउँछन् । क्षेत्र विकासको आफ्नै योजनामा पनि प्रचारको कार्यक्रम रहेको उनले बताए । भावेश श्रेष्ठ भने एकीकृत योजना नबनाउँदा ताप्लेजुङले पाथीभरा, खोटाङले हलेसी महादेव, सुनसरीले बराह क्षेत्रजस्तै फरक जिल्लाबाट फरक प्रचार हुँदा आउनेहरू अलमलिने बताउँछन् । 'यसरी अलमलिए भने कहाँ जाने भनेर झनै नआउन सक्छन् । त्यसैले ठोस योजना आवश्यक छ,' श्रेष्ठले भने । एक नम्बर प्रदेश संयोजक राजन श्रेष्ठ सरकारले समितिमा सबै जिल्लालाई नसमेटेका कारण समस्या भएको बताउँछन् । यस प्रदेशमा १३ जनालाई व्यक्तिगत र चारवटा उद्योग वाणिज्य संघलाई संस्थागत रूपमा भ्रमण वर्षको सदस्य राखिएको छ । समितिमा विश्वको तेस्रो अग्लो हिमाल कञ्चनजंघा, पाथीभरा भएको जिल्ला नै छुटेको छ । व्यक्तिगत छानिएकामा एकै जिल्लाका धेरैजना छन् । सदस्य थप गर्नका लागि पर्यटन मन्त्रालयसँग अनुरोध गरिएको तर प्रधानमन्त्रीकै सक्रियतामा समिति बनेकाले फेरबदल गर्न समस्या भएको जानकारी आफूले पाएको उनले बताए ।

## भएन प्रदेश समिति बैठक

भ्रमण वर्षका लागि प्रदेशको उद्योग, पयर्टन, वन र वातावरणमन्त्री लीला गिरीको अध्यक्षतामा २६ सदस्यीय समिति बनाइएको छ । समितिको अहिलेसम्म बैठक पनि बसेको छैन । बैठक बस्ने तयारी भइरहेको मन्त्रालयका प्रवक्ता विजयराज सुवेदीले बताए । 'बैठक बसेर कार्ययोजना बनाई सघन रूपमा भ्रमण लक्षित कार्यक्रम थाल्छौं,' उनले भने, 'सरोकारवालासँग पनि छलफल हुन्छ ।'

प्रदेश सरकारले मुलुककै उत्कृष्ट पर्यटकीय गन्तव्य बनाउन लुम्बिनी भ्रमण वर्ष, २०७६ मनाइरहेको छ । त्यो पनि फितलो छ । धेरै बजेट अनुत्पादक क्षेत्रमा खर्च गरिएको छ । लुम्बिनी भ्रमण वर्षसँगै नेपाल भ्रमण वर्षको पनि प्रचार गर्ने सुबेदीले दाबी गरे । भ्रमण वर्ष सफल बनाउन पर्यटन मन्त्री भट्टराईले लुम्बिनी विकास कोषको बैठकमा आग्रह गरेको कोष सदस्य राजेश ज्ञवालीले बताए । तर, कोषले पनि अहिलेसम्म कुनै कार्यक्रम बनाएको छैन । 'हामी पनि तयारीमै छौं,' उनले भने, 'केही समयमै कार्ययोजना तयार गर्छौं ।' भ्रमण वर्ष सफल बनाउन निजी क्षेत्रलाई समेटेर बनाइएको समितिमा दलीय प्रभाव रहेकाले पनि तयारी र प्रभावकारिता कम रहेको सोसाइटी अफ ट्राभल एन्ड टुर अपरेटर्स नेपाल (सोट्टो) का प्रदेश ५ अध्यक्ष सञ्जय बजिमयले बताए । 'त्यसैले अपेक्षित परिणाम आउन गाह्रो छ,' उनले भने, 'सबैलाई समेटेको भए राम्रो हुन्थ्यो ।'

प्रदेश ५ मा होटल व्यवसायी माधव नेपाललाई पर्यटन समिति संयोजक तोकिएको छ । नेपालले मन्त्री गिरी चीन भ्रमणमा रहेकाले बैठक बस्ने दिन तय नभएको बताए । 'मन्त्री चीन भ्रमणमा हुनुहुन्छ,' उनले भने, 'फर्केपछि बैठक बसेर काम थाल्छौं ।'

### समस्यै समस्या

भ्रमण वर्ष सफल बनाउन कनेक्टिभिटी सहज गर्नुपर्छ । स्थल मार्गबाट सबैभन्दा धेरै पर्यटक भित्रिने बेलहिया नाकाकै बेहाल छ । भैरहवादेखि बेलहियासम्मको एक लेन बाटो लथालिंग छ । हिलो जमेर आवतजावत गर्न मुस्किल छ । आवतजावतमै बढी समय खर्चिनुपर्छ । नाकाबाट नेपाल प्रवेश गर्न घण्टौं लाग्छ । 'भारतबाट समान लिएर आउने ट्रक र लरीलाई फास्ट ट्र्याकबाट भित्र्याइने सुविधा छ,' सोट्टो अध्यक्ष बजिमयले भने, 'विदेशी पर्यटकले घण्टौं कुर्नुपर्छ ।'

बेलहियामा रहेको पर्यटन सूचना केन्द्र पनि प्रभावहीन छ । नाकाबाट जेनतेन नेपाल भित्रिएका पर्यटकले फेरि भैरहवाबाट लुम्बिनी आउँदा अर्को सास्ती खेप्नुपर्छ । भैरहवा लुम्बिनी खण्डको २० किमि सडक मर्मत अभावले धुलाम्य छ । लुम्बिनीबाट कपिलवस्तु पुग्ने सडकमा पनि उस्तै समस्या छ । यस्तै लुम्बिनी भ्रमण गर्ने पर्यटकको संख्या बढे पनि बसाइ भने लम्बिन सकेको छैन ।

बसाइ लम्ब्याउने योजना आवश्यक छ । त्यसका लागि बुद्धको महिमा र आध्यात्मिक गरिमा बढाउने कार्यक्रम हुनुपर्छ । 'भ्रमण वर्षको मुख्य उद्देश्य बसाइ लम्ब्याउने हुनुपर्छ,' होटल व्यवसायी किरणचन्द्र पौडेलले भने, 'त्यसले सबैलाई रोजगारीसँग जोड्छ । पर्यटन प्रवर्द्धन हुन्छ ।'

## विद्युत्...

### लाइसेन्स बिक्री गर्न कडाइ

विद्युत् आयोजनाको सर्वेक्षण वा उत्पादन अनुमतिपत्र पाएका कम्पनीहरूले आफ्नो सेयर स्वामित्व बिक्री गर्दै अप्रत्यक्ष रूपमा लाइसेन्स किनबेच गर्ने प्रवृत्ति निरुत्साहनका लागि पनि मस्यौदामा कडा प्रस्ताव गरिएको छ ।

प्रस्तावित मस्यौदामा विद्युत् आयोजनाबाट विद्युत्को व्यापारिक उत्पादन सुरु नभएसम्म सो आयोजनाका लागि अनुमति प्राप्त संस्थाको संस्थापकले लिएको सेयरमध्येबाट २५ प्रतिशत वा सोभन्दा बढी सेयर बिक्री गर्न नपाइने व्यवस्था गरिएको छ । यो प्रावधानले विद्युत् आयोजनाको सर्वेक्षण वा उत्पादन अनुमतिपत्र लिएका कम्पनीका संस्थापकले आफ्नो सेयर स्वामित्व अरूलाई बिक्री गर्ने प्रवृत्ति निरुत्साहित हुने अनुमान छ ।

गत वर्ष मंसिरमा विद्युत् भारतीय कम्पनी जीएमआरले पाएको माथिल्लो मर्स्याङ्दी विद्युत् आयोजना निर्माणको अनुमतिपत्र बिक्री गरेपछि संसद्को अर्थ समितिले समेत यसमा चासो देखाएको थियो । ६ सय मेगावाटको विद्युत् आयोजनाको अनुमतिपत्र लिनका लागि जीएमआरको ८० प्रतिशत र नेपाली साझेदारको २० प्रतिशत स्वामित्व रहने गरी नेपालमा कम्पनी दर्ता गरिएको थियो ।

उक्त कम्पनीको स्वामित्व बुटवल पावर कम्पनीको अनुवाइमा दुई चिनियाँ कम्पनीले किनेपछि नीतिगत छिद्रताको फाइदा लिँदै अनुमति बिक्री गर्ने प्रवृत्ति निरुत्साहन गर्न कानुनी व्यवस्थाबारे छलफल भएको थियो ।

### विद्युत् निर्यातको व्यवस्था

मस्यौदामा नेपालबाहिर विद्युत् निर्यातका लागि पनि बाटो खुला गर्ने गरी प्रावधान राखिएको छ । 'विद्युत् व्यापारको अनुमति प्राप्त संस्थाले विद्युत्को आयात-निर्यात गर्न तोकिएबमोजिम मन्त्रालयबाट स्वीकृति लिनुपर्नेछ,' प्रस्तावित मस्यौदामा भनिएको छ । विद्युत् उत्पादनको अनुमतिमा नै विद्युत् निर्यात गर्न पाउने उल्लेख भएकोमा विद्युत् निर्यातका लागि छुट्टै स्वीकृति लिन आवश्यक नपर्ने उल्लेख गरिएको छ । नेपालका स्वतन्त्र ऊर्जा उत्पादकहरूले केही महिनायता सरकारसँग विद्युत् निर्यातसम्बन्धी कानुन निर्माणका लागि माग गर्दै आएका थिए ।


# VACANCY

***The applicants are invited for the following posts from the candidates open towards learning and possess a pleasant personality with excellent interpersonal skills.***

| S.N | Post & No Required | Qualification | Experience |
|---|---|---|---|
| 1. | General Surgeon (Registrar)-1 | MD in Surgery | 1 Year |
| 2. | Receptionist-1 | +2 Pass<br>Command on Ms Office<br>Excellent Oral & Written English<br>Good Interpersonal & Communication Skills | 1 Year |

***Interested candidates may apply with application letter, updated Resume and 1 pp-size photo at Nidan Hospital Pulchowk,Lalitpur or email us at hr@nidanhospital.com before September 15, 2019.***

NIDAN HOSPITAL निदान हस्पिटल पुल्चोक, ललितपुर

Phone: 5531333/5531822/5531297
Email: info@nidanhospital.com
www.nidanhospital.com



# JOB ANNOUNCEMENT

A new trading house in Boudha area is looking for highly motivated individuals for immediate recruitment:

**1. Chief Accountant/ Manager - 1**
- Master degree or equivalent with min 5 years of independent accounting in trading/ business forms
- Knowledge of latest accounting packages
- Tax clearance procedures
- Experience in custom clearance will be an added benefit

**2. Assistant Accountant - 1**
- Bachelor degree or equivalent with min 3 years' experience in accounting.
- Knowledge of latest computer accounting packages
- Keep stock updates
- Payment collection from clients.

**3. Store keeper -1**
- Bachelor degree with 2 years' experience in stock keeping in retail/wholesale outlets.
- Honest and devoted candidate willing to work long hours
- Able to keep accurate stock list
- Should be able to take order and manage delivery to clients.
- Knowledge of stock record system.

Interested Candidates are requested to send your update **resume to fsfood101@gmail.com**. *Salary commensurate with qualification and experience.*

*Only shortlisted candidates will be called for interview. Special preference for two wheeler driving lisence holder.*



GOENKA GROUP

# vacancy Announcement

Goenka Electronics a Subsidiary of Goenka Group invites application from highly motivated, competent, and performance oriented candidate for the following post.

**REGIONAL SALES OFFICER ( MALE)** — Work Station: Kathmandu (Goenka Electronics Pvt. Ltd.)

**Responsible:** Planning, Managing and executing sales strategy for electronics. Maintaining & developing relationship with existing customers, visiting potential customers for new business & conducting sales activities for electronics. Coordinating with subordinates.
**Quantity: 2**
Experience: Minimum 3 Years

**JUNIOR AREA SALES OFFICER ( MALE)** — Work Station: Narayanghat (Goenka Electronics Pvt. Ltd.)

**Responsible:** Maintaining & developing relationship with existing customers, visiting potential customers for new business & conducting sales activities for electronics.

**Quantity: 2**
Experience: Minimum 2 Years

** Fresh candidate are encourage to apply*

GOENKA ELECTRONICS

Salary and Perks will not be constraints for deserving candidates. Interested candidates can send their CV, with the expected salary to the following address with in the **27th of Bhadra, 2076**

**Email: vacancy@goenkagroup.com.np**



Save the Children
100 YEARS

# VACANCY ANNOUNCEMENT

Save the Children believes every child deserves a future. In Nepal and around the world, we give children a healthy start in life, the opportunity to learn and protection from harm. We do whatever it takes for children - every day and in times of crisis - transforming their lives and the future we share. Save the Children adheres Child Safeguarding Policy with high importance and commits rigorous procedure to ensure all our personnel and programs are safe for children. All candidates will be, therefore, subject to strict background checks.

Save the Children invites applications from the interested and eligible candidates (Nepali Citizens only) who are reliable, accountable, have the ability to deliver results with the highest level of integrity and who value diversity for the following position(s):

| Position | Brief Description | Eligibility |
|---|---|---|
| **Senior Programme Manager (Global Fund)**<br>Required No.(s): 1 (One)<br>Term & Location: Fixed-term until March 2021 with possible extension based in NCASC, Kathmandu | The Senior Programme manager is responsible for planning, implementation and monitoring of the Global Fund supported program implemented by NCASC; Support NCASC in implementing National HIV program funded by Government and other partners. | Master's degree in Public Health (MPH) or related health sciences<br>A minimum of 7 years (5 years for GSI* group) of experience in managing Public Health programs at the national level and 3 years of experience in HIV programme management at national level |

*GSI group includes Female, Dalit, Madhesi, People with Disabilities and other indigenous/minorities

For detail job description(s) of the position(s), log on to **www.p2p.com.np**
To apply, select the position and click the **"Apply"** button.
The application deadline is **17:00 hrs, Wednesday, September 11, 2019.**

Only the shortlisted candidates will be contacted for further selection process. Canvassing at any stage of the processes shall lead to automatic disqualification. No telephone inquiries will be entertained.

**Qualified candidates from minorities, indigenous groups, women and people with disabilities from local level are highly encouraged to apply**



# Vacancy Announcement

World Vision

World Vision International Nepal (WVIN), an international Christian relief, development and advocacy organisation dedicated to working with children, families and communities to overcome poverty and injustice, is looking for potential Nepalese candidates to fill out the following positions:

**1. Position: Sponsorship Field Coordinator (Three) - based in Rautahat, Mahottari and Bajhang**

**Key Responsibilities:** The Sponsorship Field Coordinator will coordinate Child Sponsorship and Community Sponsorship operations and services with partner NGOs that will enable WVIN to meet Child Sponsorship Standards, coordinate sponsorship processes within the team to fulfil sponsorship outcomes and outputs. S/he will facilitate strong community and partner engagement and ownership of child sponsorship to process child selection and registration; develop sponsorship activities that promotes children's participation and well-being; foster meaningful relationships and communication between children and sponsors. The role will also be responsible to provide technical support to Partner NGOs to lead the integration and quality of sponsorship in those programmes supported by sponsorship, and to mitigate potential problems traditionally associated with sponsorship practices. The role will be required to spend at least 50% of work time conducting monitoring and field visits in target municipalities and wards. **Minimum Qualifications and Experience required:** Bachelors in Social Science/Development Studies/ Sociology/ International Relation or any relevant field (Preferred Masters) with at least 3 years of experience in similar or equivalent positions in development sector or sponsorship-focused organization; Should have understanding of poverty issues, development theories and sustainable development practices including empowerment approach through community-led activities and advocacy; Knowledge of World Vision's Technical Programmes and organizational policies and standards, including Child Sponsorship standards is preferred; Should have good interpersonal skills and cross-cultural sensitivity, strong collaboration and partnership skills to mobilize engagement and influence; Should have strong project management skills including the ability to plan and budget; manage performance of partners and contractors; monitor, evaluate and communicate results; think strategically and analytically; User experience with WV's data management, information platforms and Sponsorship systems such as Horizon is preferred; Excellent written and verbal skills in English and Nepali with demonstrated proficiency in computer applications including use of Microsoft Office tools and design software is essential. Local people with local linguistic will be preferred. S/he should be self-motivated and have a high level of integrity and honesty, willing to work under pressure; be creative and innovative with decision making and problem solving.

**Candidates fulfilling the criteria mentioned above may send in their complete 'Curriculum Vitae (CV) with statement of purpose' mentioning your preferred location by 10 September 2019 before 17:00 hours to the email, address mentioned below.**
Email: **NPL-Vacancy@wvi.org.**

*World Vision International Nepal is committed to diversity and inclusion within its workforce, and encourage candidates of diverse background, women and differently abled, to apply. Only short-listed candidates will be called for the subsequent selection procedure.*

**WVIN reserves all rights to qualify/disqualify applications in any case.**
People & Culture Department
**World Vision International Nepal**

# मिडिया काउन्सिल...

कांग्रेस र राजपाले जरिवाना हटाएर सार्वजनिक रूपमा क्षमायाचना गर्न लगाउने तथा कालोसूचीमा राखी नाम सार्वजनिक गर्ने प्रस्ताव राखेका छन् ।

सत्तारूढ दलकै सांसद रामनारायण विडारीले भने आचारसंहिता उल्लंघन गरेर कसैको प्रतिष्ठामा आँच पुर्‍याएको देखिए जरिवाना राख्नुपर्ने प्रस्ताव अगाडि सारेका छन् । उनले जरिवानालाई २५ हजारदेखि एक लाखसम्ममा सीमित गर्नुपर्ने संशोधन हालेका छन् । आचारसंहिता उल्लंघनमा राखिएको ठूलो जरिवाना र क्षतिपूर्तिको प्रावधानका कारण विधेयक बढी आलोचित बनेको थियो । सत्तारूढ सांसदहरू ठगेन्द्रप्रकाश पुरी, शेरबहादुर कुँवर, उदया शर्मा पौडेल, जीवन बुढा र भैरवसुन्दर श्रेष्ठसहित १५ जनाको संशोधन प्रस्तावमा सर्वोच्च अदालतको न्यायाधीश हुन योग्यता पुगेको वरिष्ठ अधिवक्ता वा पत्रकारिता क्षेत्रमा १५ वर्षको अनुभव भएको व्यक्ति काउन्सिलको अध्यक्ष हुन सक्ने भनिएको छ । शैक्षिक योग्यता स्नातकोत्तर प्रस्ताव गरिएको छ । विधेयकमा कुनै विषयमा स्नातक गरी १० वर्ष पत्रकारिता अनुभव भएको व्यक्ति अध्यक्ष हुन सक्ने उल्लेख छ ।

विपक्षी कांग्रेस र राजपाले काउन्सिलको अध्यक्ष र सदस्य नियुक्तिका लागि राष्ट्रिय सभाका अध्यक्ष संयोजक, प्रतिनिधिसभाको सञ्चार हेर्ने समितिका सभापति र सञ्चार मन्त्रालयले मनोनयन गरेको कम्तीमा २० वर्ष अनुभव भएको, ४५ वर्ष उमेर पूरा गरेको वरिष्ठ पत्रकार सदस्य रहेको सिफारिस समिति गठनको प्रस्ताव गरेका छन् । कांग्रेस सांसदहरू सुरेन्द्र पाण्डे, राधेश्याम अधिकारी, सरिता प्रसाईंसहित ७ सांसदले हालेको संशोधनमा काउन्सिल अध्यक्षका लागि सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता पुगेको व्यक्ति मात्रै योग्य हुने भनिएको छ ।

काउन्सिल सदस्यमा सांसदहरूको प्रतिनिधित्वको प्रस्ताव छ । महासंघ पनि सांसदहरूको प्रतिनिधित्वको पक्षमा छ । कांग्रेस सांसदहरूले प्रतिनिधिसभाका सभामुखले तोकेको प्रमुख विपक्षी दलको प्रतिनिधित्वसँगै कम्तीमा एक महिलासहित दुई र राष्ट्रिय सभा अध्यक्षले तोकेको एकजना गरी तीन सांसद काउन्सिलमा हुनुपर्ने प्रस्ताव गरेका छन् ।

राजपा सांसद वृषेशचन्द्र लालले प्रतिनिधिसभा र राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने मान्यताप्राप्त सबै राजनीतिक दलको प्रतिनिधित्व हुने गरी ५ सांसद काउन्सिल सदस्य हुनुपर्ने प्रस्ताव गरेका छन् । समाजवादी पार्टीकी प्रमिला कुमारीले पनि प्रत्येक दलबाट सांसदको प्रतिनिधित्व हुनुपर्ने उल्लेख गरेकी छन् । नेकपाका सांसद भने काउन्सिलमा सांसदको प्रतिनिधित्वका सवालमा मौन छन् । उनीहरूले ९ सदस्यीय काउन्सिलको प्रस्ताव गरेका छन्, जसमा अध्यक्षबाहेक सञ्चार मन्त्रालयले तोकेको सहसचिव-१ र पत्रकार महासंघका अध्यक्ष पदेन सदस्य हुने भनिएको छ । विभिन्न विधाका पत्रकार र सम्पादकमध्येबाट चार, सञ्चार उपभोक्ता वा विज्ञापन दाताबाट एक र नेपाल बार एसोसिएसनले मनोनीत गरेको अधिवक्ता एक जना सदस्य रहने प्रस्ताव छ । कांग्रेस र राजपाले काउन्सिलमा प्रतिनिधित्व गर्ने महासंघ अध्यक्षबाहेक प्रत्येक प्रदेशबाट एक-एक जना र अन्य तीन गरी १० जना महासंघको अधिवेशनबाटै चयन भएर आउनुपर्ने प्रस्ताव राखेका छन् । कांग्रेसले २१ सदस्यीय काउन्सिल प्रस्ताव गरेको छ ।

कांग्रेसले अध्यक्षबाहेक काउन्सिल सदस्यमा सांसद-३, महासंघ अध्यक्ष-१, पत्रकारिताका प्राध्यापक वा सहप्राध्यापकबाट सरकारले मनोनयन गरेका एक जना सदस्य हुने प्रस्ताव गरेको छ । त्यस्तै २० वर्ष पत्रकारिताको अनुभवसहित सात वर्ष सम्पादकीय जिम्मेवारी निर्वाह गरेकामध्येबाट प्रत्येक प्रदेशबाट महासंघको प्रादेशिक निर्वाचनमा काउन्सिल प्रतिनिधिका रूपमा निर्वाचित ७, महासंघको केन्द्रीय अधिवेशनबाट काउन्सिल प्रतिनिधिका लागि निर्वाचित २० वर्ष अनुभव भएका श्रमजीवी पत्रकारमध्येबाट महिलासहित ३ जना सदस्य हुने भनिएको छ । मानवअधिकार, लैंगिक समता, भाषा साहित्य, व्यवस्थापन, प्रादेशिक तथा स्थानीय तह र अनुसन्धानजस्ता क्षेत्रमा कम्तीमा २० वर्ष अनुभव भएको ख्यातिप्राप्त व्यक्तिमध्ये नेपाल सरकारबाट कम्तीमा दुई महिलासहित नियुक्त ५ जना थप सदस्य रहने कांग्रेसको संशोधन प्रस्ताव छ ।

नेकपाकै सांसद विडारी भने काउन्सिल गठन र नियुक्ति प्रक्रियामा संसद्को सक्रियताको पक्षमा छन् । उनले राष्ट्रिय सभा अध्यक्ष नेतृत्वको समितिको सिफारिसमा काउन्सिलका पदाधिकारीको नियुक्ति हुनुपर्ने र काउन्सिल सदस्यमा सांसदको प्रतिनिधित्वको हुनुपर्ने संशोधन हालेका छन् । सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता पुगेका वरिष्ठ अधिवक्ता वा अवकाशप्राप्त उच्च अदालतका न्यायाधीशमध्येबाट अध्यक्ष बनाइनुपर्ने विडारीको प्रस्ताव छ । मन्त्रालयको सिफारिसमा नियुक्ति पाएका पदाधिकारीहरू सरकारप्रति अनुगृहीत रहने, उनीहरूमार्फत सरकारले चाहेका बेला मिडियालाई जरिवानाको भारी भिराउन सक्ने र त्यसले स्वतन्त्र प्रेसको मान्यता नै समाप्त हुने तर्क गरिँदै आएको छ ।

सञ्चारमन्त्री गोकुलप्रसाद बाँस्कोटाले जरिवानाको प्रावधान हटाउन सकिने उल्लेख गरेका छन् । तर, काउन्सिल ग ठन र नियुक्ति प्रक्रियामा उठाइएका सवालमा भने उनी सहमत देखिएका छैनन् । विधेयकमाथि सैद्धान्तिक छलफलमा गत शुक्रबार राष्ट्रिय सभामा बाँस्कोटाले पदाधिकारी चयन पहिले पनि सरकारले नै गर्ने गरेको र अहिले पनि सरकारले नै गर्ने प्रस्ताव गरिएको बताए । 'नियुक्तिपछि काउन्सिल स्वतन्त्र र स्वायत्त नै हुने हो,' उनले भनेका थिए ।

**पत्रकारलाई परीक्षाको प्रस्ताव**

नेकपाका १५ सांसदले काउन्सिलले लिएको पत्रकारिता व्यवसायी परीक्षा उत्तीर्ण गरेको र नैतिक पतन देखिने फौजदारी अपराधमा सजाय नपाएको नेपाली नागरिकलाई मात्र पत्रकारका रूपमा दर्ता गर्नुपर्ने विवादास्पद प्रस्तावसमेत अगाडि सारेका छन् ।

उनीहरूको संशोधन प्रस्तावमा काउन्सिलले आवश्यक पाठ्यक्रम, स्तर र प्रणाली निर्धारण गरेर वर्षको कम्तीमा दुई पटक यस्तो परीक्षा सञ्चालन गर्नुपर्ने उल्लेख छ । परीक्षा लिखित र मौखिक दुवै हुने भनिएको छ । पत्रकारिता व्यवसायी हुन परीक्षाबाहेक स्नातक तहको शैक्षिक योग्यता प्रस्ताव गरिएको छ । सञ्चार प्रतिनिधिका लागि कक्षा १२ उत्तीर्ण हुनुपर्ने भनिएको छ । मनोनीत सांसद डा. विमला राई पौड्यालले पनि पत्रकारलाई परीक्षा लिएर लाइसेन्स दिने व्यवस्था हुनुपर्ने संशोधन हालेकी छन् ।

# पत्रकार आचारसंहितामा सामाजिक सञ्जाल पनि

काठमाडौं (कास)- प्रेस काउन्सिलले पत्रकार आचारसंहिताको मस्यौदामा पत्रकारले प्रयोग गर्ने सामाजिक सञ्जालको विषयलाई समेत आफ्नो दायराभित्र पारेको छ । काउन्सिलले पत्रकार महासंघको सहमतिमा ०७३ मा जारी गरेको आचारसंहिता परिमार्जनका लागि मस्यौदा तयार पारेको हो ।

'पत्रकारले सामाजिक सञ्जालमार्फत प्रवाह गर्ने समाचार, विचार र सूचना वा जानकारी सत्य, तथ्यपूर्ण, सन्तुलित र मर्यादित हुनुपर्छ,' मस्यौदामा भनिएको छ, 'सामाजिक सञ्जालका अन्य प्रयोगकर्ताहरूले प्रकाशन गरेको जानकारी वा विचारहरूलाई सेयर वा री-ट्वीट गरी पुनःप्रकाशन गर्दा आफूले

**पत्रकार तथा सञ्चारमाध्यमले व्यावसायिक उत्तरदायित्व प्रतिकूल पुरस्कार, सम्मान, उपहार वा विशेष सुविधा लिन नहुने**

प्रकाशन गरेसरह तथ्यजाँच गरी निष्पक्षतालाई समेत ख्याल गरी सम्प्रेषण गर्नुपर्दछ ।' काउन्सिलले आचारसंहितामा पत्रकारले प्रयोग गर्ने सामाजिक विषयलाई थप गर्न लागेको हो ।


पत्रकार वा सञ्चारमाध्यमले अन्य सञ्चारमाध्यमका सामग्री पुनः प्रकाशन, प्रसारण वा वितरण गर्दा सहमति वा स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको भए मूल स्रोतसँग सहमति लिएर मात्र गर्नुपर्ने मस्यौदामा उल्लेख छ । कुनै प्रायोजित भ्रमण वा लेखनवृत्ति ग्रहण गरी तयार सामग्रीमा प्रायोजन वा वृत्ति लिइएको बारे स्पष्ट खुल्ने गरी प्रकाशन वा प्रसारण गर्नुपर्ने आचारसंहिता छ । काउन्सिल र पत्रकार महासंघको संयुक्त कार्यदलले तयार गरेको मस्यौदामा पत्रकार र सञ्चारमाध्यमले संघ, प्रदेश र स्थानीय सरकारबीचको सम्बन्ध, सामाजिक सद्भावमा गम्भीर असर पार्ने गरी समाचार प्रकाशन प्रसारण गर्न नहुने उल्लेख छ । 'मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक स्वास्थ्य र सामाजिक सद्भावजस्ता गम्भीर असर पार्ने सामग्री हटाउन काउन्सिलले निर्देशन दिन सक्नेछ,' मस्यौदामा भनिएको छ । मस्यौदा हाल पत्रकार महासंघ र विज्ञहरूसँग छलफलका क्रममा छ । महासंघले पदाधिकारी, केन्द्रीय सल्लाहकार र पदाधिकारीलाई मस्यौदा पठाएर सुझाव मागेको थियो ।

पत्रकार तथा सञ्चारमाध्यमले पेसागत मर्यादा, व्यावसायिक उत्तरदायित्वमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै प्रकारको पुरस्कार वा सम्मान, उपहार वा विशेष सुविधा लिन नहुने मस्यौदामा छ । आचारसंहिता विपरीतका काममा काउन्सिलले दिएको निर्देशन पालना नगरे सम्बन्धित पत्रकार र सञ्चारमाध्यमलाई अवज्ञाकारीको सूचीमा राखेर थप कारबाही गर्न सकिने छ । काउन्सिलको निर्णय तीन पटकसम्म पनि अवज्ञा गरे सञ्चारमाध्यमको वर्गीकरण, लोककल्याणकारी विज्ञापन वा अन्य सुविधा निश्चित समयका लागि रोकिने मस्यौदामा छ ।

काउन्सिलले जारी गरेको पत्रकार संहिताको अनुकूल हुने गरी प्रत्येक सञ्चारमाध्यमले आफ्नो आचारसंहित बनाई स्वनियमन र स्वमूल्यांकन गर्न सक्ने प्रस्ताव छ । 'यसका लागि सञ्चारमाध्यमले आफ्नो संस्थासँग असम्बद्ध र कुनै स्वार्थ नरहेका स्वतन्त्र विज्ञहरू रहेको सञ्चार स्वनियमन समिति गठन गर्नेछन्,' मस्यौदामा उल्लेख छ ।


## हार्दिक श्रद्धाञ्जली

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो,
इन्द्रै बिन्ती गरुन झुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो ।



जन्मः वि.सं. १९९२/०४/०१

स्वर्गारोहणः २०७६/०५/०५

**स्व. जित बहादुर रायमाझी**

हाम्रा प्रातःस्मरणीय पति एवं अभिभावक **जित बहादुर रायमाझी**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा हामीलाई सहानुभूति तथा समवेदना प्रकट गर्नुहुने समस्त आफन्तजन, ईष्टमित्र तथा शुभेच्छुकहरुमा हार्दिक कृतज्ञता प्रकट गर्दछौं ।

पत्नीः अमर कुमारी रायमाझी
तथा समस्त रायमाझी परिवार, तिलोत्तमा-५, रुपन्देही


# सडकमै सकियो ७२ करोड



सल्यानको जंगल क्षेत्रमा डोजर लगाएर सडक खनिँदै ।

*तस्बिर : विप्लव महर्जन/कान्तिपुर*

सुर्खेत (कास)- घाँजरीपिपल पुग्न सल्लीबजार, ढोरपिपल, सुनौली, स्वारा, छाँपडाडा गरी ५ ठाउँबाट सडक खनिएका छन् । तर कुनै पनि सडकमा नियमित गाडी सञ्चालनमा छैनन् । सबै सडक २ वर्षको अवधिमा खनिएका हुन् ।

एउटै गाउँमा पुग्नलाई सडक खनिएको यो एक उदाहरण मात्र हो । जिल्लाका १० स्थानीय तहले २ वर्षको अवधिमा ७२ करोड रुपैयाँ सडक निर्माणमै सकेका अधिकांश प्रयोगविहीन छन् । गुणस्तरहीन निर्माण र स्तरोन्नति नहुँदा वर्षायाममा गाडी चल्न नसके पनि सबै स्थानीय तहले सडक निर्माणलाई अझै प्राथमिकतामा राखेका छन् । जिल्लामा ५ सय बढी साना-ठूला सडक छन् । जिल्लाभर १२ सय ६६ किमि सडक निर्माण भएको जिल्ला समन्वय समितिले जनाएको छ । यिनमा ६० सडकमा मात्र मुस्किलले यातायातका साधन सञ्चालन भइरहेका छन् ।

कालीमाटी गाउँपालिकाले २ वर्षको अवधिमा ७ करोड रुपैयाँ खर्च गरी ८० सडक निर्माण गरिएको जनाएको छ । दार्माले ९ करोड रुपैयाँ खर्चिएर १ सय १०, त्रिवेणीले ४ करोड बजेटबाट ४५, बन्गाडकुपिण्डे नगरपालिकाले १५ करोड रकमबाट १ सय २० किलोमिटर सडक निर्माण गरिएको जनाएका छन् । शारदा नगरपालिकाले ७ करोड खर्च गरेर १ सय ६३, कपुरकोटले ५ करोड रकमबाट २ सय ५ र बाग्चौर नगरपालिकाले ९ करोड रकमले २ सय किमि सडक निर्माण गरेका छन् । त्यस्तै छत्रेश्वरीले ४ करोड खर्चेर १ सय २०, कुमाखले ८ करोड रुपैयाँले ८०, सिद्धकुमाखले ३ करोड ५० लाख रुपैयाँ बजेटबाट ७३ किमि सडक निर्माण गरेका छन् । जिल्लामा ५ सय किलोमिटर सडकको मात्र स्तरोन्नति गरिएको छ ।

बन्गाडकुपिण्डे नगरपालिका-८, ज्यामिरेका भीमबहादुर विकले प्राविधिक बिना डोजर चालकले मनपरी घरैपिच्छे पुर्‍याउने सडक खनेकाले खलंगा-बालुवासंग्रही सडकमा पहिरोको जोखिम बढ्दै गएको बताए । उनका अनुसार उक्त सडकका कारण महादेव प्रावि र कुपिण्डेताल जोखिममा परेको छ । 'जनप्रतिनिधिले कार्यकर्ताको घरघर पुर्‍याउन मात्रै सडक निर्माणलाई प्राथमिकता दिएका छन्,' उनले भने, 'वातावरणीय र प्राविधिक मापदण्डको ख्यालै नगरी सडक निर्माण गर्दा गाउँहरू पहिरोको जोखिममा छन् ।' मोख्लाका व्यावसायी डिल्लीबहादुर गिरीले आवश्यकताभन्दा बढी सडक निर्माण गरिदा करोडौं सरकारी लगानी खेर गएको बताए । 'पहिलो वर्ष खनेका सडक स्तरोन्नति हुँदैनन्, वर्सेनि नयाँ सडक बन्ने क्रम बढेको छ,' उनले भने, 'तर अधिकांश सडकमा गाडी नचल्दा सरकारी लगानी बालुवामा पानी भएको छ ।'

स्थानीय तहले वातावरणीय प्रभाव परीक्षण (आईइई) नगरी सडक निर्माण गर्दा विनास बढ्दै गएको जिल्ला समन्वय समिति प्रमुख केशबहादुर विष्टले बताए । 'कुनै नम्सको पालना नगरी सडक निर्माण गर्दा वन सखाप हुन थालेको छ, प्राकृतिक विपत्ति बढ्दै गएको छ,' उनले भने, 'यो वर्ष पनि अधिकांश स्थानीय तहको ६० प्रतिशत बजेट सडक निर्माणमै विनियोजन भएको छ ।' उनका अनुसार यसअघि साविकको जिल्ला विकास समितिले गाडी सञ्चालन हुने गरी ३४ सडक निर्माण गरेको थियो । अहिले ग्रामीण क्षेत्रका अधिकांश सडक स्थानीय तहबाटै खनिएको उनी बताउँछन् । डिभिजन वन कार्यालयका प्रमुख थीरबहादुर कार्कीले सडक निर्माणले सबैभन्दा ठूलो असर वन क्षेत्रमा पारेको बताए । 'सडक निर्माणका कारण अधिकांश ठाउँमा पानीका मुहान सुकेका छन्, वन विनासका कारण पर्यावरणमा ठूलो असर परेको छ,' उनले भने, 'गाउँगाउँमा भूक्षय र पहिरोको जोखिम बढ्दै छ ।'

दार्मा गाउँपालिका अध्यक्ष नीमबहादुर केसीले २ वर्षको अवधिमा १ सय १० किलोमिटर सडक खने पनि वर्षाका कारण अहिले कुनै पनि ठाउँमा गाडी नचलेको बताए । उनका अनुसार केन्द्र पुग्ने सडकसमेत अवरुद्ध भएकाले स्थानीयको सेवाप्रवाहमा समस्या भइरहेको छ । 'गाउँपालिकाले खनेका सडकको प्रतिफल पूर्ण रुपमा देखिएको छैन, ट्र्याक नखोलिएका सडक स्तरोन्नति गर्ने प्रक्रियामा छौं,' उनले भने, 'ट्र्याक खोलिएका सबै सडकमा हिउँदमा गाडी सञ्चालन हुँदै आएका छन् ।' त्रिवेणी गाउँपालिका अध्यक्ष मानबहादुर डाँगीले अधिकांश पुराना सडक स्तरोन्नति गरिरहेको बताए ।

# अनाहकमा अढाई वर्ष...

तर नेपाली दूतावासले एक वर्षसम्म त्यसको पहल गरिदिएन, जसकारण उनले अनाहकमा जेल बस्नुपरेको हो ।

कैद भुक्तान भइसकेको हुँदा उनलाई जेलभित्रैको 'ट्रान्जिट सेन्टर' मा राखियो । सेन्टरमै बसेको पनि १६ महिना बितिसकेको छ । दूतावासले भने भारतीय विदेश मन्त्रालयको पत्रबारे अनभिज्ञता प्रकट गरेको छ । 'एक वर्षअघिको पत्रबारे हामीलाई जानकारी छैन,' दूतावासका प्रवक्ता हरि ओडारीले भने ।

त्यसैबीच अमृतसरकै गुरविन्दर कौरोले डिल्लीराम थारूलाई कहिल्यै नबिर्सने गुन लगाए । केही दिन जेल पर्दा कौरोले थारूलाई त्यहीं भेटेका थिए । कुराकानी हुँदा थारूले आफ्नो कथा-व्यथा सुनाए । 'धेरै बोल्दैनथे, एक पटक कुराकानी हुँदा कागजपत्र केही छैन, के गर्ने होला भने ? त्यही बेला नै मैले बाहिर गएपछि केही गर्छु भनेको थिएँ,' कौरोले कान्तिपुरसँग भने । तिनै कौरो जेलबाट छुटेपछि कपिलवस्तु नै पुगे । त्यहाँ पुगेर वाणगंगा नगरपालिका वडा नम्बर २ को कार्यालयमा गई थारूको अवस्थाबारे बेलिविस्तार लगाए । त्यसको केही दिनपछि गत फागुनमा एक छिमेकी रामलालको साथ लागेर उनकी आमा रीमा चौधरी छोरा भेट्न अमृतसर पुगिन् ।

आमाले पनि एक-दुई महिनाभित्रै लिन आउँछु भनिन् । 'छोराले मलाई चाँडै निकाल्न भने । तर म एक्लैले के पो गर्न सक्थें र,' घरमै रहेकी आमा रीमाले फोनमा कान्तिपुरसँग भनिन् । घर फर्केपछि छिमेकीलाई सबै बेलिविस्तार लगाइन् । कसैले पनि ठोस सहयोगको आश्वासन दिएनन् । अमृतसर गएका बेला उनलाई त्यहाँका वकिलले १० हजार भारु दिने हो भने छोरा छुटाइदिन्छु भनेका रहेछन् । तर उनीसँग त्यति पैसा कल्पनाबाहिरको कुरा थियो । 'गाडी भाडा त खोजेर गएकी थिएँ, मसँग अरू पैसा कहाँबाट हुनु,' उनले सुनाइन् । बिस्तारै डिल्लीराम थारूका विषयमा गाउँघरमा गाइँगुइँ चल्न थाल्यो । गृहजिल्ला भएकाले भारतका लागि पूर्वराजदूत दीपकुमार उपाध्यायले पनि थाहा पाए । खबर अमृतसरमा रहेका अखिल भारत नेपाली एकता मञ्चमा पुग्यो । त्यसका केन्द्रीय सदस्य राजु पौडेललगायत प्रवासी नेपालीले थारूलाई छुटाउन सक्रियता बढाए । पूर्वराजदूत उपाध्याय र प्रवासीहरूले नै थारूका विषयमा दिल्लीस्थित दूतावासलाई पुनः सूचित गरे । त्यसैबीच भारतको विदेश मन्त्रालयले नेपाली दूतावासलाई गत जुलाईमा दोस्रो पटक पत्र पनि लेख्यो । त्यसलाई पनि दूतावासले गम्भीरतापूर्वक लिएको छैन । 'खै कस्तो लापरबाही हो, एउटा नेपालीले अनाहकमा दुःख पाउनुपर्‍यो,' उपाध्यायले कान्तिपुरसँग भने । भारत सरकारले पत्राचार गरेपछि दूतावासले समयमै सूचना निकाल्नुपर्नेमा त्यसो हुन नसक्नु 'गम्भीर लापरबाही' भएको उनको भनाइ छ । उपाध्याय र प्रवासी नेपालीले ताकेता गरेपछि बल्ल गत ५ अगस्टमा दूतावासले काठमाडौंस्थित कन्सुलर विभागलाई थारूको नाम र ठेगाना प्रमाणित गरिदिन पत्राचार गर्‍यो । त्यसको पनि तीन साता बितिसक्यो, विभागले जवाफ पठाएको छैन । विभागले जवाफ नपठाए पनि दूतावासले सीधै वाणगंगा नगरपालिका र स्थानीय प्रहरीसँगको समन्वयमा आवश्यक कागजात मगाउन पहल गरिरहेको छ ।

डिल्लीराम थारूका फुपाजु गणेश थारूले आवश्यक कागजात जुटाइदिए । त्यसका लागि पनि उनले ठूलै सास्ती भोग्नुपर्‍यो । 'नागरिकताको अभिलेख खोज्नसमेत सहयोग भएन । विधवा भत्ताका लागि वाणिज्य बैंकमा खाता खोल्दा राखेको डिल्लीको नागरिकताको प्रतिलिपिसमेत दिएनन्,' गणेशले भने । नागरिकताको प्रतिलिपि नपाएपछि केही उपाय नलागेर वडाको सिफारिस र फोटो पठाइदिएको उनले बताए । 'उनलाई सकेसम्म चाँडै घर फर्काउने प्रयास भइरहेको छ । सम्बन्धित जिल्लाबाट परिचय खुल्ने कागजात मागेर दूतावासबाट गर्नुपर्ने आवश्यक सहयोगका लागि पहल भइरहेको छ,' दूतावासका प्रवक्ता ओडारीले भने । डिल्ली जेल परेपछि घरमा आर्थिक अवस्थामा सुधार भएन । केही नलागेपछि श्रीमती सीता दुई छोरी लिई काठमाडौं गइन् ।

उनी त्यहींको एउटा अनाथ आश्रममा बस्छिन् । आश्रममा खाना पकाएर उनले गुजारा चलाएकी छन् । यसबारे जेलमा रहेका डिल्लीराम थारूलाई थाहा छैन । आफूलाई घर फिर्ता गराउन भइरहेको पहलबारे पनि थारू बेखबर छन् । उनी अझै अमृतसरको जेलमै छन् । पंक्तिकारले त्यहीं गएर उनीसँग कुरा गरेको थियो ।

आमा आएर गएको यतिका महिना भइसक्दासमेत बाहिर निस्कन नपाएपछि उनले जेलबाहिर निस्कने आस नै मारिसकेका रहेछन् । 'अब सधैं यहीं बस्नुपर्छ कि भन्ने लाग्न थालेको थियो, आस मर्दै गएको थियो,' उनले कान्तिपुरसँग भने, 'जीवनमा एउटा ठूलो हन्डर खाइयो । चाँडै घर जान पाए हुन्थ्यो । परिवारको निकै याद आइरहेको छ ।'

## आमाछोराको मिलन गराएँ, त्यसमै खुसी छु

**– गुरविन्दर कौरो**

प्रहरीसँग झगडा परेपछि केही दिनका लागि म जेल परेको थिएँ । त्यही बेला डिल्लीसँग भेट भयो । जेल एउटै भए पनि उनी र म बस्ने ठाउँ भिन्न थियो । बाहिर निस्कँदा देखभेट हुन्थ्यो । पछि कुराकानी पनि हुन थाल्यो । एक दिन उनले आफूसँग कुनै कागज नभएकाले जेल सजाय काटेर पनि घर जान नपाएको बताए । सुनेर मलाई निकै दुःख लाग्यो । बाहिर निस्केपछि केही गर्छु भनें । र जेलबाट निस्किएपछि म कपिलवस्तु गएँ । त्यहाँको नगरपालिकाको वडा कार्यालयमा गएर घटनाबारे सबै बेलिविस्तार लगाएँ । त्यसपछि एक जना छिमेकीलाई लिएर डिल्लीकी आमा अमृतसर आउनुभयो । यहाँ आएको बेला तीन दिनसम्म मेरै घरमा बस्नुभयो । बल्लतल्ल उनीहरूबीच भेट भयो । बिछोड भएका आमाछोराको मिलन गराउन पाएकोमा म निकै खुसी छु । तर यस्तो दुःख कसैलाई नपरोस् ।

## मन थाम्नै सकिनँ

**–रीमा चौधरी, डिल्लीकी आमा**

गएको फागुनमा छोरा भेट्न भनेर अमृतसर गएकी थिएँ । जेलमै गएर भेटें । छोरासँग १५ मिनेट जति कुरा भयो । दुई वर्षपछि छोरालाई भेट्दा धेरै गाह्रो भयो । उसलाई भेट्नुभन्दा अघिल्लो दिन फोनमा कुराकानी भएको थियो । त्यति बेला त थाम्नै सकिनँ । निकै रोएँ । भेट पनि निकै मुस्किलले भएको थियो । भेटमा उसले श्रीमती र छोरीहरूबारे सोधेको थियो । निकै चिन्ता गर्दै थियो । मैले सबै ठीक छ भनें । गाउँमै छन् भनें । काठमाडौंमा आश्रममा बस्छन् भनिनँ । खेतीपाती केही छैन । मजदुरी गर्छु । ७० वर्षकी सासू पनि हुनुहुन्छ । यता नातिनीहरू पनि बुबा कहिले आउनुहुन्छ भनेर सोध्छन् । तर मसँग त्यसको केही जवाफ हुँदैन । अब बुबा नआएसम्म घर नआउने भनेर घुर्क्याउन थालेका छन् । कागजात नहुँदा छोराले निकै दुःख पायो । पहिले सरदारजीको हातमा पनि कागज पठाएकी थिएँ । पछि पनि तीन पटकसम्म कागज पठाएँ । तर पनि मानेन । एम्बेसीकै नै कागज चाहिन्छ भने । तर अब चाँडै छुट्छ कि भन्ने आस पलाएको छ । एम्बेसीले पनि सहयोग गरिरहेको छ भन्ने सुनेकी छु ।

# खोजिएन १८०० रोपनी...

यसले गर्दा खोलाको बहावसमेत परिवर्तन गरेर जग्गा मिचिएको छ । कलंकीकै खोला बगिरहेको ठाउँको ७ रोपनी र कित्ता नम्बर ११८ र ९२ को करिब २ रोपनी जग्गा विभिन्न व्यक्तिले मिचेका छन् । वाग्मती, विष्णुमती, मनोहरालगायत विभिन्न नदीको सयौं रोपनी मिचिएको छ । त्यसले गर्दा नदीको बहावसमेत परिवर्तन भएको छ ।

कलंकीकै खोलाको विभिन्न कित्ताको जग्गा सिधै व्यक्तिले मिचेका छन् । थानकोटतिर जाने राजमार्ग सुधारका लागि राखिएको जग्गा ९ जनाले अतिक्रमण गरेका छन् । त्यसमा घर निर्माण गरिएको छ । कलंकीमै नेपाल मानव धर्म सेवा समितिको ब्रह्मराजकुमारी आश्रमले २ वटा घर बनाएर करिब १ रोपनी जग्गा मिचेको प्रतिवेदनमा छ ।

प्रतिवेदनअनुसार अन्य विभिन्न संघसंस्थाले करिब ४ रोपनीभन्दा बढी जग्गा अतिक्रमण गरेका छन् । कित्ता नम्बर ५७, ६१ को जग्गा ज्ञानकुन्ज बोर्डिङ स्कुलले मिचेको पाइएको छ । कालिमाटीको कित्ता नम्बर ५८, ५६२, ४९, १७२, ३१८ र १२४ को जग्गा विभिन्न व्यक्तिले मिचेका छन् । उनीहरूले विभिन्न किसिमले टहरा, घर कम्पाउन्ड बनाई करिब ३ रोपनीभन्दा बढी मिचेको पाइएको छ ।

साथै, कित्ता नम्बर २२६ को करिब ४ रोपनी मिचेर व्यक्तिले घर बनाएका छन् । टेकुदोभानस्थित कालिमाटी वाग्मती नदी किनारको करिब १६ रोपनी जग्गा कृषिका नाममा विभिन्न व्यक्तिले मिचेका छन् । वाग्मती नदीको उकास जग्गामध्ये ४ रोपनी १३ जनाले विभिन्न तरिकाले उपभोग गरेको प्रतिवेदनमा छ । चाबहिल, बौद्ध, बत्तीसपुतली, थापाथली, बानेश्वर, कोटेश्वर, हाँडीगाउँ, बूढानीलकण्ठ क्षेत्रमा धेरै जग्गा मिचिएको छ । पोखरी, मन्दिर, खोला, कुवा, ढुंगेधारा, गुठीको जग्गा र घर, सार्वजनिक पेटी, बाटो धेरै मिचिएको छ । हाल सरकारले सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षणसम्बन्धी जाँचबुझ आयोग गठन गरेको छ । त्यसले पनि रावल आयोगको प्रतिवेदनमै टेकेर मिचिएको जग्गा खोजबिन गरिरहेको छ ।

आयोगका सदस्य जगत देउजाले रावल आयोगले तयार पारेको प्रतिवेदन एकदम स्पष्ट र तथ्यगत भएको बताए । 'यो प्रतिवेदनले समस्या मात्र देखाएको छैन, समाधान पनि देखाएको छ,' उनले कान्तिपुरसँग भने, 'कुनै व्यक्तिले ४ आनामा घर बनाएका छन्, त्यसमध्ये एक आना सरकारी जग्गा पर्छ भने घर भत्काउनभन्दा ती व्यक्तिले एक आनाबराबरको पैसा राज्यलाई दिनुपर्ने भनिएको छ, त्यसलाई अहिले पनि कार्यान्वयन गर्न सकिन्छ ।'


अधिकांश व्यक्तिले अस्थायी टहरा, घरको कम्पाउन्ड बनाएकाले त्यो हटाएर सरकारले जग्गा फिर्ता लिन सक्ने उनले बताए । आफूहरूले पनि स्थानीय तहका जनप्रतिनिधिसँग सरकारी जग्गा मिचिएकोबारे छलफल गरिरहेको उनले जनाए । काठमाडौं महानगरलगायत सहरी क्षेत्रमा जग्गा मिचिएको उनको भनाइ छ । उनका अनुसार साँध-सिमानामा रहेको १२ सय रोपनीभन्दा बढी सार्वजनिक जमिन मिचिएको आयोगको प्रतिवेदनमा उल्लेख छ ।

नापी विभागका पूर्वमहानिर्देशक बुद्धिनारायण श्रेष्ठले ०२२/२३ को नक्साअनुसार रावल आयोगले फिल्डमा गएर विस्तृत अध्ययन गरेको भन्दै निकै उत्कृष्ट भएको बताए । 'राम्रो थियो तर कार्यान्वयन हुन दिएनन्,' उनले भने, 'आयोग बनाउँछन्, प्रतिवेदन तयार गर्छन्, कार्यान्वयन गर्दैनन् ।' हाल गठन गरेको आयोगले तयार पारेको प्रतिवेदन कार्यान्वयन हुनेमा उनले आशंका व्यक्त गरे ।

# खेलकुद

ekantipur.com

## युरो तयारी



नेदरल्यान्ड्सका प्रशिक्षक रोनाल्ड कुम्यान सोमबार जेइस्टमा आयोजित पत्रकार सम्मेलनका क्रममा । नेदरल्यान्ड्सले शनिबार युरो २०२० छनोटमा जर्मनीको सामना गर्दैछ ।

ओलम्पिक कमिटी चुनाव

# 'ओलम्पिकको पुच्छर बन्दिनँ'

भदौ २० गते नेपाल ओलम्पिक कमिटीको नयाँ कार्यसमितिका लागि निर्वाचन हुँदैछ । वर्तमान अध्यक्ष जीवनराम श्रेष्ठ र पूर्वउपाध्यक्ष उमेशलाल श्रेष्ठले आआफ्नो समूह बनाएर उम्मेदवारी दिएका छन् । नेपाल स्की संघका जीवनराम र हकी संघका उमेसलाल चार वर्षअघि पनि अध्यक्षमै भिडेका थिए । ठूलो मतान्तरले विजयी भएका जीवननराम दोस्रो कार्यकालका लागि चुनावी मैदानमा छन् । प्रत्यक्ष/परोक्ष रूपमा ओलम्पिकको निर्वाचनमा राष्ट्रिय खेलकुद परिषद् (राखेप) को भूमिका रहन्छ । किनभने ओलम्पिक कमिटी नै राखेपको एउटा अंग हो । अध्यक्षका तीनै उम्मेदवार र राखेप सदस्यसचिव रमेश सिलवाल सत्तारूढ नेकपा निकट हुन् । ओलम्पिक निर्वाचनको पूर्वसन्ध्यामा राखेपको भूमिका र जिम्मेवारीबारे *कान्तिपुर*का **कुशल तिमल्सिना**ले गरेको कुराकानीमा सदस्यसचिव सिलवालले चुनावमा हस्तक्षेप नगर्ने स्पष्ट पारेका छन् । तर ओलम्पिक गतिविधिको नाममा आफ्नो खेल संघ धराशायी बनाउने खेलकर्मीलाई नियमनको प्रक्रिया सुरु गर्ने उद्घोष सदस्यसचिवको छ । उनको भनाइ :



ओलम्पिक कमिटी भनेको राष्ट्रिय खेलकुद परिषद्को अंग हो । यहाँ केही भ्रम छ भने स्पष्ट भए हुन्छ कि ओलम्पिक कमिटी राष्ट्रिय खेलकुद परिषद्मा दर्ता हुनुपर्छ । राष्ट्रिय अन्तर्राष्ट्रिय भनेर फुर्ति गरिराख्नुपर्ने कुनै कारण नै छैन । ओलम्पिकले कसरी राष्ट्रिय खेलकुद परिषद्सँग सम्बन्ध गाँस्ने भन्ने कुरा उनीहरूले पनि सोच्नुपर्छ । म चुनावमा कुनै बाधा ल्याउने छैन । तर योभन्दा अगाडिको जस्तो छाडा साँडेजस्तो भएर हिँड्न चाहिँ दिन्न, यसमा प्रस्ट भए हुन्छ ।

अर्को कुरा म हस्तक्षेप गर्दिनँ । जसले भोट पाउनुहुन्छ जित्नुहुन्छ, जसले कम पाउनुहुन्छ हार्नुहुन्छ, यो प्रजातान्त्रिक प्रक्रिया भयो । अर्को ओलम्पिकका लागि मानिसहरूको आकर्षण किन देखिएको भन्नेबारे २७ मतदातामध्ये २६ उम्मेदवार हुनुले नै सबैले बुझेका छन् । म चाहिँ साथीहरूलाई के आग्रह गर्छु भने ओलम्पिकमा जाने विषय ठूलो होइन, संघको काम गर्ने ठूलो हो । अब म ओलम्पिकका सबै मान्छेको रेकर्ड लिँदैछु । त्यहाँ कुन कुन पोजिसनमा हुनुहुन्छ मलाई मतलब भएन । उनीहरूले आफ्नो खेलको के विकास गर्‍यो त ? मिडियाका सरोकार त्यसमा पनि हुनुपर्छ भन्ने लाग्छ ।

ओलम्पिक गएर अन्तर्राष्ट्रिय कुरा गर्ने, आफ्नो संघको हालत के छ ? खेलको हालत के छ ? आफ्नो खेलमा सुधार गर्ने योजना के के छन् ? त्यसमा कुनै ध्यानै नदिने ? देश विदेश गएर हल्लिएर/संसार घुमेर झन्डा हल्लाएर वा फुर्तिफार्ती गरेर केही हुनेवाला छैन । आफ्नो खेल चाहिँ रसातलमा पुगेको छ, गेमको बारेमा नसोच्ने, आफ्नो खेलको योजना र पूर्वाधार बनाउनेबारेमा नसोच्ने, खेलाडी उत्पादनमा ध्यान नदिने, प्रशिक्षक अफिसियल उत्पादनमा वास्ता नगर्ने, अनि जहिले पनि म फलानो ठाउँको भनेर पोसिजन गर्‍यो भने उनीहरूलाई नेपालको इतिहासले धिक्कार्छ ।

केही उम्मेदवार विवादास्पद छविका भन्ने आएका छन्, त्यसमा ध्यान दिने मेरो काम होइन । त्यो मेरो जिम्मेवारीभित्र पर्दैन, मेरो जिम्मेवारीभित्र पर्ने कुरामा मैले कडाइ गर्नैपर्छ । म स्वच्छता र पारदर्शिता कायम गर्छु । ओलम्पिक कमिटी पनि पारदर्शीचाहिँ हुनुपर्छ । उसले आफ्ना गतिविधि पारदर्शी बनाउनुपर्छ । मैले १३ औं दक्षिण एसियाली खेलकुद सकिएको ९० दिनभित्र हिसाव किताबको पारदर्शी फेहरिस्त पेस गर्छु भनेको छु, अनि ओलम्पिक चाहिँ पारदर्शी हुनुपर्दैन ? ओलम्पिकमा चाहिँ पारदर्शिता चाहिँदैन ? लुच्चो तरिकाले काम गरेर हुन्छ ?

ओलम्पिकमा सांसददेखि धेरैको आकर्षण देखिरहेको छु । मलाई पनि तीनवटा संघले लिखित रूपकै ओलम्पिकमा प्रतिनिधित्वका लागि अनुरोध गरेका थिए । मैले उहाँहरूलाई हार्दिक धन्यवाद दिएँ र मैले के भनेँ भने, म राष्ट्रिय खेलकुद परिषद्को सदस्य सचिव, कार्यकारी निकायको नेतृत्वमा रहँदा रहँदै ओलम्पिक कमिटीको पुच्छर बनेर जान्न, भविश्यमा पनि मलाई कुनै रुचि छैन । संघमा अरूलाई न्याकेर ओलम्पिकमा भऱ्याङ बनाउने काम मबाट हुँदैन । त्यो राम्रो काम पनि होइन । उहाँहरूले बुझ्नुपर्छ । जबसम्म आफ्नो संघको गतिविधि उल्लेखनीय हुँदैन, अर्काको संघमा गएर कुनै अर्थ छैन । मेरो एउटा सिद्धान्त के छ भने, आफ्नो घर चाहिँ कमजोर छ अनि अर्काको घर बलियो बनाउन त्यसले के योगदान गर्ला ? पहिला त आफ्नै घर बलियो बनाउनुपर्‍यो नि । अर्को कुरा यो पनि घोषणा गर्छु कि म कुनै संघमा बस्दिनँ । चाहे अध्यक्ष होस्, चाहे सदस्य होस् वा संरक्षक, सल्लाहकार बस्दिनँ । म ओलम्पिक कमिटीमा जान्नँ । यो मेरो प्रतिबद्धता हो । त्यतिमात्र होइन, आवश्यक पर्‍यो भने म सेभ द मिसन पनि जान्नँ । इमानदारीपूर्वक देशकै नाम कमाउने ढंगले हो भने सोच्न सकिन्छ, बदनामी ढंगले हो भने म जान्नँ । देशभित्रको खेलकुदको विकासको म जिम्मेबारी लिन्छु, मेरा संघहरूले अरूसँग कसरी समन्वय गर्ने भन्नेबारे म जिम्मेबारी लिन्छु, तर डुलेर हिँड्ने डुलुवा संगठन बन्ने, इज्जत प्रतिष्ठा नभएको संगठन बन्ने काम म राष्ट्रिय खेलकुद परिषद्को सदस्यसचिव रहुन्जेल हुँदैन ।

## रंगशाला मैदानको स्तरोन्नति प्रारम्भ

काठमाडौं (कास)- राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले त्रिपुरेश्वरस्थित दशरथ रंगशाला फुटबल मैदानको स्तरोन्नतिको काम सोमबारदेखि सुरु गरेको छ । राखेपका सदस्यसचिव रमेशकुमार सिलवालले मैदानको घाँस काटेर स्तरोन्नति कार्यको प्रारम्भ गरे । सदस्यसचिव सिलवालले फुटबल मैदान तयार गर्न पर्याप्त समय रहेको बताउँदै ३ दिनमा घाँस काट्ने काम सक्ने त्यसपछि ३ दिनमा मैदानको खाल्डा खुल्डी मिलाएर घाँस रोप्ने कार्य प्रारम्भ गर्ने जानकारी गराए ।

'मैले आज दिउँसो यसको उद्घाटन गरेँ, भोलिदेखि ३ वटा मेसिन ल्याएर तीन दिनभित्र घाँस काट्ने काम सकिन्छ, अर्को तीन दिनमा हामीले मैदानमा सम्याउनेछौं,' सदस्यसचिव सिलवालले भने, 'मैदानमा स्थानीय दुबो नै प्रयोग गरिन्छ, त्यो तयार भइसकेको छ । दुबो रोपेपछि डेढ महिनासम्म मैदान पनि खेल्नका लागि तयार हुन्छ ।'

मैदान स्तरोन्नति उद्घाटन तथा निरीक्षणमा अखिल नेपाल फुटबल संघका अध्यक्ष कर्मा छिरिङ शेर्पा, १३ औं दक्षिण एसियाली खेलकुद (साग) सचिवालय प्रमुख कमल खनाललगायत उपस्थित थिए । टोलीले भीआईपी प्यारापिटको निरीक्षण गर्दै तयारीका बारेमा जानकारी लिएका थिए ।

## ग्यालेक्सीलाई क्रिकेट उपाधि

काठमाडौं (कास)- ग्यालेक्सी पब्लिक स्कुलले खेल नगरी अन्तरविद्यालय क्रिकेट प्रतियोगिताको उपाधि सोमबार जितेको छ । रोयल केसीटीसी, गोल्फुटारमा भएको फाइनलमा ग्यालेक्सीले केएमसीलाई २२ रनले पराजित गर्‍यो । ग्यालेक्सीका लागि ४६ रन जोडेका हृदय गिरी 'म्यान अफ द म्याच' घोषित भए । विजेताले १५ हजार र उपविजेताले ७ हजार नगद पुरस्कार पाए । केएमसीका सनिध्या आचार्य 'म्यान अफ द सिरिज' घोषित भए । उनले २ सय ५० रन जोड्नुका साथै ४ विकेट लिएका थिए । केएमसीका अनुप सुवेदी उत्कृष्ट बलर चुनिए । उनले ११ विकेट लिएका थिए ।

## राणा सम्मान थाप्न कोरिया प्रस्थान

काठमाडौं (कास)- नेपाल तेक्वान्दो संघका अध्यक्ष श्री प्रकाशशमशेर राणा कोरियाली सरकारबाट सम्मानित हुने भएका छन् । नेपालमा तेक्वान्दो खेलको विकासमा पुऱ्याएको योगदानका लागि अध्यक्ष राणालाई सम्मान गर्न लागिएको हो । बुधबार विश्व तेक्वान्दो दिवसको अवसरमा उनी सम्मानित हुन लागेका हुन् ।






# बेलद्वारा रियलको उद्धार



भिल्लारियलविरुद्ध बलअघि बढाउँदै रियल म्याड्रिडका बेल । *तस्बिर : एपी*

म्याड्रिड (एएफपी)- गेराथ बेलले दुई गोल गर्दै आइतबार स्पेनी ला लिगामा रियल म्याड्रिडलाई हारबाट जोगाएका छन् । त्यसको त्यस प्रदर्शनको मदतले रियलले भिल्लारियललाई २-२ को बराबरीमा रोक्यो । तर इन्ज्युरी समयमा बेल दोहोरो पहेंलो कार्ड खाएर मैदान छाड्न पनि बाध्य रहे । सिजनको सुरुमा बेलले रियल छाडे सबैलाई राम्रो हुने बताएका थिए । उनकै प्रदर्शनको मदतले रियल रोमाञ्चक बराबरीको नतिजा निकाल्न सफल रह्यो ।

भिल्लारियलले जेरार्ड मोरेनोको गोलले १२ औं मिनेटमा पहिलो गोल गरे । खेल सकिन १६ मिनेट अगाडि मोइ गोमेजले दोस्रो गोल थपे । त्यसयता बेलले मध्यान्तर अघिअघि एक गोल गरे भने खेल सकिने चार मिनेट अगाडि बराबरी गोल गरे । दुई मिनेटको अन्तरमा दुई पहेंलो कार्ड खाएपछि खेलले नाटकीय स्थिति लिएको थियो । खेलपछि जिदानले प्रतिक्रिया दिए, 'बेलको दुई गोलमा म खुसी छु र अबका खेलमा पूरा टिमको ध्यान केन्द्रित गर्न चाहन्छु ।'

**इटाली**

मिलान- इन्टर मिलानका रोमेलु लुकाकुमाथि फेरि एकपल्ट रंगभेदी दुर्व्यवहार गरिएको छ । तर उनकै निर्णायक गोलको मदतले इटालीको सिरी ए मा इन्टरले कागलिरीलाई २-१ ले हरायो । इन्टरले ७१ औं मिनेटमा प्राप्त पेनाल्टीमा लुकाकु प्रहार गर्न अग्रसर हुँदा कागलिरीको समर्थकले बाँदरको आवाज निकालेका थिए । बेल्जियमका २६ वर्षीय खेलाडीले त्यसयता रिसाएर दर्शकदीर्घातर्फ हेरे र सजिलै प्रहारलाई गोलमा परिणत गरे ।

लगत्तै इन्टरका साथी खेलाडीले उनलाई खुसीले छोपे र खेल अगाडि बढ्यो । अप्रिलमा पनि इटालीको फरवार्ड मोइस केनमाथि कागलिरीका समर्थकले यस्तै दुर्व्यहार गरेका थिए । म्यानचेस्टर युनाइटेडबाट कीर्तिमान ७ करोड ३० लाख डलरमा इन्टरमा आएका लुकाकुको दोस्रो खेलमा दोस्रो गोल नै हो । इन्टरको दुई खेलबाट ६ अंक पनि भएको छ । आइतबार नै भएको रोमन डर्बीमा एएस रोमा र लाजियोले १-१ को रोमाञ्चक बराबरीको नतिजा निकालेका छन् ।

**इंग्ल्यान्ड**

लन्डन- आर्सनलले दुई गोलले पछाडि रहेको स्थितिमा संघर्ष गर्दै इंग्लिस प्रिमियर लिगमा आइतबार राति आर्सनललाई २-२ को बराबरीमा रोकेको छ । सनसनीपूर्ण उत्तरी लन्डन डर्बीको अन्त्यमा दुवै टिमले आफू जितबाट वञ्चित रहेको अनुभव गरे । क्रिस्टियन एरिकसनले टोटनहमलाई सुरुआती अग्रता दिलाएयता ह्यारी केनले पेनाल्टीमा टिमको अग्रतालाई दोब्बर गरे । आर्सनलले लगातार आक्रमण बुनिरह्यो र पहिलो हाफको अन्त्यतिर पहिलो गोल फर्कायो ।

एलेक्जान्डर लाकाजेट त्यो अवसरमा गोल गरे । पिएरे एमरिक एबामायङ खेल सकिन १८ मिनेट अगाडि बराबरी गोल गरे । साक्राटिस पापास्टाथोपोलोसले आर्सनलका लागि बललाई पोस्टको दिशा दिए पनि त्यो अफसाइड रह्यो । जनवरीयता टोटनहमले लिगमा घर बाहिर जित्न सकेको छैन् । आर्सनललाई टोटनहममाथि दुई अंकको अग्रता प्राप्त छ । आइतबारको अर्को खेलमा एभरटनले उल्भ्सलाई ३-२ ले पराजित गर्न सफल रह्यो ।




विश्वकप २०२२ छनोट

# अनुभवी रोमियोविरुद्ध कालिन

■ राजु घिसिङ (काठमाडौं)

गत वर्ष रुसमा भएको विश्वकपमा खुबै छाएका थिए, लुका मोड्रिच । सानो कदका यी मिडफिल्डरले सनसनीपूर्ण प्रदर्शन गरेपछि क्रोएसिया पहिलोपल्ट विश्वकपको फाइनलमा पुगेको थियो । उनी एकेडेमीमा छँदाका प्रशिक्षक थिए, रोमियो जोज्याक । यिनै रोमियोले सम्हालेको कुवेतविरुद्ध नेपाली टिम विश्वकप २०२२ छनोटको पहिलो खेलमा बिहीबबार मैदानमा ओर्लिंदै छ ।

मोड्रिचसहित फरवार्ड मारियो मान्जुकिच र डिफेन्डर भेड्रान कोर्लुका डायनमो जाग्रेबको एकेडेमीमा छँदा त्यहाँ प्रशिक्षकका रूपमा थिए, रोमियो । 'निक्कै सानो शरीरका भए पनि साह्रै मिहिनेती थिए । कहिल्यै हार मान्दैन थिए । १७ वर्षको हुँदा पनि उनले अहिले जसरी खेल्ने कहिल्यै सोचिएन,' रोमियोलाई उद्धृत गर्दै गार्डियनले लेखेको छ, 'अहिले हामी सम्पर्कमै छौं । विश्वकप, बेलन डि'अरको सफलताबारे कुरा भइरहन्छ ।'

क्रोएसियन फुटबल महासंघको प्रविधिक निर्देशक, डायनमो जाग्रेबमा स्पोर्ट्स तथा एकेडेमी निर्देशक, पोल्यान्डको एक उत्कृष्ट क्लब लेगिया वार्सामा प्रशिक्षक, युरोपेली फुटबल संघ (यूईएफए) मा इन्स्ट्रक्टर भएर झन्डै दुई दशकयता काम गरेका रोमियोको अर्को परिचय पनि छ, डा. रोमियो । शारीरिक क्रियाकलापको वैज्ञानिक अध्ययन (किनेसियोलोजी) मा विद्यावारिधि गरेका उनले अस्ट्रेलिया, जोर्डन, चाइनिज ताइपेइ, नेपाल रहेको समूहबाट कुवेतलाई अर्को चरणमा पुऱ्याउने लक्ष्य राखेका छन् ।

एसियन कप २०२३ छनोटका रूपमा पनि रहेको यसपालिको विश्वकप छनोटमा रोमियोको टिमविरुद्ध मुख्य प्रशिक्षक योहान कालिनले सम्हालेको नेपाली टिमको प्रदर्शन हेर्न लायक हुनेछ । स्विडिस कालिन समूह 'बी' मा नेपाललाई 'अन्डरडग' मान्छन् र ठूला टिमहरूलाई चकित पार्न चाहन्छन् । रोमियो भने नेपालजस्तो टिमविरुद्ध प्रभाव देखाउँदै अगाडि बढ्न चाहन्छन् । फिफा वरीयतामा १६६ औं स्थानमा रहेको नेपालभन्दा १० स्थानमाथि छ, कुवेत । वरीयताको अन्तरभन्दा दुई टिमको स्तरमा ठूलो भिन्नता रहेको ठान्छन्, कालिन ।

कुवेतमै ६ महिना अघि भएको मैत्रीपूर्ण खेलको पहिलो प्रतिस्पर्धामा नेपालले गोलरहित बराबरी गरेको थियो । दोस्रो खेल कुवेतले १-० ले जित्यो । दुवै खेलमा गोलको अन्तरबाट स्तर बुझ्न गाह्रो थियो । किनभने नेपाली टिमका सबै खेलाडी पूरा समय आफ्नै पेनाल्टी क्षेत्रको वरिपरि कुवेती आक्रमणलाई निस्तेज पार्न प्रयासरत थियो । त्यसपछि रोमियोको टिम निक्कै व्यस्त रह्यो, वेस्ट एसियन फुटबल च्याम्पियनसिप र मैत्रीपूर्ण खेलहरूमा । कालिनको टिम भने निरन्तर ट्रेनिङ गरेर पनि चार औपचारिक र एक अनौपचारिक मैत्रीपूर्ण खेलमै सीमित भयो ।

सरकारले हस्तक्षेप गरेपछि अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा) ले कुवेती फुटबल संघलाई सन् २०१५ मा प्रतिबन्ध लगाएको थियो । दुई वर्षपछि प्रतिबन्ध फुकुवा भयो । फुटबलमा ठूलो लगानी विश्वकप २०२२ मा छनोट हुने महत्त्वाकांक्षासहित कुवेतले जुलाई, २०१८ मा रोमियोलाई भित्र्याएको थियो । कालिन दुई वर्षको सम्झौतासहित गत मार्चमा नेपाली टिम सम्हाल्न काठमाडौं आइपुगेका थिए । उनको करिअर हेर्ने हो भने रोमियोसँग दाँज्ने मिल्ने अवस्था छैन ।

रोमियोसँग प्रशिक्षकको यूईएफए प्रो लाइसेन्स छ भने कालिनसँग यूईएफए डिप्लोमा । क्रोएसिया स्वतन्त्रताको युद्धताका जाग्रेबमा रहेका ४६ वर्षीय रोमियो सन् २०१४ मा अस्ट्रेलियन फुटबल संघको प्रविधिक निर्देशक छनोटको अन्तिम दुईसम्म पुगेका थिए । ४२ वर्षीय कालिन 'नेतृत्व र खेल बुद्धिमता'मा दक्खल राख्ने दाबी गर्छन् । उनले ६ वर्षअघि सहिद समारक 'ए' डिभिजन लिगमा औसत खेलाडीको रहेको क्लब मछिन्द्रलाई सनसनीपूर्ण रूपमा उपविजेता बनाएका थिए । त्यो नै उनको फुटबल करिअरको सबभन्दा महत्त्वपूर्ण उपलब्धि हो । त्यसपछि उनी स्विडेन फर्केर अरू काममै व्यस्त भए ।

कालिनले स्विडिस एमेच्योर फुटबलमा बर्गनासेट्स एआईके र नोट्भिकेन्स आईकेको टिम आठ वर्ष सम्हालेका थिए । मछिन्द्रको इतिहासको आधारमा कालिनलाई खेलाडीको प्रतिभा पहिचान गर्दै त्यसलाई अनुशासित ढंगले व्यवस्थापन गर्नसक्ने प्रशिक्षक मान्न सकिन्छ । रोमियोको विशेषता पनि प्रतिभा पहिचान गरी त्यसको



विकास गर्ने नै हो । उनले कुवेती टिमको इंग्ल्यान्डको २० दिने यात्रामा आफ्ना तीन खेलाडीलाई प्रिमियर लिग खेल्ने क्षमता भएको बताएका थिए । उनी 'कुवेती मोड्रिच'को खोजीमा रहेको भन्दै थुप्रै मिडियाले लेखेको छ ।

गत डिसेम्बरमा रोमियाको टिमले अस्ट्रेलियाविरुद्ध मैत्रीपूर्ण खेलमा ४-० को हार बेहोरेको थियो । त्यो गोल अन्तरजस्तो प्रदर्शनमा भिन्नता नरहेको उनले दाबी गरेका थिए । 'त्यो टिम र अहिलेको टिममा धेरै फरक छ । सुधारप्रति खुसी छु,' उनको भनाइ वर्ल्ड गेमले लेखेको छ । गत जुलाईमा इंग्ल्यान्ड भ्रमणमा प्रिमियर लिग क्लब एस्टन भिल्ला (फस्ट र रिजर्भ टिमका खेलाडी समावेश) विरुद्ध २-१ ले हारेको कुवेतले वेस्ट एसियन फुटबल च्याम्पियनसिपमा साउदी अरेबियालाई पराजित गरेको थियो ।

सन् १९८० को एसियन च्याम्पियन कुवेतले एकपल्ट (१९८२) मा विश्वकप खेलेको थियो । नेपालको लागि विश्वकप छनोटको यो स्तर (समूह चरण) मा पुग्नु नै सबभन्दा ठूलो सफलता हो । ट्रान्सफर मार्केटका अनुसार रोमियो ४-२-३-१ को संरचनामा टिमलाई मैदानमा उतार्ने गर्छन् । कालिनको टिम संरचना पनि उस्तै छ । तर, मैदानमा कालिन बढी नै रक्षात्मक देखिन्छन् किनभने उनी गोल बेहोर्न चाहदैनन् । र, काउन्टरमा मात्रै अगाडि बढ्ने योजना बनाउँछन् । रोमियोले कुवेती टिमलाई आक्रामक रूप दिइरहेका छन् ।

चर्चित र अनुभवी प्रशिक्षकले सम्हालेको टिमविरुद्ध खेल्दा हुनसक्ने दबाब झेल्न आफू तयार भएको कालिनले बताए । 'यो विश्वकप छनोटमा सबै टिमसँग चर्चित र अनुभवी प्रशिक्षक छन् । उनीहरूको आफ्नै टेक्निक, रणनिति हुन्छ,' प्रशिक्षक कालिनले कुवेततर्फ लाग्नुअघि भनेका थिए, 'मसँग पनि उनीहरूलाई रोक्ने योजना छ । एउटा नभए अर्को योजना तयार गरेको छु । फुटबल नामले होइन, मैदानमा दुवै टिममा उत्तिकै संख्यामा रहेका खेलाडीले खेल्ने हो । उनीहरूमार्फत आफ्नो योजना उपयोग गर्दै अंक जोड्न चाहन्छौं ।'



# भान डाइक फिफा अवार्डको अन्तिम सूचीमा

रोम (एएफपी)- गत साता यूईएफए वर्ष खेलाडीबाट सम्मानित लिभरपुलका भिर्गिल भान डाइक फिफा वेस्ट प्लेयर अवार्डका लागि पनि अन्तिम सूचीमा छानिएका छन् । क्रिस्टियानो रोनाल्डो र लियोनल मेस्सीलाई पछि पार्दै डच खेलाडी भान डाइक युरोपका उत्कृष्ट बनेका थिए । फिफा वर्ष खेलाडीको अन्तिम सूचीमा पनि यी तीनै परेका छन् । विजेताको घोषणा डिसेम्बर २३ मा मिलानमा हुनेछ । भान डाइकले लिभरपुललाई च्याम्पियन्स लिगको उपाधि दिलाउन महत्त्वपूर्ण भूमिका खेलेका थिए ।


भान डाइक

इूईएफए वर्ष महिला खेलाडीको सम्मान पाएकी इंग्ल्यान्डकी सेन्टरब्याक लुसी ब्रोन्ज फिफा उत्कृष्ट महिला खेलाडीको अवार्डका लागि पनि अन्तिम छनोटमा परेकी छन् । उनीसँगै विश्वविजेता अमेरिकी खेलाडीहरू डुओ मेगान रापिनो र एलेक्स मोर्गन पनि छानिएका छन् ।

वर्षको उत्कृष्ट प्रशिक्षकका लागि तीनै जना इंग्लिस क्लबका छन् । म्यान्चेस्टर सिटीका पेप ग्वार्डिओला, लिभरपुलका जर्गेन क्लोप र टोटनह्यामका माउरिसियो पोचेटिन्हो अन्तिम सूचीमा अटाएका हुन् । इंग्ल्यान्डलाई विश्वकपको सेमिफाइनलसम्म पुऱ्याएकी फिल नेभिल, विश्व विजेता अमेरिकाकी जिलद इलिस र फाइनलिस्ट नेदरल्यान्ड्सकी प्रशिक्षक सारिना विगम्यान वर्ष प्रशिक्षकको मनोनयनमा परेका छन् ।

### मनोनयनमा परेकाहरू

**पुरुष खेलाडी**
क्रिस्टियानो रोनाल्डो (युभेन्टस/पोर्चुगल), लियोनल मेस्सी (बार्सिलोना/अर्जेन्टिना) र भिर्गिल भान डाइक (लिभरपुल/नेदरल्यान्ड्स)

**महिला खेलाडी**
लुसी ब्रोन्ज (ल्योन/इंग्ल्यान्ड), एलेक्स मोर्गन (ओर्लान्डो प्राइड/अमेरिका) र मेगान रिपोन (रेगन फसी/अमेरिका)

**पुरुष प्रशिक्षक**
पेप ग्वार्डिओला (म्यानचेस्टर सिटी), जर्गेन क्लोप (लिभरपुल) र माउरिसियो पोचेटिनो (टोटनह्याम)

**महिला प्रशिक्षक**
जिल इलिस (अमेरिका), फिल नेभिल (इंग्ल्यान्ड) र सारिना विगम्यान (नेदरल्यान्ड्स)

**पुरुष गोलरक्षक**
एलिसन बेकर (लिभरपुल/ब्राजिल), एडर्सन (म्यान्चेस्टर सिटी/ब्राजिल) र मार्क आन्द्रे टर स्टेगेन (बार्सिलोना/जर्मनी)

**महिला गोलरक्षक**
क्रिस्टिन एन्डलर (पीएसजी/चिली), हेडभिग लेन्डा (उल्फ्सवर्ग/स्विडेन) र सारी मान भेनेन्दाल (एट्लेटिको मड्रिड/नेदरल्यान्ड्स)

पुसकार अवार्ड (उत्कृष्ट गोल)
लियोनल मेस्सी (बार्सिलोनाविरुद्ध रियल बेटिस), जुहान क्विन्टेरो (रिभर प्लेटविरुद्ध रेसिङ क्लब) र ड्यानिएल सोरी (डेबरेसनविरुद्ध फेरेन्भारोस)

# पुलिसलाई उपाधि


लामाचौरमा भएको राष्ट्रिय महिला भलिबल प्रतियोगिता उपाधि जित्न सफल नेपाल पुलिस क्लब । *तस्बिर : कान्तिपुर*

■ दीपक परियार (पोखरा)

नेपाल पुलिस क्लबले न्यु डायमन्ड एकेडेमीलाई हराउँदै राष्ट्रिय महिला भलिबलको उपाधि जितेको छ । लामाचौर तीज महोत्सवका अवसरमा पोखरामा आयोजित प्रतियोगितामा सोमबार पुलिसले ३-० को सोझो सेटमा न्यु डायमन्डलाई हरायो ।

पुलिसले पहिलो सेटमा २५-१६ को सहज जित निकाल्यो । दोस्रो सेटमा २५-१४ मै पाखा लगायो । तेस्रो सेटमा न्यु डायमन्ड खेलमा फर्किन खोजे पनि पुलिसका अनुभवी खेलाडीसामु जोर चलेन । अन्ततः तेस्रो सेट पनि २५-२० ले पुलिसको पोल्टामा पऱ्यो । दर्शकको साथ पाउँदापाउँदै पनि न्यु डायमन्डको उपाधि जित्ने चाहना अधुरै रह्यो ।

न्यु डायमन्डबाट 'कम ब्याक' गरेकी पोखरेली खेलाडी सिपोरा गुरुङले उत्कृष्ट प्रदर्शन गर्न सकिनन् । बरु तेस्रो सेटको मध्यतिर उनको स्थानमा आएकी रिमा कुँवरले टिमलाई खेलमा फर्काउन खोजेकी थिइन् । प्रशिक्षक कुमार राईले सिपोरा अन्तिम समयमा टिममा समावेश भएकाले संयोजन नमिलेको बताए । पहिले घुँडामा लागेको चोटले पनि उनलाई खेल्न सहज नभएको राईले जनाए । 'धेरै समय ग्याप भएकोले पनि उनलाई प्रशिक्षणको खाँचो छ,' उनले भने, 'पहिले ओपन स्पाइकरका रूपमा खेलेको भएर अहिले अलराउन्डर पोजिसनमा खेल्दा अल्मलिएको देखियो ।' आफ्नो टिमको ब्लकिङ कमजोर हुँदा हार व्यहोर्नुपरेको उनी बताउँछन् । पुलिसका प्रशिक्षक रूपेश विष्टले खेलाडीको प्रदर्शन सोचेअनुरूप नै भएको बताए । भने, 'क्विक स्पाइकरको प्रदर्शन अझै राम्रो भएको भए जित्न झनै सहज हुने थियो ।' आगामी सागमा बीच भलिबलमा छनोट भएका कप्तान कोपिला उप्रेती, पुष्पा चौधरी र मनीषा चौधरी पुलिसबाट खेलेकाले पनि टिमको प्रदर्शन राम्रो रह्यो ।

पुलिसले लामाचौरमा दोस्रोपल्ट उपाधि जितेको हो । प्रतियोगितामा समूह चरणको खेलमा पुलिसले ३-२ को सेटमा न्यु डायमन्डलाई हराएको थियो । दाङलाई हराएर गण्डकी प्रदेश तेस्रो हुन सफल भयो । गण्डकीले दाङलाई २५-१३, २५-२० र २५-१८ को सोझो सेटमा हरायो । उत्कृष्ट खेलाडी पुलिसकी मनीषा चौधरी, पुलिसकी सुशीला थापा उत्कृष्ट सेटर, उत्कृष्ट लिब्रो गण्डकी प्रदेशकी रस्मिता दुरा, उत्कृष्ट स्पाइकर पुलिसकी कोपिला उप्रेती, उत्कृष्ट सर्भर न्यु डायमन्डकी झरना श्रेष्ठ, उत्कृष्ट क्विकर गण्डकी प्रदेशकी पवित्रा सेन्चुरी र उत्कृष्ट ब्लकर पुलिसकी पुष्पा चौधरी घोषित भए ।

विजेताले एक लाख १ सय ५५ रुपैयाँ, उपविजेताले ६५ हजार ५ रुपैयाँ र तेस्रो हुनेले २५ हजार ५ रुपैयाँ प्राप्त गरे । विजेता टिम र खेलाडीलाई युवा तथा खेलकुदमन्त्री जगतबहादुर विश्वकर्माले पुरस्कार वितरण गरे । नवआदर्श सामुदायिक विकास समाजले तीज महोत्सवका अवसरमा हरेक वर्ष राष्ट्रिय महिला भलिबल प्रतियोगिता आयोजना गर्दै आएको छ ।

# मिस्टर काठमाडौंको तयारी

काठमाडौं (कास)- नेपाल शारीरिक सुगठन तथा फिट्नेस संघको तत्त्वावधान तथा काठमाडौं शारीरिक सुगठन तथा फिट्नेस संघको आयोजनमा राष्ट्रिय खुला मिस्टर काठमाडौं शारीरिक सुगठन प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको छ । भदौ २० र २१ गते हुने प्रतियोगिताका दौरान महिला एथलेटिक्स फिजिक्स, जुनियर मिस्टर काठमाडौं र पुरुष स्पोर्ट्स फिजिक्स बिधा पनि समावेश गरिएको छ ।

आयोजक संघका अध्यक्ष सुरेश सुवेदीका अनुसार सुरुका तीन संस्करण काठमाडौं जिल्लाव्यापी भएकोमा यस संस्करणदेखि राष्ट्रिय खुला प्रतियोगिताका रूपमा आयोजना गर्न लागिएको हो । मिस्टर काठमाडौंमा विभिन्न ६ तौलसमूहमा प्रतिस्पर्धा हुनेछ । प्रत्येक तौलसमूहमा शीर्ष पाँच स्थान हात पार्ने खेलाडी फाइनलमा प्रवेश गर्नेछन् । फाइनलमा प्रत्येक तौलसमूहमा पहिलो हुने खेलाडीबीच पुनः मिस्टर काठमाडौं उपाधिका लागि प्रतिस्पर्धा हुनेछ । हरेक तौलसमूह शीर्ष तीन स्थान हात पार्नेले क्रमशः १५ हजार, १० हजार र ५ हजार रुपैयाँ नगद पुरस्कार पाउने छन् । मिस्टर काठमाडौं उपाधि विजेतालाई १ लाख ५० हजार रुपैयाँ नगदबाट पुरस्कृत गरिनेछ ।


महिला एथलेटिक्स फिजिक्समा पहिलो हुनेले ३० हजार, दोस्रोले १५ हजार र तेस्रोले ५ हजार रुपैयाँ नगद पुरस्कार हात पार्ने छन् । जुनियर मिस्टर काठमाडौं प्रतियोगितामा २०७५ साल चैत मसान्तसम्ममा २१ वर्ष ननाघेका खेलाडीले भाग लिने पाउने प्रावधान रहेको छ । पहिलो हुनेले ३० हजार, दोस्रोले १५ हजार र तेस्रोले ५ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन् ।

त्यस्तै पुरुष स्पोर्ट्स फिजिक्समा १७० सेन्टिमिटरसम्म र १७० सेन्टिमिटर भन्दामाथि उचाइ गरी २ स्पर्धामा प्रतिस्पर्धा हुनेछ । दुवै स्पर्धामा शीर्ष तीन स्थानमा रहने खेलाडीले ३० हजार, १५ हजार र ५ हजार रुपैयाँका दरले नगद पुरस्कार पाउनेछन् । सबै स्पर्धामा मिलाएर जम्मा १ सय ३० खेलाडीको सहभागिता रहने अध्यक्ष सुवेदीले जानकारी दिए ।

# चोट बोक्दै जोकोभिच बाहिरिए

न्युयोर्क (एएफपी)- शीर्ष वरीयताका डिफेन्डिङ च्याम्पियन नोभाक जोकोभिचले काँधको चोट कारण यूए ओपनमा आइतबार खेल परित्याग गरेका छन् । अन्तिम १६ खेलमा जोकोभिच स्टान वावरिन्काविरुद्ध ६-४, ७-५ र २-१ ले पछाडि थिए । चोटले प्रतियोगिताबाट बाहिरिनुलाई भने जोकोभिचले खेलकै एक भाग भएको प्रतिक्रिया पनि दिए ।

प्रतियोगिताको सुरुदेखि उनलाई चोटग्रस्ट बायाँ काँधको समस्या थियो । सन् २०१६ का च्याम्पियन तथा २३ औं वरीयताका वावरिन्काले जोकोभिचलाई कुनै मौका दिएनन् । खेल रोकिएयता जोकोभिचले भने, 'एक सातादेखि म पीडा सहेर खेलिरहेको थिएं । तर आज मैले पीडाकै बीच खेल जारी राख्न सकिनँ ।'



पछिल्ला पाँच ग्रान्ड स्लाममध्ये चारका विजेता जोकोभिचले समग्रमा १६ ठूला उपाधि जितेका छन् । चोटकै कारण खेल जीवनका अन्त्यतिर पुगेका जोकोभिचले पुनःआगमन गर्दै २० औं ग्रान्ड स्लाम जित्न सफलर रहेका थिए । उनले अहिलेको चोटबाट मुक्त भएर फेरि सक्रिय ढंगले कोर्टमा फर्कने दाबी पनि गरे ।

रोजेर फेडेरर भने १५ औं वरीयताका डेभिड कोफिनलाई सजिलै ७८ मिनेटको मिहिनेतपछि ६-२, ६-२ र ६-० ले हराए र क्वाटरफाइनल पुगे । पाँच पल्टका विजेता स्विस खेलाडीले पहिलो सेटमा एक सर्भिस गुमाए पनि त्यसयता लगातार छ गेम जिते र त्यसयता खेल पूर्णतः उनको नियन्त्रणमा रह्यो । अब उनले अन्तिम आठमा प्रवेशका लागि ग्रिगर मिडिट्रोभको सामना गर्नेछन् ।

Admission OPEN
BBA / BHM
MBA *PROPOSED
Aayaam
INTERNATIONAL COLLEGE
(A Business School with new Dimension)
01-5550778, 5537674
www.aayaamcollege.edu.np
www.facebook.com/aayaaminternationalcollege

Admissions Open
For
Fall Semester 2019
M.A. & M.Phil. in English
Pokhara University
Institute of Advanced Communication, Education, and Research (IACER)
Eligibility:
For M.A. (morning classes): Bachelor's degree in any discipline
For M.Phil. (evening classes): Master's degree in any discipline
Pokhara University scholarships available
Entrance Exam: 11th September, 2019 (8:00 am)
Bhimsengola Marga, Old Baneshwor, Kathmandu
Contact: 01-4467528, 4471915, 9841370444, www.iacer.edu.np

काठफोर्ड इन्टरनेशनल कलेज अफ इन्जिनियरिङ एण्ड म्यानेजमेन्टमा त्रिभुवन विश्वविद्यालयको BE भर्ना सम्बन्धी सुचना
यस कलेजको BE CIVIL, BE COMPUTER र BE ELECTRONICS, COMMUNICATION & INFORMATION कार्यक्रमहरूमा IOE प्रवेश परिक्षा उतीर्ण गरेका र यस कलेजमा पहिलो भर्नाको लागि आवेदन नदिएका विध्यार्थीहरूलाई दोश्रो सुचिको भर्नाको लागि आवेदन दिन सुचित गरिन्छ ।
आवेदन दिने मिति : २०७६-०५-१७ गते देखि २०७६-०५-२० गते सम्म ।
दोश्रो सुचि प्रकाशन मिति : २०७६-०५-२१ गते ।
दोश्रो सुचिबाट भर्ना गर्ने मिति : २०७६-०५-२२ गते देखि २०७६-०५-२३ गते सम्म ।
अनलाइन फर्म भर्न www.kathford.edu.np , सम्पर्क : 9801231261
KATHFORD
INTERNATIONAL COLLEGE OF ENGINEERING & MANAGEMENT | AFFILIATED TO TRIBHUVAN UNIVERSITY
Balkumari, Lalitpur
Tel: 01-5201241, 5201911 (Engineering Block)
01-5186046, 5186112 (Management & IT Block)
Email : info@kathford.edu.np
www.kathford.edu.np

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email: kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुधीर शर्मा



**रंगमञ्चमा 'गुम्फन'**
साइबर संसारमा एक्लिँदाको पीडा । १०



**विश्वकप छनोट**
अनुभवी रोमियोविरुद्ध कालिन । १८



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १९७ विराटनगर | १७ भदौ २०७६ मंगलबार भाद्र शुक्लपक्ष चतुर्थी | नेपाल संवत् ११३९ | प्रदेश १ संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, September 3, 2019 | पृष्ठ १२+६ | १० रुपैयाँ


## मिडिया काउन्सिल विधेयकमा अपुरो संशोधन

■ **राजेश मिश्र** (काठमाडौं)

संसद्मा दर्ता गरिएको मिडिया काउन्सिल विधेयकका केही विवादास्पद प्रावधान संशोधन गर्न सत्तारूढ र विपक्षी दुवैतर्फका सांसद सहमत भए पनि यसको गठन प्रक्रियामा उनीहरूको मत बाझेको छ । विधेयकमाथि नेकपाका १५ सांसदले संयुक्त रूपमा हालेको संशोधन प्रस्तावमा काउन्सिल पदाधिकारी नियुक्तिमा सरकार हावी रहने प्रावधान यथावत् छ ।

विधेयकमा सञ्चार मन्त्रालयका सचिव नेतृत्वको समितिको सिफारिसमा सरकारले काउन्सिलको अध्यक्ष र पदेनबाहेकका सदस्य नियुक्ति गर्ने प्रावधान छ । पत्रकार महासंघसहित विभिन्न संघसंस्थाले उक्त प्रावधानको विरोध गर्दै आएका छन् । महासंघले काउन्सिलका अध्यक्ष र सदस्य नियुक्तिको सिफारिस राष्ट्रिय सभा अध्यक्ष नेतृत्वको समितिबाट हुनुपर्ने भन्दै आएको छ ।

काउन्सिलको स्वायत्तताका लागि काउन्सिल सरकारप्रति नभई संसद्प्रति जिम्मेवार रहने गरी विधेयकमा संशोधन गर्नुपर्ने महासंघको माग छ । काउन्सिलले आफ्नो प्रतिवेदन सरकारलाई नभई संसद्को समितिलाई बुझाउनुपर्ने प्रावधान राख्न पनि महासंघले जोड दिएको छ । आचारसंहिता उल्लंघन गर्नेलाई २५ हजारदेखि १० लाख रुपैयाँसम्म जरिवाना र मनासिव क्षतिपूर्तिको प्रावधानलाई हटाइनुपर्ने महासंघको मागमा भने सत्ता र प्रतिपक्ष दुवै सहमत देखिएका छन् । नेकपाका सांसदले हालेको संशोधनमा जरिवाना हटाएर मध्यस्थता गरी मेलमिलाप गराइदिने उल्लेख छ ।

बाँकी पृष्ठ १६ ▶▶



काठमाडौंको वसन्तपुरमा सोमबार नाचगान गरेर तीज मनाउँदै महिला । *तस्बिर : केशव थापा/कान्तिपुर*

## २५ वर्षअघिको प्रतिवेदन

# खोजिएन १८०० रोपनी

■ **दीपेन्द्र विष्ट** (काठमाडौं)

सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवं संरक्षणसम्बन्धी उच्चस्तरीय आयोगले २५ वर्षअघि विभिन्न व्यक्तिद्वारा अतिक्रमित भनी औंल्याएको १८ सय रोपनी सरकारी जग्गा अझैसम्म सरकारले खोजेको छैन ।

सरकारी र सार्वजनिक जग्गा अतिक्रमण भएको गुनासो बढेपछि ०४९ पुस १६ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पूर्वभूमिसुधार सचिव रामबहादुर रावलको अध्यक्षतामा तीन सदस्यीय आयोग गठन गरेका थिए । आयोगले दुई वर्ष लगाएर १३ सय पृष्ठ लामो प्रतिवेदन सरकारलाई बुझाएको थियो । जसमा काठमाडौं उपत्यकामा मात्र विभिन्न ओहदामा बसेका व्यक्तिले नदी, पोखरी, ढुंगेधारा, मन्दिर, खुलाचौर, सामाजिक संघसंस्थाको जग्गा, कुलो, चिहान, विभिन्न नदीको उकास भएको जग्गा, सरकारी वनलगायतको गरी करिब १८ सय रोपनी जग्गा अतिक्रमण भएको उल्लेख छ ।

प्रतिवेदन हालसम्म सार्वजनिक गरिएको छैन । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा उक्त प्रतिवेदन थन्क्याइएको छ । उक्त प्रतिवेदन अध्ययन गर्नसमेत पाइँदैन । 'ठूलाबडाले जग्गा अतिक्रमण गरेको प्रतिवेदनमा छ,' मन्त्रालयका एक उच्च अधिकारीले भने, 'त्यसकारण त्यो सार्वजनिक भएन, लागू गर्न पनि कठिन छ । विभिन्न स्वार्थ समूहले यसलाई सार्वजनिक गर्न दिएनन् ।'


**रावल आयोगको प्रतिवेदनमा शक्तिशाली व्यक्ति मुछिएकाले हालसम्म सार्वजनिक नभएको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका अधिकारी बताउँछन्**

सूक्ष्म ढंगले अध्ययन गरिएको भन्दै उनले आयोगले समाधान पनि सजिलो तरिकाले दिएको बताए । 'अहिले पनि निःस्वार्थ हिसाबले त्यसलाई कार्यान्वयन गर्ने हो भने लागू गर्न सकिन्छ,' ती अधिकारीले भने, 'लागू गर्न न सरकारले साहस गर्छ, न स्वार्थ समूहहरूले लागू गर्न दिन्छन् ।' एक आनादेखि रोपनीसम्म सरकारी जग्गा अतिक्रमण गर्नेको संख्या साढे चार हजारभन्दा बढी रहेको ती अधिकारीले बताए । आयोगले महानगरपालिकाका प्रत्येक वडामा गएर अध्ययन गरेको प्रतिवेदनमा उल्लेख छ ।

ठमेलस्थित सरस्वती क्याम्पसको पश्चिमतर्फ घ्याम्पे मन्दिर क्षेत्रको कित्ता नम्बर ३०५ को करिब ३ रोपनी जग्गा मिचिएको देखिन्छ । उक्त जग्गा ३ जनाले घरटहरा बनाई चर्चेका छन् । मन्दिरकै करिब १ रोपनीभन्दा बढी जग्गा सिद्धिगणेश माविले चर्चेको प्रतिवेदनमा छ । बालाजुस्थित विद्युत् प्राधिकरणको ३ रोपनी ३ आना २ पैसा १ दाम जग्गा २७ जनाले मिलेमतोमा मिचेका छन् । सोह्रखुट्टेनजिकको पाटीको करिब एक रोपनी जग्गामा ६ जनाले घर-पसल राखेको प्रतिवेदनमा छ ।

साथै, पार्टीलाई नयाँ स्वरूप दिएर निर्माण गरिएको उल्लेख छ । कलंकी, बल्खु, कालिमाटी, खड्का गाउँ, चक्रपथ र कुलेश्वर क्षेत्रमा पनि व्यापक रूपमा जग्गा मिचिएको छ । कलंकीको कित्ता नम्बर ८३ को खोलाको १ रोपनीभन्दा बढी र कित्ता नम्बर १०२ को कुलोको ७ रोपनीभन्दा बढीमा इँटाभट्टा स्थापना गरेको पाइएको छ । बाँकी पृष्ठ १६ ▶▶

# अनाहकमा अढाई वर्ष जेल



राज्यको बेवास्ताले बिनाकारण पन्जाबको जेलमा बस्न बाध्य एक नेपाली युवाको दुर्दान्त कथा

◀ **भारतको अमृतसरस्थित केन्द्रीय जेल जहाँ डिल्लीराम थारू (इन्सेटमा) अढाई वर्षदेखि छन् ।**
*तस्बिर : सुरेशराज/कान्तिपुर*

■ **सुरेशराज न्यौपाने** (अमृतसर)

दुब्लाएर सिट्ठो भएको ज्यान । महिनौं नकाटिएको दाह्रीकपाल । नाम : डिल्लीराम थारू (दिलु) । उमेर : २८ वर्ष । ठेगाना : पिपरा गाउँ, वाणगंगा नगरपालिका, कपिलवस्तु, नेपाल ।

तर करिब अढाई वर्षयता उनको ठेगाना फेरिएको छ- भारत, पन्जाब राज्यको अमृतसरस्थित केन्द्रीय जेल । नाम पनि परिवर्तन भएको छ- डिलराम तरु ।

निमुखा र आवाजविहीनहरूप्रति राज्यले गर्ने उपेक्षा तथा बेवास्ताको सिकार भएकाहरूका प्रतिनिधि पात्र हुन्, उनी । सरकारको जिम्मेवार निकायको गैरजिम्मेवारीपनका कारण नागरिकले कुन हदसम्म दुःख पाउन सक्छन् भन्ने कुराको उदाहरणसमेत हुन् उनी । कान्तिपुरले अमृतसर जेलमा गएर भेटेपछि उनले आफ्नो कथा-व्यथा सुनाए ।

**यसरी परे उनी जेल**

करिब साढे दुई वर्षअघिको कुरा हो । घरमा हातमुख जोर्न मुस्किल थियो । सम्पत्तिका नाममा एउटा सानो घर र त्यसले चर्चेको जग्गा मात्र । अरू दुई दाजु छुट्टिभिन्न भइसकेका थिए । आमा, श्रीमती, दुई छोरी र बूढी हजुरआमाको जिम्मेवारी डिल्लीकै काँधमा थियो । बुबा २०५८ सालमै बितेका थिए । दाजुहरू धनीराम र मणिराम आआफ्नो इलम गर्थे । बेग्लै बस्थे । आमा र श्रीमती दुवै मजदुरी गर्थे । त्यसले पनि राम्ररी घरखर्च नचलेपछि डिल्लीले निर्णय गरे, रोजगारीका लागि फेरि एक पटक पन्जाबको चण्डीगढ जाने । यसअघि दुई पटक गरी करिब तीन महिना उनले चण्डीगढमै 'वेटर'को काम गरेका थिए ।

घर छाड्ने दिन श्रीमती छोरी लिई माइती गएकी थिइन् । गाडी भाडा थिएन । त्यसैले उनले आफ्नो साइकल र श्रीमतीका दुई जोर पाउजु बोकी हिँडे । र, झोलामा आफ्नो नागरिकता र केही जोर लुगा हाले । साइकललाई सीमावर्ती बजार कृष्णनगरका आफन्त सन्तोष दाइको पसलमा १८ सय रुपैयाँमा बेचे । अनि त्यहीँबाट चण्डीगढका लागि बस चढे ।

यसअघि पनि आएको हुँदा चण्डीगढ उनका लागि नयाँ ठाउँ थिएन । उनी पहिले काम गरेकै ठाउँमा रोजगारी माग्न गए । तर साहुले काम छैन भनी फर्काइदिए । त्यसपछि एकजना चिनेका दाइलाई खोज्न निस्किए अटोरिक्सामा । तर राति भएकाले ती दाइ भेटिएनन् । अटोरिक्सा केही पर रोकिराखेका थिए, फर्किंदा उनको झोला लिएर त्यो भागिसकेछ ।

उनको परिचय खुलाउने नागरिकतासमेत त्यही झोलामा थियो, हरायो । 'त्यसपछि मेरो होसै हरायो- के गर्ने, कहाँ जाने ?' थारूले सुनाए । केही सीप नलागेपछि उनले घरै फर्किने सोचाइ बनाए । भाडा तिर्ने पूरा रकम पनि थिएन, रेलवे स्टेसन पुगेर रेल चढे । नेपाल फर्कन उनी चढ्नुपर्ने थियो अम्बालाको रेल, थाहा नपाएर अमृतसरको रेल चढेछन् । अर्को रात करिब ११ बजे अमृतसरमा झरे । जीउ भोकप्यास र थकाइले लखतरान थियो । स्टेसनबाट बाहिरिएपछि केही परसम्म हिँड्दै गए ।

करिब ६ सय मिटर पुगेपछि खपिनसक्नुभयो । सडकछेउ पल्टिन खोजे । उनी सैनिक छाउनी क्षेत्रमा पुगेछन् । 'खै के-कसरी हो, म त केही बेरमा सेनाको क्षेत्रभित्र पसेछु,' उनले भने, 'पर्खाल जस्तो थियो, यसो नाघेर भित्र गएको सेनाको क्षेत्र पो रहेछ ।'

बिनाअनुमति सैनिक क्षेत्रमा प्रवेश गरेको भन्दै उनलाई तत्काल सेनाले पक्राउ गर्‍यो । केरकार गर्‍यो । उनले सबै कारण बताए । तर सेनाले पत्याएन । किनभने उनीसँग नाम र ठेगाना खुल्ने कुनै कागजात थिएन । प्रमाण देखाउन नसकेपछि त्यो रात उनलाई छाउनीमै राखियो । र, भोलिपल्ट प्रहरीको जिम्मा लगाइयो । त्यसपछि १५ दिन प्रहरी थानामा राखिएको उनले बताए । प्रहरीले उनीमाथि 'फरेनर्स एक्ट'अन्तर्गत कारबाही अगाडि बढायो । उनको पक्षमा बहस-पैरवी गर्ने कोही भएन । २२ मे २०१७ मा स्थानीय अदालतले विदेशी नागरिकसम्बन्धी कानुनको हवाला दिँदै थारूलाई नौ महिनाको सजाय सुनायो । भारतमा शंकास्पद गतिविधिका आरोपित कुनै पनि विदेशी नागरिकले आफ्नो परिचय खुलाउन नसकेको अवस्थामा यस्तो मुद्दा चलाउने गरिन्छ ।

यता घरमा भने उनी जेल परेको खबर कसैले पाएन । उनले पनि केही सन्देश पठाउन पाएनन् । यत्तिकै नौ महिना बित्यो । जेल सजाय पूरा गरेपछि घर जान पाइन्छ भन्नेमा ढुक्क थिए । किनभने जेल परेकाहरू सजाय सकिएपछि आआफ्नो घर लागेको उनले देखेका थिए । अदालतको फैसलाअनुसार उनले २०१८ फेब्रुअरी अन्त्यमा कैद पूरा गरे । भारतीय कानुनमा विदेशी नागरिकलाई सम्बन्धित देशको दूतावासलाई नै जिम्मा लगाउनुपर्ने व्यवस्था छ । जेल प्रशासनले भारतको विदेश मन्त्रालयलाई नेपाल सरकारसँग पत्राचार गर्न अनुरोध गर्‍यो । त्यसैअनुसार २६ जुन २०१८ मा विदेश मन्त्रालयले नयाँदिल्लीस्थित नेपाली दूतावासलाई थारूको राष्ट्रियता र ठेगाना प्रमाणीकरणका लागि पत्र पठायो। बाँकी पृष्ठ १६ ▶▶







परोपकार अभियान समूहद्वारा विराटनगरमा सोमबार आयोजित तीज गीत कार्यक्रममा सहभागी महिला । उल्लेख्य संख्यामा भेला भएका महिलाहरूले प्रतियोगितात्मक नाच र गीत प्रस्तुत गरेका थिए । कार्यक्रममा जेष्ठ नागरिकहरूको सम्मान पनि गरिएको थियो (बायाँ) । तीजकै अवसरमा धनकुटा ६ को भीमसेनस्थानमा आयोजित नृत्य प्रतियोगितामा सहभागी ८० वर्ष पार गरेका महिला । *तस्बिर : कान्तिपुर*

मुआब्जा विवाद

# अधिग्रहणको जग्गा व्यक्तिको कब्जामा

## स्थानीयलाई अधिकतम प्रतिरोपनी २ लाख मुआब्जा दिएर आठदेखि १० लाख मूल्य निर्धारण गरी आयोजनाका फिल्ड म्यानेजरको नाममा जग्गा दर्ता

**कान्तिपुर संवाददाता** (संखुवासभा)

मकालु गाउँपालिका-१ मा निर्माणाधीन इसुवाखोला हाइड्रोपावरमा मुआब्जा विवाद देखिएको छ । ९७ दशमलव दुई मेगावाटको हाइड्रोपावर केभिएनआर इसुवाखोला हाइड्रोपावर विराटनगर र बिगवर्ल्ड हाइड्रोपावरले निर्माण गरिरहेको छ । उचित मुआब्जा नपाएको विषयमा स्थानीयले विरोध गरेका हुन् ।

आयोजनाले स्थानीयलाई बारीको प्रतिरोपनी २ लाख र पाखोबारीको प्रतिरोपनी १ लाख ५० हजारका दरले मुआब्जा दिएको थियो । तर, मालपोत कार्यालयमा हेर्दा प्रतिरोपनी ८ देखि १० लाखसम्ममा रजिस्ट्रेसन पास गरेको पाइएको मकालु-१ का स्थानीय कुसाङदोर्ची शेर्पाले बताए । उनको बारी ६ हजार ३ सय ९० वर्गमिटर थियो । हाइड्रोपावरलाई भनेर दिए पनि अहिले मालपोतमा आएर हेर्दा धरान उपमहानगरपालिका-१ घर भएका जितेन्द्र श्रेष्ठको नाममा पास भएको पाइएको पनि शेर्पाले बताए । श्रेष्ठ आयोजनाका फिल्ड म्यानेजर हुन् । अधिकांश जग्गा श्रेष्ठकै नाममा पास भएको पाइएको छ । हाइड्रोलाई दिएको जग्गा व्यक्तिको नाममा दर्ता भएको पाइएकाले पनि स्थानीय रुष्ट देखिएका छन् ।

स्थानीय कुसाङदोर्ची शेर्पाले ४ सय २० वर्गमिटरको एक लाख मुआब्जा पाए । तर उनकै छिमेकी मनमाया राईलाई भने २ सय ४० वर्गमिटरलाई एक लाख नै दिए । एउटै जग्गाको फरक-फरक मूल्य दिएको स्थानीयको आरोप छ । मकालु गाउँपालिकाको आमराङदेखि इसुवाखोलासम्म सडकको मुआब्जा प्रतिरोपनी एक लाख दरले दिने भनिए पनि कतिपयले अझै मुआब्जा नपाएको मकालु गाउँपालिका- १ का अध्यक्ष वाङी शेर्पाले बताए । उनका अनुसार स्थानीयलाई कम मूल्य दिएको, तर सोही जग्गाको बढी मूल्य राखेर मालपोत कार्यालयमा पास गरेको पनि पाइएको छ । इसुवाखोला हाइड्रोपावरभन्दा केही तल सोनाम लामाको टिमले पनि लोअर इसुवाखोला हाइड्रोपावरबाट ३७ दशमलव सात मेगावाट उत्पादन गर्ने लक्ष्यका साथ काम गरिरहेको छ । दुवै आयोजना एकैसाथ अगाडि बढाउने भनिए पनि अहिले इसुवाखोला हाइड्रोपावरको मात्रै काम भइरहेको छ । आयोजना निर्माणको कामले गति लिइरहँदा स्थानीयले भने आफूहरूलाई कुनै जानकारी नदिएको र मुआब्जा पनि नपाएको आरोप लगाए । स्थानीयले भुवनसिंह राईको अध्यक्षतामा संघर्ष समितिले नै गठन गरेर विरोध जनाएका हुन् । संघर्ष समितिलाई मकालु युवा समाजले समेत साथ दिएको छ ।



**अरुण तेस्रोको ड्यामसाइडबाट पावरहाउसतर्फ सुरुङ खन्न प्रयोग गरिएको बुमर मेसिन ।** *तस्बिर : दीपेन्द्र शाक्य/कान्तिपुर*

निर्माण कम्पनीले स्थानीयलाई जानकारी र मुआब्जा नदिएको, केही स्थानको दिएको भए पनि विभेदपूर्ण तरिकाले दिइएको, हाइड्रोको पेनस्टक पाइप लैजाने स्थानका जग्गाको मुआब्जा नदिएको, सार्वजनिक सुनुवाइ नगरेको, इआइए नेपाली भाषामा प्रस्ट पारेर स्थानीयलाई नबुझाएको र सडकले काटेको जग्गाको मुआब्जा नदिएकोलगायत आधा दर्जन आरोप छन् । संघर्ष समितिले जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय र पत्रकार महासंघलाई ध्यानाकर्षण पत्रसमेत बुझाएको छ । स्थानीयको माग तत्काल सम्बोधन नभए निर्माण कार्यमै अवरोध पुर्‍याउने मकालु युवा समाजका अध्यक्ष नुर्बु शेर्पाले बताए । गाउँमाथिबाट हाइड्रोको पेनस्टक पाइप ल्याउने योजना रहेको छ, उनले भने, केही गरी पाइप फुटेमा वा लिकेज भएमा कम्तिमा ६० घर बगाउने खतरा छ । उनले सडकले चर्केको जग्गामा मुआब्जा नै दिएको बताए । उनका अनुसार दुईवटा आयोजना निर्माण हुँदा हुने क्षति निकै ठूलो हुने देखिन्छ ।

**अरुण तेस्रोको काम २२ प्रतिशत सकियो**

संखुवासभा- मकालु गाउँपालिकामा निर्माणाधीन बहुचर्चित नौ सय मेघावाटको अरुण तेस्रो जलविद्युत् परियोजनाको काम २२ प्रतिशत सकिएको छ । राष्ट्रिय गौरवका रूपमा रहेको यो परियोजनाको काम तीव्र गतिमा भइरहेको छ । परियोजनाको डयामस्थल मकालु गाउँपालिका-५ फयाक्सिन्दा र विद्युत् उत्पादन हुने गृह पावर हाउसस्थल चिचिला गाउँपालिका-२ पुखुवामा निर्माणको काम चौबिसै घण्टा रात र दिनमा समय तालिका मिलाएर जनशक्ति काम खटिरहेको परियोजनाले जनाएको छ ।

डयामस्थलमा जयप्रकाश एसोसियटस निर्माण कम्पनीले काम गरिरहेको छ भने पावरहाउसस्थल क्षेत्रमा पटेल इन्जिनियरिङ कन्सलटेन्टले ठेक्का लिएर काम गरिरहेको छ । परियोजनामा करिब दुई हजार भारतीय र नेपाली कामदार कार्यरत छन् । दुवै ठेकेदार निर्माण कम्पनीहरू भारतीय नै हुन् ।

डयामस्थल फयाक्सिन्दादेखि पावरहाउसस्थल पुखुवा निस्कने मुख्य सुरुङमार्गको दूरी ११ दशमलव ७४ किमि रहेको छ । त्यसमध्ये ७ सय ९० मिटर खनिसकिएको अरुण तेस्रो परियोजनाका प्रमुख कार्यकारी अधिकृत अरुण धिमानले बताए । मुख्य सुरुङमार्गसहित चारवटा सुरुङ खन्ने काम भइरहेको छ, उनले भने, दोस्रो डयामस्थलमा नदिलाई डाइभर्सन गर्नका लागि खनिएको सुरुङमार्ग ४ सय २९ मिटर खनिएको छ । अर्को तेस्रो प्रवेश सुरुङमार्ग ७ सय ७३ मिटर खनिसकिएको छ । चौथो सुरुङको काममार्गको काम ३ सय १८ मिटर खनिसकिएको धिमानले जानकारी दिए । अहिलेसम्म दुईवटा निर्माण कम्पनीबाट १३ खण्डमा काम भइरहेको छ । १२ प्रतिशत सुरुङ खन्ने काम सम्पन्न भएको जनाएको छ ।

अरुण तेस्रो जलविद्युत् परियोजना मुलुकको नै सबैभन्दा ठूलो र बढी चर्चामा रहेको जलविद्युत् परियोजना हो । २०४२ सालमा विश्व बैंकको लगानीमा निर्माण गर्ने भनिएको यो जलविद्युत् परियोजना लामो समय रोकिएको थियो । सन् २०२२ भित्र निर्माण सम्पन्न गर्ने सतलज निर्माण कम्पनीले जनाएको छ । ०७४ वैशाख २९ गते भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले स्वीच थिचेर परियोजनाको शिलान्यास गरेका थिए । त्यसपछि निर्माणकार्यले गति लिएको हो । यो परियोजना निर्माण सम्पन्न गर्न करिब एक खर्ब २० अर्ब खर्च हुने अनुमान गरिएको छ ।

# पाथिभरा क्षेत्रका गाउँ बस्ती चिटिक्क पारिँदै



**ताप्लेजुङको पाथीभरा क्षेत्रको माथिल्लो फेदीमा पैदलमार्ग फराकिलो बनाउँदै स्थानीय व्यवसायी ।** *तस्बिर : आनन्द गौतम/कान्तिपुर*

ताप्लेजुङ (कास)- पाथीभरामा ११ वर्षअघि होटलका लागि घर बनाएका इन्द्रनारायण भट्टराईले पुनःसंरचना गरेका थिएनन् । जस्तो अवस्थामा थियो त्यसैलाई बाहिरबाट टालटुल पारेर चलाइरहेका थिए ।

उनको पञ्चकन्या होटलमा तीर्थयात्रीले धुँवाले पिरोलेको, कोठाहरू स-साना भएको, एक, दुईजनामात्रै बस्न सकिने कोठा नपाएको जस्ता गुनासो गरेका थिए । गुनासो सुनेर पनि सुधार गर्न नसकेका भट्टराई यतिबेला लाखौं रुपैयाँ खचिईरहेका छन् । घरको छानाबाहेक भित्रको सबै संरचना बदल्ने अठोटमा उनी देखिन्छन् । छानामा लगाएको जस्तापाताले सुख्खा मौसममा गर्मी हुने र जाडो मौसममा शीत चुहिने हुनाले जस्ता मुनि लगाउन सदरमुकाम फुङलिङबाट प्लाइउड लगेका छन् । ३१ सय मिटर उचाइको यो स्थानमा छानाबाट प्रायः शीत झरिरहने भएकाले त्यसको असर पाहुनालाई नपरोस् भनेर जस्तापातामुनि प्लाइउड लगाइएको हो । कोठालाई चिरिच्याट्ट बनाउने र पाहुनाले धुँवाको गुनासो गर्नु नपरोस् भनेर विशेष ध्यान दिएको बताए । होटलमा ओछ्याउने सबै कपडा फेर्नका लागि डस्ना, सिरक बनाउन दिइसकेका छन् ।

'मान्छे हो कुनै न कुनै गुनासो त गरिहाल्छ तर ८० प्रतिशतलाइ सन्तुष्टि दिने प्रयास गरेको छु' उनले भने । छिमेकी राजेन्द्र महतले पनि घरमा रङरोगन गरेका छन् । घरको पछाडिपट्टि आठवटा टेन्ट अट्ने गरी साढे चार लाख रुपैयाँ खर्चिएर प्लास्टिकको घर बनाएका छन् । घाम पानीले नबिग्रने गरी त्यही घरभित्र टेन्ट लगाउने तयारीमा छन् । महिला र पुरुषका लागि फरक/फरक शौचालय बनाएका उनले नुहाउनका लागि बाथरुमको पनि व्यवस्थापन गरेका छन् । यो क्षेत्रमै उनलेमात्रै टेन्ट लगाएकाले एउटा टेन्टमा सुत्नेले रातको दुई हजार रुपैयाँ शुल्क तिर्नुपर्ने व्यवस्था उनले मिलाएका छन् । चार जना सुत्न मिल्ने भएकाले मिलेर सुते जनही पाँचसय र व्यक्तिगतरूपमा बसे पनि इच्छानुसार बस्न पाइने भएकाले यो दर राख्न लागेका हुन् ।

इन्द्र नारायण र राजेन्द्र मात्रै नभएर यहाँका २७ वटा सबै होटल आफ्नो पुनःसंरचना गरिरहेका छन् । गाडीबाट ओर्लने बित्तिकैको काफ्ले पार्टीदेखि वलुडाँडा हुँदै फेदीसम्मका व्यवसायी व्यस्त छन् । सबैको ध्यान निर्माणमा छ । अहिलेका यात्रुले केही न केही सुविधा खोज्ने र राम्रो ठाउँमा बस्न रुचाउने भएकाले व्यवसायीहरू प्रतिस्पर्धात्मक रूपमा संरचना निर्माणमा जुटेको बताउँछन् । आफूहरूले आफ्नो घर, शौचालय मात्रै नभएर सार्वजनिक स्थानको पुनसंरचना पनि आफैंले गरिरहेको भट्टराई बताउँछन् । होटल व्यवसायी संघका अध्यक्ष भट्टराईका अनुसार प्रत्येक व्यवसायीले आफ्नो घर अगाडिको सडक कम्तीमा तीन मिटर चौडाइको बनाएका छन् । वृद्धवृद्धा र बालबालिकालाइ समेत लक्षित गरी बाक्लो गरी सिंढी बनाएका छन् ।

कतिपयले सिमेन्ट नै लगाएर सडकमा प्लास्टर गरेका छन् । तमोर नदीबाट सदरमुकाम हुँदै बालुवा ल्याएर प्लास्टर गरेको उनले बताए । एकजनाले ६० हजारभन्दा बढीनै खर्च गरेको व्यवसायी मिना महत मादेन बताउँछिन् । तीर्थयात्रीले चढाएको भेटी संकलन गरेर पाथीभरा क्षेत्र विकास समिति र पाथीभरा देवी मन्दिर क्षेत्र संरक्षण तथा संवर्द्धन समितिले निर्माणको काम गरेका हुन् । पर्यटन मन्त्रालयले पनि यहाँ लगानी गरेको छ । मोटरबाटो पुग्ने काफ्लेपार्टीदेखि मन्दिरसम्मको दूरी ४.५ किमि छ ।

# सम्भवले पाए एक लाख

मोरङ (कास)- कान्तिपुरको 'करोडपति सिजन ३' अन्तर्गत सप्तरीको हनुमाननगर कंकालनी नगरपालिका १ भारदका कुमार सम्भवले नगद एक लाख जित्न सफल भएका छन् । काठमाडौंस्थित निजी कलेजमा सिभिल इञ्जिनियर पढ्दै गरेका उनले वार्षिक ग्राहक योजनाअन्तर्गत साप्ताहिक लक्की ड्रबाट रकम जित्न सफल भएका हुन् । सम्भवकी आमा उषाकुमारी राउत र उनका भाइलाई कातिन्पुर पब्लिकेसन्स विराटनगरका प्रमुख अनुजलाल कर्णले सोमबार नगद एक लाखको चेक हस्तान्तरण गरेका हुन् । राउतले पुरस्कार रकम छोराको पढाइमा खर्चिने बताइन् । 'करोडपति सिजन ३' गत चैत १४ गतेबाट सुरु भएको हो । यो योजनामा कान्तिपुर र द काठमाण्डु पोष्टका वार्षिक ग्राहकले सहभागिता जनाउन पाउने छन् । लक्की ड्रमार्फत एकजना ग्राहकले बम्पर उपहारका रूपमा १ करोड नगद जित्ने छन । एक जना ग्राहकले लक्की ड्रमार्फत मासिक १० लाख र साप्ताहिक १ लाख नगद पाउने छन् ।





**कान्तिपुर पब्लिकेसन्सका विराटनगर प्रमुख अनुजलाल कर्णले 'करोडपति सिजन ३' अन्तर्गत साप्ताहिक लक्की ड्रबाट १ लाख जितेका सप्तरीको हनुमाननगर-१ का कुमार सम्भवकी आमालाई सोमबार चेक हस्तान्तरण गर्दै ।**












## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | यात्रा हुने | तुला | भाग्य वृद्धि |
| वृष | शत्रु वृद्धि | वृश्चिक | केही लाभ |
| मिथुन | विद्यामा सफलता | धनु | यात्रामा सफल |
| कर्कट | आलस्यता | मकर | आलश्यता |
| सिंह | पराक्रम बढ्ने | कुम्भ | पुण्य आर्जन |
| कन्या | धन आर्जन | मीन | अस्वस्थता |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल भाद्र १८ गते बुधबार तदनुरुप ४ सेप्टेम्बर २०१९ भाद शुक्लपक्ष षष्ठि तिथी रात्रिको ०३:२४ बजेसम्म उप्रान्त सप्तमी तिथी, स्वाती नक्षत्र प्रातः ११:१२ बजेसम्म उप्रान्त विशाखा नक्षत्र, ब्रम्हा योग प्रातः ०५:४९ बजेसम्म उप्रान्त ऐन्द्र योग, कौलब करण दिनको ०४:१० बजेसम्म उप्रान्त तैतिल करण, तुला राशिमा चन्द्रमा रात्रिको ०४:३५ बजेसम्म उप्रान्त वृश्चिक राशिमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | | | |
|---|---|---|---|
| ५:०० | भक्तिसुर | ४:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) |
| ५:३० | आध्यात्मिक सन्देश | ५:०० | कल कान्तिपुर रिलोडेड |
| ६:०० | जीवन विज्ञान | ६:०० | कान्तिपुर न्युज |
| ६:३० | मार्गदर्शन (लाइभ) | ६:३० | मनी टक्स (रिपिट) |
| ७:०० | कान्तिपुर समाचार | ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल | ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:३० | कान्तिपुर न्युज | ८:०० | कान्तिपुर समाचार |
| ९:०० | फायरसाइड (रिपिट) | ९:०० | सरोकार |
| १०:०० | कान्तिपुर समाचार | १०:०० | मनी टक्स (रिपिट) |
| १०:३० | सुमनसँग (रिपिट) | १०:३० | कान्तिपुर न्युज |
| ११:०० | कान्तिपुर न्युज | ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) | ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कान्तिपुर समाचार | १२:०० | कल कान्तिपुर रिपीटेड |
| १२:३० | मंगलम (लाइभ) | १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | बलियो घर (रिपिट) | १:३० | मनी टक्स (रिपिट) |
| २:०० | कान्तिपुर समाचार | २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | यू एण्ड आई (रिपिट) | २:३० | मार्गदर्शन (रिपिट) |
| ३:०० | फायरसाइड (रिपिट) | ३:०० | मंगलम (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार | ४:०० | सरोकार (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | | | |
|---|---|---|---|
| ०५:०० | भक्ति अनुष्ठान (अच्युत) | १५:१५ | नेपालय (रश्मिला) |
| ०६:३० | कान्तिपुर डायरी | १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| ०७:०० | द हेडलाइनर्स | १६:०५ | कान्तिपुर मञ्च (महेश) |
| ७:३० | कानुनी बहस र परामर्श (कमला) | १७:०० | डिस्ट्रिक्ट डायरी |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी | १७:०५ | हेल्थ हटलाइन (कमला) |
| ०८:०५ | द गुडमर्निङ शो | १८:०० | पुनर्निर्माण |
| ०८:३० | ओल्ड इज गोल्ड | १८:३० | कान्तिपुर डायरी |
| ०९:०० | कान्तिपुर डायरी | १९:०० | कनेक्ट (प्रियंका) |
| ०९:१० | ट्राफिक अपडेट | २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| ०९:१५ | राष्ट्रिय गीत | २०:०५ | लाउड (रेमन) |
| ०९:२० | मेरो जब करिअर कनेक्ट (एलिसा) | २१:०० | कान्तिपुर डायरी |
| १०:०० | स्पोर्टस् डायरी | २१:२५ | न्युज मेकर अफ द डे |
| १०:०५ | गृह श्रृंगार (सृजना देवकोटा) | २१:३० | इन्द्रेनी |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी | २२:०० | कालजयी गीत संगीत (भूपेन्द्र) |
| १२:०० | कान्तिपुर डायरी | २३:०० | पुराना हिन्दी गीतहरु (दृष्टि अर्याल) |
| १२:१० | फिल्मी परेड (दीपकराज गिरी) | ००:०० | फिल्मी परेड (रिपिट) |
| १३:०० | डिस्ट्रिक्ट डायरी | ०१:०० | कालजयी गीत संगीत (रिपिट) |
| १३:०५ | के छ नेपाल (दिपाञ्जली) | ०२:०० | नेपाली गीतहरु लगातार |
| १४:०० | इन्टरनेसनल डायरी | ०३:०० | हिन्दी गीतहरु लगातार |
| १४:०५ | के छ नेपाल (दिपाञ्जली) | ०४:०० | भजनहरु लगातार |
| १५:०० | कान्तिपुर डायरी | | |

## अस्पताल र विविध

| | |
|---|---|
| **दमकल** | |
| विराटनगर | ०२१-४२००० |
| इटहरी | ०२५-५८०१०१ |
| धरान | ०२५-५२०१९९ |
| इनरुवा | ०२५-५६०१०१ |
| दमक | ०२३-५८०१०१ |
| भद्रपुर | ०२३-५१०१०१ |
| धनकुटा | ९८५२०६१२०१ |
| कोसी अञ्चल अस्पताल विराटनगर | ५३०१०३/५२४२३४ |
| मेची अञ्चल अस्पताल, भद्रपुर | ०२३-५२००२४ |
| वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | ०२५-५२५५५५ |
| रक्तसञ्चार केन्द्र, विराटनगर | ०२१-५२३३२६ |
| विराटनगर आँखा अस्पताल | ०२१-४३६३६० |
| रक्तसञ्चार केन्द्र, धरान | ०२५-५२०९६८ |
| **एम्बुलेन्स** | |
| विराटनगर सेन्ट्रल | ०२१-५३७००१ |
| लाइफगार्ड अस्पताल, विराटनगर | ९७४२०४२३३३ |
| दुहबी जेसिज, सुनसरी | ०२५-५४०४३५ |
| शव बाहन, विराटनगर | ०२१-५२५८७४ |
| **प्रहरी** | |
| जिल्ला प्रहरी कार्यालय, मोरङ | १००/९८५२०२६७५० |
| इलाका प्रहरी कार्यालय, उर्लाबारी | ५४०९९०/९८५२०९०१३६ |
| इलाका प्रहरी कार्यालय, रंगेली | ५८०१३०/९८५२०९०१४४ |
| क्षेत्रीय ट्राफिक कार्यालय, इटहरी | ०२५-५८०१०५/९८५२०९०१६१/१०३ |

**काठमाडौंका महत्त्वपूर्ण नम्बर**

| | |
|---|---|
| वीर अस्पताल | ४२२११९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४, ४२१७७६६, ४२१७७५५ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

**कान्तिपुर सम्पर्क** जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# गाउँमै बग्छ ठूलीभेरी

■ **हरि गौतम** (रुकुम पश्चिम)

७८ वर्षीया नौरती बोहराका आँखा दुई सातायता ओभाएका छैनन् । आठबीसकोट नगरपालिका ६, मन्काबगरकी बोहरा हरेक दिन ठूलीभेरी नदी छेउमा टुक्रुक्क बसेर टोलाउँछिन् ।

घर र बारी कहाँनेर थियो भनेर पनि छुट्याउन नसकिने गरी ठूलीभेरी उर्लिरहेको छ । बिहीबार दिउँसो त्यहीँ भेटिएकी नौरतीले भनिन्, 'बुढेसकालमा दैव लाग्यो, बस्ने घर, खाने अन्न, अन्न फल्ने जग्गा हेर्दाहेर्दै बग्यो । अब मेरो घरजग्गा उस्तै हालतमा कहिले देखुँला '

साउन २९ गते ठूलीभेरीमा आएको बाढीले नौरतीसहित उनका ४ छोराका परिवारलाई पनि बिचल्ली बनाएको छ । जेठा छोरा वीरबहादुर, माइला छोरा गोर्खबहादुरको घरजग्गा बग्यो भने साइँला छोरा नन्दबहादुर र कान्छा छोरा टेकबहादुर बोहराको जग्गा ठूलीभेरीले बगाइदिएको छ । कालीबहादुर बोहरा ७ जनाको परिवारसहित कालिका आधारभूत विद्यालयको एउटा कोठामा बसेका छन् । बाढी बढ्दै जाँदा घरको अवस्था हेर्ने क्रममा आफैं उभिएको जमिन कटानसँगै घरै बग्यो । 'मैले हेर्नबाहेक केही गर्न सकिनँ,' उनले भने, 'हेर्दाहेर्दै घर, घरभित्रको सम्पत्ति र पाकिसकेका मकै तथा पसाउँदै गरेका धानसहितको खेत बग्यो ।'

**बाढीपछि मन्काबगरका १२ परिवार आफन्तको घर र विद्यालयमा बसिरहेका छन्, घर र बारी रहेका ठाउँमा नदी बगिरहेको छ ।**

साउन २८ र २९ गतेको बाढीले भीमबहादुर थापा, जुनबहादुर बोहरा, पत्तरे बोहरा, दीपक बोहरा, यज्ञबहादुर बोहरा, धर्मे बोहरा, नन्दराम बोहरा, कमल बोहरा र विष्णुकुमारी बोहराको समेत घरसहितको जग्गा बग्यो । गाउँमा अहिले ठूलीभेरी बगिरहेको छ । 'हेर्दाहेर्दै गाउँ बग्यो, गाउँले सबै अप्ठ्यारोमा छन्,' वडा सदस्य नैनकुमारी बोहराले भनिन्, 'केही व्यवस्थापन गरिए पनि उनीहरूका लागि पर्याप्त छैन ।'

सम्भावित खतरा देखेर आठबीसकोट नगरपालिकाले तारजाली पनि लगाएको थियो । त्यो पर्याप्त नहुँदा १२ परिवारको घर, खेतबारी बगे भने अरू ४५ घर र एउटा विद्यालय जोखिममा छन् ।

विस्थापित भएका अधिकांश परिवार आफन्तको घरमा बसेका छन् । तत्कालका लागि नगरपालिकाले ५/५ हजार रुपैयाँ राहत दिएको छ । घर बगेका परिवारलाई जिल्ला प्रशासन कार्यालयले ५०/५० हजार रुपैयाँ दिने तयारी गरेको छ । नगरप्रमुख गोर्खबहादुर केसीले मन्काबगरसहित नगरका अन्य ठाउँमा पनि ठूलो क्षति भएको बताए । उनले क्षतिपूर्तिका लागि प्रदेश र संघीय सरकारसँग पहल भइरहेको बताए ।

आगामी मंसिरदेखि नदीले कटान गरेको ठाउँको व्यवस्थापन गरिने उनको भनाइ छ । प्रदेशसभा सदस्य गोपाल शर्माले तत्काल राहतका लागि प्रदेश सरकारले प्रतिपरिवार २० हजार रुपैयाँ सहयोग गर्न लागेको बताए ।

बाढीपीडित भन्छन्-

# सरकार पीडा मात्र सुन्छ, सुनुवाइ गर्दैन !

दाताले दिएका त्रिपाल चुहिंदा वर्षायाम कटाउन पनि मुस्किल छ । मजदुरी नगरे उनीहरूको चुलोमा बिहानबेलुकी आगो बल्दैन । २०७१ साउन अन्तिम साता आएको बाढीपहिरोमा १ सय १५ जनाको मृत्यु भयो ।

■ **ज्योति कटुवाल** (वीरेन्द्रनगर, सुर्खेत)



कर्णाली प्रदेश सभा सदस्यलाई पीडा सुनाउँदै वीरेन्द्रनगरस्थित महिला प्रशिक्षण केन्द्रका बाढीपीडित । *तस्बिर: ज्योति कटुवाल/कान्तिपुर*

रत्न राजमार्गको मसिनास्थित सडकछेउमा सानो झुपडी । झुपडी नजिकै सालिक र चिहान । देउरुपा कामीको नजर दैनिक एकपल्ट सालिक र चिहानमाथि पर्छ । ५ वर्षअघि बाढीले घरबारसहित छोरालाई बगाएपछि उनी सडकको सहारामा पुगेकी हुन् । 'बाढीले झुपडीमै पुऱ्याए पनि छोराको सम्झना आइरहन्छ,' शुक्रबार उनले भनिन्, 'त्यही भएर मन बुझाउन छोराको सालिक बनाएकी हुँ ।' देउरुपाको जीवनमा मानसिकभन्दा भौतिक पीडा बढी छ । उनी बस्ने त्रिपाल चुहिन्छ ।

पानी पऱ्यो कि परिवारका सदस्य भाँडा थापेर रातभर जाग्राम बस्नुपर्छ । ११ जनाको परिवारसहित त्रिपालमै बस्दै आएकी दुर्गा सुनारको अवस्था अझ दयनीय छ । सामान्य पानी पर्दासमेत त्रिपालभित्र लत्ताकपडा जोगाउन मुस्किल हुन्छ । गिट्टी नकुटेको दिन उनको चुलो बल्दैन । ५ वर्ष अवधिमा देउरुपा र दुर्गाको यस्तो पीडादायी दैनिकी हेर्न दर्जनौं मान्छे र सरकारका प्रतिनिधि आए । उनीहरू पीडा सुन्छन्, हेर्छन् र फर्किन्छन् तर पीडाको सुनुवाइ हुँदैन ।

बाढीपीडित भने सरकारी बेवास्ताका कारण वर्षौंदेखि सास्ती भोग्न बाध्य छन् ।दाताले दिएका त्रिपाल चुहिँदा वर्षायाम कटाउन पनि मुस्किल छ । दिनभर मजदुरी नगरे उनीहरूको चुलोमा बिहानबेलुकी आगो बल्दैन । २०७१ साउन अन्तिम साता आएको बाढीपहिरोमा १ सय १५ जनाको मृत्यु भयो ।

करिब २ हजार २ सय परिवार विस्थापित बने । 'पालको बसाइँले छोराले बिरामी भएर ज्यान गुमायो,' देउरुपाले भनिन्, 'सरकार फेरिए, हाम्रा पाल भने अझैसम्म फेरिएनन् ।' भेरी किनारामा गिट्टी कुटै आए पनि बिक्री नहुँदा थप सास्ती भएको उनले बताइन् । शिविरमा दैनिकजसो बालबालिका र वृद्ध बिरामी भइरहन्छन् ।

सर्प र जंगली जनावरको त्रास उस्तै छ । शिविरमै सुत्केरी हुँदा आमा र शिशुको स्याहारसुसारको समस्या पनि छ । 'न खानपिनको राम्रो व्यवस्था छ, न बासस्थानको,' महिला प्रशिक्षण केन्द्रमा बसिरहेकी रुपा सिंहले भनिन्, 'सरकारले हाम्रो सास्ती कहिल्यै बुझेन ।'बाढीपीडितको आवास निर्माणका लागि प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले गत वर्ष १४ करोड २० लाख रुपैयाँ विनियोजन गऱ्यो । तर १० जिल्लाका स्थानीय तहले अहिलेसम्म कति रकम खर्च भयो र कति रकम बच्यो भन्नेबारे जानकारी पठाएका छैनन् । पुरानो रकम कति बाँकी छ भन्ने यकिन नगरी मन्त्रालयले यस वर्ष ५ करोड ९० लाख रुपैयाँ विनियोजन गरेको छ ।

बाढीपहिरोबाट विस्थापित १ हजार ४५ घरपरिवार सुर्खेतका गिरीघाट, महिला प्रशिक्षण केन्द्र, पाँडुलेलगायत स्थानमा बसिरहेका छन् । २०७१ साउनमा गिरीघाटमा आएको बाढीले घरबार बगाएपछि शेरबहादुर कामी वीरेन्द्रनगरस्थित महिला प्रशिक्षण केन्द्रमा आ श्रय लिई बस्न थालेको ५ वर्ष पुग्यो । 'अब त सरकारको आस लाग्न छोडिसक्यो,' उनले भने, 'सुरुमा आउँदा सरकारी प्रतिनिधि र नेताले यो वर्ष जसरी पनि पुनःस्थापना गर्छौं भन्छन्, फेरि फर्केर कहिल्यै आउँदैनन् ।'

आफ्नो समस्या सुनाउँदा सुनाउँदा आजित भइसकेको उनले बताए ।मन्त्रालयको विपद् व्यवस्थापन शाखाका अनुसार गत वर्ष वीरेन्द्रनगरमा करिब ३ करोड ८१ लाख रुपैयाँ खर्च भएको छ । अन्य स्थानीय तहले विवरण नपठाएको शाखाका नायब सुब्बा खड्ग विकको भनाइ छ । मन्त्रालयले प्रभावित घरपरिवारमध्ये जग्गा भएकालाई मात्रै घर बनाउन प्रतिपरिवार १ लाख ५० हजार रुपैयाँ पहिलो किस्ताको रकम दिएको हो । वीरेन्द्रनगरका १ सय ९९, पञ्चपुरीका १६, बराहतालका २९, लेकबेंसीका १२ र गुर्भाकोटका ३२ बाढीपीडित परिवारले रकम लिएको उनले जनाए । जग्गा र घर निर्माण तथा पुनर्वास रोजेका बाढी प्रभावितका हकमा भने प्रदेश सरकारले कुनै निर्णय गरेको छैन ।

बाढीपीडितका हितमा कार्यरत कर्णाली फाउन्डेसनका अनुसार सुर्खेतमा १ हजार ४५ परिवार अस्थायी शिविरमा बस्दै आएका छन् । त्यसमध्ये ५ सय १४ परिवारले घर, २ सय २९ जनाले जग्गासहितको घर र २ सय ३९ परिवारले पुनःस्थापना माग गरेका फाउन्डेसन अध्यक्ष नारायण भट्टराईले बताए । ऐलानी जग्गामा भए पनि पीडितका लागि घरबासको व्यवस्था मिलाउन जरुरी रहेको भेरीगंगा नगरपालिका उपप्रमुख रेणु आचार्यले बताइन् ।






**रंगमञ्चमा 'गुम्फन'**
साइबर संसारमा एक्लिँदाको पीडा । १०

**विश्वकप छनोट**
अनुभवी रोमियोविरुद्ध कालिन । १८



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १९७ जनकपुर | १७ भदौ २०७६ मंगलबार भाद्र शुक्लपक्ष चतुर्थी | नेपाल संवत् ११३९ | प्रदेश २ संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, September 3, 2019 | पृष्ठ १२+६ | १० रुपैयाँ


## मिडिया काउन्सिल विधेयकमा अपुरो संशोधन

■ **राजेश मिश्र** (काठमाडौं)

संसद्मा दर्ता गरिएको मिडिया काउन्सिल विधेयकका केही विवादास्पद प्रावधान संशोधन गर्न सत्तारूढ र विपक्षी दुवैतर्फका सांसद सहमत भए पनि यसको गठन प्रक्रियामा उनीहरूको मत बाझेको छ । विधेयकमाथि नेकपाका १५ सांसदले संयुक्त रूपमा हालेको संशोधन प्रस्तावमा काउन्सिल पदाधिकारी नियुक्तिमा सरकार हावी रहने प्रावधान यथावत् छ ।

विधेयकमा सञ्चार मन्त्रालयका सचिव नेतृत्वको समितिको सिफारिसमा सरकारले काउन्सिलको अध्यक्ष र पदेनबाहेकका सदस्य नियुक्ति गर्ने प्रावधान छ । पत्रकार महासंघसहित विभिन्न संघसंस्थाले उक्त प्रावधानको विरोध गर्दै आएका छन् । महासंघले काउन्सिलका अध्यक्ष र सदस्य नियुक्तिको सिफारिस राष्ट्रिय सभा अध्यक्ष नेतृत्वको समितिबाट हुनुपर्ने भन्दै आएको छ ।

काउन्सिलको स्वायत्तताका लागि काउन्सिल सरकारप्रति नभई संसद्प्रति जिम्मेवार रहने गरी विधेयकमा संशोधन गर्नुपर्ने महासंघको माग छ । काउन्सिलले आफ्नो प्रतिवेदन सरकारलाई नभई संसद्को समितिलाई बुझाउनुपर्ने प्रावधान राख्न पनि महासंघले जोड दिएको छ । आचारसंहिता उल्लंघन गर्नेलाई २५ हजारदेखि १० लाख रुपैयाँसम्म जरिवाना र मनासिव क्षतिपूर्तिको प्रावधानलाई हटाइनुपर्ने महासंघको मागमा भने सत्ता र प्रतिपक्ष दुवै सहमत देखिएका छन् । नेकपाका सांसदले हालेको संशोधनमा जरिवाना हटाएर मध्यस्थता गरी मेलमिलाप गराइदिने उल्लेख छ ।

बाँकी पृष्ठ १६ ▶▶



काठमाडौंको वसन्तपुरमा सोमबार नाचगान गरेर तीज मनाउँदै महिला । *तस्बिर : केशव थापा/कान्तिपुर*

### २५ वर्षअघिको प्रतिवेदन

# खोजिएन १८०० रोपनी

■ **दीपेन्द्र विष्ट** (काठमाडौं)

सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवं संरक्षणसम्बन्धी उच्चस्तरीय आयोगले २५ वर्षअघि विभिन्न व्यक्तिद्वारा अतिक्रमित भनी औंल्याएको १८ सय रोपनी सरकारी जग्गा अझैसम्म सरकारले खोजेको छैन ।

सरकारी र सार्वजनिक जग्गा अतिक्रमण भएको गुनासो बढेपछि ०४९ पुस १६ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पूर्वभूमिसुधार सचिव रामबहादुर रावलको अध्यक्षतामा तीन सदस्यीय आयोग गठन गरेका थिए । आयोगले दुई वर्ष लगाएर १३ सय पृष्ठ लामो प्रतिवेदन सरकारलाई बुझाएको थियो । जसमा काठमाडौं उपत्यकामा मात्र विभिन्न ओहदामा बसेका व्यक्तिले नदी, पोखरी, ढुंगेधारा, मन्दिर, खुलाचौर, सामाजिक संघसंस्थाको जग्गा, कुलो, चिहान, विभिन्न नदीको उकास भएको जग्गा, सरकारी वनलगायतको गरी करिब १८ सय रोपनी जग्गा अतिक्रमण भएको उल्लेख छ ।

प्रतिवेदन हालसम्म सार्वजनिक गरिएको छैन । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा उक्त प्रतिवेदन थन्क्याइएको छ । उक्त प्रतिवेदन अध्ययन गर्नसमेत पाइँदैन । 'ठूलाबडाले जग्गा अतिक्रमण गरेको प्रतिवेदनमा छ,' मन्त्रालयका एक उच्च अधिकारीले भने, 'त्यसकारण त्यो सार्वजनिक भएन, लागू गर्न पनि कठिन छ । विभिन्न स्वार्थ समूहले यसलाई सार्वजनिक गर्न दिएनन् ।'


> **रावल आयोगको प्रतिवेदनमा शक्तिशाली व्यक्ति मुछिएकाले हालसम्म सार्वजनिक नभएको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका अधिकारी बताउँछन्**

सूक्ष्म ढंगले अध्ययन गरिएको भन्दै उनले आयोगले समाधान पनि सजिलो तरिकाले दिएको बताए । 'अहिले पनि निःस्वार्थ हिसाबले त्यसलाई कार्यान्वयन गर्ने हो भने लागू गर्न सकिन्छ,' ती अधिकारीले भने, 'लागू गर्न न सरकारले साहस गर्छ, न स्वार्थ समूहहरूले लागू गर्न दिन्छन् ।' एक आनादेखि रोपनीसम्म सरकारी जग्गा अतिक्रमण गर्नेको संख्या साढे चार हजारभन्दा बढी रहेको ती अधिकारीले बताए । आयोगले महानगरपालिकाका प्रत्येक वडामा गएर अध्ययन गरेको प्रतिवेदनमा उल्लेख छ ।

ठमेलस्थित सरस्वती क्याम्पसको पश्चिमतर्फ घ्याम्पे मन्दिर क्षेत्रको कित्ता नम्बर ३०५ को करिब ३ रोपनी जग्गा मिचिएको देखिन्छ । उक्त जग्गा ३ जनाले घरटहरा बनाई चर्चेका छन् । मन्दिरकै करिब १ रोपनीभन्दा बढी जग्गा सिद्धिगणेश माविले चर्चेको प्रतिवेदनमा छ । बालाजुस्थित विद्युत् प्राधिकरणको ३ रोपनी ३ आना २ पैसा १ दाम जग्गा २७ जनाले मिलेमतोमा मिचेका छन् । सोह्रखुट्टेनजिकको पाटीको करिब एक रोपनी जग्गामा ६ जनाले घर-पसल राखेको प्रतिवेदनमा छ ।

साथै, पाटीलाई नयाँ स्वरूप दिएर निर्माण गरिएको उल्लेख छ । कलंकी, बल्खु, कालिमाटी, खड्का गाउँ, चक्रपथ र कुलेश्वर क्षेत्रमा पनि व्यापक रूपमा जग्गा मिचिएको छ । कलंकीको कित्ता नम्बर ८३ को खोलाको १ रोपनीभन्दा बढी र कित्ता नम्बर १०२ को कुलोको ७ रोपनीभन्दा बढीमा इँटाभट्टा स्थापना गरेको पाइएको छ । बाँकी पृष्ठ १६ ▶▶

# अनाहकमा अढाई वर्ष जेल



राज्यको बेवास्ताले बिनाकारण पन्जाबको जेलमा बस्न बाध्य एक नेपाली युवाको दुर्दान्त कथा

◀ **भारतको अमृतसरस्थित केन्द्रीय जेल जहाँ डिल्लीराम थारू (इन्सेटमा) अढाई वर्षदेखि छन् ।**
*तस्बिर : सुरेशराज/कान्तिपुर*

■ **सुरेशराज न्यौपाने** (अमृतसर)

दुब्लाएर सिट्ठो भएको ज्यान । महिनौं नकाटिएको दाह्रीकपाल । नाम : डिल्लीराम थारू (दिलु) । उमेर : २८ वर्ष । ठेगाना : पिपरा गाउँ, वाणगंगा नगरपालिका, कपिलवस्तु, नेपाल ।

तर करिब अढाई वर्षयता उनको ठेगाना फेरिएको छ- भारत, पन्जाब राज्यको अमृतसरस्थित केन्द्रीय जेल । नाम पनि परिवर्तन भएको छ- डिलराम तरु ।

निमुखा र आवाजविहीनहरूप्रति राज्यले गर्ने उपेक्षा तथा बेवास्ताको सिकार भएकाहरूका प्रतिनिधि पात्र हुन्, उनी । सरकारको जिम्मेवार निकायको गैरजिम्मेवारीपनका कारण नागरिकले कुन हदसम्म दुःख पाउन सक्छन् भन्ने कुराको उदाहरणसमेत हुन् उनी । कान्तिपुरले अमृतसर जेलमा गएर भेटेपछि उनले आफ्नो कथा-व्यथा सुनाए ।

**यसरी परे उनी जेल**

करिब साढे दुई वर्षअघिको कुरा हो । घरमा हातमुख जोर्न मुस्किल थियो । सम्पत्तिका नाममा एउटा सानो घर र त्यसले चर्चेको जग्गा मात्र । अरू दुई दाजु छुट्टिभिन्न भइसकेका थिए । आमा, श्रीमती, दुई छोरी र बूढी हजुरआमाको जिम्मेवारी डिल्लीकै काँधमा थियो । बुबा २०५८ सालमै बितेका थिए । दाजुहरू धनीराम र मणिराम आआफ्नो इलम गर्थे । बेग्लै बस्थे । आमा र श्रीमती दुवै मजदुरी गर्थे । त्यसले पनि राम्ररी घरखर्च नचलेपछि डिल्लीले निर्णय गरे, रोजगारीका लागि फेरि एक पटक पन्जाबको चण्डीगढ जाने । यसअघि दुई पटक गरी करिब तीन महिना उनले चण्डीगढमै 'वेटर'को काम गरेका थिए ।

घर छाड्ने दिन श्रीमती छोरी लिई माइती गएकी थिइन् । गाडी भाडा थिएन । त्यसैले उनले आफ्नो साइकल र श्रीमतीका दुई जोर पाउजु बोकी हिँडे । र, झोलामा आफ्नो नागरिकता र केही जोर लुगा हाले । साइकललाई सीमावर्ती बजार कृष्णनगरका आफन्त सन्तोष दाइको पसलमा १८ सय रुपैयाँमा बेचे । अनि त्यहीँबाट चण्डीगढका लागि बस चढे ।

यसअघि पनि आएको हुँदा चण्डीगढ उनका लागि नयाँ ठाउँ थिएन । उनी पहिले काम गरेकै ठाउँमा रोजगारी माग्न गए । तर साहुले काम छैन भनी फर्काइदिए । त्यसपछि एकजना चिनेका दाइलाई खोज्न निस्किए अटोरिक्सामा । तर राति भएकाले ती दाइ भेटिएनन् । अटोरिक्सा केही पर रोकिराखेका थिए, फर्किंदा उनको झोला लिएर त्यो भागिसकेछ ।

उनको परिचय खुलाउने नागरिकतासमेत त्यही झोलामा थियो, हरायो । 'त्यसपछि मेरो होसै हरायो- के गर्ने, कहाँ जाने ?' थारूले सुनाए । केही सीप नलागेपछि उनले घरै फर्किने सोचाइ बनाए । भाडा तिर्ने पूरा रकम पनि थिएन, रेलवे स्टेसन पुगेर रेल चढे । नेपाल फर्कन उनी चढ्नुपर्ने थियो अम्बालाको रेल, थाहा नपाएर अमृतसरको रेल चढेछन् । अर्को रात करिब ११ बजे अमृतसरमा झरे । जीउ भोकप्यास र थकाइले लखतरान थियो । स्टेसनबाट बाहिरिएपछि केही परसम्म हिँड्दै गए ।

करिब ६ सय मिटर पुगेपछि खपिनसक्नुभयो । सडकछेउ पल्टिन खोजे । उनी सैनिक छाउनी क्षेत्रमा पुगेछन् । 'खै के-कसरी हो, म त केही बेरमा सेनाको क्षेत्रभित्र पसेछु,' उनले भने, 'पर्खाल जस्तो थियो, यसो नाघेर भित्र गएको सेनाको क्षेत्र पो रहेछ ।'

बिनाअनुमति सैनिक क्षेत्रमा प्रवेश गरेको भन्दै उनलाई तत्काल सेनाले पक्राउ गर्‍यो । केरकार गर्‍यो । उनले सबै कारण बताए । तर सेनाले पत्याएन । किनभने उनीसँग नाम र ठेगाना खुल्ने कुनै कागजात थिएन । प्रमाण देखाउन नसकेपछि त्यो रात उनलाई छाउनीमै राखियो । र, भोलिपल्ट प्रहरीको जिम्मा लगाइयो । त्यसपछि १५ दिन प्रहरी थानामा राखिएको उनले बताए । प्रहरीले उनीमाथि 'फरेनर्स एक्ट'अन्तर्गत कारबाही अगाडि बढायो । उनको पक्षमा बहस-पैरवी गर्ने कोही भएन । २२ मे २०१७ मा स्थानीय अदालतले विदेशी नागरिकसम्बन्धी कानुनको हवाला दिँदै थारूलाई नौ महिनाको सजाय सुनायो । भारतमा शंकास्पद गतिविधिका आरोपित कुनै पनि विदेशी नागरिकले आफ्नो परिचय खुलाउन नसकेको अवस्थामा यस्तो मुद्दा चलाउने गरिन्छ ।

यता घरमा भने उनी जेल परेको खबर कसैले पाएन । उनले पनि केही सन्देश पठाउन पाएनन् । यत्तिकै नौ महिना बित्यो । जेल सजाय पूरा गरेपछि घर जान पाइन्छ भन्नेमा ढुक्क थिए । किनभने जेल परेकाहरू सजाय सकिएपछि आआफ्नो घर लागेको उनले देखेका थिए । अदालतको फैसलाअनुसार उनले २०१८ फेब्रुअरी अन्त्यमा कैद पूरा गरे । भारतीय कानुनमा विदेशी नागरिकलाई सम्बन्धित देशको दूतावासलाई नै जिम्मा लगाउनुपर्ने व्यवस्था छ । जेल प्रशासनले भारतको विदेश मन्त्रालयलाई नेपाल सरकारसँग पत्राचार गर्न अनुरोध गर्‍यो । त्यसैअनुसार २६ जुन २०१८ मा विदेश मन्त्रालयले नयाँदिल्लीस्थित नेपाली दूतावासलाई थारूको राष्ट्रियता र ठेगाना प्रमाणीकरणका लागि पत्र पठायो । बाँकी पृष्ठ १६ ▶▶




# जनकपुरमा तीजको रौनक





**श्यामसुन्दर शशि** (जनकपुर)



**१. तीजको अवसरमा जनकपुरको रामचोकमा गणेश युवा कमिटीले आयोजना गरेको सांस्कृतिक कार्यक्रमा नाचगान गर्दै व्रतालु । २. महोत्तरीको गौशाला ९ मा चौठचन्द्रको पूजा गर्दै बुहारीका साथ एक गृहिणी । ३. जनकपुरमा हरितालिका तीज व्रतको कथा सुन्दै व्रतालु ।** *तस्बिर : श्यामसुन्दर र रवीन्द्र उप्रेती/कान्तिपुर*

ल है तिजै आयो... गीतमा छमछमी नाँचिरहेकी महिलाको हुल सोमबार जनकपुरका अधिकांश शक्तिपीठमा देखिए । रातो लिवासमा धपक्कै भएका महिलाको चहलपहलले जनकपुर रंगिएको छ ।

पहाडी समुदायका महिलाले मात्र मनाउने तीज पर्व अचेल मिथिलाञ्चलमा पनि लोकप्रिय बनेको छ । पर्वको अवसरमा सोमबार जनकपुरमा देखिएका दुई फरक दृश्यले जहाँ तीजको आकर्षण बढाएको छ ।

तीज पर्वको अवसरमा व्रतालुहरूको रमाइलोका लागि गणेश युवा क्लबले रामचोकमा मञ्चको व्यवस्थापन गरेको थियो । जहाँ नेपालीभाषी व्रतालुहरू नाचगानमा व्यस्त थिए । चर्को घामको परवाह नगरी व्रतालुहरू नृत्यमा व्यस्त देखिन्थे । त्यहाँ खानेपानी, पंखा तथा पण्डालको व्यवस्था मिलाइएको थियो । उनीहरूसँगै मधेसमूलका महिला पनि होस्टेमा हैसे गर्दै नाँचिरहेका थिए ।

उता, गंगासागरको वर्सातीमा मैथिलानीहरू हरितालिका तीजको कथा सुनेर पण्डित पुरोहितसँग आशीष थाप्दै थिए । यसरी मिथिलाको विधि विधान अनुसार कथा सुन्नेमा नेपालीभाषी व्रतालुको संख्या पनि उल्लेख्य थियो ।

पण्डित हरिशंकर पाण्डेका अनुसार हरितालिका तीजको पूजा विधान पुरानो भए पनि मिथिलाञ्चलमा थोरै महिलाले मात्र कथा श्रवण गर्ने गरेका थिए । तर तीन-चार वर्षयता तीज मनाउने मैथिलानीहरूको संख्यामा उल्लेख्य रहेको उनले बताए ।

'एक ठाउँमा बसेपछि एक-अर्कोमाथि सांस्कृतिक प्रभाव पर्नु स्वाभाविक हो । तीजको अवसरमा नेपालीभाषीको प्रभावमा मैथिलानीहरू पनि नाचगानमा रमाउनु र मैथिलानीहरूको प्रभावले नेपालीभाषीहरू कथा श्रवण गर्न तर्फ अग्रसर भएका छन्,' पण्डित पाण्डेले भने ।

जनकपुरधाम ८ वलवा टोलकी इन्दु कोइराला मैथिलानीहरूको संलग्नतापछि तीज पर्व अझ रमाइलो बनेको बताउँछिन् । 'सहभागिता र रमाइलो दुवै दृष्टिले तीज पर्व उत्कर्षतर्फ अग्रसर छ,' उनले भनिन् ।

पति तथा सन्तानको सुख शान्तिका लागि आयोजना गर्ने तीजले जनकपुरका टोल-टोल अचेल गुलजार बन्न थालेका छन् । तीज गीतको स्वरले वातावरण रमाइलो बनेको छ ।

## चौठचन्द पर्व मनाइयो

जनकपुर (कास)- मिथिलाञ्चलको महत्त्वपूर्ण पर्व चौठचन्द सोमबार साझ मनाइएको छ । भाद्र शुक्ल चतुर्थीको तिथिको साँझ चन्द्रमालाई फलफूल, प्रसाद चढाई चौठचन्द पर्व मनाउने चलन छ ।

दिनभर निराहार वर्त बसेका महिला आफ्नै घरमा पकाएका पूरी, खिर, पिरुकिया, मालपूवासँगै फलफूल, पान, सुपारी, काक्रोलगायतका पूजा सामग्री राखेर चन्द्रमालाई चढाएर अन्न जलग्रहण गर्छन् । भाद्र शुक्ल चतुर्थीको चन्द्रमालाई रितो हात दर्शन गर्दा बिनाकारण कलंक लाग्ने मान्यता छ । यसका साथै पापमुक्ति तथा धन्यधान्य प्राप्तिका लागि यो पर्व मनाउने चलन छ । स्कन्द पुराणमा वर्णन भएअनुसार एक पटक गणेशको ठूलो भुँडी हेरेर चन्द्रमाले उनको खिल्ली उडाएका थिए । यसबाट आक्रोसित बनेका गणेशले चन्द्रमालाई श्राप दिए । 'भाद्र शुल्क चतुर्थीको दिन जसले तिमीलाई देख्छ, त्यसलाई बिनाकारण कलंक लाग्छ ।' श्रापमुक्तिका लागि चन्द्रमले गणेशको स्तुति गरे अनि गणेशले भाद्र शुक्ल चतुर्थीका दिन फलफूल लिएर चन्द्रमाको दर्शन गर्नेको कलंकमुक्ति हुने वरदान दिएछन् ।

पण्डित शिवचन्द्र पाण्डेका अनुसार कलंकमुक्ति तथा धन्यधान्य प्राप्तिका लागि भाद्र शुक्ल चतुर्थीको दिन चन्द्रमा र गणेशलाई पूजा गरिन्छ । यसैगरी सोमबारदेखि यहाँ गणेश उत्सव पनि सुरु भएको छ । गणेश जन्मोत्सवको अवसरमा जनकपुरको जनक युवा क्लब तथा गणेश युवा क्लबले यहाँ विशेष उत्सव आयोजना गरेको छ । धनुषसागरको उत्तरी डिलमा जनकयुवा क्लबले भव्य गणेश प्रतिमा निर्माण गरेको छ भने गणेश युवा कमिटी नयाँ प्रतिमा जडान गर्दैछ । यो उत्सव दुई दिनसम्म चल्नेछ ।

# सीडीओलाई समस्याको चाङ

**ओमप्रकाश ठाकुर** (सर्लाही)

सर्लाहीका उखु किसानका समस्या, विद्युत् अनियमित र महिनौंदेखि नगरपालिकामा लगाइएको ताला लगायतका समस्या सुल्झाउन प्रमुख जिल्ला अधिकारीलाई ध्यानाकर्षण गराइएको छ ।

धनकौलस्थित अन्नपुर्ण चिनी उद्योगले तीन वर्ष देखि किसानको भुक्तानी नदिएको, सरकारबाट उखु अनुदान वापत पाएको रकम पनि किसानले नपाएको, दिनहुँ नेपाल विद्युत् प्राधिकरणले अघोषित रूपमा गरेको लोडसेडिङ तथा भोल्टेज अपडाउन हुँदा नागरिकले खेपिरहेको मार र बलरा नगरपालिकामा महिनौं अघि लगाइएको ताला नखुल्दा स्थानीयले ब्यहोरिरहेको सास्तीका बारेमा प्रमुख जिल्ला अधिकारी मोहनबहादुर जिसीको ध्यानाकर्षण गराइएको हो । केही पीडित उखु किसानलाई लिएर जिल्ला प्रशासन कार्यालय पुगेका नागरिक अगुवाले जिल्लाबासीको समस्या सुल्झाइदिन स्थानीय प्रशासनको ध्यानाकर्षण गराएका हुन् ।

अन्नपूर्ण चिनी उद्योगले तीन वर्षदेखि किसानसँग खरिद गरेको उखुको भुक्तानी नदिँदा जिल्लाका दक्षिणी क्षेत्रका किसान मारमा परेका छन् । उखु बिक्री गरेको भुक्तानी माग्न उद्योगमा जाने, धर्नामा बस्ने लगायतका काम गरे पनि रकम नपाएको किसानको गुनासो छ । पैसा नपाउँदा किसान ऋणमा चुर्लुम्म डुब्दै गएको, उनीहरूमा मानसिक तनाव बढेको घर व्यवहार धान्नै मुस्किल परेको जस्ता समस्याबारे प्रमुख जिल्ला अधिकारीलाई भेटेर ध्यानाकर्षण गराइएको प्रेस युनियन सर्लाहीका निवर्तमान अध्यक्ष अजित सिंहले बताए । सिंहको मात्रै अन्नपूर्ण चिनी उद्योगबाट झन्डै तेह्रलाख रकम भुक्तानी लिन बाँकी छ । 'सरकारले दिने अनुदान पनि उद्योगले दिएको छैन,' उनले भने, 'पीडा नै पीडाले भरिएको आफ्नो कथा प्रमुख जिल्ला अधिकारी समक्ष पोखेका छौं ।' वर्षौंदेखि किसान मारमा परिरहँदा समेत अन्नपूर्ण चिनी उद्योगका सञ्चालकले भुक्तानीमा झमेला गरिरहेका छन् । भुक्तानीका लागि किसानहरू धर्ना तथा आन्दोलनमा बस्दा उद्योगी सम्पर्कविहीन बन्ने गरेका छन् ।

यस्तै जिल्लामा खपि नसक्नु गर्मीमा छिन-छिनमै हुने विद्युत् कटौतीले सर्लाहीबासी नै हैरान बनेका छन् । नेपाल विद्युत् प्राधिकरणले लोडसेडिङमुक्त भएको घोषण गरे पनि दैनिक दर्जनौं पटक विद्युत् अवरुद्ध हुँदा जिल्लाबासी पीडित बनेका हुन् । यस विषयमा पनि प्रजिअको ध्यानाकर्षण गराइएको छ । उखरमाउलो गर्मीमा विद्युत प्राधिकरणले छिनछिनमै विद्युत काटने गरेकाले उपभोक्ताहित विपरित भएको भन्दै नागरिक अगुवा रजनीकान्त झाले प्रजिअसमक्ष गुनासो पोखेका थिए । झाले अनियमित विद्युत कटौतीसँगै विद्युत भोल्टेज स्थिर नहुँदा विद्युतीय उपकरण खराब भएपछि नागरिक थप मारमा परिरहेको जानकारी गराएको बताए ।

त्यस्तै जिल्लाको दक्षिणी क्षेत्रस्थित बलरा नगरपालिकामा असार पहिलो साता नगरकी उपप्रमुखसहित अन्य जनप्रतिनिधिले मेयरले एकलौटी र नियम विपरीत काम गर्न थालेको भन्दै ताला लगाउँदा स्थानीय सरकारबाट सेवासुविधा पाउन नसकेको प्रजिअसमक्ष गुनासो गरे । मेयरले विवाद समाधानका लागि पहल गर्नु भन्दा पनि आफ्नै घरमा वैकल्पिक कार्यालय खोलेको बारेमा पनि जानकारी गराइएको नागरिक अगुवा कौशल किशोर सिंहले जानकारी दिए ।

किसानको पीडा, विद्युत्को बेथिती र नगरमा लगाइएको तालाको बारेमा सामूहिक रूपमा गएर प्रजिअ जिसीको ध्यानाकर्षण गराइएको नागरिक समाजका महासचिव शिवचन्द्र चौधरीले बताए । किसानसहित नागरिकको समस्या हल्कारूपमा नलिन समेत प्रजिअ समक्ष आग्रह गरिएको नागरिक अगुवाले बताए ।

उनीहरूको भेटमा प्रजिअ जिसीले किसानले लामो समयदेखि उद्योगबाट पाउन नसकेको भुक्तानी दिलाउन पहल गर्ने, विद्युतीय समस्या निर्मुल पार्ने र बलराको विवाद मिलाउने प्रतिबद्धता जनाए ।

## छोटकरी

### डाँका समूहद्वारा लुटपाट

महोत्तरी (कास)- मनरासिसवा नगरपालिका ३ सुनौलमा हतियारधारी डाका समूहले दुई परिवारको घरबाट लाखौंको धनमाल लुटेको छ । डाँकाको आक्रमणबाट एकजना घाइते छन् । शनिबार राति ८/९ जनाको संख्यामा घरेलु हतियारसहित आएको समूहले परिवारलाई कब्जामा लिई आफूखुसी लुटपाट गरेको पीडितले जनाएका छन् ।

डाँका समूहले सुरुमा रामलोचन राउतको घरमा प्रवेश गरी लुटपाट मच्चाएका थिए । प्रतिकारमा उत्रेका घरमूली राउतमाथि समूहले बञ्चरोले प्रहार गर्दा उनको बयाँ खुट्टामा गहिरो घाउ लागेको छ । लगत्तै छिमेकी सियारामशरण राउतको घरमा लुटपाट मच्चाएका थिए । गाउँलेहरू प्रतिकारमा उत्रेको भेउ पाएर समूह धनमाल लिएर भागेको प्रत्यक्षदर्शीले जनाए ।

स्थानीय देवेन्द्र यादवका अनुसार १५/२० मिनेटभित्रै समूह लुटपाट गरेर भागिसकेको थियो । २ लाख ५० हजार नगद, ६ तोला सुन र ६० तोला चाँदीका गहनालगायत १० लाखभन्दा बढीको धनमाल लुटेको दुवै पीडितले जनाएका छन् ।

### चन्द समूहका महोत्तरी इन्चार्ज पक्राउ

महोत्तरी (कास)- नेत्रविक्रम चन्द नेकपा महोत्तरीका इन्चार्ज पक्राउ परेका छन् । रूपेश भनिने रूपबहादुर कार्कीलाई प्रहरीले आइतबार साँझ नियन्त्रणमा लिएको हो ।

प्रहरी उपरीक्षक श्यामकृष्ण अधिकारीले रूपेशलाई वर्दिवासनजिकबाट पक्राउ गरिएको पुष्टि गरे । उनलाई राति नै इलाका प्रहरी वर्दिवासको हिरासतमा राखिएको छ । पक्राउपछि उनको घरमा प्रहरीले राति १० बजे तलासी लिएको थियो । इलाका प्रहरी वर्दिवासका डीएसपी निशान थापाका अनुसार रूपेशमाथि जेठ १३ गते वर्दिवास नगरपालिका कार्यालयमा कुकर बम राखेको आरोप छ ।

# नियम मिच्नेमा विद्यार्थी बढी

**कान्तिपुर संवाददाता** (रौतहट)

नियम मिचेर गाडी चलाउनेलाई इलाका प्रहरी र जिल्ला ट्राफिक कार्यालयले मिलेर कारबाही थालेको छ । छड्के जाँच गरेर नियम मिच्नेलाई सम्झाउने र दोहऱ्याएर बदमासी गर्नेलाई कारबाहीको दायरामा ल्याएको छ ।

गौर-चन्द्रनिगाहपुर खण्डमा साना सवारी चलाउनेले खुलेआम नियम मिच्न थालेपछि इलाका प्रहरी र ट्राफिक प्रहरीले कडाइ गरेको हो ।

जथाभावी सवारी चलाउँदा यस क्षेत्रमा दिनहुँ सवारी दुर्घटना हुन्थ्यो । मोटरसाइकल, अटो र इरिक्साको दुर्घटना बढ्दो छ । दैनिक २/३ वटा सम्म दुर्घटना हुन थालेपछि इलाका प्रहरी चन्द्रपुरले ट्राफिकलाई सहभागी गराई बृहत सडक चेतनाको कार्यक्रम अघि बढाएको छ । जाँचका क्रममा सवारीको कागजपत्र बिनाका, भारतीय नम्बर प्लेटका विशेष निगरानी गरिएको छ ।

यसै क्रममा कतिपय चोरीका सवारीसमेत फेला पारेको डिएसपी कवित कट्वालले बताए । 'हेलमेट नलगाई मोटरसाइकल चलाउने, ३ जना चढाएर यात्रा गराउने, लाइसेन्सबिना सवारी चलाउनेजस्ता कार्यलाई निरुत्साहन गरिएको छ,' उनले भने, 'नियम सडकमा प्रायः गरी क्याम्पस पढ्ने विद्यार्थीले नियम मिच्ने गरेको पाइएको छ ।

उनीहरूले तिब्र गतिमा सवारी चलाउने गरेको प्रहरीको भनाइ छ । यहाँको गरुडा, शिवनगर, सन्तपुर, डुमरिया, हर्सांह, बिर्ता, शिवनगर, शुकदेव क्षेत्रमा ट्राफिक नियम मिचेर मोटरसाइकल चलाउने संख्याको बढ्दो छ । 'पहिला जे भए पनि अहिले नियम मिचेर सवारी चलाउनेलाई छाडिन्न,' जिल्ला ट्राफिक प्रमुख प्रहरी निरीक्षक शैलेश न्यौपानेले भने, 'जथाभावि सवारी चलाउँदा दुर्घटना हुन्छ । यसले सबैलाई क्षति हुन्छ ।' सडकमा सवारी चलाउनेलाई ट्राफिक नियमका बारेमा सम्झाउने बुझाउने गरेको उनले सुनाए । जिल्ला ट्राफिकले हेलमेट नलगाउनेसँग ५ सयदेखि १ हजार ५ सयसम्म जरिवाना र चालक अनुमतिपत्र नभएकालाई १ हजारदेखि १ हजार ५ सयसम्म जरिवाना लिने गरेको छ ।

जिल्ला ट्राफिका अनुसार साउनयता एक वर्षको अवधिमा विभिन्न स्थानमा भएका सवारी दुर्घटनामध्ये मोटरसाइकल बढी छन् । यस अवधिमा १ सय १६ वटा सवारी दुर्घटना भए । तीमध्ये ४ सय २४ भन्दा बढी मोटरसाइकल दुर्घटना भएको ट्राफिकको तथ्यांक छ । दुर्घटनामा ५५ को मृत्यु भएको थियो । गएको साउनमा मात्र २० वटा सवारी दुर्घटना भएकोमा १७ वटा मोटरसाइकल परेका छन् ।















## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | यात्रा हुने | तुला | भाग्य वृद्धि |
| वृष | शत्रु वृद्धि | वृश्चिक | केही लाभ |
| मिथुन | विद्यामा सफलता | धनु | यात्रामा सफल |
| कर्कट | आलस्यता | मकर | आलश्यता |
| सिंह | पराक्रम बढ्ने | कुम्भ | पुण्य आर्जन |
| कन्या | धन आर्जन | मीन | अस्वस्थता |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल भाद्र १८ गते बुधबार तदनुरुप ४ सेप्टेम्बर २०१९ भाद शुक्लपक्ष षष्टि तिथी रात्रिको ०३:२४ बजेसम्म उप्रान्त सप्तमी तिथी, स्वाती नक्षत्र प्रातः ११:१२ बजेसम्म उप्रान्त विशाखा नक्षत्र, ब्रम्हा योग प्रातः ०५:४९ बजेसम्म उप्रान्त ऐन्द्र योग, कौलब करण दिनको ०४:१० बजेसम्म उप्रान्त तैतिल करण, तुला राशिमा चन्द्रमा रात्रिको ०४:३५ बजेसम्म उप्रान्त वृश्चिक राशिमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | मार्गदर्शन (लाइभ) |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | फायरसाइड (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | सुमनसँग (रिपिट) |
| ११:०० | कान्तिपुर न्यूज |
| ११:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | मंगलम (लाइभ) |
| १:३० | बलियो घर (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | यू एण्ड आई (रिपिट) |
| ३:०० | फायरसाइड (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) |
| ५:०० | कल कान्तिपुर रिलोडेड |
| ६:०० | कान्तिपुर न्युज |
| ६:३० | मनी टक्स (रिपिट) |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | सरोकार |
| १०:०० | मनी टक्स (रिपिट) |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | मनी टक्स (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | मार्गदर्शन (रिपिट) |
| ३:०० | मंगलम (रिपिट) |
| ४:०० | सरोकार (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगञ्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगञ्ज**

| | |
|---|---|
| ०५:०० | भक्ति अनुष्ठान (अच्युत) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ७:३० | कानुनी बहस र परामर्श (कमला) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | मेरो जब करिअर कनेक्ट (एलिसा) |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | गृह श्रृंगार (सृजना देवकोटा) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | फिल्मी परेड (दीपकराज गिरी) |
| १३:०० | डिस्ट्रिक्ट डायरी |
| १३:०५ | के छ नेपाल (दिपाञ्जली) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल (दिपाञ्जली) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | नेपालय (रश्मिला) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | कान्तिपुर मञ्च (महेश) |
| १७:०० | डिस्ट्रिक्ट डायरी |
| १७:०५ | हेल्थ हटलाइन (कमला) |
| १८:०० | पुनर्निर्माण |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | कनेक्ट (प्रियंका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | लाउड (रेमन) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | कालजयी गीत संगीत (भूपेन्द्र) |
| २३:०० | पुराना हिन्दी गीतहरु (दृष्टि अर्याल) |
| ००:०० | फिल्मी परेड (रिपिट) |
| ०१:०० | कालजयी गीत संगीत (रिपिट) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरू लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **धनुषा** | |
| प्रहरी | ०४१५२४१०० |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२६९३८ |
| एम्बुलेन्स महावीर युवा कमिटी | ५२५९८० |
| एम्बुलेन्स मारवाडी सेवा समिति | ५२१७८४ |
| रक्त सञ्चार रेडक्रस | ५२०८७० |
| धनुषा अस्पताल | ५२५८०० |
| केयर मेडिकल सेन्टर | ५२०२३० |
| जानकी आँखा अस्पताल | ५२०३९७ |
| जानकी हेल्थ केयर सेन्टर | ५२५३४१ |
| अञ्चल प्रहरी कार्यालय | ५२०३६५ |
| एयरपोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२४४६० |
| जानकी मन्दिर | ५२०१७६ |
| राष्ट्रिय मानव अधिकार आयोग | ०४१-५२७८१२/५२७८११ |
| **महोत्तरी** | |
| जिल्ला अस्पताल | ५२००७० |
| वारुण यन्त्र | ५२००९७ |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२०००९ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| बन्दना हस्पिटल प्रा.लि. गौशाला | ९८५४०२५५२७/९८५४०२३५२७ |
| विद्युत् फ्युज शाखा | ५२००६६ |
| जलेश्वर अस्पताल | ५२००७० |
| ईलाका हेल्थ पोष्ट बलवा एम्बुलेन्स | ९८४४१२७१७७ |
| छिन्नमस्ता गाण | ५२९६१९ |
| ई.प्र.का. बर्दिबास | ५५५००६ |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| प्रहरी कन्ट्रोल | ५२०००९ |
| जिल्ला अस्पताल | ५२००७० |
| ईलाका प्रहरी कार्यालय गौशाला | ५५१००/६९२०७२ |
| **काठमाडौंका महत्वपूर्ण टेलिफोन** | |
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४, ४२१७७६६, ४२१७७५५ |
| मेडीकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७१६०३ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# गाउँमै बग्छ ठूलीभेरी

■ **हरि गौतम** (रुकुम पश्चिम)

७८ वर्षीया नौरती बोहराका आँखा दुई सातायता ओभाएका छैनन् । आठबीसकोट नगरपालिका ६, मन्काबगरकी बोहरा हरेक दिन ठूलीभेरी नदी छेउमा टुक्रुक्क बसेर टोलाउँछिन् ।

घर र बारी कहाँनेर थियो भनेर पनि छुट्याउन नसकिने गरी ठूलीभेरी उर्लिरहेको छ । बिहीबार दिउँसो त्यहीँ भेटिएकी नौरतीले भनिन्, 'बुढेसकालमा दैव लाग्यो, बस्ने घर, खाने अन्न, अन्न फल्ने जग्गा हेर्दाहेर्दै बग्यो । अब मेरो घरजग्गा उस्तै हालतमा कहिले देखुँला ।'

साउन २९ गते ठूलीभेरीमा आएको बाढीले नौरतीसहित उनका ४ छोराका परिवारलाई पनि बिचल्ली बनाएको छ । जेठा छोरा वीरबहादुर, माइला छोरा गोर्खबहादुरको घरजग्गा बग्यो भने साइँला छोरा नन्दबहादुर र कान्छा छोरा टेकबहादुर बोहराको जग्गा ठूलीभेरीले बगाइदिएको छ । कालीबहादुर बोहरा ७ जनाको परिवारसहित कालिका आधारभूत विद्यालयको एउटा कोठामा बसेका छन् । बाढी बढ्दै जाँदा घरको अवस्था हेर्न क्रममा आफैं उभिएको जमिन कटानसँगै घरै बग्यो । 'मैले हेर्नबाहेक केही गर्न सकिनँ,' उनले भने, 'हेर्दाहेर्दै घर, घरभित्रको सम्पत्ति र पाकिसकेका मकै तथा पसाउँदै गरेका धानसहितको खेत बग्यो ।'

**बाढीपछि मन्काबगरका १२ परिवार आफन्तको घर र विद्यालयमा बसिरहेका छन्, घर र बारी रहेका ठाउँमा नदी बगिरहेको छ ।**

साउन २८ र २९ गतेको बाढीले भीमबहादुर थापा, जुनबहादुर बोहरा, पत्तरे बोहरा, दीपक बोहरा, यज्ञबहादुर बोहरा, धर्मे बोहरा, नन्दराम बोहरा, कमल बोहरा र विष्णुकुमारी बोहराको समेत घरसहितको जग्गा बग्यो । गाउँमा अहिले ठूलीभेरी बगिरहेको छ । 'हेर्दाहेर्दै गाउँ बग्यो, गाउँले सबै अप्ठ्यारोमा छन्,' वडा सदस्य नैनकुमारी बोहराले भनिन्, 'केही व्यवस्थापन गरिए पनि उनीहरूका लागि पर्याप्त छैन ।'

सम्भावित खतरा देखेर आठबीसकोट नगरपालिकाले तारजाली पनि लगाएको थियो । त्यो पर्याप्त नहुँदा १२ परिवारको घर, खेतबारी बगे भने अरू ४५ घर र एउटा विद्यालय जोखिममा छन् ।

विस्थापित भएका अधिकांश परिवार आफन्तको घरमा बसेका छन् । तत्कालका लागि नगरपालिकाले ५/५ हजार रुपैयाँ राहत दिएको छ । घर बगेका परिवारलाई जिल्ला प्रशासन कार्यालयले ५०/५० हजार रुपैयाँ दिने तयारी गरेको छ । नगरप्रमुख गोर्खबहादुर केसीले मन्काबगरसहित नगरका अन्य ठाउँमा पनि ठूलो क्षति भएको बताए । उनले क्षतिपूर्तिका लागि प्रदेश र संघीय सरकारसँग पहल भइरहेको बताए ।

आगामी मंसिरदेखि नदीले कटान गरेको ठाउँको व्यवस्थापन गरिने उनको भनाइ छ । प्रदेशसभा सदस्य गोपाल शर्माले तत्काल राहतका लागि प्रदेश सरकारले प्रतिपरिवार २० हजार रुपैयाँ सहयोग गर्न लागेको बताए ।

बाढीपीडित भन्छन्-

# सरकार पीडा मात्र सुन्छ, सुनुवाइ गर्दैन !

दाताले दिएका त्रिपाल चुहिंदा वर्षायाम कटाउन पनि मुस्किल छ । मजदुरी नगरे उनीहरूको चुलोमा बिहानबेलुकी आगो बल्दैन । २०७१ साउन अन्तिम साता आएको बाढीपहिरोमा १ सय १५ जनाको मृत्यु भयो ।

■ **ज्योति कटुवाल** (वीरेन्द्रनगर, सुर्खेत)

रत्न राजमार्गको मसिनास्थित सडकछेउमा सानो झुपडी । झुपडी नजिकै सालिक र चिहान । देउरुपा कामीको नजर दैनिक एकपल्ट सालिक र चिहानमाथि पर्छ । ५ वर्षअघि बाढीले घरबारसहित छोरालाई बगाएपछि उनी सडकको सहारामा पुगेकी हुन् । 'बाढीले झुपडीमै पुऱ्याए पनि छोराको सम्झना आइरहन्छ,' शुक्रबार उनले भनिन्, 'त्यही भएर मन बुझाउन छोराको सालिक बनाएकी हुँ ।' देउरुपाको जीवनमा मानसिकभन्दा भौतिक पीडा बढी छ । उनी बस्ने त्रिपाल चुहिन्छ ।

पानी पऱ्यो कि परिवारका सदस्य भाँडा थापेर रातभर जाग्राम बस्नुपर्छ । ११ जनाको परिवारसहित त्रिपालमै बस्दै आएकी दुर्गा सुनारको अवस्था अझ दयनीय छ । सामान्य पानी पर्दासमेत त्रिपालभित्र लत्ताकपडा जोगाउन मुस्किल हुन्छ । गिट्टी नकुटेको दिन उनको चुलो बल्दैन । ५ वर्ष अवधिमा देउरुपा र दुर्गाको यस्तो पीडादायी दैनिकी हेर्न दर्जनौं मान्छे र सरकारका प्रतिनिधि आए । उनीहरू पीडा सुन्छन्, हेर्छन् र फर्किन्छन् तर पीडाको सुनुवाइ हुँदैन ।

बाढीपीडित भने सरकारी बेवास्ताका कारण वर्षौंदेखि सास्ती भोग्न बाध्य छन् ।दाताले दिएका त्रिपाल चुहिंदा वर्षायाम कटाउन पनि मुस्किल छ । दिनभर मजदुरी नगरे उनीहरूको चुलोमा बिहानबेलुकी आगो बल्दैन । २०७१ साउन अन्तिम साता आएको बाढीपहिरोमा १ सय १५ जनाको मृत्यु भयो ।

करिब २ हजार २ सय परिवार विस्थापित बने । 'पालको बसाइँले छोराले बिरामी भएर ज्यान गुमायो,' देउरुपाले भनिन्, 'सरकार फेरिए, हाम्रा पाल भने अझैसम्म फेरिएनन् ।' भेरी किनारामा गिट्टी कुटै आए पनि बिक्री नहुँदा थप सास्ती भएको उनले बताइन् । शिविरमा दैनिकजसो बालबालिका र वृद्ध बिरामी भइरहन्छन् ।

सर्प र जंगली जनावरको त्रास उस्तै छ । शिविरमै सुत्केरी हुँदा आमा र शिशुको स्याहारसुसारको समस्या पनि छ । 'न खानपिनको राम्रो व्यवस्था छ, न बासस्थानको,' महिला प्रशिक्षण केन्द्रमा बसिरहेकी रुपा सिंहले भनिन्, 'सरकारले हाम्रो सास्ती कहिल्यै बुझेन ।'बाढीपीडितको आवास निर्माणका लागि प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले गत वर्ष १४ करोड २० लाख रुपैयाँ विनियोजन गऱ्यो । तर १० जिल्लाका स्थानीय तहले अहिलेसम्म कति रकम खर्च भयो र कति रकम बच्यो भन्नेबारे जानकारी पठाएका छैनन् । पुरानो रकम कति बाँकी छ भन्ने यकिन नगरी मन्त्रालयले यस वर्ष ५ करोड ९० लाख रुपैयाँ विनियोजन गरेको छ ।



कर्णाली प्रदेश सभा सदस्यलाई पीडा सुनाउँदै वीरेन्द्रनगरस्थित महिला प्रशिक्षण केन्द्रका बाढीपीडित । *तस्बिरः ज्योति कटुवाल/कान्तिपुर*

बाढीपहिरोबाट विस्थापित १ हजार ४५ घरपरिवार सुर्खेतका गिरीघाट, महिला प्रशिक्षण केन्द्र, पाँडुलेलगायत स्थानमा बसिरहेका छन् । २०७१ साउनमा गिरीघाटमा आएको बाढीले घरबार बगाएपछि शेरबहादुर कामी वीरेन्द्रनगरस्थित महिला प्रशिक्षण केन्द्रमा आ श्रय लिई बस्न थालेको ५ वर्ष पुग्यो । 'अब त सरकारको आस लाग्न छोडिसक्यो,' उनले भने, 'सुरुमा आउँदा सरकारी प्रतिनिधि र नेताले यो वर्ष जसरी पनि पुनःस्थापना गर्छौं भन्छन्, फेरि फर्केर कहिल्यै आउँदैनन् ।'

आफ्नो समस्या सुनाउँदा सुनाउँदा आजित भइसकेको उनले बताए ।मन्त्रालयको विपद् व्यवस्थापन शाखाका अनुसार गत वर्ष वीरेन्द्रनगरमा करिब ३ करोड ८१ लाख रुपैयाँ खर्च भएको छ । अन्य स्थानीय तहले विवरण नपठाएको शाखाका नायब सुब्बा खड्ग विकको भनाइ छ । मन्त्रालयले प्रभावित घरपरिवारमध्ये जग्गा भएकालाई मात्रै घर बनाउन प्रतिपरिवार १ लाख ५० हजार रुपैयाँ पहिलो किस्ताको रकम दिएको हो । वीरेन्द्रनगरका १ सय ९९, पञ्चपुरीका १६, बराहतालका २९, लेकबेंसीका १२ र गुर्भाकोटका ३२ बाढीपीडित परिवारले रकम लिएको उनले जनाए । जग्गा र घर निर्माण तथा पुनर्वास रोजेका बाढी प्रभावितका हकमा भने प्रदेश सरकारले कुनै निर्णय गरेको छैन ।

बाढीपीडितका हितमा कार्यरत कर्णाली फाउन्डेसनका अनुसार सुर्खेतमा १ हजार ४५ परिवार अस्थायी शिविरमा बस्दै आएका छन् । त्यसमध्ये ५ सय १४ परिवारले घर, २ सय २९ जनाले जग्गासहितको घर र २ सय ३९ परिवारले पुनःस्थापना माग गरेका फाउन्डेसन अध्यक्ष नारायण भट्टराईले बताए । ऐलानी जग्गामा भए पनि पीडितका लागि घरबासको व्यवस्था मिलाउन जरुरी रहेको भेरीगंगा नगरपालिका उपप्रमुख रेणु आचार्यले बताइन् ।






**रंगमञ्चमा 'गुम्फन'**
साइबर संसारमा एक्लिँदाको पीडा । १०

**विश्वकप छनोट**
अनुभवी रोमियोविरुद्ध कालिन । १८



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १९७ पोखरा | १७ भदौ २०७६ मंगलबार भाद्र शुक्लपक्ष चतुर्थी | नेपाल संवत् ११३९ | गण्डकी प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, September 3, 2019 | पृष्ठ १२+६ | १० रुपैयाँ


## मिडिया काउन्सिल विधेयकमा अपुरो संशोधन

■ **राजेश मिश्र** (काठमाडौं)

संसद्मा दर्ता गरिएको मिडिया काउन्सिल विधेयकका केही विवादास्पद प्रावधान संशोधन गर्न सत्तारूढ र विपक्षी दुवैतर्फका सांसद सहमत भए पनि यसको गठन प्रक्रियामा उनीहरूको मत बाझेको छ । विधेयकमाथि नेकपाका १५ सांसदले संयुक्त रूपमा हालेको संशोधन प्रस्तावमा काउन्सिल पदाधिकारी नियुक्तिमा सरकार हावी रहने प्रावधान यथावत् छ ।

विधेयकमा सञ्चार मन्त्रालयका सचिव नेतृत्वको समितिको सिफारिसमा सरकारले काउन्सिलको अध्यक्ष र पदेनबाहेकका सदस्य नियुक्ति गर्ने प्रावधान छ । पत्रकार महासंघसहित विभिन्न संघसंस्थाले उक्त प्रावधानको विरोध गर्दै आएका छन् । महासंघले काउन्सिलका अध्यक्ष र सदस्य नियुक्तिको सिफारिस राष्ट्रिय सभा अध्यक्ष नेतृत्वको समितिबाट हुनुपर्ने भन्दै आएको छ ।

काउन्सिलको स्वायत्तताका लागि काउन्सिल सरकारप्रति नभई संसद्प्रति जिम्मेवार रहने गरी विधेयकमा संशोधन गर्नुपर्ने महासंघको माग छ । काउन्सिलले आफ्नो प्रतिवेदन सरकारलाई नभई संसद्को समितिलाई बुझाउनुपर्ने प्रावधान राख्न पनि महासंघले जोड दिएको छ । आचारसंहिता उल्लंघन गर्नेलाई २५ हजारदेखि १० लाख रुपैयाँसम्म जरिवाना र मनासिब क्षतिपूर्तिको प्रावधानलाई हटाइनुपर्ने महासंघको मागमा भने सत्ता र प्रतिपक्ष दुवै सहमत देखिएका छन् । नेकपाका सांसदले हालेको संशोधनमा जरिवाना हटाएर मध्यस्थता गरी मेलमिलाप गराइदिने उल्लेख छ ।

**बाँकी पृष्ठ १६ ▸▸**



काठमाडौंको वसन्तपुरमा सोमबार नाचगान गरेर तीज मनाउँदै महिला । *तस्बिर : केशव थापा/कान्तिपुर*

२५ वर्षअघिको प्रतिवेदन

# खोजिएन १८०० रोपनी

■ **दीपेन्द्र विष्ट** (काठमाडौं)

सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवं संरक्षणसम्बन्धी उच्चस्तरीय आयोगले २५ वर्षअघि विभिन्न व्यक्तिद्वारा अतिक्रमित भनी औंल्याएको १८ सय रोपनी सरकारी जग्गा अझैसम्म सरकारले खोजेको छैन ।

सरकारी र सार्वजनिक जग्गा अतिक्रमण भएको गुनासो बढेपछि ०४९ पुस १६ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पूर्वभूमिसुधार सचिव रामबहादुर रावलको अध्यक्षतामा तीन सदस्यीय आयोग गठन गरेका थिए । आयोगले दुई वर्ष लगाएर १३ सय पृष्ठ लामो प्रतिवेदन सरकारलाई बुझाएको थियो । जसमा काठमाडौं उपत्यकामा मात्र विभिन्न ओहदामा बसेका व्यक्तिले नदी, पोखरी, ढुंगेधारा, मन्दिर, खुलाचौर, सामाजिक संघसंस्थाको जग्गा, कुलो, चिहान, विभिन्न नदीको उकास भएको जग्गा, सरकारी वनलगायतको गरी करिब १८ सय रोपनी जग्गा अतिक्रमण भएको उल्लेख छ ।

प्रतिवेदन हालसम्म सार्वजनिक गरिएको छैन । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा उक्त प्रतिवेदन थन्क्याइएको छ । उक्त प्रतिवेदन अध्ययन गर्नसमेत पाइँदैन । 'ठूलाबडाले जग्गा अतिक्रमण गरेको प्रतिवेदनमा छ,' मन्त्रालयका एक उच्च अधिकारीले भने, 'त्यसकारण त्यो सार्वजनिक भएन, लागू गर्न पनि कठिन छ । विभिन्न स्वार्थ समूहले यसलाई सार्वजनिक गर्न दिएनन् ।'


> रावल आयोगको प्रतिवेदनमा शक्तिशाली व्यक्ति मुछिएकाले हालसम्म सार्वजनिक नभएको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका अधिकारी बताउँछन्

सूक्ष्म ढंगले अध्ययन गरिएको भन्दै उनले आयोगले समाधान पनि सजिलो तरिकाले दिएको बताए । 'अहिले पनि निःस्वार्थ हिसाबले त्यसलाई कार्यान्वयन गर्ने हो भने लागू गर्न सकिन्छ,' ती अधिकारीले भने, 'लागू गर्न न सरकारले साहस गर्छ, न स्वार्थ समूहहरूले लागू गर्न दिन्छन् ।' एक आनादेखि रोपनीसम्म सरकारी जग्गा अतिक्रमण गर्नेको संख्या साढे चार हजारभन्दा बढी रहेको ती अधिकारीले बताए । आयोगले महानगरपालिकाका प्रत्येक वडामा गएर अध्ययन गरेको प्रतिवेदनमा उल्लेख छ ।

ठमेलस्थित सरस्वती क्याम्पसको पश्चिमतर्फ घ्याम्पे मन्दिर क्षेत्रको कित्ता नम्बर ३०५ को करिब ३ रोपनी जग्गा मिचिएको देखिन्छ । उक्त जग्गा ३ जनाले घरटहरा बनाई चर्चेका छन् । मन्दिरकै करिब १ रोपनीभन्दा बढी जग्गा सिद्धिगणेश माविले चर्चेको प्रतिवेदनमा छ । बालाजुस्थित विद्युत् प्राधिकरणको ३ रोपनी ३ आना २ पैसा १ दाम जग्गा २७ जनाले मिलेमतोमा मिचेका छन् । सोह्रखुट्टेनजिकको पाटीको करिब एक रोपनी जग्गामा ६ जनाले घर-पसल राखेको प्रतिवेदनमा छ ।

साथै, पार्टीलाई नयाँ स्वरूप दिएर निर्माण गरिएको उल्लेख छ । कलंकी, बल्खु, कालिमाटी, खड्का गाउँ, चक्रपथ र कुलेश्वर क्षेत्रमा पनि व्यापक रूपमा जग्गा मिचिएको छ । कलंकीको कित्ता नम्बर ८३ को खोलाको १ रोपनीभन्दा बढी र कित्ता नम्बर १०२ को कुलोको ७ रोपनीभन्दा बढीमा इँटाभट्टा स्थापना गरेको पाइएको छ । **बाँकी पृष्ठ १६ ▸▸**

# अनाहकमा अढाई वर्ष जेल



राज्यको बेवास्ताले बिनाकारण पन्जाबको जेलमा बस्न बाध्य एक नेपाली युवाको दुर्दान्त कथा

◂ **भारतको अमृतसरस्थित केन्द्रीय जेल जहाँ डिल्लीराम थारू (इन्सेटमा) अढाई वर्षदेखि छन् ।** *तस्बिर : सुरेशराज/कान्तिपुर*

■ **सुरेशराज न्यौपाने** (अमृतसर)

दुब्लाएर सिट्ठो भएको ज्यान । महिनौं नकाटिएको दाह्रीकपाल । नाम : डिल्लीराम थारू (दिलु) । उमेर : २८ वर्ष । ठेगाना : पिपरा गाउँ, वाणगंगा नगरपालिका, कपिलवस्तु, नेपाल ।

तर करिब अढाई वर्षयता उनको ठेगाना फेरिएको छ- भारत, पन्जाब राज्यको अमृतसरस्थित केन्द्रीय जेल । नाम पनि परिवर्तन भएको छ- डिलराम तरु ।

निमुखा र आवाजविहीनहरूप्रति राज्यले गर्ने उपेक्षा तथा बेवास्ताको सिकार भएकाहरूका प्रतिनिधि पात्र हुन्, उनी । सरकारको जिम्मेवार निकायको गैरजिम्मेवारीपनका कारण नागरिकले कुन हदसम्म दुःख पाउन सक्छन् भन्ने कुराको उदाहरणसमेत हुन् उनी । कान्तिपुरले अमृतसर जेलमा गएर भेटेपछि उनले आफ्नो कथा-व्यथा सुनाए ।

### यसरी परे उनी जेल

करिब साढे दुई वर्षअघिको कुरा हो । घरमा हातमुख जोर्न मुस्किल थियो । सम्पत्तिका नाममा एउटा सानो घर र त्यसले चर्चेको जग्गा मात्र । अरू दुई दाजु छुट्टभिन्न भइसकेका थिए । आमा, श्रीमती, दुई छोरी र बूढी हजुरआमाको जिम्मेवारी डिल्लीकै काँधमा थियो । बुबा २०५८ सालमै बितेका थिए । दाजुहरू धनीराम र मणिराम आआफ्नो इलम गर्थे । बेग्लै बस्थे । आमा र श्रीमती दुवै मजदुरी गर्थे । त्यसले पनि राम्ररी घरखर्च नचलेपछि डिल्लीले निर्णय गरे, रोजगारीका लागि फेरि एक पटक पन्जाबको चण्डीगढ जाने । यसअघि दुई पटक गरी करिब तीन महिना उनले चण्डीगढमै 'वेटर'को काम गरेका थिए ।

घर छाड्ने दिन श्रीमती छोरी लिई माइती गएकी थिइन् । गाडी भाडा थिएन । त्यसैले उनले आफ्नो साइकल र श्रीमतीका दुई जोर पाउजु बोकी हिँडे । र, झोलामा आफ्नो नागरिकता र केही जोर लुगा हाले । साइकललाई सीमावर्ती बजार कृष्णनगरका आफन्त सन्तोष दाइको पसलमा १८ सय रुपैयाँमा बेचे । अनि त्यहीँबाट चण्डीगढका लागि बस चढे ।

यसअघि पनि आएको हुँदा चण्डीगढ उनका लागि नयाँ ठाउँ थिएन । उनी पहिले काम गरेकै ठाउँमा रोजगारी माग्न गए । तर साहुले काम छैन भनी फर्काइदिए । त्यसपछि एकजना चिनेका दाइलाई खोज्न निस्किए अटोरिक्सामा । तर राति भएकाले ती दाइ भेटिएनन् । अटोरिक्सा केही पर रोकिराखेका थिए, फर्किंदा उनको झोला लिएर त्यो भागिसकेछ ।

उनको परिचय खुलाउने नागरिकतासमेत त्यही झोलामा थियो, हरायो । 'त्यसपछि मेरो होसै हरायो- के गर्ने, कहाँ जाने ?' थारूले सुनाए । केही सीप नलागेपछि उनले घरै फर्किने सोचाइ बनाए । भाडा तिर्ने पूरा रकम पनि थिएन, रेलवे स्टेसन पुगेर रेल चढे । नेपाल फर्कन उनी चढ्नुपर्ने थियो अम्बालाको रेल, थाहा नपाएर अमृतसरको रेल चढेछन् । अर्को रात करिब ११ बजे अमृतसरमा झरे । जीउ भोकप्यास र थकाइले लखतरान थियो । स्टेसनबाट बाहिरिएपछि केही परसम्म हिँड्दै गए ।

करिब ६ सय मिटर पुगेपछि खपिनसक्नुभयो । सडकछेउ पल्टिन खोजे । उनी सैनिक छाउनी क्षेत्रमा पुगेछन् । 'खै के-कसरी हो, म त केही बेरमा सेनाको क्षेत्रभित्र पसेछु,' उनले भने, 'पर्खाल जस्तो थियो, यसो नाघेर भित्र गएको सेनाको क्षेत्र पो रहेछ ।'

बिनाअनुमति सैनिक क्षेत्रमा प्रवेश गरेको भन्दै उनलाई तत्काल सेनाले पक्राउ गऱ्यो । केरकार गऱ्यो । उनले सबै कारण बताए । तर सेनाले पत्याएन । किनभने उनीसँग नाम र ठेगाना खुल्ने कुनै कागजात थिएन । प्रमाण देखाउन नसकेपछि त्यो रात उनलाई छाउनीमै राखियो । र, भोलिपल्ट प्रहरीको जिम्मा लगाइयो । त्यसपछि १५ दिन प्रहरी थानामा राखिएको उनले बताए । प्रहरीले उनीमाथि 'फरेनर्स एक्ट'अन्तर्गत कारबाही अगाडि बढायो । उनको पक्षमा बहस-पैरवी गर्ने कोही भएन । २२ मे २०१७ मा स्थानीय अदालतले विदेशी नागरिकसम्बन्धी कानुनको हवाला दिँदै थारूलाई नौ महिनाको सजाय सुनायो । भारतमा शंकास्पद गतिविधिका आरोपित कुनै पनि विदेशी नागरिकले आफ्नो परिचय खुलाउन नसकेको अवस्थामा यस्तो मुद्दा चलाउने गरिन्छ ।

यता घरमा भने उनी जेल परेको खबर कसैले पाएन । उनले पनि केही सन्देश पठाउन पाएनन् । यत्तिकै नौ महिना बित्यो । जेल सजाय पूरा गरेपछि घर जान पाइन्छ भन्नेमा ढुक्क थिए । किनभने जेल परेकाहरू सजाय सकिएपछि आआफ्नो घर लागेको उनले देखेका थिए । अदालतको फैसलाअनुसार उनले २०१८ फेब्रुअरी अन्त्यमा कैद पूरा गरे । भारतीय कानुनमा विदेशी नागरिकलाई सम्बन्धित देशको दूतावासलाई नै जिम्मा लगाउनुपर्ने व्यवस्था छ । जेल प्रशासनले भारतको विदेश मन्त्रालयलाई नेपाल सरकारसँग पत्राचार गर्न अनुरोध गऱ्यो । त्यसैअनुसार २६ जुन २०१८ मा विदेश मन्त्रालयले नयाँदिल्लीस्थित नेपाली दूतावासलाई थारूको राष्ट्रियता र ठेगाना प्रमाणीकरणका लागि पत्र पठायो ।

**बाँकी पृष्ठ १६ ▸▸**




# बनिनसक्दै भासियो स्वास्थ्यचौकी भवन

■ **अगन्धर तिवारी** (पर्वत)

स्थानीयबासीको बिरोध हुँदाहुँदै कमजोर जग्गामा निर्माण गरिएको कार्कीनेटा स्वास्थ्यचौकी भवन भासिएको छ। फलेबास नगरपालिका-१ कार्किनेटास्थित खाल्टाथरमा निर्माणाधीन भवन जमिनसहित भासिन थालेको हो।

डेढतले ९ कोठाको भवन करिब ३ रोपनी क्षेत्रमा अढाई करोड लागतमा निर्माणाधीन थियो। स्वास्थ्यचौकी तत्कालीन द्वन्द्वकालीन संरचना निर्माणको सूचीमा निर्माण हुन लागेको हो। नयाँ भवन बनेपछि सेवासुविधासमेत थप हुने आशामा रहेका स्थानीयवासी भवन निर्माण नहुँदै दुबै तर्फको जमिन भासिन थालेपछि निराश छन्। निर्माण सकिने समयमा भवनको बाहिरी बरन्डातर्फको भाग धस्सिएको छ। चारैतर्फ पानी तर्काउन बनाइएको नाली र बरन्डा धस्सिएपछि भवनको मुख्य संरचनासमेत भत्किने खतरामा पुगेको छ।

०७४ वैशाखमा निर्माणको काम थाल्ने बेलैमा स्थानीयले कमजोर जग्गामा नबनाउन भन्दै विरोध जनाएका थिए। अन्यत्र विकल्प हुँदाहुँदै यहाँ बनाउन उपयुक्त नभएको विषय पटकपटक सुझाएको स्थानीय भूपेन्द्र पोखेलले बताए। जग्गा छनोट समितिले दुईतर्फी सडकको बीचमा धाँजा फाटेको र निरन्तर पहिरो खसिरहेको जमिनमा भवन निर्माणको निर्णय गरेको स्थानीयको आरोप छ। यही कमजोर जमिनमा भवन डिभिजन कार्यालयले समेत अख्तियारी दिएपछि भवन नबन्दै पनि पहिरोले पुरेको थियो। 'हामीले धेरैपटक त्यहाँ हुँदैन भनेका थियौं,' स्थानीय एकप्रसाद श्रेष्ठले भने, 'उतिबेला कसैले सुनेनन्। अहिले यस्तो अवस्था भयो।'

भवनको जग खन्ने समयमै जमिनको तलमाथि दुवैतर्फ पहिरो गएको थियो। गत सातादेखिको वर्षाले भवन आसपासको चारैतिर पहिरो गएको छ। भवनकै विभिन्न स्थानमा क्षति पुगेपछि अगाडि र पछाडिको भागमा ग्याभिन जाली लगाइएको थियो। भवन निर्माण नहुँदै निरन्तर पहिरो गएपछि स्थानीयले अन्तै बनाउन माग गरेका थिए। स्वास्थ्यचौकीको भवनभन्दा तलमाथि दुवैतर्फ बस्ती भएकाले पनि पहिरो खस्दा दुवैतर्फको बस्तीलाई थप क्षति पुर्‍याउने स्थानीय शिव पौडेलले बताए।

> फलेबास नगरपालिका–१ कार्किनेटास्थित खाल्टाथरमा निर्माणाधीन कार्कीनेटा स्वास्थ्यचौकी भवनको बाहिरी बरन्डातर्फको भाग धस्सिएको छ

केही राजनीतिक व्यक्तिले आफूलाई पायक पार्ने गरी कमजोर जमिन छनोट गरेको आरोप स्थानीयको छ। दलीय संयन्त्रका नाममा कांग्रेस, एमाले र माओवादीका स्थानीय नेताले जोखिम भएको जग्गा छनोट गरेको पोखेलले बताए। 'डाँडाबारीमा जग्गा हुँदाहुँदै सीमित व्यक्तिको स्वार्थमा यहाँ बनाइयो। उतिबेला हुँदै हुन्न भनेर विरोध गरेकै हो,' पोखेलले भने, 'अहिले बल्ल देखियो।' निःशुल्क जग्गा पाउँदापाउँदै तत्कालीन गाविसबाट रकम विनियोजन गरेर जग्गा किनेको उनले जनाए। उनका अनुसार स्थानीय नारायण शर्मा, शालिग्राम शर्मा, एकनारायण शर्मालगायतले निर्माणाधीन भवनदेखि करिब ४ सय मिटर टाढाको जग्गा स्वास्थ्यचौकीलाई निःशुल्क उपलब्ध गराउने वाचा गरेका थिए तर राजनीतिक पहुँचका आधारमा कमजोर भूबनोटको जमिन छनोट गरेको नारायण शर्माले बताए। भवन निर्माण जिम्मा पाएको नयाँबाटो सूर्योदय जेभीका सञ्चालक कुलराज पोखेलले कमजोर जमिन र समयमा काम गर्ने वातावरण नहुँदा क्षति भएको बताए। 'गत भदौमै हस्तान्तरण गर्नुपर्ने हो,' उनले भने, 'सुरुमै जमिन खार्न नदिएर एक वर्ष काम रोकियो,' उनले भने, 'कुनैबेला स्थानीयको विवादले गत हिउँदमा बजेट नभएर काम रोकियो। बर्खा लागेपछि बजेट आयो, अहिले पहिरोले बिजोग छ।'

भवन डिभिजन कार्यालय कास्कीले उक्त भवनको क्षति प्राकृतिक कारणले भएको भन्दै पुनः स्टमेट गर्न लागिएको जनाएको छ।

# जसलाई तीजले छोएन



पोखराको लामाचौरमा चर्खा घुमाउँदै युवती। *तस्बिर : विना थापा/कान्तिपुर*

**कान्तिपुर संवाददाता** (कास्की)


एक हातले चर्खा घुमाइरहेकी छन्। अर्को हातमा धागो छ। देशभर तीजको रमझम चल्दा मेखमाया तामाङलाई भने नारीको यो तीजले छोएन। अघिपछि जस्तै तीजको दिन बिहानै २ वर्षका छोरालाई लिएर दिनभरि चर्खा घुमाइन्।

धादिङ घर भई पोखरा लामाचौरमा बस्दै आएकी तामाङ चर्खा नघुमाई बिहान बेलुकी हातमुख जोडन नपाउने सुनाउँछिन्। उनले पोखरा बगरदेखि एक पसलबाट ऊन किनेर ल्याउँछिन् र चर्खाबाट धागो बनाउँछिन्। 'एकदिन खाली रह्यो भने आफैंलाई घाटा हुन्छ, जति धेरै चर्खा घुमायो, त्यति नै पैसा आउँछ,' तामाङले भनिन्, 'तीजले खासै छोएको छैन, एक दिनभरि भनेको मेरो लागि धेरै समय हो, त्यो समयमा मैले एक दुई केजी धागो बनाउन सकें भने, कमसेकमा दुई छाक त टर्छ।'

उनका श्रीमान्ले ज्यामी काम गर्छन्। दुवै जना भएर काम गरेको पैसाले घरपरिवार हेर्न र आफूहरू खान ठिक्क भएको उनी सुनाउँछिन्। आफैं काम नगरी मुखमा माड नपर्ने ज्यामी काम गरेकी भाइशुभा गुरुङ बताउँछिन्। गोरखा घर भई पोखरा बगालेटोल बस्दै आएकी गुरुङ तीजको दिन बिहानैदेखि बेल्चा हातमा लिएर घर बनाउन मसला मुछ्दै थिइन्। 'यति नगरी खान पाइँदैन, नाचगान हेरेर बेलुकी के खाने,' गुरुङ भन्छिन्, 'छोराछोरी पाल्नैपर्‍यो, सानसानै, आफैं काम गरेर खान सक्दैनन्।' उनका श्रीमान् दोस्रो बिहे गरी पोखरामै बसेका छन्। श्रीमान् त्यसरी बसेपछि गुरुङले दैनिक रूपमा बिहानदेखि बेलुकीसम्म ज्यामी काम गरेरै गुजरा गर्दै आएकी छन्।

'एक्लै भएको भए रमाइलो हेर्न जान हुन्थ्यो,' गुरुङसँगै काम गरेकी रोल्पा घर भएकी चन्द्र रोका भन्छिन्, 'खाने मुख धेरै छन्, एकैछिनको रमाइलोले बेलुका छाक टार्नै गाह्रो। चाडबाड त नआए नि हुने हो।'


## हार्दिक समवेदना



जन्म:
वि.सं.: १९८८

स्वर्गारोहण :
वि.सं.: २०७६/०५/१०

### स्व. कान्छी हिराचन

हाम्रा घुम्लीथोव काकनी फोपे परिवारका श्रद्धेय सदस्य श्री देवबहादुर ज्वारचनका सासु तथा श्रीमती पूर्णकुमारी ज्वारचनकी आमा भिमाद नगरपालिका वडा नं. ६ कुमार चोक निवासी वर्ष ८८ की श्रीमती कान्छी हिराचनको मिति २०७६/५/१० गते बिहान करिब ४:०० बजे स्वर्गारोहण भएकोमा हामी समस्त घुम्लीथोव काकनी फोपे परिवार मर्माहत छौं। उक्त शोकको घडीमा शोकसन्तप्त सम्पूर्ण परिवारजनमा धैर्यधारण गर्ने शक्ति श्री भगवान् बुद्धले प्रदान गरुन् भन्ने प्राथना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

श्रीमान्/श्रीमती : गोविन्द ज्वारचन
श्रीमान्/श्रीमती : जुल्फा ज्वारचन
श्रीमान्/श्रीमती : रामभक्त ज्वारचन
श्रीमान्/श्रीमती : घनश्याम ज्वारचन
श्रीमान्/श्रीमती : ईन्द्रप्रसाद ज्वारचन
श्रीमान्/श्रीमती : भक्तिप्रसाद ज्वारचन
श्रीमान्/श्रीमती : तोयराज ज्वारचन
श्रीमान्/श्रीमती : मनश्याम ज्वारचन
श्रीमान्/श्रीमती : गोविन्द ज्वारचन
श्रीमान्/श्रीमती : मनोज ज्वारचन
श्रीमान्/श्रीमती : बद्री ज्वारचन
श्रीमान्/श्रीमती : सकलाल ज्वारचन
श्रीमान्/श्रीमती : शक्तिलाल ज्वारचन
श्रीमान्/श्रीमती : लक्ष्मण ज्वारचन
श्रीमान्/श्रीमती : आइतराम ज्वारचन
श्रीमान्/श्रीमती : देवनारायण ज्वारचन
श्रीमान्/श्रीमती : पशुपति ज्वारचन
श्रीमान्/श्रीमती : बद्रीनारायण ज्वारचन
श्रीमान्/श्रीमती : भीमबहादुर ज्वारचन
श्रीमान्/श्रीमती : झुलप्रसाद शेरचन (ज्वारचन)
श्रीमती : नरसाङ्मो ज्वारचन
श्रीमती : शुकु ज्वारचन
श्रीमती : नन्दकुमारी ज्वारचन

**तथा समस्त घुम्लीथोव काकनी फोपे परिवार**


# लोकमार्ग दैनिक ८ घण्टा बन्द

**कान्तिपुर संवाददाता** (बागलुङ)

मध्यपहाडी लोकमार्गको बागलुङ खण्ड दैनिक ८ घण्टा बन्द हुने भएको छ। खहरे, अक्षेतेलगायतका स्थानमा पहरा फोड्ने र बाटो चौडा पार्न दैनिक यातायात बन्द गर्नुपरेको आयोजनाका प्रमुख आशिष थापाले बताए।

हरेक दिन बिहान साढे ७ बजेदेखि साढे ९ बजेसम्म २ घण्टा र दिउसो साढे १० देखि बेलुकी ५ बजेसम्म सडक बन्द गर्न लागिएको हो। आकस्मिक सेवाका एम्बुलेन्स आएमा बिकल्प दिने गरी ट्र्याक खोलेर नियमित काम गरिने उनले बताए। यस खण्डमा ठूला पहरा छन्। 'पहरो फोड्नका लागि सडक बन्द गरेर काम गर्दा एक महिनाभित्र ट्र्याक खोल्न सकिन्छ,' भारत सिद्धिसाई प्रकाश संयुक्त निर्माण कम्पनीका इन्जिनियर मिहिर सिंहले भने, 'बस र ट्रकका लागि भने बिहान र बेलुकीको समय मात्र यात्रा गर्न पाउनेछन्।' वर्षौंदेखि जीर्ण सडकले सास्ती खेपेका यात्रीको आलोचना बढेपछि प्रमुख जिल्ला अधिकारी लुकबहादुर क्षेत्रीले आयोजना प्रमुखलाई बोलाएर काम गर्न भनेका थिए। बुधबारदेखि असोज १७ सम्म एक महिना काम गरेर पहरो फोड्न निर्देशन उनले दिएका छन्।

सडक बन्द गर्दा आउने सुरक्षा चुनौतीका लागि जिल्ला प्रहरीले टोलीसमेत खटाउनेछ। सदरमुकाम बागलुङ बजारदेखि घोडाबाँधेको २५ किमि खण्ड अहिले पनि जीर्ण छ। यहाँ एकतर्फी सवारीसाधन चल्नसमेत सास्ती खेप्नुपर्छ। यहाँ ठेक्का लिएका दुइवटा कम्पनीले काम छाडेर हिंडेपछि वर्षौंदेखि सडक अलपत्र परेको थियो। गत वर्ष ठेक्का लिएका कम्पनीले भने प्रशासनिक सहयोग अभाव, मुआब्जा विवाद र खानेपानी आयोजनाको अवरोधका कारण काम गर्न नसकेको बताएका थिए। सदरमुकामका लागि आएको खानेपानी पाइप सार्न आयोजनाले ३३ लाख रुपैयाँ दिएको थियो। 'उक्त रकम लगेको एक वर्षसम्म पाइपलाइन नसारिएकाले काम गर्न कठिन भएको हो,' आयोजनाका इन्जिनियर रामप्रसाद सुवेदीले भने, 'स्टिमेटअनुसारको रकम गएकाले तत्काल पाइपलाइन सार्न पनि भनेका छौं।' आगामी फागुनसम्म कालोपत्रे गरिसक्ने गरी आयोजना र निर्माण कम्पनीले काम थाल्ने उनले बताए। यो सडक खण्डको शून्य मानिएको बागलुङको उपल्लाचौर खण्डमा पनि प्रशासनिक झमेला र मुद्दाले काम रोकिएको थियो। ती समस्या सुल्झेपछि काम थालिएको हो। आयोजनाले सडकको दायाँबायाँ २५ मिटर चौडामा संरचना बनाउन रोक लगाएको छ। यो खण्ड दसैंअघि नै सडक चाक्लो बनाउने काम सक्ने र त्यसपछि ग्राभेल थाल्ने आयोजना प्रमुखले प्रतिबद्धता जनाए। 'काममा अब ढिला हुँदैन,' थापाले भने, 'पहरा फोड्दा यातायातमा अवरोध हुन नदिन डाइभर्सन पनि बनाइएको छ।' बागलुङ नगरपालिका-३ को खहरे र काठेखोला गाउँपालिका-१ को पालातर्फको खण्डमा हुने अवरोध हटाउन विकल्पको बाटो निर्धारण गरिएको उनले बताए। तीन वर्षअघि ट्र्याक खोल्न ठेक्का लिएको एमके कन्स्ट्रक्सन प्रालिले कैयौं स्थानमा कामै नगरी भुक्तानी लिएर काम छाडेपछि गत वर्षदेखि अर्को ठेक्का लगाइएको थियो। 'काम नगरेको खण्डमा कालो सूचीमा लैजानेसम्मको अधिकार भए पनि बोलाएर काम गर्न लगाएका छौं,' इन्जिनियर रामप्रसाद सुवेदीले भने, 'चाडपर्वमा आउने जोखिम न्यूनीकरण र दैनिक आवागमनमा असर नपार्न पनि भनेका छौं।'

# कर्मचारी अभावले बिरामीलाई सास्ती

तनहुँ (कास)- सदरमुकामस्थित दमौली अस्पतालमा रहेको प्रयोगशालामा दरबन्दीअनुसारका कर्मचारी नहुँदा बिरामीले सास्ती झेल्नुपरेको छ। बिरामीलाई सामान्य रगत परीक्षणका लागि पनि घण्टौं समय बिताउनुपर्ने बाध्यता छ।

यतिबेला मौसमी फ्लुका बिरामी बढेका छन्। अस्पतालमा दैनिक करिब १ सय देखि २ सय ५० जनासम्म बिरामी आउने अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट सुनील पौड्याल बताउँछन्। बिरामीले अस्पतालमा डाक्टर भेट्नेदेखि रगत, दिसापिसाबलगायत परीक्षण गर्न घण्टौं समय खर्चनुपर्ने अवस्था छ। अझ ग्रामीण क्षेत्रबाट आउने बिरामीले समयमै ल्याब परीक्षणको रिपोर्ट नपाउँदा २/३ दिनसम्म खर्चनुपर्ने बाध्यता छ। 'भिड भएका कारण ढिला हुने होला भनेर बिहानै ९ बजे नै अस्पताल आएको डाक्टर नआएर १२ बजेतिर बल्ल जँचाउन पाइयो,' व्यास नगरपालिका-५ का चित्रबहादुर दरैले भने, 'स्वास्थ्य परीक्षण र ल्याबमा पालो कुर्दैमा दिन बित्ने गरेको छ।'

व्यास-१२ कलेस्तीबाट आमाको सुगर परीक्षणका लागि आएकी चन्द्रकला कार्कीले ल्याब रिपोर्ट आउन बढी समय लाग्ने बताइन्। 'पहिले पोखरा जान्थ्यौं। जिल्लामै राम्रो सेवा पाइन्छ भन्ने सुनेर आएका हौं,' कार्कीले भनिन्, 'पोखरा जाने आउने भाडा मात्रै जोगियो। समय यतै बढी लाग्यो।'


प्रयोगशालाकी ल्याब असिस्टेन्ट हेमकुमारी दरै बिरामीलाई समयमै रिपोर्ट दिन नसकेको स्विकार्छिन्। ल्याबमा पानीसमेत नहुँदा कार्यालय सहयोगी रुपा भट्टले बाल्टीमा ल्याएर काम चलाउँछिन्। 'चैतदेखि ल्याबमा पानी छैन,' उनले भनिन्, 'प्रत्येकपटक टेस्टट्युब सफा गर्नुपर्छ। पानी पर्याप्त नभएकाले टेस्टट्युबमा सेतो दाग बस्ने भएकाले बिरामीको रगतलगायत अन्य बायोलोजिकल टेस्ट गर्दा रिपोर्ट गलत आउँछ। त्यसलाई पुनः परीक्षण गर्नुपर्ने हुन्छ।' यसले सेवाग्राहीलाई समयै रिपोर्ट दिन नसकिएको र ल्याबमा आवश्यक तापक्रमको पनि व्यवस्था नहुँदा समस्या झेल्नुपरेको उनले बताइन्।

ल्याब टेक्निसियन इन्चार्ज सुशीला कार्कीले २ जना ल्याब टेक्निसियन आवश्यक भए पनि एक जनाले मात्रै काम गर्दा ढिला भएको बताइन्। यस विषयमा अस्पताल प्रशासनलाई जानकारी गराए पनि सुधारका लागि काम नभएको उनको भनाइ छ। 'ल्याब जस्तो अवस्थामा हुनपर्ने हो, त्यो पनि छैन,' उनले भनिन्, 'पानी अभाव छँदै छ। गर्मीमा तापक्रम धेरै र जाडामा कम हुँदा लिएको नमुना बिग्रने जस्ता समस्या झेल्नुपरेको छ।'

अस्पतालमा दरबन्दीअनुसार कर्मचारी नहुँदा भिडियो एक्स-रे पनि नियमित प्रयोगमा आउन सकेको छैन। सातामा मंगलबार र बिहीबार मात्र भिडियो एक्सरे हुन्छ।


















## तपाईंको आज

| | |
|---|---|
| मेष | यात्रा हुने |
| वृष | शत्रु वृद्धि |
| मिथुन | विद्यामा सफलता |
| कर्कट | आलस्यता |
| सिंह | पराक्रम बढ्ने |
| कन्या | धन आर्जन |
| तुला | भाग्य वृद्धि |
| वृश्चिक | केही लाभ |
| धनु | यात्रामा सफल |
| मकर | आलश्यता |
| कुम्भ | पुण्य आर्जन |
| मीन | अस्वस्थता |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल भाद्र १८ गते बुधबार तदनुरुप ४ सेप्टेम्बर २०१९ भाद शुक्लपक्ष षष्टि तिथी रात्रिको ०३:२४ बजेसम्म उप्रान्त सप्तमी तिथी, स्वाती नक्षत्र प्रातः ११:१२ बजेसम्म उप्रान्त विशाखा नक्षत्र, ब्रम्हा योग प्रातः ०५:४९ बजेसम्म उप्रान्त ऐन्द्र योग, कौलब करण दिनको ०४:१० बजेसम्म उप्रान्त तैतिल करण, तुला राशिमा चन्द्रमा रात्रिको ०४:३५ बजेसम्म उप्रान्त वृश्चिक राशिमा। ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | मार्गदर्शन (लाइभ) |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | फायरसाइड (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | सुमनसँग (रिपिट) |
| ११:०० | कान्तिपुर न्यूज |
| ११:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | मंगलम (लाइभ) |
| १:३० | बलियो घर (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | यू एण्ड आई (रिपिट) |
| ३:०० | फायरसाइड (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) |
| ५:०० | कल कान्तिपुर रिलोडेड |
| ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | मनी टक्स (रिपिट) |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | सरोकार |
| १०:०० | मनी टक्स (रिपिट) |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | मनी टक्स (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | मार्गदर्शन (रिपिट) |
| ३:०० | मंगलम (रिपिट) |
| ४:०० | सरोकार (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ०५:०० | भक्ति अनुष्ठान (अच्युत) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ७:३० | कानुनी बहस र परामर्श (कमला) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | मेरो जब करिअर कनेक्ट (एलिसा) |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | गृह श्रृंगार (सृजना देवकोटा) |
| ११:०० | आर्ट एण्ड इन्टरटेन्मेन्ट डायरी |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | फिल्मी परेड (दीपकराज गिरी) |
| १३:०० | डिस्ट्रिक्ट डायरी |
| १३:०५ | के छ नेपाल (दिपाञ्जली) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल (दिपाञ्जली) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | नेपालय (रश्मिला) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | कान्तिपुर मञ्च (महेश) |
| १७:०० | डिस्ट्रिक्ट डायरी |
| १७:०५ | हेल्थ हटलाइन (कमला) |
| १८:०० | पुनर्निर्माण |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | कनेक्ट (प्रियंका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | लाउड (रेमन) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | कालजयी गीत संगीत (भूपेन्द्र) |
| २३:०० | पुराना हिन्दी गीतहरु (दृष्टि अर्याल) |
| ००:०० | फिल्मी परेड (रिपिट) |
| ०१:०० | कालजयी गीत संगीत (रिपिट) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

**पोखराका महत्त्वपूर्ण नम्बरहरू**

| | |
|---|---|
| रक्त सञ्चार सेवा केन्द्र/एम्बुलेन्स रेडक्रस | ०६१-५२१०११ |
| कास्की रेडक्रस | ०६१-५२०३४७ |
| दमकल सेवा | ०६१-५२०२२२ |
| शव बाहन सेवा (सिद्धार्थ क्लब) | ०६१-५३०२०० |
| पश्चिमाञ्चल क्षेत्रीय अस्पताल | ०६१-५२००६६/६७ |
| मनिपाल शिक्षण अस्पताल | ०६१-५२६४१६/१७/१८ |
| गण्डकी मेडिकल कलेज | ०६१-५५०२५३ |
| हिमालय आँखा अस्पताल | ०६१-४६११६८ |
| पोखरा विश्वविद्यालय, लेखनाथ | ०६१-५६१०४६/५६१५४६ |
| क्षेत्रीय प्रशासन कार्यालय | टोल फ्रि ११११/०६१-४६४८४१ |
| क्षेत्रीय प्रहरी कार्यालय | ०६१-४६२५००/९८५६०२८४३३ |
| जिल्ला प्रहरी कार्यालय | ०६१-५२००३३/९८५६०३९५९९ |
| जिल्ला ट्राफिक प्रहरी | १०३/०६१-५२०४१२ |
| सशस्त्र प्रहरी बल (कालिका गण) | ०६१-५४१०८८/९८५१२७२०४७ |

**बागलुङ**

| | |
|---|---|
| धौलागिरि अञ्चल अस्पताल | ०६८ ५२०१८८/५२०२८८ |
| रक्तसञ्चार केन्द्र | ०६८ ५२०२७३ |
| कालिका भगवती गुठी एम्बुलेन्स | ९८४६९१७५०० |
| गोरखा अस्पताल | ०६४ ४२०२०८ |
| स्याङ्जा जिल्ला अस्पताल | ०६३ ४२०२३९ |
| स्याङ्जा रेडक्रस एम्बुलेन्स | ०६३ ४२०११४ |
| पर्वत जिल्ला अस्पताल | ०६७ ४२०११९/४२०४१४ |
| पर्वत रेडक्रस एम्बुलेन्स | ०६७ ४२०१६९ |
| पर्वत प्रहरी/वारुणयन्त्र | ०६७ ४२०१००/४२०१९९ |
| लमजुङ जिल्ला अस्पताल | ०६६ ५२०१९५/५२०५५७ |
| लमजुङ सामुदायिक अस्पताल | ०६६ ५२०१८३ |
| म्याग्दी जिल्ला अस्पताल | ०६९ ५२०१०८ |
| दमौली अस्पताल | ०६५ ५६०२०३ |
| नवलपरासी जिल्ला अस्पताल | ०७८ ५२०५०३ |
| स्याङ्जा बारुणयन्त्र | ०६३ ४२०४०९ |
| जिल्ला प्रहरी बागलुङ | ०६८ ५२०१९९ र ५२०२११ |
| जिल्ला प्रहरी गोरखा | ०६४ ४२०२३७ |
| जिल्ला प्रहरी लमजुङ | ०६६ ५२०१९८ र ५२०१९९ |
| जिल्ला प्रहरी मनाङ | ०६६ ४४०१९९ |
| जिल्ला प्रहरी मुस्ताङ | ०६९ ४४०११६ र ४४००९८ |
| जिल्ला प्रहरी म्याग्दी | ०६९ ५२०१९९ र ५२०२९९ |
| जिल्ला प्रहरी पर्वत | ०६७ ४२०१९९ |
| जिल्ला प्रहरी स्याङ्जा | ०६३ ४२०१००/४२०१९९/४२०२८४ |
| जिल्ला प्रहरी तनहुँ | ०६५ ५६०१९९ |
| इप्रका आँबुखैरेनी | ०६५ ५४००९९ |
| जिल्ला प्रहरी नवलपरासी | ०७८ ५४०१०० |
| लुम्बिनी अञ्चल अस्पताल बुटवल | ०७१५४०२०० |
| बुद्ध सामुदायीक मुटु अस्पताल | ०७१५४६१९७ |
| महिला तथा बाल अस्पताल-आम्दा | ०७१५४४४५० |
| युनिभर्सल कलेज अफ मेडिकल सायन्सेस भैरहवा | ०७१५०६०३० |
| भीम अस्पताल भैरहवा | ०७१५२०१२३ |
| पृथ्वी चन्द्र अस्पताल परासी | ०७८५२०१८८ |
| अर्घाखाची जिल्ला अस्पताल | ०७७४२०२५७ |
| गुल्मी जिल्ला अस्पताल | ०७९५२०१८८ |
| कपिलवस्तु जिल्ला अस्पताल | ०७६५६०२०० |
| रेडक्रस एम्बुलेन्स भैरहवा | ०७१-५२०२६३, ९७४७०२११०४ |
| रेडक्रस, रक्त संचार भैरहवा | ०७१-५२०२६३, ९८६७०३२६४५७ |
| रेडक्रस, रक्त संचार, बुटवल | ०७१-५४१००४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६११९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०, ९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क सववाहन सेवा | ४४३४००३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

# गाउँमै बग्छ ठूलीभेरी

■ **हरि गौतम** (रुकुम पश्चिम)

७८ वर्षीया नौरती बोहराका आँखा दुई सातायता ओभाएका छैनन् । आठबीसकोट नगरपालिका ६, मन्काबगरकी बोहरा हरेक दिन ठूलीभेरी नदी छेउमा टुक्रुक्क बसेर टोलाउँछिन् ।

घर र बारी कहाँनेर थियो भनेर पनि छुट्याउन नसकिने गरी ठूलीभेरी उर्लिरहेको छ । बिहीबार दिउँसो त्यहीँ भेटिएकी नौरतीले भनिन्, 'बुढेसकालमा दैव लाग्यो, बस्ने घर, खाने अन्न, अन्न फल्ने जग्गा हेर्दाहेर्दै बग्यो । अब मेरो घरजग्गा उस्तै हालतमा कहिले देखुँला '

साउन २९ गते ठूलीभेरीमा आएको बाढीले नौरतीसहित उनका ४ छोराका परिवारलाई पनि बिचल्ली बनाएको छ । जेठा छोरा वीरबहादुर, माइला छोरा गोर्खबहादुरको घरजग्गा बग्यो भने साइँला छोरा नन्दबहादुर र कान्छा छोरा टेकबहादुर बोहराको जग्गा ठूलीभेरीले बगाइदिएको छ । कालीबहादुर बोहरा ७ जनाको परिवारसहित कालिका आधारभूत विद्यालयको एउटा कोठामा बसेका छन् । बाढी बढ्दै जाँदा घरको अवस्था हेर्ने क्रममा आफैं उभिएको जमिन कटानसँगै घरै बग्यो । 'मैले हेर्नबाहेक केही गर्न सकिनँ,' उनले भने, 'हेर्दाहेर्दै घर, घरभित्रको सम्पत्ति र पाकिसकेका मकै तथा पसाउँदै गरेका धानसहितको खेत बग्यो ।'

**बाढीपछि मन्काबगरका १२ परिवार आफन्तको घर र विद्यालयमा बसिरहेका छन्, घर र बारी रहेका ठाउँमा नदी बगिरहेको छ ।**

साउन २८ र २९ गतेको बाढीले भीमबहादुर थापा, जुनबहादुर बोहरा, पत्तरे बोहरा, दीपक बोहरा, यज्ञबहादुर बोहरा, धर्मे बोहरा, नन्दराम बोहरा, कमल बोहरा र विष्णुकुमारी बोहराको समेत घरसहितको जग्गा बग्यो । गाउँमा अहिले ठूलीभेरी बगिरहेको छ । 'हेर्दाहेर्दै गाउँ बग्यो, गाउँले सबै अप्ठ्यारोमा छन्,' वडा सदस्य नैनकुमारी बोहराले भनिन्, 'केही व्यवस्थापन गरिए पनि उनीहरूका लागि पर्याप्त छैन ।'

सम्भावित खतरा देखेर आठबीसकोट नगरपालिकाले तारजाली पनि लगाएको थियो । त्यो पर्याप्त नहुँदा १२ परिवारको घर, खेतबारी बगे भने अरू ४५ घर र एउटा विद्यालय जोखिममा छन् ।

विस्थापित भएका अधिकांश परिवार आफन्तको घरमा बसेका छन् । तत्कालका लागि नगरपालिकाले ५/५ हजार रुपैयाँ राहत दिएको छ । घर बगेका परिवारलाई जिल्ला प्रशासन कार्यालयले ५०/५० हजार रुपैयाँ दिने तयारी गरेको छ । नगरप्रमुख गोर्खबहादुर केसीले मन्काबगरसहित नगरका अन्य ठाउँमा पनि ठूलो क्षति भएको बताए । उनले क्षतिपूर्तिका लागि प्रदेश र संघीय सरकारसँग पहल भइरहेको बताए ।

आगामी मंसिरदेखि नदीले कटान गरेको ठाउँको व्यवस्थापन गरिने उनको भनाइ छ । प्रदेशसभा सदस्य गोपाल शर्माले तत्काल राहतका लागि प्रदेश सरकारले प्रतिपरिवार २० हजार रुपैयाँ सहयोग गर्न लागेको बताए ।

बाढीपीडित भन्छन्-

# सरकार पीडा मात्र सुन्छ, सुनुवाइ गर्दैन !

दाताले दिएका त्रिपाल चुहिंदा वर्षायाम कटाउन पनि मुस्किल छ । मजदुरी नगरे उनीहरूको चुलोमा बिहानबेलुकी आगो बल्दैन । २०७१ साउन अन्तिम साता आएको बाढीपहिरोमा १ सय १५ जनाको मृत्यु भयो ।

■ **ज्योति कटुवाल** (वीरेन्द्रनगर, सुर्खेत)



कर्णाली प्रदेश सभा सदस्यलाई पीडा सुनाउँदै वीरेन्द्रनगरस्थित महिला प्रशिक्षण केन्द्रका बाढीपीडित । *तस्बिर: ज्योति कटुवाल/कान्तिपुर*

रत्न राजमार्गको मसिनास्थित सडकछेउमा सानो झुपडी । झुपडी नजिकै सालिक र चिहान । देउरुपा कामीको नजर दैनिक एकपल्ट सालिक र चिहानमाथि पर्छ । ५ वर्षअघि बाढीले घरबारसहित छोरालाई बगाएपछि उनी सडकको सहारामा पुगेकी हुन् । 'बाढीले झुपडीमै पुर्‍याए पनि छोराको सम्झना आइरहन्छ,' शुक्रबार उनले भनिन्, 'त्यही भएर मन बुझाउन छोराको सालिक बनाएकी हुँ ।' देउरुपाको जीवनमा मानसिकभन्दा भौतिक पीडा बढी छ । उनी बस्ने त्रिपाल चुहिन्छ ।

पानी पर्‍यो कि परिवारका सदस्य भाँडा थापेर रातभर जाग्राम बस्नुपर्छ । ११ जनाको परिवारसहित त्रिपालमै बस्दै आएकी दुर्गा सुनारको अवस्था अझ दयनीय छ । सामान्य पानी पर्दासमेत त्रिपालभित्र लत्ताकपडा जोगाउन मुस्किल हुन्छ । गिट्टी नकुटेको दिन उनको चुलो बल्दैन । ५ वर्ष अवधिमा देउरुपा र दुर्गाको यस्तो पीडादायी दैनिकी हेर्न दर्जनौं मान्छे र सरकारका प्रतिनिधि आए । उनीहरू पीडा सुन्छन्, हेर्छन् र फर्किन्छन् तर पीडाको सुनुवाइ हुँदैन ।

बाढीपीडित भने सरकारी बेवास्ताका कारण वर्षौंदेखि सास्ती भोग्न बाध्य छन् ।दाताले दिएका त्रिपाल चुहिंदा वर्षायाम कटाउन पनि मुस्किल छ । दिनभर मजदुरी नगरे उनीहरूको चुलोमा बिहानबेलुकी आगो बल्दैन । २०७१ साउन अन्तिम साता आएको बाढीपहिरोमा १ सय १५ जनाको मृत्यु भयो ।

करिब २ हजार २ सय परिवार विस्थापित बने । 'पालको बसाइँले छोराले बिरामी भएर ज्यान गुमायो,' देउरुपाले भनिन्, 'सरकार फेरिए, हाम्रा पाल भने अझैसम्म फेरिएनन् ।' भेरी किनारामा गिट्टी कुटै आए पनि बिक्री नहुँदा थप सास्ती भएको उनले बताइन् । शिविरमा दैनिकजसो बालबालिका र वृद्ध बिरामी भइरहन्छन् ।

सर्प र जंगली जनावरको त्रास उस्तै छ । शिविरमै सुत्केरी हुँदा आमा र शिशुको स्याहारसुसारको समस्या पनि छ । 'न खानपिनको राम्रो व्यवस्था छ, न बासस्थानको,' महिला प्रशिक्षण केन्द्रमा बसिरहेकी रुपा सिंहले भनिन्, 'सरकारले हाम्रो सास्ती कहिल्यै बुझेन ।'बाढीपीडितको आवास निर्माणका लागि प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले गत वर्ष १४ करोड २० लाख रुपैयाँ विनियोजन गर्‍यो । तर १० जिल्लाका स्थानीय तहले अहिलेसम्म कति रकम खर्च भयो र कति रकम बच्यो भन्नेबारे जानकारी पठाएका छैनन् । पुरानो रकम कति बाँकी छ भन्ने यकिन नगरी मन्त्रालयले यस वर्ष ५ करोड ९० लाख रुपैयाँ विनियोजन गरेको छ ।

बाढीपहिरोबाट विस्थापित १ हजार ४५ घरपरिवार सुर्खेतका गिरीघाट, महिला प्रशिक्षण केन्द्र, पाँडुलेलगायत स्थानमा बसिरहेका छन् । २०७१ साउनमा गिरीघाटमा आएको बाढीले घरबार बगाएपछि शेरबहादुर कामी वीरेन्द्रनगरस्थित महिला प्रशिक्षण केन्द्रमा आ श्रय लिई बस्न थालेको ५ वर्ष पुग्यो । 'अब त सरकारको आस लाग्न छोडिसक्यो,' उनले भने, 'सुरुमा आउँदा सरकारी प्रतिनिधि र नेताले यो वर्ष जसरी पनि पुन:स्थापना गर्छौं भन्छन्, फेरि फर्केर कहिल्यै आउँदैनन् ।'

आफ्नो समस्या सुनाउँदा सुनाउँदा आजित भइसकेको उनले बताए ।मन्त्रालयको विपद् व्यवस्थापन शाखाका अनुसार गत वर्ष वीरेन्द्रनगरमा करिब ३ करोड ८१ लाख रुपैयाँ खर्च भएको छ । अन्य स्थानीय तहले विवरण नपठाएको शाखाका नायब सुब्बा खड्ग विकको भनाइ छ । मन्त्रालयले प्रभावित घरपरिवारमध्ये जग्गा भएकालाई मात्रै घर बनाउन प्रतिपरिवार १ लाख ५० हजार रुपैयाँ पहिलो किस्ताको रकम दिएको हो । वीरेन्द्रनगरका १ सय ९९, पञ्चपुरीका १६, बराहतालका २९, लेकबेंसीका १२ र गुर्भाकोटका ३२ बाढीपीडित परिवारले रकम लिएको उनले जनाए । जग्गा र घर निर्माण तथा पुनर्वास रोजेका बाढी प्रभावितका हकमा भने प्रदेश सरकारले कुनै निर्णय गरेको छैन ।

बाढीपीडितका हितमा कार्यरत कर्णाली फाउन्डेसनका अनुसार सुर्खेतमा १ हजार ४५ परिवार अस्थायी शिविरमा बस्दै आएका छन् । त्यसमध्ये ५ सय १४ परिवारले घर, २ सय २९ जनाले जग्गासहितको घर र २ सय ३९ परिवारले पुन:स्थापना माग गरेका फाउन्डेसन अध्यक्ष नारायण भट्टराईले बताए । ऐलानी जग्गामा भए पनि पीडितका लागि घरबासको व्यवस्था मिलाउन जरुरी रहेको भेरीगंगा नगरपालिका उपप्रमुख रेणु आचार्यले बताइन् ।





रंगमञ्चमा 'गुम्फन'

साइबर संसारमा एक्लिँदाको पीडा । १०

विश्वकप छनोट

अनुभवी रोमियोविरुद्ध कालिन । १८



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १९७ बुटवल | १७ भदौ २०७६ मंगलबार भाद्र शुक्लपक्ष चतुर्थी | नेपाल संवत् ११३९ | प्रदेश ५ संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, September 3, 2019 | पृष्ठ १२+६ | १० रुपैयाँ


## मिडिया काउन्सिल विधेयकमा अपुरो संशोधन

■ राजेश मिश्र (काठमाडौं)

संसद्मा दर्ता गरिएको मिडिया काउन्सिल विधेयकका केही विवादास्पद प्रावधान संशोधन गर्न सत्तारूढ र विपक्षी दुवैतर्फका सांसद सहमत भए पनि यसको गठन प्रक्रियामा उनीहरूको मत बाझेको छ । विधेयकमाथि नेकपाका १५ सांसदले संयुक्त रूपमा हालेको संशोधन प्रस्तावमा काउन्सिल पदाधिकारी नियुक्तिमा सरकार हावी रहने प्रावधान यथावत् छ ।

विधेयकमा सञ्चार मन्त्रालयका सचिव नेतृत्वको समितिको सिफारिसमा सरकारले काउन्सिलको अध्यक्ष र पदेनबाहेकका सदस्य नियुक्ति गर्ने प्रावधान छ । पत्रकार महासंघसहित विभिन्न संघसंस्थाले उक्त प्रावधानको विरोध गर्दै आएका छन् । महासंघले काउन्सिलका अध्यक्ष र सदस्य नियुक्तिको सिफारिस राष्ट्रिय सभा अध्यक्ष नेतृत्वको समितिबाट हुनुपर्ने भन्दै आएको छ ।

काउन्सिलको स्वायत्तताका लागि काउन्सिल सरकारप्रति नभई संसद्प्रति जिम्मेवार रहने गरी विधेयकमा संशोधन गर्नुपर्ने महासंघको माग छ । काउन्सिलले आफ्नो प्रतिवेदन सरकारलाई नभई संसद्को समितिलाई बुझाउनुपर्ने प्रावधान राख्न पनि महासंघले जोड दिएको छ । आचारसंहिता उल्लंघन गर्नेलाई २५ हजारदेखि १० लाख रुपैयाँसम्म जरिवाना र मनासिब क्षतिपूर्तिको प्रावधानलाई हटाइनुपर्ने महासंघको मागमा भने सत्ता र प्रतिपक्ष दुवै सहमत देखिएका छन् । नेकपाका सांसदले हालेको संशोधनमा जरिवाना हटाएर मध्यस्थता गरी मेलमिलाप गराइदिने उल्लेख छ ।

बाँकी पृष्ठ १६ ▶▶



काठमाडौंको वसन्तपुरमा सोमबार नाचगान गरेर तीज मनाउँदै महिला ।

*तस्बिर : केशव थापा/कान्तिपुर*

२५ वर्षअघिको प्रतिवेदन

# खोजिएन १८०० रोपनी

■ दीपेन्द्र विष्ट (काठमाडौं)

सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवं संरक्षणसम्बन्धी उच्चस्तरीय आयोगले २५ वर्षअघि विभिन्न व्यक्तिद्वारा अतिक्रमित भनी औंल्याएको १८ सय रोपनी सरकारी जग्गा अझैसम्म सरकारले खोजेको छैन ।

सरकारी र सार्वजनिक जग्गा अतिक्रमण भएको गुनासो बढेपछि ०४९ पुस १६ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पूर्वभूमिसुधार सचिव रामबहादुर रावलको अध्यक्षतामा तीन सदस्यीय आयोग गठन गरेका थिए । आयोगले दुई वर्ष लगाएर १३ सय पृष्ठ लामो प्रतिवेदन सरकारलाई बुझाएको थियो । जसमा काठमाडौं उपत्यकामा मात्र विभिन्न ओहदामा बसेका व्यक्तिले नदी, पोखरी, ढुंगेधारा, मन्दिर, खुलाचौर, सामाजिक संघसंस्थाको जग्गा, कुलो, चिहान, विभिन्न नदीको उकास भएको जग्गा, सरकारी वनलगायतको गरी करिब १८ सय रोपनी जग्गा अतिक्रमण भएको उल्लेख छ ।

प्रतिवेदन हालसम्म सार्वजनिक गरिएको छैन । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा उक्त प्रतिवेदन थन्क्याइएको छ । उक्त प्रतिवेदन अध्ययन गर्नसमेत पाइँदैन । 'ठूलाबडाले जग्गा अतिक्रमण गरेको प्रतिवेदनमा छ,' मन्त्रालयका एक उच्च अधिकारीले भने, 'त्यसकारण त्यो सार्वजनिक भएन, लागू गर्न पनि कठिन छ । विभिन्न स्वार्थ समूहले यसलाई सार्वजनिक गर्न दिएनन् ।'

**रावल आयोगको प्रतिवेदनमा शक्तिशाली व्यक्ति मुछिएकाले हालसम्म सार्वजनिक नभएको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका अधिकारी बताउँछन्**


सूक्ष्म ढंगले अध्ययन गरिएको भन्दै उनले आयोगले समाधान पनि सजिलो तरिकाले दिएको बताए । 'अहिले पनि निःस्वार्थ हिसाबले त्यसलाई कार्यान्वयन गर्ने हो भने लागू गर्न सकिन्छ,' ती अधिकारीले भने, 'लागू गर्न न सरकारले साहस गर्छ, न स्वार्थ समूहहरूले लागू गर्न दिन्छन् ।' एक आनादेखि रोपनीसम्म सरकारी जग्गा अतिक्रमण गर्नेको संख्या साढे चार हजारभन्दा बढी रहेको ती अधिकारीले बताए । आयोगले महानगरपालिकाका प्रत्येक वडामा गएर अध्ययन गरेको प्रतिवेदनमा उल्लेख छ ।

ठमेलस्थित सरस्वती क्याम्पसको पश्चिमतर्फ घ्याम्पे मन्दिर क्षेत्रको कित्ता नम्बर ३०५ को करिब ३ रोपनी जग्गा मिचिएको देखिन्छ । उक्त जग्गा ३ जनाले घरटहरा बनाई चर्चेका छन् । मन्दिरकै करिब १ रोपनीभन्दा बढी जग्गा सिद्धिगणेश माविले चर्चेको प्रतिवेदनमा छ । बालाजुस्थित विद्युत् प्राधिकरणको ३ रोपनी ३ आना २ पैसा १ दाम जग्गा २७ जनाले मिलेमतोमा मिचेका छन् । सोह्रखुट्टेनजिकको पाटीको करिब एक रोपनी जग्गामा ६ जनाले घर-पसल राखेको प्रतिवेदनमा छ ।

साथै, पार्टीलाई नयाँ स्वरूप दिएर निर्माण गरिएको उल्लेख छ । कलंकी, बल्खु, कालिमाटी, खड्का गाउँ, चक्रपथ र कुलेश्वर क्षेत्रमा पनि व्यापक रूपमा जग्गा मिचिएको छ । कलंकीको कित्ता नम्बर ८३ को खोलाको १ रोपनीभन्दा बढी र कित्ता नम्बर १०२ को कुलोको ७ रोपनीभन्दा बढीमा इँटाभट्टा स्थापना गरेको पाइएको छ । बाँकी पृष्ठ १६ ▶▶

# अनाहकमा अढाई वर्ष जेल

राज्यको बेवास्ताले बिनाकारण पन्जाबको जेलमा बस्न बाध्य एक नेपाली युवाको दुर्दान्त कथा



◀ भारतको अमृतसरस्थित केन्द्रीय जेल जहाँ डिल्लीराम थारू (इन्सेटमा) अढाई वर्षदेखि छन् ।

*तस्बिर : सुरेशराज/कान्तिपुर*

■ सुरेशराज न्यौपाने (अमृतसर)

दुब्लाएर सिट्ठो भएको ज्यान । महिनौं नकाटिएको दाह्रीकपाल । नाम : डिल्लीराम थारू (दिलु) । उमेर : २८ वर्ष । ठेगाना : पिपरा गाउँ, वाणगंगा नगरपालिका, कपिलवस्तु, नेपाल ।

तर करिब अढाई वर्षयता उनको ठेगाना फेरिएको छ- भारत, पन्जाब राज्यको अमृतसरस्थित केन्द्रीय जेल । नाम पनि परिवर्तन भएको छ- डिलराम तरु ।

निमुखा र आवाजविहीनहरूप्रति राज्यले गर्ने उपेक्षा तथा बेवास्ताको सिकार भएकाहरूका प्रतिनिधि पात्र हुन्, उनी । सरकारको जिम्मेवार निकायको गैरजिम्मेवारीपनका कारण नागरिकले कुन हदसम्म दुःख पाउन सक्छन् भन्ने कुराको उदाहरणसमेत हुन् उनी । कान्तिपुरले अमृतसर जेलमा गएर भेटेपछि उनले आफ्नो कथा-व्यथा सुनाए ।

**यसरी परे उनी जेल**

करिब साढे दुई वर्षअघिको कुरा हो । घरमा हातमुख जोर्न मुस्किल थियो । सम्पत्तिका नाममा एउटा सानो घर र त्यसले चर्चेको जग्गा मात्र । अरू दुई दाजु छुट्टभिन्न भइसकेका थिए । आमा, श्रीमती, दुई छोरी र बूढी हजुरआमाको जिम्मेवारी डिल्लीकै काँधमा थियो । बुबा २०५८ सालमै बितेका थिए । दाजुहरू धनीराम र मणिराम आआफ्नो इलम गर्थे । बेग्लै बस्थे । आमा र श्रीमती दुवै मजदुरी गर्थे । त्यसले पनि राम्ररी घरखर्च नचलेपछि डिल्लीले निर्णय गरे, रोजगारीका लागि फेरि एक पटक पन्जाबको चण्डीगढ जाने । यसअघि दुई पटक गरी करिब तीन महिना उनले चण्डीगढमै 'वेटर'को काम गरेका थिए ।

घर छाड्ने दिन श्रीमती छोरी लिई माइती गएकी थिइन् । गाडी भाडा थिएन । त्यसैले उनले आफ्नो साइकल र श्रीमतीका दुई जोर पाउजु बोकी हिँडे । र, झोलामा आफ्नो नागरिकता र केही जोर लुगा हाले । साइकललाई सीमावर्ती बजार कृष्णनगरका आफन्त सन्तोष दाइको पसलमा १८ सय रुपैयाँमा बेचे । अनि त्यहीँबाट चण्डीगढका लागि बस चढे ।

यसअघि पनि आएको हुँदा चण्डीगढ उनका लागि नयाँ ठाउँ थिएन । उनी पहिले काम गरेकै ठाउँमा रोजगारी माग्न गए । तर साहुले काम छैन भनी फर्काइदिए । त्यसपछि एकजना चिनेका दाइलाई खोज्न निस्किए अटोरिक्सामा । तर राति भएकाले ती दाइ भेटिएनन् । अटोरिक्सा केही पर रोकिराखेका थिए, फर्किंदा उनको झोला लिएर त्यो भागिसकेछ ।

उनको परिचय खुलाउने नागरिकतासमेत त्यही झोलामा थियो, हरायो । 'त्यसपछि मेरो होसै हरायो- के गर्ने, कहाँ जाने ?' थारूले सुनाए । केही सीप नलागेपछि उनले घरै फर्किने सोचाइ बनाए । भाडा तिर्ने पूरा रकम पनि थिएन, रेलवे स्टेसन पुगेर रेल चढे । नेपाल फर्कन उनी चढ्नुपर्ने थियो अम्बालाको रेल, थाहा नपाएर अमृतसरको रेल चढेछन् । अर्को रात करिब ११ बजे अमृतसरमा झरे । जीउ भोकप्यास र थकाइले लखतरान थियो । स्टेसनबाट बाहिरिएपछि केही परसम्म हिँड्दै गए ।

करिब ६ सय मिटर पुगेपछि खपिनसक्नुभयो । सडकछेउ पल्टिन खोजे । उनी सैनिक छाउनी क्षेत्रमा पुगेछन् । 'खै के-कसरी हो, म त केही बेरमा सेनाको क्षेत्रभित्र पसेछु,' उनले भने, 'पर्खाल जस्तो थियो, यसो नाघेर भित्र गएको सेनाको क्षेत्र पो रहेछ ।' बिनाअनुमति सैनिक क्षेत्रमा प्रवेश गरेको भन्दै उनलाई तत्काल सेनाले पक्राउ गर्‍यो । केरकार गर्‍यो । उनले सबै कारण बताए । तर सेनाले पत्याएन । किनभने उनीसँग नाम र ठेगाना खुल्ने कुनै कागजात थिएन । प्रमाण देखाउन नसकेपछि त्यो रात उनलाई छाउनीमै राखियो । र, भोलिपल्ट प्रहरीको जिम्मा लगाइयो । त्यसपछि १५ दिन प्रहरी थानामा राखिएको उनले बताए । प्रहरीले उनीमाथि 'फरेनर्स एक्ट'अन्तर्गत कारबाही अगाडि बढायो । उनको पक्षमा बहस-पैरवी गर्ने कोही भएन । २२ मे २०१७ मा स्थानीय अदालतले विदेशी नागरिकसम्बन्धी कानुनको हवाला दिँदै थारूलाई नौ महिनाको सजाय सुनायो । भारतमा शंकास्पद गतिविधिका आरोपित कुनै पनि विदेशी नागरिकले आफ्नो परिचय खुलाउन नसकेको अवस्थामा यस्तो मुद्दा चलाउने गरिन्छ ।

यता घरमा भने उनी जेल परेको खबर कसैले पाएन । उनले पनि केही सन्देश पठाउन पाएनन् । यत्तिकै नौ महिना बित्यो । जेल सजाय पूरा गरेपछि घर जान पाइन्छ भन्नेमा ढुक्क थिए । किनभने जेल परेकाहरू सजाय सकिएपछि आआफ्नो घर लागेको उनले देखेका थिए । अदालतको फैसलाअनुसार उनले २०१८ फेब्रुअरी अन्त्यमा कैद पूरा गरे । भारतीय कानुनमा विदेशी नागरिकलाई सम्बन्धित देशको दूतावासलाई नै जिम्मा लगाउनुपर्ने व्यवस्था छ । जेल प्रशासनले भारतको विदेश मन्त्रालयलाई नेपाल सरकारसँग पत्राचार गर्न अनुरोध गर्‍यो । त्यसैअनुसार २६ जुन २०१८ मा विदेश मन्त्रालयले नयाँदिल्लीस्थित नेपाली दूतावासलाई थारूको राष्ट्रियता र ठेगाना प्रमाणीकरणका लागि पत्र पठायो ।

बाँकी पृष्ठ १६ ▶▶




# उपचाररत बाघको मृत्यु

**कान्तिपुर संवाददाता** (बर्दिया)

बर्दिया राष्ट्रिय निकुञ्जमा बिरामी परेको बाघको सोमबार उपचारकै क्रममा मृत्यु भएको छ । सुधार गृहमा राखेर उपचार भइरहेको बाघ मरेको निकुञ्जले जनाएको छ ।

आहारा अभावमा मानिसलाई नै आक्रमण गरेर ज्यान लिएको थियो । ठाकुरबाबा नगरपालिका-१ बर्दिया निकुञ्जको डुम्रेनी मन्दिर क्षेत्रबाट बाघलाई नियन्त्रणमा लिइएको थियो । सुंगुर, बंगुरलाई आहारा दिइरहेका स्थानीय ७० वर्षीय पहारिया थारूलाई बाघले आक्रमण गरेर मारेको थियो । नियन्त्रणमा लिएको बाघ निकै लामो समयदेखि भोको र बिरामी भएको निकुञ्जका कर्मचारीको अनुमान छ । बाघको फोक्सोमा गिर्खा भएको, दाँत भाँच्चिएको, जताततै घाउ भएपछि किरा लागेको र लामो समय भोकभोकै हुँदा मृत्यु भएको निकुञ्जका सहायक संरक्षण अधिकृत अशोककुमार भण्डारीले बताए । १० दिनअघि गेरुवा गाउँपालिका-४ मा घाँस काट्न सामुदायिक वनमा जाँदा स्थानीय रामकली शाहीको बाघको आक्रमण परी मृत्यु भएको थियो । उक्त बाघ अहिलेसम्म नियन्त्रणमा आएको छैन । नरभक्षी बाघ फेला नपरेपछि स्थानीय त्रासमा छन् । गेरुवा तटीय क्षेत्रका बासिन्दा दिउँसो वन नजिकबाट हिंड्न छाडेको स्थानीय लक्ष्मण थारूले बताए । बाघले सामान्यतः खाना नपाएर, मानिससँग जम्काभेट हुँदा, बच्चा (डमरु) लाई खतरा महसुस भएको अनुभव गरेमा आक्रमण गर्ने राष्ट्रिय प्रकृति संरक्षण कोषका संरक्षण अधिकृत श्याम थापाले बताए । आव ०५०/५१ मा निकुञ्जको बाघले ६ जनाको ज्यान लिएको थियो । निकुञ्ज प्रशासनले ६ जनाको ज्यान लिने नरभक्षी बाघलाई नियन्त्रणमा लिई ललितपुरको जाउलाखेलस्थित चिडियाखानामा पठाएको थियो । ०५३ सालमा सरकारले मध्यवर्ती क्षेत्र घोषणा गरेपछि हालसम्म ८ जनाको बाघ आक्रमणमा परी ज्यान गएको निकुञ्जले जनाएको छ । बर्दिया राष्ट्रिय निकुञ्जमा पछिल्लो गणनाअनुसार ८७ बाघ छन् । पूर्वपश्चिम राजमार्ग, साबिक शिवपुर, नेउलापुर, ठाकुरद्वारा, सूर्यपटुवा र गेरुवा गाविसको मध्यवर्ती क्षेत्रमा बाघले सर्वसाधारणमाथि आक्रमण गर्ने गरेको छ ।

**बाघले खाना नपाए, मानिससँग जम्काभेट भए र बच्चा (डमरु) लाई खतरा भएको महसुस गरेमा आक्रमण गर्छ**

बर्दिया राष्ट्रिय निकुञ्जबाट ६ महिनाअघि निस्केको एउटा बाघ गेरुवा गाउँपालिका-४ स्थित शान्तिपुर धकनिया खेतमा राखिएको विद्युतीय पासोमा परेर मारिएको थियो ।

बाघको संरक्षणका लागि बर्सेनि ठूलो धनराशि खर्च हुने गरेको निकुञ्जका सहायक संरक्षण अधिकृत भण्डारीले बताए । 'निकुञ्जको आधाभन्दा बढी बजेट बाघको आहारा, घाँसे मैदान, पानी पोखरी, वन्यजन्तु र मानवबीचको द्वन्द्व रोक्नमै खर्च हुन्छ,' उनले भने, 'यसरी करिब १८ करोड रुपैयाँ वन्यजन्तुको संरक्षणमा खर्च हुने गरेको छ ।'



दाङको घोराहीमा तीजको अवसरमा नाचगान गर्दै महिला । तस्बिर : दुर्गालाल केसी/कान्तिपुर

# संस्कृति जोगाउँदै स्थानीय तह

## मौलिक तीज भाका संरक्षण गर्न रामपुर नगरपालिकाद्वारा प्रथम उपप्रमुख तीज गीत प्रतियोगिता आयोजना

**कान्तिपुर संवाददाता** (पाल्पा)

तानसेन नगरपालिका-७ ले सिद्धार्थ राजमार्ग छेउ प्रवासमा सोमबार खुला तीज गीत प्रतियोगिता आयोजना गरेको छ । वडाले चाडपर्वका लागि छुट्याएको बजेटबाट कार्यक्रम आयोजना गरेको हो ।

संस्कृतिलाई लोप हुनबाट जोगाउने प्रयासस्वरूप कार्यक्रम आयोजना गरिएको वडाध्यक्ष मुक्तिराज जीसीले बताए । वडाले तीजका लागि भनेर २० हजार रुपैयाँ बजेट विनियोजन गरेको थियो । सिद्धार्थ राजमार्ग छेउ प्रवासमा सोमबार खुला तीज गीत प्रतियोगिता आयोजना गरेको छ । उसले रोपाइँ जात्राका लागि पनि त्यत्ति नै बजेट छुट्याएको छ । वंशगोपालको फागु, श्रीकृष्ण जन्माष्टमी र शिवरात्रिका लागि पनि बजेट विनियोजन गरिएको उनले बताए । संस्कृति हराउँदै गएकाले यसरी बजेट छुट्याउनु परेको वडाध्यक्ष मुक्तिराज जीसीले बताए । 'स्थानीय तहबाट सहयोग भएन भने संस्कृति बचाउन नै समस्या छ,' उनले भने, 'अहिलेको पुस्तालाई कुनै मतलब छैन ।'

तिनाउ गाउँपालिकाले यस वर्ष ६ वटै वडालाई २५ हजारका दरले तीजका लागि पैसा छुट्याएको हो । गाउँपालिका अध्यक्ष ओमबहादुर घर्तीका अनुसार गाउँपालिका स्तरीय महिला समन्वय समितिको आयोजनामा तीज गीत प्रतियोगिता गरेर उक्त रकम खर्च गरेका हुन् । कचलमा सात समूहले भाग लिए । दोभानमा नौ, झुम्सामा ६ समूहले भाग लिएका थिए । सत्यवतीमा सात, कोलडाँडामा आठ, मस्याममा नौ समूहले भाग लिएको उपाध्यक्ष दमयन्ती थापाले बताइन् । 'तीज संस्कृतिका लागि बजेट चाहियो भन्ने माग आयो,' प्रमुख प्रशासकीय अधिकृत ज्ञानुप्रसाद पनेरुले भने, 'कार्यपालिकाको बैठकबाट नै बजेट छुट्याइएको हो ।' तिनाउमा मात्र होइन, अन्य स्थानीय तहमा पनि टोल, वडा हुँदै गाउँपालिका स्तरीय प्रतियोगिता भएका छन् ।

मौलिक तीज भाका संरक्षण गर्न रामपुर नगरपालिकाले प्रथम उपप्रमुख तीज गीत प्रतियोगिता गर्‍यो । 'उपप्रमुखको ध्येय, विपन्नलाई आय, पीडितलाई न्याय' नारा नै तय गरेर प्रतियोगिता गरेको हो । प्रतियोगितामा नगरका ३१ संघसंस्था र महिला समूहले भाग लिएका थिए । मौलिक गीतको संरक्षणलाई प्राथमिकता दिएको उपाध्यक्ष विष्णुकुमारी आचार्य घिमिरेले बताइन् । 'वैदेशिक रोजगारीले परिवार र समाजमा पारेको प्रभावका विषयलाई गीत बनाए,' उनले भनिन्, 'समाजको विकास, परिवर्तन र समाजमा बढेको विकृतिलाई पनि गीतमार्फत पोखेका छन् ।' रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले महिलाको पर्वका रूपमा तीज भए पनि महिला र पुरुष मिलेर मनाउने गरेको बताए । 'मौलिक भाकाको संरक्षण र महिला दिदीबहिनीबीचको सम्बन्ध सुमधुर बनाउन यसले सहयोग गरेको छ,' उनले भने । मौलिक तीज भाका संरक्षण र रामपुर क्षेत्रलाई चिनाउन सफल कलाकार लक्ष्मी तिवारीलाई त्यस अवसरमा सम्मान गरिएको थियो । रैनादेवी छहराले पनि गाउँपालिका स्तरीय तीज गीत प्रतियोगिता गरेको छ । कला, संस्कृति र परम्पराको संरक्षण गर्न गाउँपालिकामा प्रतियोगिता राखिएको हो । 'कला र संस्कृति जोगाउन वडाबाट सहभागिता गराएर गत वर्ष पनि प्रतियोगिता आयोजना गरिएको थियो,' गाउँपालिका उपाध्यक्ष चेतकुमारी थापाले भनिन्, 'कला र संस्कृतिलाई बचाउन स्थानीय तह नै अग्रसर हुनुपर्ने देखिएको छ ।' प्रतियोगितामा आठ वडाका १३ समूह सहभागी थिए । सबैलाई सहभागी गराउन गाउँपालिकाले वडा स्तरीय तीज गीत प्रतियोगिता आयोजना गरेको अध्यक्ष रामबहादुर कार्कीले बताए । 'मौलिक गीतलाई प्राथमिकता दिएका छौं,' उनले भने, 'परम्परालाई भुल्न नदिन पनि यो सहयोगी बनेको छ ।' यसले मौलिक र पुराना तीज भाका संरक्षण गर्न सहयोग पुगेको प्रमुख प्रशासकीय प्रमुख ज्ञानुराम पन्थीले बताए ।

बगनासकाली गाउँपालिकाले पनि विभिन्न वडामा तीज विशेष कार्यक्रम गरेको छ । चिर्तुङधारा, नायरनमतलेसलगायतका वडाले पनि यस्तो कार्यक्रम गरेका छन् । गाउँपालिका अध्यक्ष कृष्णप्रसाद बस्यालले मौलिक तीज संस्कृति जोगाउनु पर्ने अवस्था आएको बताए । 'परम्परागत तीजभन्दा पनि आधुनिकताले बढी प्राथमिकता पाएको छ,' उनले भने, 'त्यसैले पनि परम्परागत संस्कृति संरक्षणमा सहयोग गरिएको हो ।' यहाँका अन्य स्थानीय तहले पनि तीज संस्कृतिका नाममा बजेट खर्च गरेका छन् । अधिकांश स्थानीय तहमा संस्कृति बचाउन विभिन्न प्रतियोगिता र प्रदर्शनी गरिएको हो ।

# १३ मुलुकका १/१ पर्यटक

**मनोज पौडेल** (लुम्बिनी)

स्वदेश र विदेशबाट शान्ति सन्देश र प्रेरणा लिन धेरै पर्यटक लुम्बिनी आउँछन् । बुद्ध धर्मावलम्बी र अनुयायी भने तीर्थाटनको लक्ष्य हुन्छ । शुभेच्छुक शान्ति र सद्भावको ऊर्जा लिन आउँछन् । यहाँ दिनहुँ सयौं व्यक्तिको आवागमन हुन्छ ।

वार्षिक १८ लाख हाराहारीमा यहाँ श्रद्धालु र पर्यटक आउने गरेको तथ्यांक छ । इसाई, मुस्लिम र द्वन्द्वग्रस्त १३ मुलुकबाट भने सन् २०१९ को अगस्टसम्म एक/एक जना पर्यटक मात्र यहाँ आएका छन् । लुम्बिनी विकास कोषका अनुसार अल्वानिया, अल्जेरिया, अन्डोरा, सोलोभेनिया, पराग्वे, माल्दोभा, लिबिया, लेबनान, साइप्रस, बोलिभिया, बहमास, बहराइन र ताजकिस्तानबाट एक/एक जना पर्यटक यहाँ आएका हुन् । यस वर्ष भारतसहित १ सय ६ मुलुकका पर्यटक यहाँ आएका थिए । बोलिभिया यहाँबाट १७ हजार ३२ किमि दूरीमा रहेको छ । त्यहाँ क्रिस्चियन धर्मावलम्बी बढी छन् । यी १३ मुलुकमध्ये सबैभन्दा नजिक बहराइन पर्छ । नेपालबाट ३ हजार ४ सय ३९ किमि दूरीमा पर्ने बहराइन आइल्यान्ड हो । मुस्लिम धर्म मान्नेको बाहुल्य छ । युरोपकै सबैभन्दा सानो राष्ट्र अन्डोराबाट एक पर्यटक लुम्बिनी आएका थिए । इसाई धर्म मान्नेको संख्या त्यहाँ ७७ हजार छ । १ सय ८० स्क्वायर माइल क्षेत्रफल रहेको उक्त मुलुक भूपरिवेष्टित हो । त्यस्तै नेपालबाट ४ हजार ७ सय २६ किमि पर रहेको लेबनानबाट पनि एक जना पर्यटक मात्र यहाँ आएका छन् ।

मुस्लिम बहुल लिबिया युद्धग्रस्त क्षेत्र हो । अल्वानिया पूर्वी युरोपमा पर्ने इस्लामिक मुलुक हो । उत्तर अफ्रिकामा पर्ने अल्जेरियामा ९९ प्रतिशत इस्लामिक धर्म मान्ने व्यक्तिको बसोबास छ । सोलोभेनिया इसाई धर्म मान्ने राष्ट्र हो । पराग्वे भूपरिवेष्टित मुलुक हो । त्यहाँ रोमन क्याथोलिकको बाहुल्य छ । माल्दोभा क्रिस्चियन मुलुक हो । युरोप, एसिया र मध्यपूर्वलाई छोएको क्रिस्चियन बहुल साइप्रसबाट पनि एक जना पर्यटक मात्र यहाँ आएका छन् । बहमास उत्तर अमेरिकामा पर्छ । त्यो क्रिस्चियन मुलुक हो । ताजकिस्तानमा ९८ प्रतिशत मुस्लिम धर्मावलम्बी छन् । यस वर्ष अन्डोरा, माल्दोभा, लिविया, साइप्रस र बहमासका पर्यटक नयाँ थपिएका हुन् । यी मुलुकबाट पहिलोपटक उनीहरू लुम्बिनी आएको कोषले जनाएको छ ।

**लुम्बिनी विकास कोषका अनुसार ८ महिनाको अवधिका अल्वानिया, अल्जेरिया, अन्डोरा, सोलोभेनिया, पराग्वे, माल्दोभा, लिबिया, लेबनान, साइप्रस, बोलिभिया, बहमास, बहराइन र ताजकिस्तानबाट थोरै पर्यटक आए**

'एक-एक जना भए पनि मुस्लिम र क्रिस्चियन बहुल देशबाट पर्यटक आउनु सकारात्मक पक्ष हो,' लुम्बिनी विकास कोषका सूचना अधिकृत हरिध्वज राईले भने, 'यसले शान्ति चाहनेको लुम्बिनी आकर्षण जताततै छ भन्ने देखिन्छ ।' त्यस्तै युद्धग्रस्त मुलुकबाट पनि पर्यटक आएका छन् । यसले पनि शान्तिको सन्देश फैलाउन थोरै भए पनि सहयोग गर्ने उनले बताए । 'जुन लुम्बिनीका लागि गौरवको कुरा हो,' उनले भने, 'यसबाट हामीले लाभ उठाउन सक्नु पर्छ ।' भगवान् बुद्ध धर्मभन्दा पनि शिक्षा, शान्ति र आस्थाको केन्द्र रहेको उनले सुनाए । इस्लाम धर्म मान्नेहरू जहाँतहीं खाँदैनन् । उनीहरूका लागि खानाको समस्या छ । त्यस कारण उनीहरूलाई मिल्ने खाना र खाजाको व्यवस्था गरेर मुस्लिमको पनि आस्था बढाउनु पर्ने लुम्बिनी क्षेत्रका प्रदेश सभा सदस्य फकरुद्दिन खानले बताए । 'लुम्बिनीलाई सबै धर्मावलम्बीको आस्था र महिमाको केन्द्र बनाउन सक्नु पर्छ,' उनले भने, 'तब मात्र बुद्धको शान्ति, करुणा र मैत्री शिक्षा संसारभरि फैलिनेछ ।'

**तीर्थयात्री बढ्दै**

सन् २०१९ मा लुम्बिनी भ्रमण गर्ने तीर्थयात्री र पर्यटक बढेका छन् । आठ महिनामा १ लाख १ हजार २ सय ६९ विदेशी पर्यटक लुम्बिनी आएका छन् । अघिल्लो वर्षको आठ महिनामा भन्दा ७ हजार ४ सय ६१ पर्यटक एवं तीर्थयात्री बढेका हुन् । सन् २०१८ को यही अवधिमा ९३ हजार ४ सय ८ विदेशी पर्यटक लुम्बिनी घुम्न आएका थिए । आठ महिनामा ७ लाख ९५ हजार ५ सय ८५ नेपाली, १ लाख १८ हजार ७ सय ५५ भारतीय र १ लाख १ हजार २ सय ६९ विदेशी पर्यटक गरी १० लाख १५ हजार ६ सय ९ पर्यटक एवं तीर्थयात्री लुम्बिनी घुम्न आएका थिए ।

उक्त अवधिमा सबैभन्दा बढी श्रीलंकाका ३१ हजार ७ सय ५५ जना आएका थिए । त्यसपछि थाइल्यान्डका १८ हजार ८५ र म्यानमारका १६ हजार ९ सय ७१ रहेका छन् । चीनका १२ हजार ८ सय ८ जना आएका थिए । दक्षिण कोरियाका ३ हजार ९ सय ३० र भियतनामका ३ हजार ३२ पर्यटक यहाँ आएका थिए । जर्मनीका १ हजार ८ सय ९० र ताइवानका १ हजार ३ सय ८६ जना आएका थिए ।

लुम्बिनी भ्रमण गर्ने पर्यटकको संख्या बढे पनि बसाइँ भने लम्बिन सकेको छैन । बसाइ लम्ब्याउने योजना आवश्यक छ । त्यसका लागि बुद्धको महिमा र आध्यात्मिक गरिमा बढाउने कार्यक्रम पनि राख्नुपर्छ ।

# काममै बित्यो प्रदेशमन्त्री र उपाध्यक्षको तीज

**कान्तिपुर संवाददाता** (बुटवल)

तीजको दिन सोमबार सर्वसाधारण महिला दिनभर नाचगान, पूजाआजा र रमाइलोमा व्यस्त रहे । यहाँका कार्यकारी तहका महिलाले भने तीजमा पनि काम गरेरै बिताए ।

प्रदेश ५ की भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री आरती पौडेल बिहानैदेखि मन्त्रालयका काममा सरिक भइन् र दिउँसो मन्त्रिपरिषद् बैठकमा सहभागी भइन् । 'हिजो नै तीजका दिन हजुरको समय मिल्ने भए मात्रै बैठक बसौं भनेर मुख्यमन्त्रीज्यूले सोध्नुभएको थियो,' उनले भनिन्, 'मेरो चाडपर्व र व्यक्तिगत रमाइलोभन्दा मन्त्रिपरिषद् बैठक महत्त्वपूर्ण लाग्यो । मैले नै मेरो कारण बैठक नसारौं भनें ।' निर्णायक तहमा भएपछि चाडबाड वा अन्य काममा अल्झन नहुने उनको तर्क छ । मन्त्री नभएका बेला आफूलाई पनि तीज निकै लाग्ने उनले सुनाइन् ।

घरपरिवारमा सीमित महिला पछिल्लो समय घरबाहिरका काममा संलग्न हुन थालेका छन् । १० देखि ५ बजेसम्म ड्युटी गर्ने कर्मचारी मात्रै होइन, नीति निर्माण गर्ने र निर्णायक भूमिकामा रहेका नेता महिलाका लागि चाडपर्वभन्दा ठूलो आफ्नो जिम्मेवारी बनेको छ । बुटवल उपमहानगरपालिकाकी उपप्रमुख गुमादेवी आचार्य पनि तीजको दिन नियमित काममै जुटिन् । न्यायिक समितिमा थुप्रिएका धेरै गुनासामध्ये चारवटा उजुरीलाई उनले सोमबार मसिनो गरी केलाइन् । त्यसपछि छलफलका एजेन्डा बनाइन् । योजना कार्यान्वयन र अनुगमनका फाइलका चाङ थिए । तिनको अध्ययन गरिन् । 'काम, कर्तव्य र भूमिका जिम्मेवारीअनुसार हुँदोरहेछ,' उनले भनिन्, 'तीजको दिन समय निकालेर कार्यालयमै खटिएर जिम्मेवारीअनुसारको काम गरेँ ।'

प्रदेश उपसभामुख कृष्णी थारू आइतबार अट्वारी अर्थात् थारू महिलाको तीज मनाउने औपचारिक कार्यक्रममा बर्दिया पुगिन् । सोमबार फर्केर प्रदेशसभाको काम सम्हालिन् । प्रदेशसभाको बैठक नभएकाले कार्यकारी काम गर्नुपरेन ।

तीजलगत्तै सांसद महिलाको सशक्तीकरणका लागि कार्यक्रम गर्ने योजना छ । 'त्यसलाई कसरी अगाडि बढाउने भनेर एक दर्जन बढी महिला सांसदसित सुझाव मागेँ,' उनले भनिन्, 'तीजको दिन काममै बिताएँ तर पनि थकथकी लागेन ।'


**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**


शैक्षिक शत्र २०७६/०७७ का लागी CTEVT बाट सम्बन्धन प्राप्त नेपालगञ्ज बाँकेमा तपशीलका कलेजहरुमा केही सीट खाली रहेकोले अन्य कलेजबाट CTEVT ले शैक्षिक शत्र २०७६/०७७ को लागी लिइएको प्रवेश परिक्षामा पास लिस्टमा परेका र आफ्नो कलेजमा भर्ना नपाएका विद्यीहिरुलाई सात दिन भित्र भर्नाको लागी तुरुन्त सम्पर्क गर्न यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपशील**

| क्र. सं. | कलेजको नाम | कार्यक्रम | वर्ष | सिट संख्या | सर्म्पक नम्बर |
|---|---|---|---|---|---|
| १ | कलेज अफ अलाईड, नेपालगञ्ज, बाँके | ल्याब टेक्निसियन | ३ वर्षे | केही | ०८१-५२७५४६, ०८१-५२८२६०, ९८४८०९१०३७ |
| | | सिभिल इन्जिनियरिङ्ग | ३ वर्षे | | |
| | | ल्याब असिस्टेन्ट | १८ महिने | | |
| | | सिभिल सब ओभरसियर | १८ महिने | | |
| २ | कलेज अफ अप्थाल्मिक हेल्थ साईन्स, नेपालगञ्ज, बाँके | अप्थाल्मिक असिस्टेन्ट (OA) | ३ वर्षे | केही | ०८१-५२७५४६, ५२८२६०, ९८४८०९१०३७ |
| ३ | कैलपाल हस्पिटल एण्ड कलेज, नेपालगञ्ज, बाँके | रेडियोग्राफी | ३ वर्षे | केही | ०८१-५२१०१७, ९८४८०३३६८४ ९८५८०२४६४८ |
| | | ल्याब टेक्निसियन | ३ वर्षे | | |
| | | Tslc in Computer Engineering | १८ महिने | | |
















## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | यात्रा हुने | तुला | भाग्य वृद्धि |
| वृष | शत्रु वृद्धि | वृश्चिक | केही लाभ |
| मिथुन | विद्यामा सफलता | धनु | यात्रामा सफल |
| कर्कट | आलस्यता | मकर | आलश्यता |
| सिंह | पराक्रम बढ्ने | कुम्भ | पुण्य आर्जन |
| कन्या | धन आर्जन | मीन | अस्वस्थता |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल भाद्र १८ गते बुधबार तदनुरुप ४ सेप्टेम्बर २०१९ भाद शुक्लपक्ष षष्ठि तिथी रात्रिको ०३:२४ बजेसम्म उप्रान्त सप्तमी तिथी, स्वाती नक्षत्र प्रात: ११:१२ बजेसम्म उप्रान्त विशाखा नक्षत्र, ब्रम्हा योग प्रात: ०५:४९ बजेसम्म उप्रान्त ऐन्द्र योग, कौलब करण दिनको ०४:१० बजेसम्म उप्रान्त तैतिल करण, तुला राशिमा चन्द्रमा रात्रिको ०४:३५ बजेसम्म उप्रान्त वृश्चिक राशिमा । ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | | | |
|---|---|---|---|
| ५:०० | भक्तिसुर | ४:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) |
| ५:३० | आध्यात्मिक सन्देश | ५:०० | कल कान्तिपुर रिलोडेड |
| ६:०० | जीवन विज्ञान | ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | मार्गदर्शन (लाइभ) | ६:३० | मनी टक्स (रिपिट) |
| ७:०० | कान्तिपुर समाचार | ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल | ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:३० | कान्तिपुर न्युज | ८:०० | कान्तिपुर समाचार |
| ९:०० | फायरसाइड (रिपिट) | ९:०० | सरोकार |
| १०:०० | कान्तिपुर समाचार | १०:०० | मनी टक्स (रिपिट) |
| १०:३० | सुमनसाग (रिपिट) | १०:३० | कान्तिपुर न्युज |
| ११:०० | कान्तिपुर न्यूज | ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) | ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कान्तिपुर समाचार | १२:०० | कल कान्तिपुर रिपीटेड |
| १२:३० | मंगलम (लाइभ) | १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | बलियो घर (रिपिट) | १:३० | मनी टक्स (रिपिट) |
| २:०० | कान्तिपुर समाचार | २:०० | कान्तिपुर समाचार (रिपीट १) |
| २:३० | यू एण्ड आई (रिपिट) | २:३० | मार्गदर्शन (रिपिट) |
| ३:०० | फायरसाइड (रिपिट) | ३:०० | मंगलम (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार | ४:०० | सरोकार (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | | | |
|---|---|---|---|
| ०५:०० | भक्ति अनुष्ठान (अच्युत) | १५:१५ | नेपालय (रश्मिला) |
| ०६:३० | कान्तिपुर डायरी | १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| ०७:०० | द हेडलाइनर्स | १६:०५ | कान्तिपुर मञ्च (महेश) |
| ७:३० | कानुनी बहस र परामर्श (कमला) | १७:०० | डिस्ट्रिक्ट डायरी |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी | १७:०५ | हेल्थ हटलाइन (कमला) |
| ०८:०५ | द गुडमर्निङ शो | १८:०० | पुनर्निर्माण |
| ०८:३० | ओल्ड इज गोल्ड | १८:३० | कान्तिपुर डायरी |
| ०९:०० | कान्तिपुर डायरी | १९:०० | कनेक्ट (प्रियंका) |
| ०९:१० | ट्राफिक अपडेट | २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| ०९:१५ | राष्ट्रिय गीत | २०:०५ | लाउड (रेमन) |
| ०९:२० | मेरो जब करिअर कनेक्ट (एलिसा) | २१:०० | कान्तिपुर डायरी |
| १०:०० | स्पोर्टस् डायरी | २१:२५ | न्युज मेकर अफ द डे |
| १०:०५ | गृह श्रृंगार (सृजना देवकोटा) | २१:३० | इन्द्रेनी |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी | २२:०० | कालजयी गीत संगीत (भूपेन्द्र) |
| १२:०० | कान्तिपुर डायरी | २३:०० | पुराना हिन्दी गीतहरु (दृष्टि अर्याल) |
| १२:१० | फिल्मी परेड (दीपकराज गिरी) | ००:०० | फिल्मी परेड (रिपिट) |
| १३:०० | डिस्ट्रिक्ट डायरी | ०१:०० | कालजयी गीत संगीत (रिपिट) |
| १३:०५ | के छ नेपाल (दिपाञ्जली) | ०२:०० | नेपाली गीतहरु लगातार |
| १४:०० | इन्टरनेसनल डायरी | ०३:०० | हिन्दी गीतहरु लगातार |
| १४:०५ | के छ नेपाल (दिपाञ्जली) | ०४:०० | भजनहरु लगातार |
| १५:०० | कान्तिपुर डायरी | | |

## अस्पताल र विविध

| | |
|---|---|
| लुम्बिनी अञ्चल अस्पताल बुटवल | ०७१५४०२०० |
| बुद्ध सामुदायीक मुटु अस्पताल | ०७१५४६१९७ |
| महिला तथा बाल अस्पताल-आम्दा | ०७१५४४४५० |
| युनिभर्सल कलेज अफ मेडिकल सायन्सेस भैरहवा | ०७१५०६०३० |
| भीम अस्पताल भैरहवा | ०७१५२०१२३ |
| पृथ्वी चन्द्र अस्पताल परासी | ०७८५२०१८८ |
| अर्घाखाची जिल्ला अस्पताल | ०७७४२०२५७ |
| गुल्मी जिल्ला अस्पताल | ०७९५२०१८८ |
| कपिलवस्तु जिल्ला अस्पताल | ०७६५६०२०० |
| रेडक्रस एम्बुलेन्स भैरहवा | ०७१-५२०२६३, ९७४७०२११०४ |
| रेडक्रस, रक्त संचार भैरहवा | ०७१-५२०२६३, ९८६७३२६४५७ |
| रेडक्रस, रक्त संचार, बुटवल | ०७१-५४१००४ |
| संयुक्त एम्बुलेन्स चालक संघ बुटवल | ९८५७०२३०९९ |
| भीम अस्पतल भैरहवा | ०७१-५२०१२३ |
| युनिभर्सल शिक्षण अस्पताल भैरहवा | ०७१-५०६०९२, ५०६०५२ |
| जिल्ला ट्राफिक प्रहरी कार्यालय | ०७१-५२२८७५, ९८५७०९०३९० |
| इलाका प्रहरी कार्यालय बेलहिया | ०७१-४१८००४ |
| अध्यागमन कार्यालय बेलहिया | ०७१-४१८०२० |
| गौतम बुद्ध विमानस्थल कार्यालय | ०७१-५०७०८६ |
| दमकल सिद्धार्थनगर नगरपालिका | ०७१-५२०२१५ |
| दमकल बुटवल उपमहानगरपालिका | ०७१-५४०१११ |
| माईती नेपाल क्षेत्रिय कार्यालय भैरहवा | ०७१-५२३५३४ |
| जिल्ला प्रशासन कार्यालय | ५६०१३३ |
| जिल्ला प्रहरी कार्यालय | ५६०१९९ |
| राप्ती उपक्षेत्रीय अस्पताल घोराही | ५६२३६५ |
| राप्ती अञ्चल अस्पताल तुलसीपुर | ५२००११ |
| लमही अस्पताल | ५४००११ |
| राप्ती आँखा अस्पताल तुलसीपुर | ५२०१६५ |
| आँखा अस्पताल लमही | ४१७००८ |
| घोराही उपमहानगरपालिका | ५६०७०० |
| तुलसीपुर उपमहानगरपालिका | ५२०२३३ |
| लमही नगरपालिका | ५४००५० |
| उच्च अदालत तुलसीपुर | ५२००२४ |
| जिल्ला अदालत | ५६०२४५ |
| राप्ती प्राबिधिक शिक्षालय लालमटिया | ४१३००१ |
| एम्बुलेन्स सञ्जिवनी विकास केन्द्र तुलसीपुर | ९८५७८२३१२३ |
| एम्बुलेन्स परिवार नियोजन संघ घोराही | ५६००२३/९८४७८६२३५८ |
| दमकल घोराही | ५६०४९९ |
| दमकल तुलसीपुर | ५२०३०५ |
| रेडक्रश सोसाइटी घोराही ब्लड बैंक | ५६१४६० |
| रेडक्रश सोसाइटी तुलसीपुर ब्लड बैंक | ५२३१४० |
| घोराही बसपार्क | ५६०४१५ |
| तुलसीपुर बसपार्क | ५२०५७४ |
| लमही बसपार्क | ५४००४० |
| जिल्ला प्रहरी कार्यालय बाँके | ५२०२११/५२२७४८/१०० |
| ईलाका प्रहरी कार्यालय कोहलपुर | ५४०४२०/५४०११३ |
| वडा प्रहरी कार्यालय नेपालगन्ज | ५२०२९९ |
| क्षेत्रीय ट्राफिक कार्यालय नेपालगन्ज | ५४०००३/ १०३ |
| जिल्ला ट्राफिक कार्यालय नेपालगन्ज | ५२०८५३ |
| नेपाल रेडक्रस सोसाईटी | ५२०१०४ |
| एम्बुलेन्स/ब्लड बैंक नेपालगन्ज | ५२०१७४ |
| दमकल नेपालगन्ज | ५२०१११ |
| दमकल कोहलपुर | ९८६८११४९६० |
| भेरी अन्चल अस्पताल नेपालगन्ज | ५२०१२० |
| नेपालगन्ज मेडिकल कलेज | ५२२४५८ |
| कोहलपुर मेडिकल | ५४०४०८ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६११९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

# गाउँमै बग्छ ठूलीभेरी

■ हरि गौतम (रुकुम पश्चिम)

७८ वर्षीया नौरती बोहराका आँखा दुई सातायता ओभाएका छैनन् । आठबीसकोट नगरपालिका ६, मन्काबगरकी बोहरा हरेक दिन ठूलीभेरी नदी छेउमा टुक्रुक्क बसेर टोलाउँछिन् ।

घर र बारी कहाँनेर थियो भनेर पनि छुट्याउन नसकिने गरी ठूलीभेरी उर्लिरहेको छ । बिहीबार दिउँसो त्यहीं भेटिएकी नौरतीले भनिन्, 'बुढेसकालमा दैव लाग्यो, बस्ने घर, खाने अन्न, अन्न फल्ने जग्गा हेर्दाहेर्दै बग्यो । अब मेरो घरजग्गा उस्तै हालतमा कहिले देखुँला '

साउन २९ गते ठूलीभेरीमा आएको बाढीले नौरतीसहित उनका ४ छोराका परिवारलाई पनि बिचल्ली बनाएको छ । जेठा छोरा वीरबहादुर, माइला छोरा गोर्खबहादुरको घरजग्गा बग्यो भने साइँला छोरा नन्दबहादुर र कान्छा छोरा टेकबहादुर बोहराको जग्गा ठूलीभेरीले बगाइदिएको छ । कालीबहादुर बोहरा ७ जनाको परिवारसहित कालिका आधारभूत विद्यालयको एउटा कोठामा बसेका छन् । बाढी बढ्दै जाँदा घरको अवस्था हेर्ने क्रममा आफैं उभिएको जमिन कटानसँगै घरै बग्यो । 'मैले हेर्नबाहेक केही गर्न सकिनँ,' उनले भने, 'हेर्दाहेर्दै घर, घरभित्रको सम्पत्ति र पाकिसकेका मकै तथा पसाउँदै गरेका धानसहितको खेत बग्यो ।'

**बाढीपछि मन्काबगरका १२ परिवार आफन्तको घर र विद्यालयमा बसिरहेका छन्, घर र बारी रहेका ठाउँमा नदी बगिरहेको छ ।**

साउन २८ र २९ गतेको बाढीले भीमबहादुर थापा, जुनबहादुर बोहरा, पत्तरे बोहरा, दीपक बोहरा, यज्ञबहादुर बोहरा, धर्मे बोहरा, नन्दराम बोहरा, कमल बोहरा र विष्णुकुमारी बोहराको समेत घरसहितको जग्गा बग्यो । गाउँमा अहिले ठूलीभेरी बगिरहेको छ । 'हेर्दाहेर्दै गाउँ बग्यो, गाउँले सबै अप्ठ्यारोमा छन्,' वडा सदस्य नैनकुमारी बोहराले भनिन्, 'केही व्यवस्थापन गरिए पनि उनीहरूका लागि पर्याप्त छैन ।'

सम्भावित खतरा देखेर आठबीसकोट नगरपालिकाले तारजाली पनि लगाएको थियो । त्यो पर्याप्त नहुँदा १२ परिवारको घर, खेतबारी बगे भने अरू ४५ घर र एउटा विद्यालय जोखिममा छन् ।

विस्थापित भएका अधिकांश परिवार आफन्तको घरमा बसेका छन् । तत्कालका लागि नगरपालिकाले ५/५ हजार रुपैयाँ राहत दिएको छ । घर बगेका परिवारलाई जिल्ला प्रशासन कार्यालयले ५०/५० हजार रुपैयाँ दिने तयारी गरेको छ । नगरप्रमुख गोर्खबहादुर केसीले मन्काबगरसहित नगरका अन्य ठाउँमा पनि ठूलो क्षति भएको बताए । उनले क्षतिपूर्तिका लागि प्रदेश र संघीय सरकारसँग पहल भइरहेको बताए ।

आगामी मंसिरदेखि नदीले कटान गरेको ठाउँको व्यवस्थापन गरिने उनको भनाइ छ । प्रदेशसभा सदस्य गोपाल शर्माले तत्काल राहतका लागि प्रदेश सरकारले प्रतिपरिवार २० हजार रुपैयाँ सहयोग गर्न लागेको बताए ।

बाढीपीडित भन्छन्-

# सरकार पीडा मात्र सुन्छ, सुनुवाइ गर्दैन !

दाताले दिएका त्रिपाल चुहिंदा वर्षायाम कटाउन पनि मुस्किल छ । मजदुरी नगरे उनीहरूको चुलोमा बिहानबेलुकी आगो बल्दैन । २०७१ साउन अन्तिम साता आएको बाढीपहिरोमा १ सय १५ जनाको मृत्यु भयो ।

■ ज्योति कटुवाल (वीरेन्द्रनगर, सुर्खेत)



कर्णाली प्रदेश सभा सदस्यलाई पीडा सुनाउँदै वीरेन्द्रनगरस्थित महिला प्रशिक्षण केन्द्रका बाढीपीडित । तस्बिर: ज्योति कटुवाल/कान्तिपुर

रत्न राजमार्गको मसिनास्थित सडकछेउमा सानो झुपडी । झुपडी नजिकै सालिक र चिहान । देउरुपा कामीको नजर दैनिक एकपल्ट सालिक र चिहानमाथि पर्छ । ५ वर्षअघि बाढीले घरबारसहित छोरालाई बगाएपछि उनी सडकको सहारामा पुगेकी हुन् । 'बाढीले झुपडीमै पुऱ्याए पनि छोराको सम्झना आइरहन्छ,' शुक्रबार उनले भनिन्, 'त्यही भएर मन बुझाउन छोराको सालिक बनाएकी हुँ ।' देउरुपाको जीवनमा मानसिकभन्दा भौतिक पीडा बढी छ । उनी बस्ने त्रिपाल चुहिन्छ ।

पानी पऱ्यो कि परिवारका सदस्य भाँडा थापेर रातभर जाग्राम बस्नुपर्छ । ११ जनाको परिवारसहित त्रिपालमै बस्दै आएकी दुर्गा सुनारको अवस्था अझ दयनीय छ । सामान्य पानी पर्दासमेत त्रिपालभित्र लत्ताकपडा जोगाउन मुस्किल हुन्छ । गिट्टी नकुटेको दिन उनको चुलो बल्दैन । ५ वर्ष अवधिमा देउरुपा र दुर्गाको यस्तो पीडादायी दैनिकी हेर्न दर्जनौं मान्छे र सरकारका प्रतिनिधि आए । उनीहरू पीडा सुन्छन्, हेर्छन् र फर्किन्छन् तर पीडाको सुनुवाइ हुँदैन ।

बाढीपीडित भने सरकारी बेवास्ताका कारण वर्षौंदेखि सास्ती भोग्न बाध्य छन् ।दाताले दिएका त्रिपाल चुहिंदा वर्षायाम कटाउन पनि मुस्किल छ । दिनभर मजदुरी नगरे उनीहरूको चुलोमा बिहानबेलुकी आगो बल्दैन । २०७१ साउन अन्तिम साता आएको बाढीपहिरोमा १ सय १५ जनाको मृत्यु भयो ।

करिब २ हजार २ सय परिवार विस्थापित बने । 'पालको बसाइँले छोराले बिरामी भएर ज्यान गुमायो,' देउरुपाले भनिन्, 'सरकार फेरिए, हाम्रा पाल भने अझैसम्म फेरिएनन् ।' भेरी किनारामा गिट्टी कुटै आए पनि बिक्री नहुँदा थप सास्ती भएको उनले बताइन् । शिविरमा दैनिकजसो बालबालिका र वृद्ध बिरामी भइरहन्छन् ।

सर्प र जंगली जनावरको त्रास उस्तै छ । शिविरमै सुत्केरी हुँदा आमा र शिशुको स्याहारसुसारको समस्या पनि छ । 'न खानपिनको राम्रो व्यवस्था छ, न बासस्थानको,' महिला प्रशिक्षण केन्द्रमा बसिरहेकी रुपा सिंहले भनिन्, 'सरकारले हाम्रो सास्ती कहिल्यै बुझेन ।'बाढीपीडितको आवास निर्माणका लागि प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले गत वर्ष १४ करोड २० लाख रुपैयाँ विनियोजन गऱ्यो । तर १० जिल्लाका स्थानीय तहले अहिलेसम्म कति रकम खर्च भयो र कति रकम बच्यो भन्नेबारे जानकारी पठाएका छैनन् । पुरानो रकम कति बाँकी छ भन्ने यकिन नगरी मन्त्रालयले यस वर्ष ५ करोड ९० लाख रुपैयाँ विनियोजन गरेको छ ।

बाढीपहिरोबाट विस्थापित १ हजार ४५ घरपरिवार सुर्खेतका गिरीघाट, महिला प्रशिक्षण केन्द्र, पाँडुलेलगायत स्थानमा बसिरहेका छन् । २०७१ साउनमा गिरीघाटमा आएको बाढीले घरबार बगाएपछि शेरबहादुर कामी वीरेन्द्रनगरस्थित महिला प्रशिक्षण केन्द्रमा आ श्रय लिई बस्न थालेको ५ वर्ष पुग्यो । 'अब त सरकारको आस लाग्न छोडिसक्यो,' उनले भने, 'सुरुमा आउँदा सरकारी प्रतिनिधि र नेताले यो वर्ष जसरी पनि पुनःस्थापना गर्छौं भन्छन्, फेरि फर्केर कहिल्यै आउँदैनन् ।'

आफ्नो समस्या सुनाउँदा सुनाउँदा आजित भइसकेको उनले बताए ।मन्त्रालयको विपद् व्यवस्थापन शाखाका अनुसार गत वर्ष वीरेन्द्रनगरमा करिब ३ करोड ८१ लाख रुपैयाँ खर्च भएको छ । अन्य स्थानीय तहले विवरण नपठाएको शाखाका नायब सुब्बा खड्ग विकको भनाइ छ । मन्त्रालयले प्रभावित घरपरिवारमध्ये जग्गा भएकालाई मात्रै घर बनाउन प्रतिपरिवार १ लाख ५० हजार रुपैयाँ पहिलो किस्ताको रकम दिएको हो । वीरेन्द्रनगरका १ सय ९९, पञ्चपुरीका १६, बराहतालका २९, लेकबेंसीका १२ र गुर्भाकोटका ३२ बाढीपीडित परिवारले रकम लिएको उनले जनाए । जग्गा र घर निर्माण तथा पुनर्वास रोजेका बाढी प्रभावितका हकमा भने प्रदेश सरकारले कुनै निर्णय गरेको छैन ।

बाढीपीडितका हितमा कार्यरत कर्णाली फाउन्डेसनका अनुसार सुर्खेतमा १ हजार ४५ परिवार अस्थायी शिविरमा बस्दै आएका छन् । त्यसमध्ये ५ सय १४ परिवारले घर, २ सय २९ जनाले जग्गासहितको घर र २ सय ३९ परिवारले पुनःस्थापना माग गरेका फाउन्डेसन अध्यक्ष नारायण भट्टराईले बताए । ऐलानी जग्गामा भए पनि पीडितका लागि घरबासको व्यवस्था मिलाउन जरुरी रहेको भेरीगंगा नगरपालिका उपप्रमुख रेणु आचार्यले बताइन् ।




रंगमञ्चमा 'गुम्फन'
साइबर संसारमा एक्लिँदाको पीडा । १०



विश्वकप छनोट
अनुभवी रोमियोविरुद्ध कालिन । १८



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com
कान्तिपुर
सातै प्रदेशबाट एकैसाथ प्रकाशित
वर्ष २७ अंक १९७ सुर्खेत | १७ भदौ २०७६ मंगलबार भाद्र शुक्लपक्ष चतुर्थी | नेपाल संवत् ११३९ | कर्णाली प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, September 3, 2019 | पृष्ठ १२+६ | १० रुपैयाँ

# मिडिया काउन्सिल विधेयकमा अपुरो संशोधन

■ **राजेश मिश्र** (काठमाडौं)

संसद्मा दर्ता गरिएको मिडिया काउन्सिल विधेयकका केही विवादास्पद प्रावधान संशोधन गर्न सत्तारूढ र विपक्षी दुवैतर्फका सांसद सहमत भए पनि यसको गठन प्रक्रियामा उनीहरूको मत बाझेको छ । विधेयकमाथि नेकपाका १५ सांसदले संयुक्त रूपमा हालेको संशोधन प्रस्तावमा काउन्सिल पदाधिकारी नियुक्तिमा सरकार हावी रहने प्रावधान यथावत् छ ।

विधेयकमा सञ्चार मन्त्रालयका सचिव नेतृत्वको समितिको सिफारिसमा सरकारले काउन्सिलको अध्यक्ष र पदेनबाहेकका सदस्य नियुक्ति गर्ने प्रावधान छ । पत्रकार महासंघसहित विभिन्न संघसंस्थाले उक्त प्रावधानको विरोध गर्दै आएका छन् । महासंघले काउन्सिलका अध्यक्ष र सदस्य नियुक्तिको सिफारिस राष्ट्रिय सभा अध्यक्ष नेतृत्वको समितिबाट हुनुपर्ने भन्दै आएको छ ।

काउन्सिलको स्वायत्तताका लागि काउन्सिल सरकारप्रति नभई संसद्प्रति जिम्मेवार रहने गरी विधेयकमा संशोधन गर्नुपर्ने महासंघको माग छ । काउन्सिलले आफ्नो प्रतिवेदन सरकारलाई नभई संसद्को समितिलाई बुझाउनुपर्ने प्रावधान राख्न पनि महासंघले जोड दिएको छ । आचारसंहिता उल्लंघन गर्नेलाई २५ हजारदेखि १० लाख रुपैयाँसम्म जरिवाना र मनासिव क्षतिपूर्तिको प्रावधानलाई हटाइनुपर्ने महासंघको मागमा भने सत्ता र प्रतिपक्ष दुवै सहमत देखिएका छन् । नेकपाका सांसदले हालेको संशोधनमा जरिवाना हटाएर मध्यस्थता गरी मेलमिलाप गराइदिने उल्लेख छ ।

बाँकी पृष्ठ १६ ▶▶



काठमाडौंको वसन्तपुरमा सोमबार नाचगान गरेर तीज मनाउँदै महिला । *तस्बिर : केशव थापा/कान्तिपुर*

२५ वर्षअघिको प्रतिवेदन

# खोजिएन १८०० रोपनी

■ **दीपेन्द्र विष्ट** (काठमाडौं)

सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवं संरक्षणसम्बन्धी उच्चस्तरीय आयोगले २५ वर्षअघि विभिन्न व्यक्तिद्वारा अतिक्रमित भनी औंल्याएको १८ सय रोपनी सरकारी जग्गा अझैसम्म सरकारले खोजेको छैन ।

सरकारी र सार्वजनिक जग्गा अतिक्रमण भएको गुनासो बढेपछि ०४९ पुस १६ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पूर्वभूमिसुधार सचिव रामबहादुर रावलको अध्यक्षतामा तीन सदस्यीय आयोग गठन गरेका थिए । आयोगले दुई वर्ष लगाएर १३ सय पृष्ठ लामो प्रतिवेदन सरकारलाई बुझाएको थियो । जसमा काठमाडौं उपत्यकामा मात्र विभिन्न ओहदामा बसेका व्यक्तिले नदी, पोखरी, ढुंगेधारा, मन्दिर, खुलाचौर, सामाजिक संघसंस्थाको जग्गा, कुलो, चिहान, विभिन्न नदीको उकास भएको जग्गा, सरकारी वनलगायतको गरी करिब १८ सय रोपनी जग्गा अतिक्रमण भएको उल्लेख छ ।

प्रतिवेदन हालसम्म सार्वजनिक गरिएको छैन । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा उक्त प्रतिवेदन थन्क्याइएको छ । उक्त प्रतिवेदन अध्ययन गर्नसमेत पाइँदैन । 'ठूलाबडाले जग्गा अतिक्रमण गरेको प्रतिवेदनमा छ,' मन्त्रालयका एक उच्च अधिकारीले भने, 'त्यसकारण त्यो सार्वजनिक भएन, लागू गर्न पनि कठिन छ । विभिन्न स्वार्थ समूहले यसलाई सार्वजनिक गर्न दिएनन् ।'

> रावल आयोगको प्रतिवेदनमा शक्तिशाली व्यक्ति मुछिएकाले हालसम्म सार्वजनिक नभएको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका अधिकारी बताउँछन्


सूक्ष्म ढंगले अध्ययन गरिएको भन्दै उनले आयोगले समाधान पनि सजिलो तरिकाले दिएको बताए । 'अहिले पनि निःस्वार्थ हिसाबले त्यसलाई कार्यान्वयन गर्ने हो भने लागू गर्न सकिन्छ,' ती अधिकारीले भने, 'लागू गर्न न सरकारले साहस गर्छ, न स्वार्थ समूहहरूले लागू गर्न दिन्छन् ।' एक आनादेखि रोपनीसम्म सरकारी जग्गा अतिक्रमण गर्नेको संख्या साढे चार हजारभन्दा बढी रहेको ती अधिकारीले बताए । आयोगले महानगरपालिकाका प्रत्येक वडामा गएर अध्ययन गरेको प्रतिवेदनमा उल्लेख छ ।

ठमेलस्थित सरस्वती क्याम्पसको पश्चिमतर्फ घ्याम्पे मन्दिर क्षेत्रको कित्ता नम्बर ३०५ को करिब ३ रोपनी जग्गा मिचिएको देखिन्छ । उक्त जग्गा ३ जनाले घरटहरा बनाई चर्चेका छन् । मन्दिरकै करिब १ रोपनीभन्दा बढी जग्गा सिद्धिगणेश माविले चर्चेको प्रतिवेदनमा छ । बालाजुस्थित विद्युत् प्राधिकरणको ३ रोपनी ३ आना २ पैसा १ दाम जग्गा २७ जनाले मिलेमतोमा मिचेका छन् । सोह्रखुट्टेनजिकको पाटीको करिब एक रोपनी जग्गामा ६ जनाले घर-पसल राखेको प्रतिवेदनमा छ ।

साथै, पाटीलाई नयाँ स्वरूप दिएर निर्माण गरिएको उल्लेख छ । कलंकी, बल्खु, कालिमाटी, खड्का गाउँ, चक्रपथ र कुलेश्वर क्षेत्रमा पनि व्यापक रूपमा जग्गा मिचिएको छ । कलंकीको कित्ता नम्बर ८३ को खोलाको १ रोपनीभन्दा बढी र कित्ता नम्बर १०२ को कुलोको ७ रोपनीभन्दा बढीमा इँटाभट्टा स्थापना गरेको पाइएको छ ।

बाँकी पृष्ठ १६ ▶▶

# अनाहकमा अढाई वर्ष जेल



राज्यको बेवास्ताले बिनाकारण पन्जाबको जेलमा बस्न बाध्य एक नेपाली युवाको दुर्दान्त कथा

◀ **भारतको अमृतसरस्थित केन्द्रीय जेल जहाँ डिल्लीराम थारू (इन्सेटमा) अढाई वर्षदेखि छन् ।**
*तस्बिर : सुरेशराज/कान्तिपुर*

■ **सुरेशराज न्यौपाने** (अमृतसर)

दुब्लाएर सिट्ठो भएको ज्यान । महिनौं नकाटिएको दाह्रीकपाल । नाम : डिल्लीराम थारू (दिलु) । उमेर : २८ वर्ष । ठेगाना : पिपरा गाउँ, वाणगंगा नगरपालिका, कपिलवस्तु, नेपाल ।

तर करिब अढाई वर्षयता उनको ठेगाना फेरिएको छ- भारत, पन्जाब राज्यको अमृतसरस्थित केन्द्रीय जेल । नाम पनि परिवर्तन भएको छ- डिलराम तरु ।

निमुखा र आवाजविहीनहरूप्रति राज्यले गर्ने उपेक्षा तथा बेवास्ताको सिकार भएकाहरूका प्रतिनिधि पात्र हुन्, उनी । सरकारको जिम्मेवार निकायको गैरजिम्मेवारीपनका कारण नागरिकले कुन हदसम्म दुःख पाउन सक्छन् भन्ने कुराको उदाहरणसमेत हुन् उनी । कान्तिपुरले अमृतसर जेलमा गएर भेटेपछि उनले आफ्नो कथा-व्यथा सुनाए ।

**यसरी परे उनी जेल**

करिब साढे दुई वर्षअघिको कुरा हो । घरमा हातमुख जोर्न मुस्किल थियो । सम्पत्तिका नाममा एउटा सानो घर र त्यसले चर्चेको जग्गा मात्र । अरू दुई दाजु छुट्टिभिन्न भइसकेका थिए । आमा, श्रीमती, दुई छोरी र बूढी हजुरआमाको जिम्मेवारी डिल्लीकै काँधमा थियो । बुबा २०५८ सालमै बितेका थिए । दाजुहरू धनीराम र मणिराम आआफ्नो इलम गर्थे । बेग्लै बस्थे । आमा र श्रीमती दुवै मजदुरी गर्थे । त्यसले पनि राम्ररी घरखर्च नचलेपछि डिल्लीले निर्णय गरे, रोजगारीका लागि फेरि एक पटक पन्जाबको चण्डीगढ जाने । यसअघि दुई पटक गरी करिब तीन महिना उनले चण्डीगढमै 'वेटर'को काम गरेका थिए ।

घर छाड्ने दिन श्रीमती छोरी लिई माइती गएकी थिइन् । गाडी भाडा थिएन । त्यसैले उनले आफ्नो साइकल र श्रीमतीका दुई जोर पाउजु बोकी हिँडे । र, झोलामा आफ्नो नागरिकता र केही जोर लुगा हाले । साइकललाई सीमावर्ती बजार कृष्णनगरका आफन्त सन्तोष दाइको पसलमा १८ सय रुपैयाँमा बेचे । अनि त्यहीँबाट चण्डीगढका लागि बस चढे ।

यसअघि पनि आएको हुँदा चण्डीगढ उनका लागि नयाँ ठाउँ थिएन । उनी पहिले काम गरेकै ठाउँमा रोजगारी माग्न गए । तर साहुले काम छैन भनी फर्काइदिए । त्यसपछि एकजना चिनेका दाइलाई खोज्न निस्किए अटोरिक्सामा । तर राति भएकाले ती दाइ भेटिएनन् । अटोरिक्सा केही पर रोकिराखेका थिए, फर्किंदा उनको झोला लिएर त्यो भागिसकेछ ।

उनको परिचय खुलाउने नागरिकतासमेत त्यही झोलामा थियो, हरायो । 'त्यसपछि मेरो होसै हरायो- के गर्ने, कहाँ जाने ?' थारूले सुनाए । केही सीप नलागेपछि उनले घरै फर्किने सोचाइ बनाए । भाडा तिर्ने पूरा रकम पनि थिएन, रेलवे स्टेसन पुगेर रेल चढे । नेपाल फर्कन उनी चढ्नुपर्ने थियो अम्बालाको रेल, थाहा नपाएर अमृतसरको रेल चढेछन् । अर्को रात करिब ११ बजे अमृतसरमा झरे । जीउ भोकप्यास र थकाइले लखतरान थियो । स्टेसनबाट बाहिरिएपछि केही परसम्म हिँड्दै गए ।

करिब ६ सय मिटर पुगेपछि खपिनसक्नुभयो । सडकछेउ पल्टिन खोजे । उनी सैनिक छाउनी क्षेत्रमा पुगेछन् । 'खै के-कसरी हो, म त केही बेरमा सेनाको क्षेत्रभित्र पसेछु,' उनले भने, 'पर्खाल जस्तो थियो, यसो नाघेर भित्र गएको सेनाको क्षेत्र पो रहेछ ।'

बिनाअनुमति सैनिक क्षेत्रमा प्रवेश गरेको भन्दै उनलाई तत्काल सेनाले पक्राउ गर्‍यो । केरकार गर्‍यो । उनले सबै कारण बताए । तर सेनाले पत्याएन । किनभने उनीसँग नाम र ठेगाना खुल्ने कुनै कागजात थिएन । प्रमाण देखाउन नसकेपछि त्यो रात उनलाई छाउनीमै राखियो । र, भोलिपल्ट प्रहरीको जिम्मा लगाइयो । त्यसपछि १५ दिन प्रहरी थानामा राखिएको उनले बताए । प्रहरीले उनीमाथि 'फरेनर्स एक्ट'अन्तर्गत कारबाही अगाडि बढायो । उनको पक्षमा बहस-पैरवी गर्ने कोही भएन । २२ मे २०१७ मा स्थानीय अदालतले विदेशी नागरिकसम्बन्धी कानुनको हवाला दिँदै थारूलाई नौ महिनाको सजाय सुनायो । भारतमा शंकास्पद गतिविधिका आरोपित कुनै पनि विदेशी नागरिकले आफ्नो परिचय खुलाउन नसकेको अवस्थामा यस्तो मुद्दा चलाउने गरिन्छ ।

यता घरमा भने उनी जेल परेको खबर कसैले पाएन । उनले पनि केही सन्देश पठाउन पाएनन् । यत्तिकै नौ महिना बित्यो । जेल सजाय पूरा गरेपछि घर जान पाइन्छ भन्नेमा ढुक्क थिए । किनभने जेल परेकाहरू सजाय सकिएपछि आआफ्नो घर लागेको उनले देखेका थिए । अदालतको फैसलाअनुसार उनले २०१८ फेब्रुअरी अन्त्यमा कैद पूरा गरे । भारतीय कानुनमा विदेशी नागरिकलाई सम्बन्धित देशको दूतावासलाई नै जिम्मा लगाउनुपर्ने व्यवस्था छ । जेल प्रशासनले भारतको विदेश मन्त्रालयलाई नेपाल सरकारसँग पत्राचार गर्न अनुरोध गर्‍यो । त्यसैअनुसार २६ जुन २०१८ मा विदेश मन्त्रालयले नयाँदिल्लीस्थित नेपाली दूतावासलाई थारूको राष्ट्रियता र ठेगाना प्रमाणीकरणका लागि पत्र पठायो ।

बाँकी पृष्ठ १६ ▶▶



# सहरमा तीज गाउँमा कामकै चटारो





हरितालिका तीजमा मुगुको गमगढी बजारमा नाचगान गर्दै महिला (बायाँ) र छायानाथ रारा नगरपालिका निगाले गाउँमा भान्टाको चाना बनाउँदै स्थानीय एक महिला । तस्बिर : राजबहादुर/कान्तिपुर

■ **राजबहादुर शाही** (मुगु)

सोरु गाउँपालिका ४ की झुपरी शाही खेतबारीमा धान गोडमेल गर्न व्यस्त छिन् । उनलाई तीजले छोएको छैन ।

सदरमुकामलगायत सहरी क्षेत्रका महिलाहरू नयाँ पहिरनका साथ धार्मिक मठमन्दिरमा पूजापाठ गरी पतिको दीर्घायूको कामना गरिरहेको बेला उनी भने कामको चटारोमा छिन् । 'तीज भन्ने त सुनकी छु,' उनले भनिन्, 'हामीलाई खेतीपातिमै फुर्सद छैन, के को तीज मान्नु ?'

झुपरीजस्ता ग्रामीण महिलाहरू तीजदेखि धेरै टाढा छन् । उनीहरूलाई कामै प्यारो छ । गमगढी बजार क्षेत्रमा सोमबार तीजको रमझम भए पनि सोरु, खत्याड र मुगमकार्मारोङ गाउँपालिकाका बस्तीहरूमा यो पर्वले छोएन । मुन्दुगाउँकी माया बोहोराले घाँसदाउरा, मेलापात गर्ने आफूजस्तालाई तीजको रमझमसँग सरोकार नभएको बताइन् ।

मुगुमा छायानाथरारा नगरपालिकाको गमगढी, कार्कीबाडा, भामबाडा, ढुम, रोवा, रुघालगायत बस्तीमा मात्र तीजको प्रभाव देखियो । अन्य क्षेत्रका महिलालाई तीज आएको पत्तो पनि भएन । नेपाल पत्रकार महासंघकी उपाध्यक्षसमेत रहेकी सुमित्रा रावलले ग्रामीण क्षेत्रमा तीजको महत्त्व र प्रवाह नहुने गरेको बताइन् । 'एक त उनीहरूलाई तीजबारे कुनै चासो छैन,' उनले भनिन्, 'भइहाले पनि रमाइलो गर्ने फुर्सदै हुँदैन ।'

जिल्लाको उत्तरी क्षेत्रमा पर्ने मुगुमकर्मारोङ गाउँपालिकामा बौद्ध धर्मालम्बीको बसोबास छ । यसले गर्दा पनि त्यहाँ तीज मनाइँदैन । बरु त्यहाँल्होसारमा रमझम हुने गर्छ ।

**गमगढीमा रौनक**

जिल्ला सदरमुकाम गमगढी बजारमा भने सोमबार तीजको रौनक निकै देखियो । महिलाले व्रत बसेर छायानाथ शिव मन्दिरमा पूजापाठ गरी गमगढी बजारको चोक-चोकमा नाचगान गरि रमाइलो गरे ।

गमगढीको मिलनचोक, कृष्णचोक, अदालतचोकलगायत बस्तीमा महिलाले समूहगत रुपमा नाचगान गरी तीज मनाएका छन् । गमगढीकी बैदेवी शाहीले तीजकै कारण गमगढी बजार पनि गुल्जार भएको बताइन् । गमगढी बजारमा तीज हेर्न वरपर बस्तीका युवायुवती र बुढापाका आएका छन् । मुगुमा करिब ५ वर्षदेखि तीजको प्रभाव देखिएको हो ।

# किशोरी बने बाल अभियन्ता

**कान्तिपुर संवाददाता** (कालीकोट)

सान्नीत्रिवेणी २, रकु की पूजा बीसी गाउँमा कसैको उमेर नपुगी विवाह हुन लागेको सूचना पाउनेबित्तिकै बाल क्लबमा आबद्ध साथीहरू लिएर पीडितको घर पुग्छिन् । उमेर नपुगी विवाह गर्ने पक्षलाई सम्झाएर उनले धेरै विवाह रोकिसकेकी छिन् ।

यही कारण बाल अभियान्ताका रूपमा उनको परिचय फेरिएको छ । गाउँस्तरीय बाल क्लबको सचिव र अध्यक्ष हुँदै जिल्ला बाल मञ्चकी अध्यक्ष बनेकी पूजाले १३ वटा विवाह रोकेको सुनाइन् । 'नबुझ्ेका अभिभावकलाई सम्झाउन निकै कठिन छ,' १७ वर्षीया पूजाले भनिन्, 'कोही त मेरो छोराले विवाह गरेको तेरो के कपाल (टाउको) दुख्यो ? भन्दै झगडा गर्न आउथे ।' सुरुमा ०७५ वैशाखमा हुन लागेका ३ विवाह रोक्न सफल भएको उनले सुनाइन् । बालअधिकार, नेतृत्व विकास, बाल पत्रकारिता, बालक्लब व्यवस्थापनलगायत तालिम पाएकी पूजा गत वर्ष राष्ट्रिय बालिका सम्मेलनमा पनि सहभागी भएकी थिइन् । सुर्खेत र नेपालगन्जमा हुने बालबालिकासम्बन्धी कार्यक्रममा जिल्लाको प्रतिनिधित्व गर्ने मौका पाएकी उनले गत वर्ष कालीकोटका बालबालिकाले भोग्नु परेका समस्याबारे बोल्दै आएकी छन् । साबिकको रकु गाविसलाई बालविवाहमुक्त घोषणा गर्न उनको भूमिका पनि महत्त्वपूर्ण बन्यो ।



बालविवाहविरुद्धको अभियानमा सहभागी कालीकोटको तिलागुफा ३ की संगीता दमाई । तस्बिर : तुलाराम पाण्डे/कान्तिपुर

अर्की अभियान्ता हुन्, फोइमहादेव ३ की १६ वर्षीया संगीता दमाईं । उनले पठनपाठनबाट वञ्चित बालबालिकालाई विद्यालय भर्ना गरी वाहवाही पाएकी छिन् । उनी विद्यालयमा गठन भएको बाल क्लबमा रहेर बालविवाहविरुद्धको अभियान चलाइरहेकी छन् । वडास्तरीय बाल सञ्जालकी अध्यक्ष हुँदै नगरपालिकास्तरीय बाल सञ्जालकी अध्यक्ष रहेकी उनको पहलमा ५ बालविवाह रोकिएका छन् । छाउपडी प्रथा अन्त्य गर्न गाउँमा उनको भूमिका महत्त्वपूर्ण छ ।

महादेव मावि फोइकोटका प्रधानाध्यापक नरदीप शाहीले छात्राका समस्या विद्यालय प्रशासनसँग खुलस्त राख्ने क्षमता संगीतामा रहेको बताए ।


## भर्ना खुल्यो ! भर्ना खुल्यो ! ! भर्ना खुल्यो ! ! !

शैक्षिक शत्र २०७६/०७७ का लागी CTEVT बाट सम्बन्धन प्राप्त नेपालगञ्ज बाँकेमा तपशीलका कलेजहरुमा केही सीट खाली रहेकोले अन्य कलेजबाट CTEVT ले शैक्षिक शत्र २०७६/०७७ को लागी लिइएको प्रवेश परिक्षामा पास लिस्टमा परेका र आफ्नो कलेजमा भर्ना नपाएका विद्यीहरुलाई सात दिन भित्र भर्नाको लागी तुरुन्त सम्पर्क गर्न यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपशील**

| क्र. सं. | कलेजको नाम | कार्यक्रम | वर्ष | सिट संख्या | सर्म्पक नम्बर |
|---|---|---|---|---|---|
| १ | कलेज अफ अलाईड, नेपालगञ्ज, बाँके | ल्याब टेक्निसियन | ३ वर्ष | केही | ०८१-५२७५४६, ०८१-५२८२६०, ९८४८०९१०३७ |
| | | सिभिल इन्जिनियरिङ्ग | ३ वर्ष | | |
| | | ल्याब असिस्टेन्ट | १८ महिने | | |
| | | सिभिल सब ओभरसियर | १८ महिने | | |
| २ | कलेज अफ अप्थाल्मिक हेल्थ साईन्स, नेपालगञ्ज, बाँके | अप्थाल्मिक असिस्टेन्ट (OA) | ३ वर्ष | केही | ०८१-५२७५४६, ५२८२६०, ९८४८०९१०३७ |
| ३ | कैलपाल हस्पिटल एण्ड कलेज, नेपालगञ्ज, बाँके | रेडियोग्राफी | ३ वर्ष | केही | ०८१-५२१०१७, ९८४८०३३६८४ ९८५८०२४६४८ |
| | | ल्याब टेक्निसियन | ३ वर्ष | | |
| | | Tslc in Computer Engineering | १८ महिने | | |


# दुईपांग्रे सवारीकै भर

ठूलीभेरी नदीमा पुल नबनेपछि हिउँदमा सवारीसाधन गन्तव्यमा पुग्दैनन् भने वर्षामा बढ्ने अरू साना खोलाका कारण गाडी गुड्दैनन्

■ **हरि गौतम** (रुकुम पश्चिम)

आठबीसकोट नगरपालिका ९, राडीमा रहेको नगरपालिकाको केन्द्रबाट वडा ६ को त्रिवेणीसम्मको दूरी ४२ किमि छ । डोल्पा-जाजरकोट सडकमार्फत सर्वसाधारण नगरपालिकाको केन्द्र र गाउँ आउजाउ गर्छन् । जाजरकोट-डोल्पा सडक बाह्रैमहिना चल्छ, तर अपूरो । हिउँद र वर्षा दुवै समय राडीबाट त्रिवेणी चारपांग्रे गाडी पुग्दैनन् । अहिले मोटरसाइकल हुनेहरू मात्र यात्रा गर्न पाउँछन् । नहुनेले पैदलै हिँड्नुपर्ने बाध्यता छ ।

डोल्पा-जाजरकोट खण्ड भएर नगरपालिका ३ को केही ठाउँको साथै ४, ५ र ६ वडाका सर्वसाधारण राडी आउनुपर्छ । 'हामी हाम्रो नगरपालिका पुग्न अत्यन्त मुस्किल छ,' वडा ६ का अध्यक्ष चन्द्रसिंह खत्रीले भने, 'हाम्रा लागि वर्षा लाग्यो भने यो सडक हुँदैन, घोडेटो बाटोमा परिणत हुन्छ ।' गन्तव्यमा गाडी नपुग्ने र महँगो भाडाका कारण वर्षाभरि पैदलै यात्रा गर्नुपर्ने बाध्यता रहेको खत्रीको भनाइ छ । उक्त सडकमा हिउँदमा समेत गन्तव्यसम्म गाडी पुग्दैनन् । ठूलीभेरी नदीमा पुल नबनेपछि हिउँदमा गाडी गन्तव्यमा पुग्दैनन् भने वर्षामा बढ्ने अरु साना खोलाका कारणले गाडी गुड्दैनन् । सडक बने पनि पुल नबन्दा दुःख पाउने आठबीसकोट नगरपालिकाका ४ वडाका सर्वसाधारण मात्रै भने होइनन जाजरकोटको नलगाड नगरपालिका र डोल्पा जाने आउनेले पनि ठूलो दुःख पाउँदै आएका छन् ।



डोल्पा-जाजरकोट खण्डअन्तर्गत रुकुम पश्चिम आठबीसकोट नगरपालिकाको राडीबाट त्रिवेणीतर्फ जाँदै गरेका मोटरसाइकल । तस्बिर : हरि/कान्तिपुर

राडी पुग्दा वा राडीबाट माथितिर लाग्दा नै ठूलो समस्या छ । राडीबाट जाजरकोटको बगरा पुग्न झोलुंगे पुल मात्रै छ । त्यसैले राडीबाट सीधै त्रिवेणीसम्म चारपांग्रे चल्दैनन् । चारपांग्रे चढ्न जाजरकोट नगलगाड नगरपालिकाको बगरा पुग्नुपर्छ । राडी र बगरा जोड्न ठूलीभेरी नदीमाथि पुल नबन्दा सर्वसाधारणले समस्या व्यहोरिरहेका छन् । वर्षामा राडी र बगराबीचको झोलुंगे पुल, जाजरकोट नलगाड नगरपालिकाको तातरीगाड र चौखेबजार नजिकको खोलाले चार पांग्रेगुड्न दिँदैनन् । त्यसपछि जाजरकोटको नलगाड नगरपालिकाबाट रुकुम पश्चिमको आठबीसकोट नगरपालिकाको छोटेबगर पुग्दा अर्को झोलुंगे पुल तर्नुपर्छ । त्यहाँ पनि पुल नबन्दा ठूलो समस्या छ ।

रुकुम पश्चिमको आठबीसकोट नगरपालिका ६ नम्बर वडाको रिजिगाड र दामाचौरको खोला पनि चारपांग्रेले तर्न सक्दैनन् । यसले गर्दा स्थानीयले समस्या व्यहोरिरहेका छन् । हिउँदमा जसोतसो चल्ने डोल्पा-जाजरकोट सडकमा वर्षा लागेपछि थप समस्या हुन्छ । 'नजिकै दूरीमा गाडी चढ्दा पनि महंगो भाडा पर्छ, दुईपांग्रे सबैले चढ्नसक्ने कुरा भएन,' छिमी गाउँका मोती रोकायले भने, 'त्यसैले वर्षामा सडक भए पनि नभएजस्तै हुन्छ ।' ठाउँठाउँमा गाडी फेर्दै हिड्दा भाडा महंगो पर्न जाने उनको गुनासो छ । उनका अनुसार झण्डै १८ देखि २० किमि यात्रा गर्दा एक हजार एक सय भाडा तिर्नुपर्छ । उनले चार वटा गाडी नफेरि घर नपुगिने जनाए । दुईपांग्रे चढ्नेले धकेल्दै यात्रा गरिरहेको उनले सुनाए ।

स्थानीयका अनुसार ६ वटा झोलुंगे पुल तरेर मात्र मोटरसाइकलमा यात्रा गर्न सकिन्छ । झोलुंगे पुलमा पनि जोखिमका साथ यात्रा गर्नुपर्ने अवस्था रहेको आठबीसकोट नगरपालिका-११, का प्रेमबहादुर पुनले बताए । डोल्पालाई मुख्य सडकमा जोड्ने महत्वपूर्ण सडक भए पनि आवश्यक पुल नबन्दा समस्या भएको आठबीसकोट नगर प्रमुख गोर्खबहादुर केसीले बताए । पुल निर्माणका लागि सम्बन्धित सबै निकायमा आग्रह गरिए पनि त्यसको खास सुनुवाइ नभएको उनको गुनासो छ । 'यो सडकसँग दुर्गमका धेरै सर्वसाधारणको दैनिकी जोडिएको छ, यसलाई निरन्तरता दिन ठूलीभेरी र अन्य खोलामा पुल बन्नैपर्छ,' नगरप्रमुख केसीले भने, 'त्यसका लागि सम्बन्धित निकायले तदारुकता देखाउन जरुरी छ ।' आठबीसकोट नगरपालिकाको चिसापानी र नलगाड नगरपालिका जोड्ने पुल बनेपनि आठबीसकोट नगरपालिकाका सबैलाई त्यसले नसमेट्ने उनको भनाइ छ ।

# परिवार गुमाएर एक्लो

■ **भीमबहादुर सिंह** (जाजरकोट)

गत शनिबार राति ८ बजेदेखि लगातार वर्षा भइरहेको थियो । भेरी नगरपालिका २, तिमिलेका ३५ वर्षीय दलबहादुर ओलीलाई पहिरो आउला भन्ने कल्पनासमेत थिएन । ९ दशकअघि बसोबास गरेको ठाउँमा अहिलेसम्म पहिरो गएको पनि थिएन । तर उनले पहिरोमा परिवारका सबै सदस्य गुमाएका छन् ।

ओलीको परिवार शनिबार बेलुकीको खानपिन गरी सधैंझैं १० बजे सुत्यो । उनकी पत्नी र २ छोरी घरको भित्री कोठामा सुते । दलबहादुर बाहिर कोठामा सुते । सुतेको १ घण्टा नबित्दै राति सवा ११ बजे पहिरो खस्यो । १ सय मिटर माथिबाट आएको पहिरोले दलबहादुरको ४ कोठे घर त पुर्‍यो नै, परिवारका ३ सदस्यले ज्यान गुमाए । पहिरोमा परी पत्नी ३२ वर्षीया पार्वती, ९ वर्षीया छोरी मोतिकला र ३ वर्षकी छोरी धनसराको मृत्यु भयो । अर्को कोठा सुतेका दलबहादुरले भने धन्न ज्यान जोगाए ।

पहिरो खसेपछि उनी ब्युझँदा पत्नी र छोरीहरू 'बचाउ बचाउ' भन्दै चिच्याउदै थिए । 'घरको तल्लो कोठाको भित्ताको प्वालबाट फुत्केर मैले त ज्यान जोगाए,' भावविह्वल हुँदै उनले भने,'तर छोरीहरू र पत्नीलाई बचाउन सकिन् ।' पहिरोमा पुरिएरका पत्नी र छोरीलाई खोज्दा सफल नभएपछि उनले छिमेकीलाई गुहारे । छिमेकीहरू घटनास्थल आउँदा उनीहरूको ज्यान गइसकेको थियो ।



जाजरकोट भेरी नगरपालिका २, तिमिलेमा पहिरोमा पुरिएकाको खोजी गर्दै प्रहरी र स्थानीय । तस्बिर : भीमबहादुर/कान्तिपुर

दलबहादुरको खुट्टा र ढाडमा चोट लागेको छ । 'मैले कसरी ज्यान जोगाए, मलाइ नै थाहा छैन,' उनले भने, 'कहिल्यै नखसेको ठाउँमा पहिरोले मेरो सबै सखाप बनायो, परिवारै गुमाएर म एक्लै कसरी बाँचु ?' स्थानीयका अनुसार सुरक्षाकर्मी र स्थानीयले आइतबार बिहान ८ बजे मात्र घरभित्र पुरिएका ३ आमाछोरीको शब निकालेका थिए । घटनास्थल सदरमुकाम खलंगाबाट ३ घण्टाको पैदल दूरीमा छ । घटनास्थलबाट पोष्टमार्टमका लागि जिल्ला अस्पताल शब ल्याउन समस्या पर्ने भएकोले स्थानीयको आग्रहमा घटनास्थलमै प्रहरी मुचुल्का उठाएर मृतकको सामुहिक अन्त्यष्टी भएको छ ।

यातायातको सुविधा नभएको अवस्थामा ३/३ वटा शब बोकेर ल्याउन समस्या पर्ने भएपछि स्थानीयको आग्रहमा मुचुल्का उठाएर दाहसंस्कार गर्ने अनुमति दिइएको जिल्ला प्रहरी प्रमुख डिएसपी श्यामबहादुर खत्रीले बताए । पहिरोमा पुरिएर १५ दिने भैसीको पाडो समेत मरेको छ । पहिरोले दलबहादुरको नगद, अन्नपात, लत्ताकपडा, भाडावर्तन र मकैबालीलगायत नष्ट गरेको उनले जानकारी दिए ।

दलबहादुरका १२ वर्षीय छोरा दीपेन्द्र भने बाँकेको कोहलपुरमा अध्ययनरत छन् । अहिले दलबहादुरको घरमा मृतकको किरिया कर्म चलिरहेको छ । आफ्नो घर पहिरोले पुरेपछि दलबहादुरले भाइको घरमा किरियाको काम भइरहेको हो । यस वर्ष जिल्लाका विभिन्न स्थानमा पहिरोको जोखिम बढेको छ । सदरमुकाम खलंगाका दर्जन बढी स्थान पहिरोको उच्च जोखिममा छन् । गत वर्ष पनि खलंगा ठाँटीबजारमै गएको पहिरोमा परेर ९ जनाको ज्यान गएको थियो । उक्त पहिरोमा परेर एकै परिवारका ४ जनाका साथै ८ जना बालबालिकाको मृत्यु भएको थियो । अघिल्लो वर्ष खसेको पहिराले नलगाड नगरपालिकाको अवलगुर्तामा ५ जना र भेरी नगरपालिका-४, बोहोरामा एकै परिवार ११ जनाको ज्यान गएको थियो ।


## बाढीपहिरोमा २ को मृत्यु

रुकुम पश्चिम (कास)- जिल्लाका छुट्टाछुट्टै स्थानमा भएका बाढीपहिरोका घटनामा २ जनाको मृत्यु भएको छ । चौरजहारी नगरपालिका १३, को दार्माखोलामा आएको बाढीले बगाउँदा सल्यान दार्मा १, का ५० वर्षीय ठोके ओलीको मृत्यु भएको छ । आइतबार बगेका ओलीको शव सोमबार मछाइनेमा भेटिएको हो । यस्तै आठबीसकोट नगरपालिका १०, घारीखोलाको पहिरोमा परी १६ वर्षीया कमला केसीको मृत्यु भएको प्रहरी निरीक्षक कविराज रोकायाले बताए । ट्युसन पढ्न जाने क्रममा आएको पहिरोले घाइते केसीको उपचारका क्रममा सोमबार मृत्यु भएको हो ।















## तपाईंको आज

| | |
|---|---|
| मेष | यात्रा हुने |
| वृष | शत्रु वृद्धि |
| मिथुन | विद्यामा सफलता |
| कर्कट | आलस्यता |
| सिंह | पराक्रम बढ्ने |
| कन्या | धन आर्जन |
| तुला | भाग्य वृद्धि |
| वृश्चिक | केही लाभ |
| धनु | यात्रामा सफल |
| मकर | आलश्यता |
| कुम्भ | पुण्य आर्जन |
| मीन | अस्वस्थता |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल भाद्र १८ गते बुधबार तदनुरुप ४ सेप्टेम्बर २०१९ भाद शुक्लपक्ष षष्टि तिथी रात्रिको ०३:२४ बजेसम्म उप्रान्त सप्तमी तिथी, स्वाती नक्षत्र प्रातः ११:१२ बजेसम्म उप्रान्त विशाखा नक्षत्र, ब्रम्हा योग प्रातः ०५:४९ बजेसम्म उप्रान्त ऐन्द्र योग, कौलब करण दिनको ०४:१० बजेसम्म उप्रान्त तैतिल करण, तुला राशिमा चन्द्रमा रात्रिको ०४:३५ बजेसम्म उप्रान्त वृश्चिक राशिमा । ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | मार्गदर्शन (लाइभ) |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | फायरसाइड (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | सुमनसँग (रिपिट) |
| ११:०० | कान्तिपुर न्यूज |
| ११:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | मंगलम (लाइभ) |
| १:३० | बलियो घर (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | यू एण्ड आई (रिपिट) |
| ३:०० | फायरसाइड (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) |
| ५:०० | कल कान्तिपुर रिलोडेड |
| ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | मनी टक्स (रिपिट) |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | सरोकार |
| १०:०० | मनी टक्स (रिपिट) |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | मनी टक्स (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपीट १) |
| २:३० | मार्गदर्शन (रिपिट) |
| ३:०० | मंगलम (रिपिट) |
| ४:०० | सरोकार (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ०५:०० | भक्ति अनुष्ठान (अच्युत) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ७:३० | कानुनी बहस र परामर्श (कमला) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | मेरो जब करिअर कनेक्ट (एलिसा) |
| १०:०० | स्पोर्ट्स् डायरी |
| १०:०५ | गृह श्रृंगार (सृजना देवकोटा) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | फिल्मी परेड (दीपकराज गिरी) |
| १३:०० | डिस्ट्रिक्ट डायरी |
| १३:०५ | के छ नेपाल (दिपाञ्जली) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल (दिपाञ्जली) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | नेपालय (रश्मिला) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | कान्तिपुर मञ्च (महेश) |
| १७:०० | डिस्ट्रिक्ट डायरी |
| १७:०५ | हेल्थ हटलाइन (कमला) |
| १८:०० | पुनर्निर्माण |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | कनेक्ट (प्रियंका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | लाउड (रेमन) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | कालजयी गीत संगीत (भूपेन्द्र) |
| २३:०० | पुराना हिन्दी गीतहरु (दृष्टि अर्याल) |
| ००:०० | फिल्मी परेड (रिपिट) |
| ०१:०० | कालजयी गीत संगीत (रिपिट) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर** | |
| मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल | ५२०२०० |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा) | ५२०३१० |
| क्षेत्रीय अस्पताल एम्बुलेन्स | ९८४८०६३५२० |
| **महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन** | |
| महाकाली अञ्चल अस्पताल | ५२११११ |
| जिल्ला प्रहरी कार्यालय | ५२१२०० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१२५८ |
| जिल्ला प्रशासन कार्यालय | ५२११०९ |
| **कैलालीका महत्वपूर्ण टेलिफोन** | |
| सेती अञ्चल अस्पताल | ५२१२७१ |
| जिल्ला प्रहरी कार्यालय | ५२११५० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१६०० |
| जिल्ला प्रशासन कार्यालय | ५२११०१ |
| टीकापुर अस्पताल | ५६०१५० |
| क्षेत्रीय अस्पताल | ०८३-५२०२०० |
| सुर्खेत विमानस्थल | ०८३-५२०१३२ |
| **कञ्चनपुर** | |
| महाकाली अञ्चल अस्पताल महेन्द्रनगर | ०९९-५२११११ |
| रेडक्रस एम्बुलेन्स | ५२१२५८/५२३१८३ |
| जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर | ५२११०९/५२२४०६ |
| जिल्ला प्रहरी कार्यालय | १००/५२१२०० |
| **डोटी** | |
| सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय | ०९४-४४०३१० |
| जिल्ला प्रशासन कार्यालय डोटी | ४२०१३३ |
| जिल्ला प्रहरी डोटी कन्ट्रोल | ९८५८४४०१९९/४२०२०५ |
| जिल्ला अस्पताल | ४२००१९ |
| जिल्ला अस्पताल एम्बुलेन्स | ९८४८५२५१५० |
| **डडेल्धुरा** | |
| जिल्ला प्रहरी | ०९६-४२०१९९ |
| **जाजरकोट** | |
| जिल्ला प्रहरी कार्यालय- | ०८९-४३०१३१, ९८५८०५५५५५ |
| अस्पताल- | ०८९४३०१८८ |
| एम्बुलेन्स | ९८१५५०९४३० |
| रेडक्रस एम्बुलेन्स | ०८९४३००४२, ९८६६७००२६४ |
| **कालिकोट** | |
| प्रहरी | ०८७-४४०११३, ९८५८३३५५५५ |
| **जुम्ला** | |
| प्रहरी | ०८७-५२००१३, ०८७-५२०११३ |
| शिक्षण अस्पताल | ०८७-५२०३५५, ५२००१५ |
| एम्बुलेन्स | ९७४८९४१६६६ |
| **दैलेख** | |
| जिल्ला प्रहरी कार्यालय | ०८९-४२०१२५,९८५८०१५५५५ |
| अस्पताल | ०८९-४१०१२७ |
| एम्बुलेन्स | ०८९-४१०१८५, ९८६८१६५६८२ |
| **पश्चिम रुकुम** | |
| जिल्ला प्रहरी कार्यालय | ०८८५३०१८७ |
| जिल्ला अस्पताल | ०८८५३०२४७, ०८८५३०११५ |
| एम्बुलेन्स | ९८०९८५८९८५ |
| **हुम्ला** | |
| प्रहरी | ०८७-६८००३/ ०८७६८००९९ |
| अस्पताल | ०८७-६८००२४ |
| विमानस्थल | ९८५१०७३९५९ |
| **डोल्पा** | |
| जिल्ला प्रहरी कार्यालय | ०८७-५५००५५, ९८५८३०५५५५ |
| **मुगु** | |
| प्रहरी | ०८७-४६००९९ |
| अस्पताल | ०८७-४६०१३० |
| एम्बुलेन्स | ९८४८३२१६६६ |
| **सल्यान** | |
| प्रहरी | ०८८-५२००७०, ९८५७८४५५५५ |
| अस्पताल | ०८८-५२००८२ |
| एम्बुलेन्स/रेडक्रस | ९८४७८३२४३८/०८८-५२०००४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

# गाउँमै बग्छ ठूलीभेरी

■ हरि गौतम (रुकुम पश्चिम)

७८ वर्षीया नौरती बोहराका आँखा दुई सातायता ओभाएका छैनन् । आठबीसकोट नगरपालिका ६, मन्काबगरकी बोहरा हरेक दिन ठूलीभेरी नदी छेउमा टुक्रुक्क बसेर टोलाउँछिन् ।

घर र बारी कहाँनेर थियो भनेर पनि छुट्याउन नसकिने गरी ठूलीभेरी उर्लिरहेको छ । बिहीबार दिउँसो त्यहीँ भेटिएकी नौरतीले भनिन्, 'बुढेसकालमा दैव लाग्यो, बस्ने घर, खाने अन्न, अन्न फल्ने जग्गा हेर्दाहेर्दै बग्यो । अब मेरो घरजग्गा उस्तै हालतमा कहिले देखुँला '

साउन २९ गते ठूलीभेरीमा आएको बाढीले नौरतीसहित उनका ४ छोराका परिवारलाई पनि बिचल्ली बनाएको छ । जेठा छोरा वीरबहादुर, माइला छोरा गोर्खबहादुरको घरजग्गा बग्यो भने साइँला छोरा नन्दबहादुर र कान्छा छोरा टेकबहादुर बोहराको जग्गा ठूलीभेरीले बगाइदिएको छ । कालीबहादुर बोहरा ७ जनाको परिवारसहित कालिका आधारभूत विद्यालयको एउटा कोठामा बसेका छन् । बाढी बढ्दै जाँदा घरको अवस्था हेर्ने क्रममा आफैं उभिएको जमिन कटानसँगै घरै बग्यो । 'मैले हेर्नबाहेक केही गर्न सकिनँ,' उनले भने, 'हेर्दाहेर्दै घर, घरभित्रको सम्पत्ति र पाकिसकेका मकै तथा पसाउँदै गरेका धानसहितको खेत बग्यो ।'

**बाढीपछि मन्काबगरका १२ परिवार आफन्तको घर र विद्यालयमा बसिरहेका छन्, घर र बारी रहेका ठाउँमा नदी बगिरहेको छ ।**

साउन २८ र २९ गतेको बाढीले भीमबहादुर थापा, जुनबहादुर बोहरा, पत्तरे बोहरा, दीपक बोहरा, यज्ञबहादुर बोहरा, धर्मे बोहरा, नन्दराम बोहरा, कमल बोहरा र विष्णुकुमारी बोहराको समेत घरसहितको जग्गा बग्यो । गाउँमा अहिले ठूलीभेरी बगिरहेको छ । 'हेर्दाहेर्दै गाउँ बग्यो, गाउँले सबै अप्ठ्यारोमा छन्,' वडा सदस्य नैनकुमारी बोहराले भनिन्, 'केही व्यवस्थापन गरिए पनि उनीहरूका लागि पर्याप्त छैन ।'

सम्भावित खतरा देखेर आठबीसकोट नगरपालिकाले तारजाली पनि लगाएको थियो । त्यो पर्याप्त नहुँदा १२ परिवारको घर, खेतबारी बगे भने अरू ४५ घर र एउटा विद्यालय जोखिममा छन् ।

विस्थापित भएका अधिकांश परिवार आफन्तको घरमा बसेका छन् । तत्कालका लागि नगरपालिकाले ५/५ हजार रुपैयाँ राहत दिएको छ । घर बगेका परिवारलाई जिल्ला प्रशासन कार्यालयले ५०/५० हजार रुपैयाँ दिने तयारी गरेको छ । नगरप्रमुख गोर्खबहादुर केसीले मन्काबगरसहित नगरका अन्य ठाउँमा पनि ठूलो क्षति भएको बताए । उनले क्षतिपूर्तिका लागि प्रदेश र संघीय सरकारसँग पहल भइरहेको बताए ।

आगामी मंसिरदेखि नदीले कटान गरेको ठाउँको व्यवस्थापन गरिने उनको भनाइ छ । प्रदेशसभा सदस्य गोपाल शर्माले तत्काल राहतका लागि प्रदेश सरकारले प्रतिपरिवार २० हजार रुपैयाँ सहयोग गर्न लागेको बताए ।

बाढीपीडित भन्छन्-

# सरकार पीडा मात्र सुन्छ, सुनुवाइ गर्दैन !

**दाताले दिएका त्रिपाल चुहिंदा वर्षायाम कटाउन पनि मुस्किल छ । मजदुरी नगरे उनीहरूको चुलोमा बिहानबेलुकी आगो बल्दैन । २०७१ साउन अन्तिम साता आएको बाढीपहिरोमा १ सय १५ जनाको मृत्यु भयो ।**

■ ज्योति कटुवाल (वीरेन्द्रनगर, सुर्खेत)

रत्न राजमार्गको मसिनास्थित सडकछेउमा सानो झुपडी । झुपडी नजिकै सालिक र चिहान । देउरुपा कामीको नजर दैनिक एकपल्ट सालिक र चिहानमाथि पर्छ । ५ वर्षअघि बाढीले घरबारसहित छोरालाई बगाएपछि उनी सडकको सहारामा पुगेकी हुन् । 'बाढीले झुपडीमै पुर्‍याए पनि छोराको सम्झना आइरहन्छ,' शुक्रबार उनले भनिन्, 'त्यही भएर मन बुझाउन छोराको सालिक बनाएकी हुँ ।' देउरुपाको जीवनमा मानसिकभन्दा भौतिक पीडा बढी छ । उनी बस्ने त्रिपाल चुहिन्छ ।

पानी पर्‍यो कि परिवारका सदस्य भाँडा थापेर रातभर जाग्राम बस्नुपर्छ । ११ जनाको परिवारसहित त्रिपालमै बस्दै आएकी दुर्गा सुनारको अवस्था अझ दयनीय छ । सामान्य पानी पर्दासमेत त्रिपालभित्र लत्ताकपडा जोगाउन मुस्किल हुन्छ । गिट्टी नकुटेको दिन उनको चुलो बल्दैन । ५ वर्ष अवधिमा देउरुपा र दुर्गाको यस्तो पीडादायी दैनिकी हेर्न दर्जनौं मान्छे र सरकारका प्रतिनिधि आए । उनीहरू पीडा सुन्छन्, हेर्छन् र फर्किन्छन् तर पीडाको सुनुवाइ हुँदैन ।

बाढीपीडित भने सरकारी बेवास्ताका कारण वर्षौंदेखि सास्ती भोग्न बाध्य छन् ।दाताले दिएका त्रिपाल चुहिंदा वर्षायाम कटाउन पनि मुस्किल छ । दिनभर मजदुरी नगरे उनीहरूको चुलोमा बिहानबेलुकी आगो बल्दैन । २०७१ साउन अन्तिम साता आएको बाढीपहिरोमा १ सय १५ जनाको मृत्यु भयो ।

करिब २ हजार २ सय परिवार विस्थापित बने । 'पालको बसाइँले छोराले बिरामी भएर ज्यान गुमायो,' देउरुपाले भनिन्, 'सरकार फेरिए, हाम्रा पाल भने अझैसम्म फेरिएनन् ।' भेरी किनारामा गिट्टी कुटै आए पनि बिक्री नहुँदा थप सास्ती भएको उनले बताइन् । शिविरमा दैनिकजसो बालबालिका र वृद्ध बिरामी भइरहन्छन् ।

सर्प र जंगली जनावरको त्रास उस्तै छ । शिविरमै सुत्केरी हुँदा आमा र शिशुको स्याहारसुसारको समस्या पनि छ । 'न खानपिनको राम्रो व्यवस्था छ, न बासस्थानको,' महिला प्रशिक्षण केन्द्रमा बसिरहेकी रुपा सिंहले भनिन्, 'सरकारले हाम्रो सास्ती कहिल्यै बुझेन ।'बाढीपीडितको आवास निर्माणका लागि प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले गत वर्ष १४ करोड २० लाख रुपैयाँ विनियोजन गर्‍यो । तर १० जिल्लाका स्थानीय तहले अहिलेसम्म कति रकम खर्च भयो र कति रकम बच्यो भन्नेबारे जानकारी पठाएका छैनन् । पुरानो रकम कति बाँकी छ भन्ने यकिन नगरी मन्त्रालयले यस वर्ष ५ करोड ९० लाख रुपैयाँ विनियोजन गरेको छ ।



कर्णाली प्रदेश सभा सदस्यलाई पीडा सुनाउँदै वीरेन्द्रनगरस्थित महिला प्रशिक्षण केन्द्रका बाढीपीडित । *तस्बिर: ज्योति कटुवाल/कान्तिपुर*

बाढीपहिरोबाट विस्थापित १ हजार ४५ घरपरिवार सुर्खेतका गिरीघाट, महिला प्रशिक्षण केन्द्र, पाँडुलेलगायत स्थानमा बसिरहेका छन् । २०७१ साउनमा गिरीघाटमा आएको बाढीले घरबार बगाएपछि शेरबहादुर कामी वीरेन्द्रनगरस्थित महिला प्रशिक्षण केन्द्रमा आ श्रय लिई बस्न थालेको ५ वर्ष पुग्यो । 'अब त सरकारको आस लाग्न छोडिसक्यो,' उनले भने, 'सुरुमा आउँदा सरकारी प्रतिनिधि र नेताले यो वर्ष जसरी पनि पुनःस्थापना गर्छौं भन्छन्, फेरि फर्केर कहिल्यै आउँदैनन् ।'

आफ्नो समस्या सुनाउँदा सुनाउँदा आजित भइसकेको उनले बताए ।मन्त्रालयको विपद् व्यवस्थापन शाखाका अनुसार गत वर्ष वीरेन्द्रनगरमा करिब ३ करोड ८१ लाख रुपैयाँ खर्च भएको छ । अन्य स्थानीय तहले विवरण नपठाएको शाखाका नायब सुब्बा खड्ग विकको भनाइ छ । मन्त्रालयले प्रभावित घरपरिवारमध्ये जग्गा भएकालाई मात्रै घर बनाउन प्रतिपरिवार १ लाख ५० हजार रुपैयाँ पहिलो किस्ताको रकम दिएको हो । वीरेन्द्रनगरका १ सय ९९, पञ्चपुरीका १६, बराहतालका २९, लेकबेंसीका १२ र गुर्भाकोटका ३२ बाढीपीडित परिवारले रकम लिएको उनले जनाए । जग्गा र घर निर्माण तथा पुनर्वास रोजेका बाढी प्रभावितका हकमा भने प्रदेश सरकारले कुनै निर्णय गरेको छैन ।

बाढीपीडितका हितमा कार्यरत कर्णाली फाउन्डेसनका अनुसार सुर्खेतमा १ हजार ४५ परिवार अस्थायी शिविरमा बस्दै आएका छन् । त्यसमध्ये ५ सय १४ परिवारले घर, २ सय २९ जनाले जग्गासहितको घर र २ सय ३९ परिवारले पुनःस्थापना माग गरेका फाउन्डेसन अध्यक्ष नारायण भट्टराईले बताए । ऐलानी जग्गामा भए पनि पीडितका लागि घरबासको व्यवस्था मिलाउन जरुरी रहेको भेरीगंगा नगरपालिका उपप्रमुख रेणु आचार्यले बताइन् ।




नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १९७ गोदावरी | १७ भदौ २०७६ मंगलबार भाद्र शुक्लपक्ष चतुर्थी | नेपाल संवत् ११३९ | सुदूरपश्चिम प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, September 3, 2019 | पृष्ठ १२+६ | १० रुपैयाँ


## मिडिया काउन्सिल विधेयकमा अपुरो संशोधन

■ **राजेश मिश्र** (काठमाडौं)

संसद्मा दर्ता गरिएको मिडिया काउन्सिल विधेयकका केही विवादास्पद प्रावधान संशोधन गर्न सत्तारूढ र विपक्षी दुवैतर्फका सांसद सहमत भए पनि यसको गठन प्रक्रियामा उनीहरूको मत बाझेको छ । विधेयकमाथि नेकपाका १५ सांसदले संयुक्त रूपमा हालेको संशोधन प्रस्तावमा काउन्सिल पदाधिकारी नियुक्तिमा सरकार हावी रहने प्रावधान यथावत् छ ।

विधेयकमा सञ्चार मन्त्रालयका सचिव नेतृत्वको समितिको सिफारिसमा सरकारले काउन्सिलको अध्यक्ष र पदेनबाहेकका सदस्य नियुक्ति गर्ने प्रावधान छ । पत्रकार महासंघसहित विभिन्न संघसंस्थाले उक्त प्रावधानको विरोध गर्दै आएका छन् । महासंघले काउन्सिलका अध्यक्ष र सदस्य नियुक्तिको सिफारिस राष्ट्रिय सभा अध्यक्ष नेतृत्वको समितिबाट हुनुपर्ने भन्दै आएको छ ।

काउन्सिलको स्वायत्तताका लागि काउन्सिल सरकारप्रति नभई संसद्प्रति जिम्मेवार रहने गरी विधेयकमा संशोधन गर्नुपर्ने महासंघको माग छ । काउन्सिलले आफ्नो प्रतिवेदन सरकारलाई नभई संसद्को समितिलाई बुझाउनुपर्ने प्रावधान राख्न पनि महासंघले जोड दिएको छ । आचारसंहिता उल्लंघन गर्नेलाई २५ हजारदेखि १० लाख रुपैयाँसम्म जरिवाना र मनासिव क्षतिपूर्तिको प्रावधानलाई हटाइनुपर्ने महासंघको मागमा भने सत्ता र प्रतिपक्ष दुवै सहमत देखिएका छन् । नेकपाका सांसदले हालेको संशोधनमा जरिवाना हटाएर मध्यस्थता गरी मेलमिलाप गराइदिने उल्लेख छ ।

बाँकी पृष्ठ १६ ▶▶



काठमाडौंको वसन्तपुरमा सोमबार नाचगान गरेर तीज मनाउँदै महिला । *तस्बिर : केशव थापा/कान्तिपुर*

२५ वर्षअघिको प्रतिवेदन

# खोजिएन १८०० रोपनी

■ **दीपेन्द्र विष्ट** (काठमाडौं)

सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवं संरक्षणसम्बन्धी उच्चस्तरीय आयोगले २५ वर्षअघि विभिन्न व्यक्तिद्वारा अतिक्रमित भनी औंल्याएको १८ सय रोपनी सरकारी जग्गा अझैसम्म सरकारले खोजेको छैन ।

सरकारी र सार्वजनिक जग्गा अतिक्रमण भएको गुनासो बढेपछि ०४९ पुस १६ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पूर्वभूमिसुधार सचिव रामबहादुर रावलको अध्यक्षतामा तीन सदस्यीय आयोग गठन गरेका थिए । आयोगले दुई वर्ष लगाएर १३ सय पृष्ठ लामो प्रतिवेदन सरकारलाई बुझाएको थियो । जसमा काठमाडौं उपत्यकामा मात्र विभिन्न ओहदामा बसेका व्यक्तिले नदी, पोखरी, ढुंगेधारा, मन्दिर, खुलाचौर, सामाजिक संघसंस्थाको जग्गा, कुलो, चिहान, विभिन्न नदीको उकास भएको जग्गा, सरकारी वनलगायतको गरी करिब १८ सय रोपनी जग्गा अतिक्रमण भएको उल्लेख छ ।

प्रतिवेदन हालसम्म सार्वजनिक गरिएको छैन । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा उक्त प्रतिवेदन थन्क्याइएको छ । उक्त प्रतिवेदन अध्ययन गर्नसमेत पाइँदैन । 'ठूलाबडाले जग्गा अतिक्रमण गरेको प्रतिवेदनमा छ,' मन्त्रालयका एक उच्च अधिकारीले भने, 'त्यसकारण त्यो सार्वजनिक भएन, लागू गर्न पनि कठिन छ । विभिन्न स्वार्थ समूहले यसलाई सार्वजनिक गर्न दिएनन् ।'


> रावल आयोगको प्रतिवेदनमा शक्तिशाली व्यक्ति मुछिएकाले हालसम्म सार्वजनिक नभएको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका अधिकारी बताउँछन्

सूक्ष्म ढंगले अध्ययन गरिएको भन्दै उनले आयोगले समाधान पनि सजिलो तरिकाले दिएको बताए । 'अहिले पनि निःस्वार्थ हिसाबले त्यसलाई कार्यान्वयन गर्ने हो भने लागू गर्न सकिन्छ,' ती अधिकारीले भने, 'लागू गर्न न सरकारले साहस गर्छ, न स्वार्थ समूहहरूले लागू गर्न दिन्छन् ।' एक आनादेखि रोपनीसम्म सरकारी जग्गा अतिक्रमण गर्नेको संख्या साढे चार हजारभन्दा बढी रहेको ती अधिकारीले बताए । आयोगले महानगरपालिकाका प्रत्येक वडामा गएर अध्ययन गरेको प्रतिवेदनमा उल्लेख छ ।

ठमेलस्थित सरस्वती क्याम्पसको पश्चिमतर्फ घ्याम्पे मन्दिर क्षेत्रको कित्ता नम्बर ३०५ को करिब ३ रोपनी जग्गा मिचिएको देखिन्छ । उक्त जग्गा ३ जनाले घरटहरा बनाई चर्चेका छन् । मन्दिरकै करिब १ रोपनीभन्दा बढी जग्गा सिद्धिगणेश माविले चर्चेको प्रतिवेदनमा छ । बालाजुस्थित विद्युत् प्राधिकरणको ३ रोपनी ३ आना २ पैसा १ दाम जग्गा २७ जनाले मिलेमतोमा मिचेका छन् । सोह्रखुट्टेनजिकको पाटीको करिब एक रोपनी जग्गामा ६ जनाले घर-पसल राखेको प्रतिवेदनमा छ ।

साथै, पार्टीलाई नयाँ स्वरूप दिएर निर्माण गरिएको उल्लेख छ । कलंकी, बल्खु, कालिमाटी, खड्का गाउँ, चक्रपथ र कुलेश्वर क्षेत्रमा पनि व्यापक रूपमा जग्गा मिचिएको छ । कलंकीको कित्ता नम्बर ८३ को खोलाको १ रोपनीभन्दा बढी र कित्ता नम्बर १०२ को कुलोको ७ रोपनीभन्दा बढीमा इँटाभट्टा स्थापना गरेको पाइएको छ । बाँकी पृष्ठ १६ ▶▶

# अनाहकमा अढाई वर्ष जेल



राज्यको बेवास्ताले बिनाकारण पन्जाबको जेलमा बस्न बाध्य एक नेपाली युवाको दुर्दान्त कथा

◀ **भारतको अमृतसरस्थित केन्द्रीय जेल जहाँ डिल्लीराम थारू (इन्सेटमा) अढाई वर्षदेखि छन् ।**

*तस्बिर : सुरेशराज/कान्तिपुर*

■ **सुरेशराज न्यौपाने** (अमृतसर)

दुब्लाएर सिट्ठो भएको ज्यान । महिनौं नकाटिएको दाह्रीकपाल । नाम : डिल्लीराम थारू (दिलु) । उमेर : २८ वर्ष । ठेगाना : पिपरा गाउँ, वाणगंगा नगरपालिका, कपिलवस्तु, नेपाल ।

तर करिब अढाई वर्षयता उनको ठेगाना फेरिएको छ- भारत, पन्जाब राज्यको अमृतसरस्थित केन्द्रीय जेल । नाम पनि परिवर्तन भएको छ- डिलराम तरु ।

निमुखा र आवाजविहीनहरूप्रति राज्यले गर्ने उपेक्षा तथा बेवास्ताको सिकार भएकाहरूका प्रतिनिधि पात्र हुन्, उनी । सरकारको जिम्मेवार निकायको गैरजिम्मेवारीपनका कारण नागरिकले कुन हदसम्म दुःख पाउन सक्छन् भन्ने कुराको उदाहरणसमेत हुन् उनी । कान्तिपुरले अमृतसर जेलमा गएर भेटेपछि उनले आफ्नो कथा-व्यथा सुनाए ।

**यसरी परे उनी जेल**

करिब साढे दुई वर्षअघिको कुरा हो । घरमा हातमुख जोर्न मुस्किल थियो । सम्पत्तिका नाममा एउटा सानो घर र त्यसले चर्चेको जग्गा मात्र । अरू दुई दाजु छुट्टभिन्न भइसकेका थिए । आमा, श्रीमती, दुई छोरी र बूढी हजुरआमाको जिम्मेवारी डिल्लीकै काँधमा थियो । बुबा २०५८ सालमै बितेका थिए । दाजुहरू धनीराम र मणिराम आआफ्नो इलम गर्थे । बेग्लै बस्थे । आमा र श्रीमती दुवै मजदुरी गर्थे । त्यसले पनि राम्ररी घरखर्च नचलेपछि डिल्लीले निर्णय गरे, रोजगारीका लागि फेरि एक पटक पन्जाबको चण्डीगढ जाने । यसअघि दुई पटक गरी करिब तीन महिना उनले चण्डीगढमै 'वेटर'को काम गरेका थिए ।

घर छाड्ने दिन श्रीमती छोरी लिई माइती गएकी थिइन् । गाडी भाडा थिएन । त्यसैले उनले आफ्नो साइकल र श्रीमतीका दुई जोर पाउजु बोकी हिँडे । र, झोलामा आफ्नो नागरिकता र केही जोर लुगा हाले । साइकललाई सीमावर्ती बजार कृष्णनगरका आफन्त सन्तोष दाइको पसलमा १८ सय रुपैयाँमा बेचे । अनि त्यहीँबाट चण्डीगढका लागि बस चढे ।

यसअघि पनि आएको हुँदा चण्डीगढ उनका लागि नयाँ ठाउँ थिएन । उनी पहिले काम गरेकै ठाउँमा रोजगारी माग्न गए । तर साहुले काम छैन भनी फर्काइदिए । त्यसपछि एकजना चिनेका दाइलाई खोज्न निस्किए अटोरिक्सामा । तर राति भएकाले ती दाइ भेटिएनन् । अटोरिक्सा केही पर रोकिराखेका थिए, फर्किंदा उनको झोला लिएर त्यो भागिसकेछ ।

उनको परिचय खुलाउने नागरिकतासमेत त्यही झोलामा थियो, हरायो । 'त्यसपछि मेरो होसै हरायो- के गर्ने, कहाँ जाने ?' थारूले सुनाए । केही सीप नलागेपछि उनले घरै फर्किने सोचाइ बनाए । भाडा तिर्ने पूरा रकम पनि थिएन, रेलवे स्टेसन पुगेर रेल चढे । नेपाल फर्कन उनी चढ्नुपर्ने थियो अम्बालाको रेल, थाहा नपाएर अमृतसरको रेल चढेछन् । अर्को रात करिब ११ बजे अमृतसरमा झरे । जीउ भोकप्यास र थकाइले लखतरान थियो । स्टेसनबाट बाहिरिएपछि केही परसम्म हिँड्दै गए ।

करिब ६ सय मिटर पुगेपछि खपिनसक्नुभयो । सडकछेउ पल्टिन खोजे । उनी सैनिक छाउनी क्षेत्रमा पुगेछन् । 'खै के-कसरी हो, म त केही बेरमा सेनाको क्षेत्रभित्र पसेछु,' उनले भने, 'पर्खाल जस्तो थियो, यसो नाघेर भित्र गएको सेनाको क्षेत्र पो रहेछ ।'

बिनाअनुमति सैनिक क्षेत्रमा प्रवेश गरेको भन्दै उनलाई तत्काल सेनाले पक्राउ गर्‍यो । केरकार गर्‍यो । उनले सबै कारण बताए । तर सेनाले पत्याएन । किनभने उनीसँग नाम र ठेगाना खुल्ने कुनै कागजात थिएन । प्रमाण देखाउन नसकेपछि त्यो रात उनलाई छाउनीमै राखियो । र, भोलिपल्ट प्रहरीको जिम्मा लगाइयो । त्यसपछि १५ दिन प्रहरी थानामा राखिएको उनले बताए । प्रहरीले उनीमाथि 'फरेनर्स एक्ट'अन्तर्गत कारबाही अगाडि बढायो । उनको पक्षमा बहस-पैरवी गर्ने कोही भएन । २२ मे २०१७ मा स्थानीय अदालतले विदेशी नागरिकसम्बन्धी कानुनको हवाला दिँदै थारूलाई नौ महिनाको सजाय सुनायो । भारतमा शंकास्पद गतिविधिका आरोपित कुनै पनि विदेशी नागरिकले आफ्नो परिचय खुलाउन नसकेको अवस्थामा यस्तो मुद्दा चलाउने गरिन्छ ।

यता घरमा भने उनी जेल परेको खबर कसैले पाएन । उनले पनि केही सन्देश पठाउन पाएनन् । यत्तिकै नौ महिना बित्यो । जेल सजाय पूरा गरेपछि घर जान पाइन्छ भन्नेमा ढुक्क थिए । किनभने जेल परेकाहरू सजाय सकिएपछि आआफ्नो घर लागेको उनले देखेका थिए । अदालतको फैसलाअनुसार उनले २०१८ फेब्रुअरी अन्त्यमा कैद पूरा गरे । भारतीय कानुनमा विदेशी नागरिकलाई सम्बन्धित देशको दूतावासलाई नै जिम्मा लगाउनुपर्ने व्यवस्था छ । जेल प्रशासनले भारतको विदेश मन्त्रालयलाई नेपाल सरकारसँग पत्राचार गर्न अनुरोध गर्‍यो । त्यसैअनुसार २६ जुन २०१८ मा विदेश मन्त्रालयले नयाँदिल्लीस्थित नेपाली दूतावासलाई थारूको राष्ट्रियता र ठेगाना प्रमाणीकरणका लागि पत्र पठायो।

बाँकी पृष्ठ १६ ▶▶




ठूला आयोजनामा अनेक बाधा

# कतै बजेट अभाव, कतै सीमा विवाद



महाकाली सिँचाइ आयोजनाअन्तर्गत भारतले नहर निर्माण गर्नुपर्ने ब्रह्मदेवको दशगजा क्षेत्रमा अनुगमन गर्दै राष्ट्रिय योजना आयोगका उपाध्यक्षसहित सुदूरपश्चिम प्रदेशका मन्त्रीको टोली । तस्बिर : भवानी/कान्तिपुर

■ **भवानी भट्ट** (कञ्चनपुर)

महाकाली सिँचाइ आयोजना तेस्रो चरणको नहर निर्माणको काम सुरु भएको १३ वर्ष पग्यो । हालसम्म १२ किमि मुल नहर निर्माणको काम मात्रै भएको छ । एकातिर न्यून बजेट र अर्कोतिर टनकपुर ब्यारेजदेखि नेपाल-भारत सीमासम्म भारतले नहर निर्माण नगर्दा आयोजनाले गति लिन नसकेको हो ।

हुलाकी सडक निर्माणको गति पनि महाकाली सिँचाइ आयोजनाको जस्तै छ । डोकेबजारदेखि दैजीसम्म ६२ किमि सडक निर्माणको काम तीन चरणमा भइरहेको छ । तीनै चरणको काम भदौमा सकिनुपर्ने भए पनि अहिलेसम्म ५० प्रतिशतका हाराहारीमा मात्रै काम भएको छ । तिनै चरणमा १ अर्ब १६ करोडमा ठेक्का सम्झौता भई काम सुरु भएको हो ।

हुलाकी सडक आयोजनामा पनि सुरुमा शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज क्षेत्रमा वातावरणीय प्रभाव मूल्यांकन आदिका कारण ढिलाइ भएको थियो भने केही ठाउँमा स्थानीयको जग्गा विवादले काम प्रभावित भएको थियो । 'अहिले सीमा विवादले काम प्रभावित भएको छ,' हुलाकी सडक आयोजनाका इन्जिनियर पदम मडैले भने, 'विभिन्न कारणले केही ढिलाइ भएको छ, तर अहिले भने बर्खामा पनि काम चलिरहेको छ ।'

बैलौरी नगरपालिका ८, पचुईमा भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले सडक दशगजामा पर्ने भन्दै निर्माण रोकेको छ । १२ सय मिटर सडक निर्माणको काम ३ महिनादेखि रोकिएको छ । निर्माण कम्पनीले उक्त ठाउँ छाडेर अन्यत्र काम गरिरहेको छ । 'अहिले बर्खाको सिजन भएकाले कालोपत्रेको काम गर्न सकिँदैन,' मडैले भने, 'कालोपत्रे गर्ने बेला सशस्त्र प्रहरीबाट सहयोग मागिनेछ ।'

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष पुष्पराज कँडेलले पनि हुलाकी सडक, महाकाली नदीमा निर्माणाधीन पुल र महाकाली सिँचाइ आयोजना तेस्रो चरणको अनुगमन गरेपछि बजेट अभाव तथा प्राविधिक कारणले ढिलाइ भएको महसुस गरे । 'ठूला आयोजनाहरूमा विभिन्न कारणले ढिलाइ भएको देखिएको छ,' उनले भने, 'तिनको गति कसरी बढाउन सकिन्छ मैले पहल गर्नेछु ।'

उपाध्यक्ष कँडेलले हुलाकी सडक निर्माणका क्रममा देखिएको सीमा विवाद केन्द्रबाटै समाधानका लागि पहल गर्ने बताए । महाकाली सिँचाइ आयोजनामा पनि भारतीय पक्षले नहर निर्माण नगर्दा समस्या भएकाले यस विषयमा पनि पहल गरिने बताए । यद्यपि भारतीय पक्षले आफ्नो भूभागमा पर्ने १२ सय मिटर नहर निर्माणका लागि टेन्डर आह्वान गरेकाले समस्या पनि समाधान हुने उनले बताए ।

'भारतले नहर निर्माण नगर्दा हामीले पर्याप्त वजेट छुट्याउन सकेका थिएनौं,' कँडेलले भने, 'भारत नहर निर्माण गर्ने भएपछि अर्को वर्षदेखि महाकाली सिँचाइ आयोजनालाई पनि राष्ट्रिय महत्त्व साथ बजेट विनियोजन गरिनेछ ।' अहिले रानी जमरालगायत सिँचाइ आयोजनालाई प्राथमिकतामा राखेर वजेट छुट्याउने काम भइरहेको उनले बताए । उपाध्यक्ष कँडेलसँगै सुदूरपश्चिम प्रदेशका भौतिक योजना तथा पूर्वाधारमन्त्री पठानसिंह बोहरा, उद्योग पर्यटन वन तथा वातावरण राज्यमन्त्री प्रकाश रावल, सुदूरपश्चिम प्रदेशसभामा नेकपाका प्रमुख सचेतक तारा लामा तामाङ र योजना आयोग सदस्य सुशीलकुमार भट्टले आयोजनाहरूको अनुगमन गरेका हुन् ।

महाकाली सिँचाइ आयोजनाको तेस्रो चरणको नहर निर्माणका लागि हालसम्म २ अर्ब ४१ करोड खर्च भइसकेको छ । जसमध्ये ६० करोड बढी मुआब्जा वितरणमा खर्च भएको हो । यस वर्ष थप १५ किमि मूल नहर निर्माणका लागि ३ चरणमा २ अर्ब २७ करोडमा ठेक्का भएको छ । तर यस वर्ष बजेट भने ४० करोड मात्रै विनियोजन भएको आयोजनाका इन्जिनियर करुणाकर पन्तले बताए । 'मुआब्जा वितरणमै १५ करोड बढी खर्च हुने देखिन्छ,' उनले भने, 'नहर निर्माणका लागि २०/२५ करोड मात्रै बाँकी हुन्छ ।'

उक्त आयोजना राष्ट्रिय प्राथमिकतामा नपरेकै कारण बर्सेनि न्यून वजेट आउने र काम पनि ढिला हुने गरेको हो । १ सय ५१ किमि मूल नहर निर्माण हुने आयोजनाले करिब ३४ हजार हेक्टरमा सिँचाइ उपलब्ध हुनेछ । निर्माण सुस्त हुँदा भएको मूल नहर पनि जीर्ण बनेको छ । कतिपय ठाउँमा पानी सुचारु नहुँदै मर्मत गर्नुपर्ने अवस्थासमेत आएको छ । 'कम बजेट आउँदा आयोजना बढी खर्चिलो भएको छ,' इन्जिनियर पन्तले भने, 'राष्ट्रिय गौरवको आयोजना बनाएर केही वर्षभित्रै सक्ने गरी बजेट विनियोजन गरिनुर्छ ।'

# लोप हुँदै कला र सीप

■ **डीआर पन्त** (डडेलधुरा)

उनी आरनमा बस्न थालेको ९० वर्ष हुन थाल्यो । ८ वर्षको उमेरमा पहिलोपटक उनले आरन चलाउन सुरु गरेका हुन् । 'बुबा घरमा नभएको मौका पारी पहिलोपटक हँसिया बनाउन सुरु गरेको हुँ,' कालु टमटाले झन्डै शताब्दीअघिको कुरा सम्झँदै भने, 'मैले बनाएको हँसिया देखेपछि कसैले विश्वासै गरेनन् ।'

डडेलधुरा डुगरीका टमटाहरूले बनाएका तामा पित्तलका सामान भारतको टनकपुरसम्म प्रख्यात रहेको उनले बताए । 'दार्चुला, बैतडी, बझाङ हुँदै बाजुरा, अछाम र डोटीसम्म हामीले बनाएका सामान बिक्री हुन्थ्यो,' उनी भन्छन्, 'अब त सम्झनामा मात्र रहे त्यो सीप, हाम्रै पुस्तासम्म सीमित भयो । समयसँगै हाम्रो पेसा पनि विस्तारै लोप हुन थालेको छ ।'

डेढ दशकदेखि राजमार्गछेउ टिनको छाप्रो बनाएर महादेवले आरन चलाउन सुरु गरेका हुन् । यसअघि उनी गाउँमै आरन चलाउँथे । तामा पित्तलका मूर्ति र देवीदेउतामा चढाउने सामान बनाउने उनी कलाकार पनि हुन् । उनका बुबा वीरभान कुनै समय तामा पित्तलको कामका लागि प्रख्यात थिए । 'पुर्ख्यौली पेसा धान्न निकै कठिन भइसकेको छ,' महादेवले भने, 'हामीले बनाउने सामानभन्दा कम्पनीबाट बनेर आएका सामान सस्तोमा पाउन थालेपछि बिस्तारै यो पेसावाट धेरै पलायन हुन थाले ।' देवी देउताका लागि चाहिने भाँडाकुँडा, मूर्ति, जात्रामा प्रयोग हुने बाजा, मन्दिरमा चढाउने सामानसमेत कम्पनीबाटै बनेर आउन थालेपछि पछिल्लो पुस्ता पेसाबाट टाढिँदै जान थालेको उनले बताए ।

आफ्नो समयका यी दुवै डडेलधुरामा तामा पित्तल, काँस र फलामका सामान बनाउने दुर्लभ सीप भएका ३ हजार बढी परिवारमध्येका हुन् । जसमा अधिकांश यो पेसाबाट पलायन भइसकेका छन् । हुन पनि कुनै समय सुदूर र मध्यपश्चिम मात्र नभई कुमाउँसम्म डडेलुधरामा उत्पादन भएका तामा, पित्तल र काँसका भाँडाकुडाको ठूलो व्यापार हुन्थ्यो । 'विभिन्न ठाउँमा हुने जात्रामा वर्षभर हामीले बनाएका सामान पुग्थे,' कालु भन्छन्, 'गिलास, लोहोटा, थाल, करुवा, गाग्री, कराही, हुक्का, हँसिया, बन्चरो, तरबार, खाना पकाउने भाँडाकुँडा र देवी-देउतालाई चढाउन चाहिने सामान ठूलो मात्रामा बाहिर जान्थ्यो ।' कैलाली र कञ्चनपुर सडक यातायातसँग नजोडिँदासम्म डडेलधुरामा उत्पादन हुने यी सबै सामान भारतको कुमाउँसम्म निर्यात हुन्थे ।

'डडेलधुराबाट जोगबुढा हुँदै टनकपुरमा सामान भण्डारण हुन्थ्यो,' ४० वर्ष अघिसम्म तामा पित्तलको कारोबार गर्ने नवदुर्गाका नारायण टमटा भन्छन्, 'कुमाउँतिर जाने सामान टनकपुरसम्म र बैतडी दार्चुला बझाङ जाने सामान बैतडीको पाटनसम्म पुर्‍याउने काम गर्थें ।' उनले त्यतिबेला सय किलो सामान टनकपुर पुगाएको ९ रुपैयाँसम्म बुझेको बताउँछन् । उनले भने, '३०/४० भरियासहित धेरैपटक टनकपुर पुगेको छु ।' उनका अनुसार ०४२ सम्म उनले यही काम गरेका हुन् ।' त्यसपछि ब्यवसाय पनि कम हुँदै गयो बुढो पनि हुँदै गए अब त सय पुग्न ८/१० वर्ष वाँकी होला,' उनले भने । बैतडीको मेलौली, डडेलधुराको उग्रतारा, दार्चुला गोकुलेको शिवरात्रि, अछामको वैद्यनाथमा हुने जात्रा र भारतको धार्चुलाको जौलजीवी मेलामा ठूलो मात्रामा डडेलधुरामा बनेका सामान बिक्री हुने मुख्य केन्द्र थिए । जात्रा सुरु हुन साताअघि देखि नै सामान बोकाएर व्यापारी जात्रा स्थलमा पुगिसक्थे । दर्जनौंपटक जात्रामा पुगेका नारायण सम्झिन्छन्, 'अहिलेको जस्तो भए हिसाब-किताब राख्थे हुँला त्यतिवेला कति व्यवसाय भयो अनुमान छैन ।'

नेपाल एकीकरण गर्दै आएको गोर्खाली फौजसँग लड्न डोटेली फौजका लागि बन्दुक बनाउने आफ्नै पुर्खा रहेको शिक्षक धनबहादुर टमटा बताउँछन् । 'दैनिक उपभोग्य भाँडाकुँडा मात्र होइन हाम्रो समुदायभित्र अजयमेरु, डुगरी, हाट, दमडा, वेलापुर खुनी, कोटेली र सतीगाउँमा आज पनि दुर्लभ सीप भएका व्यक्ति जीवित छन्,' उनले भने । आफ्नै देशमा भएको सीप आधुनिकीकरण गरि निर्माणमा लगाउनु भन्दा वाहिरको सामान आयातमा प्रोत्साहन हुन थालेपछि दलित समुदायसँग भएको सीप लोप हुन थालेको उनले बताए । पछिल्लो समय ९० प्रतिशत भन्दा वढी घरमा स्टील र गिलटका भाँडाले ठाउँ लिएको छ । कहिं कतै मात्र काँसका थाल, तामाका गाग्री, फलामका खाना पकाउने भाँडा र पित्तलका सामान देख्न पाइन्छ । टोलमा टोलमा भारतीय मूलका व्यवसायीहरू सस्तो मूल्य पर्ने गिलटका भाँडा पुगाउन थालेपछि स्थानीय उत्पादन बन्द जस्तै भएको छ । चाड पर्व र धार्मिक कार्यमा मात्र तामा पित्तल र काँस प्रयोग हुन थालेको छ । कबाडीको ब्यबसाय गर्नेहरू गाउं-गाउं पुगेर भएका तामा पित्तल र काँसका भाँडाकुँडासमेत खरिद गरि कच्चा पदार्थका रुपमा भारत निकासी गर्न थालेका छन । 'बजारमा स्थानीय उत्पादन नाम मात्रको आउँछ,' डडेलधुराका व्यवसायी राजेन्द्र जोशीले भने, 'पुस्ता हस्तान्तरणसँगै स्थानीय उत्पादन पनि लोप हुने अवस्थामा पुगेको छ ।'



डडेलधुरा अजयमेरु हाटका महादेव टमटा आफूले बनाएका भाँडाबर्तनका साथ । तस्बिर : डीआर/कान्तिपुर

**पहिले तामा पित्तलका भाँडासँगै जुत्ता पनि भारत निर्यात**

तामा पित्तल र फलामको सीप भएका समुदाय मात्र होइन डडेलधुरामा बनेका जुत्ताको पनि कुनै समय ठूलो ब्यापार थियो । 'हाटको पाउलो भन्ने उखान नै छ,' दलित अगुवा धनी सार्कीले भने, 'अजयमेरु गाउँपालिकाको हाट गाउँका सार्कीले बनाएको जुत्ता पनि ठूलो मात्रामा वाहिर जान्थ्यो ।' उनकाअनुसार घरपालुवा जनावरको छालाले वनाएका जुत्ता सस्ता हुन्थे भने वन्यजन्तुका छालावाट वन्ने जुत्ता सर्वसाधारणले लगाउन सक्दैनथे । 'ठूला, धनीमानीले मृग र दुर्लभ वन्यजन्तुको छालाको जुत्ता वनाउन टाढा-टाढाबाट छाला लिएर मान्छे पठाउँथे'।

'जात्रा मेलामा बिक्री हुने जुत्ताका लागि वर्ष दिन अगाडी नै माग हुने उनले बताए । वर्षका ८ महिना जुत्ता वनाउने र ४ महिना डोटी गौंडाका बडाहाकिम एकजना राणाले काठमाडौं फर्केपछि पनि धेरै वर्षसम्म जुत्ता बनाउन साबरको छाला पठाउने गरेको उनले सम्झना गरे । 'कुनै समय आफुले वनाएका सामान विक्री गर्न भारत जाने दलितका सन्तान पछिल्लो समय दुइछाक टार्न रोजगारीका लागि भारत छिर्न बाध्य भएका छन्,' स्थानीय दलित नेता सन्तोष जैरु भन्छन्, 'सामानको सहज उपलब्धताले मात्र दलितहरूमा रहेको परम्परागत सीप लोप हुन थालेको होइन,राज्यको नीति र नेतृत्वको अदुरदर्शीताले गर्दा दलितहरू सर्जकबाट चौकीदार वन्न वाध्य भएका हुन ।' दलितको परम्परागत सीपका विषयमा अनुसन्धान गरेका प्राध्यापक भरतराज पन्त दलितमा रहेको सीप र कलालाई आधुनिकीकरण गरि उत्पादनमा लगाउने हो भने आधाभन्दा वढी आवश्यक वस्तुमा मुलुक आत्मनिर्भर हुन सक्ने दावी गर्छन । 'कुनै समय दलितले वनाएका सामानको निर्यात हुन्थ्यो,' उनी भन्छन्, 'राज्यले नीति वनाएर दलितका सीपको उपयोग गर्ने हो भने निर्यात गर्न नसके पनि देश चाँडै यस्ता वस्तुमा आत्मनिर्भर हुन सक्छ ।' आर्थिक कारणले समाजको मूलधारमा अझै पनि समेटिन नसकिएका दलितहरूको विकास र उत्थानका लागि उनीहरूको सीपको आधुनीकीकरणबाहेक अर्को विकल्प नभएको पनि उनले बताए ।

डडेलधुराको कुल जनसंख्यामध्ये २१ प्रतिशत दलित छन् । त्यसमध्ये पनि फलाम तामा पित्तलको परम्परागत काम गर्ने समुदायको ८ प्रतिशत जनसंख्या रहेको छ । ग्राम्य विकास तथा अनुसन्धान केन्द्रका अनुसार परम्परागत सीप नभएका दलित नै छैनन् । केन्द्रका अनुसन्धानकर्ता खेम उपाध्यायले भने, 'सुदूरका दलित वस्तीमा अहिले पनि अद्भूत कला र सीप भएकाहरू प्रशस्त भेटिन्छन् ।' अद्भुत कला र सीपका धनी दलितका सन्तानले जुन रुपमा आफ्नो पुर्ख्यौली सीप छोड्दै जान थालेका छन यसले केही वर्षमै परम्परागत सीप, कला लोप भएर जाने उनले वताए ।

डडेलधुरा, बैतडी, दार्चुला, अछाम र बझाङका १७ ठूला दलित बस्तीमा गरिएको एक सर्भेक्षणमा ६१ प्रतिशत युवा घरबाहिर छन् । उपाध्यायले भने, '१७ प्रतिशत युवा अन्य पेसामा संलग्न छन भने वाँकी गाउंघरमा सामान्य पेसा गर्दै आएका छन् ।' घरबाहिर रहेका ६१ प्रतिशत युवामध्ये ९५ प्रतिशतभन्दा बढी रोजगारीका लागि छिमेकी भारतका विभिन्न सहरमा कार्यरत छन् । बाँकी तेस्रो मुलुकमा छन् । 'परम्परागत सीपलाई व्यावसायिक रुपमा प्रयोग गरिरहेका दलित युवाको संख्या नगन्य जस्तै छ,' उपाध्यायले भने, 'डडेलधुराका महादेव टमटा जस्ता व्यावसायिक काम गरिरहेका युवाको संख्या सर्भे गरिएका दलित बस्तीमा एक दर्जन पनि छैन ।' परम्परागत सीप र कलाका धनी दलितहरूका विषयमा सरकारसँग भने कुनै तथ्यांकसमेत छैन । प्रदेशका सामाजिक विकासमन्त्री कृष्ण सुवेदी यस विषयमा सरकारसँग कुनै तथ्यांक नभएको बताउँछन् । उनी भन्छन्, 'दलितको विकासका लागि थुप्रै कार्यक्रम मन्त्रालयले बनाइरहेको छ । तथ्यांक लिने काम पनि भइरहेको छ, मन्त्रालयसँग अहिलेसम्म कुनै तथ्यांक छैन ।'


**भर्ना खुल्यो ! भर्ना खुल्यो ! ! भर्ना खुल्यो ! ! !**

शैक्षिक शत्र २०७६/०७७ का लागी CTEVT बाट सम्बन्धन प्राप्त नेपालगञ्ज बाँकेमा तपशीलका कलेजहरुमा केही सीट खाली रहेकोले अन्य कलेजबाट CTEVT ले शैक्षिक शत्र २०७६/०७७ को लागी लिइएको प्रवेश परिक्षामा पास लिस्टमा परेका र आफ्नो कलेजमा भर्ना नपाएका विद्यार्थीहरुलाई सात दिन भित्र भर्नाको लागी तुरुन्त सम्पर्क गर्न यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपशील**

| क्र.सं. | कलेजको नाम | कार्यक्रम | वर्ष | सिट संख्या | सर्म्पक नम्बर |
|---|---|---|---|---|---|
| १ | कलेज अफ अलाईड, नेपालगञ्ज, बाँके | ल्याब टेक्निसियन | ३ वर्षे | केही | ०८१-५२७५४६, ०८१-५२८२६०, ९८४८०९१०३७ |
| | | सिभिल इन्जिनियरिङ्ग | ३ वर्षे | | |
| | | ल्याब असिस्टेन्ट | १८ महिने | | |
| | | सिभिल सब ओभरसियर | १८ महिने | | |
| २ | कलेज अफ अप्थाल्मिक हेल्थ साईन्स, नेपालगञ्ज, बाँके | अप्थाल्मिक असिस्टेन्ट (OA) | ३ वर्षे | केही | ०८१-५२७५४६, ५२८२६०, ९८४८०९१०३७ |
| ३ | कैलपाल हस्पिटल एण्ड कलेज, नेपालगञ्ज, बाँके | रेडियोग्राफी | ३ वर्षे | केही | ०८१-५२१०१७, ९८४८०३३६८४ ९८५८०२४६४८ |
| | | ल्याब टेक्निसियन | ३ वर्षे | | |
| | | Tslc in Computer Engineering | १८ महिने | | |


# मृतकको रकम बुझ्दै जनप्रतिनिधि

दार्चुला (कास)- मृत्यु भइसकेका आफ्ना बाबुको नामको सामाजिक सुरक्षाअन्तर्गत ज्येष्ठ नागरिक भत्ता एक वडा-सदस्यले बुझ्ने गरेको पाइएको छ । मालिकार्जुन गाउँपालिका १ का वडा-सदस्य वीरसिंह धामीले मृत्यु भएका आफ्ना बुवाको ज्येष्ठ नागरिक भत्ता बुझेका हुन् ।

वडा कार्यालयले आयोजना गरेको सार्वजनिक सुनुवाइमा स्थानीय खडकसिंह चैसिरले गलत प्रवृत्ति रोक्नुपर्ने ठाउँमा पुगेका जनप्रतिनिधि आफैंले गत पुसमा मृत्यु भएका आफ्ना बाबु शिवलालसिंह धामीका नामबाट ज्येष्ठ नागरिक भत्ता बुझेको आरोप लगाएका हुन् । वीरसिंह सैनिक सेवाबाट अवकाशप्राप्त कर्मचारी पनि हुन् । उनले मृत्यु भइसकेका अन्य २ जनाको पनि ज्येष्ठ नागरिक सुरक्षा भत्ता बुझ्न लगाएको स्थानीयको आरोप छ । स्थानीय उमादेवी धामीको भत्ता पनि उनी आफैंले बुझ्छन् । यस्तै मानमति पन्तको भत्ता पनि दिनेशराज पन्तलाई बुझ्न लगाइएको स्थानीयको आरोप छ । वडाध्यक्ष गौरसिंह बोहरा भने आफू बाहिर भएकाबेला भत्ता बुझेको भेटिएको बताउँछन् । बाहिर भएको अधिकांश समयमा वीरसिंह नै कार्यवाहक चलाउने गरेको बोहोराको भनाइ छ ।


ENJOY DOLBY ATMOS SOUND | BIG Movies | NOW SHOWING
SAAHO : 7:30 AM, 8:30 AM, 9:30 AM, 11:00 AM, 12:45 PM, 2:30 PM, 4:00 PM, 5:00 PM, 6:00 PM, 7:30 PM, 8:30 PM, 9 :15 PM
MARUNI : 11:45 AM, 2:15 PM
NLIC City Centre Kamalpokhari, Kathmandu
4011643/45, 01-2112233
www.bigmovies.com.np
facebook/bigmoviesnepal
Wednesday & Thursdays At Rs. 185* *Conditions apply

QFX cinemas NOW SHOWING
For booking and updated info:
Kathmandu: 01-4442220
Narayanghat: 056-522079
Nepalgunj: 081-411330
Pokhara: 061-522630/47
Birtamode: 023-543083
qfxcinemas.com

BG Mall BSR MOVIES FIRST TIME IN NEPAL DOLBY ATMOS SOUND
For booking: 01-4362712
Gongabu, Kathmandu
www.facebook.com/bsrmoviesnepal
www.bsrmovies.com
NOW SHOWING
CURRENT SHOWTIME

| MOVIES | ATMOS 1 | ATMOS 2 |
|---|---|---|
| SAAHO | 7:00 AM 10:30 AM 2:00 PM 5:30 PM 9:00 PM | 7:30 AM 1:30 PM 5:00 PM 8:30 PM |
| MARUNI | | 11:00 AM |

XTENDED SUPER 2 DAYS TUESDAY & WEDNESDAY -190 ALL DAY LONG
BSR owns the rights to change the show time

गोपीकृष्ण Showing Time 8:20, 11:20, 2:20, 5:20
• Saaho • Mangal mission
• Batla House • मारुनी • जाइरा
• हजार जुनिसम्म • साइनो

GUNA GROUP गुण सिनेमा हल प्रा. लि. Guna Cinema P. Ltd.
• Saaho • Maruni • Xira
• जात्रइ जात्रा • जात्रइ जात्रा
• Mangal mission


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | यात्रा हुने | तुला | भाग्य वृद्धि |
| वृष | शत्रु वृद्धि | वृश्चिक | केही लाभ |
| मिथुन | विद्यामा सफलता | धनु | यात्रामा सफल |
| कर्कट | आलस्यता | मकर | आलश्यता |
| सिंह | पराक्रम बढ्ने | कुम्भ | पुण्य आर्जन |
| कन्या | धन आर्जन | मीन | अस्वस्थता |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल भाद्र १८ गते बुधबार तदनुरुप ४ सेप्टेम्बर २०१९ भाद शुक्लपक्ष षष्ठि तिथी रात्रिको ०३:२४ बजेसम्म उप्रान्त सप्तमी तिथी, स्वाती नक्षत्र प्रातः ११:१२ बजेसम्म उप्रान्त विशाखा नक्षत्र, ब्रम्हा योग प्रातः ०५:४९ बजेसम्म उप्रान्त ऐन्द्र योग, कौलब करण दिनको ०४:१० बजेसम्म उप्रान्त तैतिल करण, तुला राशिमा चन्द्रमा रात्रिको ०४:३५ बजेसम्म उप्रान्त वृश्चिक राशिमा । ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | मार्गदर्शन (लाइभ) |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | फायरसाइड (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | सुमनसँग (रिपिट) |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | मंगलम (लाइभ) |
| १:३० | बलियो घर (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | यू एण्ड आई (रिपिट) |
| ३:०० | फायरसाइड (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) |
| ५:०० | कल कान्तिपुर रिलोडेड |
| ६:०० | कान्तिपुर न्युज |
| ६:३० | मनी टक्स (रिपिट) |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | सरोकार |
| १०:०० | मनी टक्स (रिपिट) |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | मनी टक्स (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपीट १) |
| २:३० | मार्गदर्शन (रिपिट) |
| ३:०० | मंगलम (रिपिट) |
| ४:०० | सरोकार (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगञ्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगञ्ज**

| | |
|---|---|
| ०५:०० | भक्ति अनुष्ठान (अच्युत) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ७:३० | कानुनी बहस र परामर्श (कमला) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | मेरो जब करिअर कनेक्ट (एलिसा) |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | गृह श्रृंगार (सृजना देवकोटा) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | फिल्मी परेड (दीपकराज गिरी) |
| १३:०० | डिस्ट्रिक्ट डायरी |
| १३:०५ | के छ नेपाल (दिपाञ्जली) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल (दिपाञ्जली) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | नेपालय (रश्मिला) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | कान्तिपुर मञ्च (महेश) |
| १७:०० | डिस्ट्रिक्ट डायरी |
| १७:०५ | हेल्थ हटलाइन (कमला) |
| १८:०० | पुनर्निर्माण |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | कनेक्ट (प्रियंका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | लाउड (रेमन) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | कालजयी गीत संगीत (भूपेन्द्र) |
| २३:०० | पुराना हिन्दी गीतहरु (दृष्टि अर्याल) |
| ००:०० | फिल्मी परेड (रिपिट) |
| ०१:०० | कालजयी गीत संगीत (रिपिट) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर** | |
| मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल | ५२०२०० |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा) | ५२०३१० |
| क्षेत्रीय अस्पताल एम्बुलेन्स | ९८४८०६३५२० |
| **महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन** | |
| महाकाली अञ्चल अस्पताल | ५२११११ |
| जिल्ला प्रहरी कार्यालय | ५२१२०० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१२५८ |
| जिल्ला प्रशासन कार्यालय | ५२११०१ |
| **कैलालीका महत्वपूर्ण टेलिफोन** | |
| सेती अञ्चल अस्पताल | ५२१२७१ |
| जिल्ला प्रहरी कार्यालय | ५२११५० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१६०० |
| जिल्ला प्रशासन कार्यालय | ५२११०१ |
| टीकापुर अस्पताल | ५६०१५० |
| क्षेत्रीय अस्पताल | ०८३-५२०२०० |
| सुर्खेत विमानस्थल | ०८३-५२०१३२ |
| **कञ्चनपुर** | |
| महाकाली अञ्चल अस्पताल महेन्द्रनगर | ०९९-५२११११ |
| रेडक्रस एम्बुलेन्स | ५२१२५८/५२३१८३ |
| जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर | ५२११०९/५२२४०६ |
| जिल्ला प्रहरी कार्यालय | १००/५२१२०० |
| **डोटी** | |
| सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय | ०९४-४४०३१० |
| जिल्ला प्रशासन कार्यालय डोटी | ४२०१३३ |
| जिल्ला प्रहरी डोटी कन्ट्रोल | ९८५८४४०१९९/४२०२०५ |
| जिल्ला अस्पताल | ४२००१९ |
| जिल्ला अस्पताल एम्बुलेन्स | ९८४८५२५१५० |
| **डडेल्धुरा** | |
| जिल्ला प्रहरी | ०९६-४२०१९९ |
| **जाजरकोट** | |
| जिल्ला प्रहरी कार्यालय- | ०८९-४३०१३१, ९८५८०५५५५५ |
| अस्पताल- | ०८९४३०१८८ |
| एम्बुलेन्स | ९८१५५०९४३० |
| रेडक्रस एम्बुलेन्स | ०८९४३००४२, ९८६६७०००२६४ |
| **कालिकोट** | |
| प्रहरी | ०८७-४४०११३, ९८५८३३५५५५ |
| **जुम्ला** | |
| प्रहरी | ०८७-५२००१३, ०८७-५२०११३ |
| शिक्षण अस्पताल | ०८७-५२०३५५, ५२००१५ |
| एम्बुलेन्स | ९७४८९४१६६६ |
| **दैलेख** | |
| जिल्ला प्रहरी कार्यालय | ०८९-४२०१२५,९८५८०१५५५५ |
| अस्पताल | ०८९-४१०१२७ |
| एम्बुलेन्स | ०८९-४१०१८५, ९८६८१६५६८२ |
| **पश्चिम रुकुम** | |
| जिल्ला प्रहरी कार्यालय | ०८८५३०१८७ |
| जिल्ला अस्पताल | ०८८५३०२४७, ०८८५३०११५ |
| एम्बुलेन्स | ९८०९८५८५८५ |
| **हुम्ला** | |
| प्रहरी | ०८७-६८००३/ ०८७६८०००९९ |
| अस्पताल | ०८७-६८००२४ |
| विमानस्थल | ९८५१०७३९५९ |
| **डोल्पा** | |
| जिल्ला प्रहरी कार्यालय | ०८७-५५००५५, ९८५८३०५५५५ |
| **मुगु** | |
| प्रहरी | ०८७-४६००९९ |
| अस्पताल | ०८७-४६०१३० |
| एम्बुलेन्स | ९८४८३२१६६६ |
| **सल्यान** | |
| प्रहरी | ०८८-५२००७०, ९८५७८४५५५५ |
| अस्पताल | ०८८-५२००८२ |
| एम्बुलेन्स/रेडक्रस | ९८४७८३२४३८/०८८-५२०००४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४००३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

# गाउँमै बग्छ ठूलीभेरी

■ **हरि गौतम** (रुकुम पश्चिम)

७८ वर्षीया नौरती बोहराका आँखा दुई सातायता ओभाएका छैनन् । आठबीसकोट नगरपालिका ६, मन्काबगरकी बोहरा हरेक दिन ठूलीभेरी नदी छेउमा टुक्रुक्क बसेर टोलाउँछिन् ।

घर र बारी कहाँनेर थियो भनेर पनि छुट्याउन नसकिने गरी ठूलीभेरी उर्लिरहेको छ । बिहीबार दिउँसो त्यहीँ भेटिएकी नौरतीले भनिन्, 'बुढेसकालमा दैव लाग्यो, बस्ने घर, खाने अन्न, अन्न फल्ने जग्गा हेर्दाहेर्दै बग्यो । अब मेरो घरजग्गा उस्तै हालतमा कहिले देखुँला ।'

साउन २९ गते ठूलीभेरीमा आएको बाढीले नौरतीसहित उनका ४ छोराका परिवारलाई पनि बिचल्ली बनाएको छ । जेठा छोरा वीरबहादुर, माइला छोरा गोर्खबहादुरको घरजग्गा बग्यो भने साइँला छोरा नन्दबहादुर र कान्छा छोरा टेकबहादुर बोहराको जग्गा ठूलीभेरीले बगाइदिएको छ । कालीबहादुर बोहरा ७ जनाको परिवारसहित कालिका आधारभूत विद्यालयको एउटा कोठामा बसेका छन् । बाढी बढ्दै जाँदा घरको अवस्था हेर्ने क्रममा आफैं उभिएको जमिन कटानसँगै घरै बग्यो । 'मैले हेर्नबाहेक केही गर्न सकिनँ,' उनले भने, 'हेर्दाहेर्दै घर, घरभित्रको सम्पत्ति र पाकिसकेका मकै तथा पसाउँदै गरेका धानसहितको खेत बग्यो ।'

**बाढीपछि मन्काबगरका १२ परिवार आफन्तको घर र विद्यालयमा बसिरहेका छन्, घर र बारी रहेका ठाउँमा नदी बगिरहेको छ ।**

साउन २८ र २९ गतेको बाढीले भीमबहादुर थापा, जुनबहादुर बोहरा, पत्तरे बोहरा, दीपक बोहरा, यज्ञबहादुर बोहरा, धर्मे बोहरा, नन्दराम बोहरा, कमल बोहरा र विष्णुकुमारी बोहराको समेत घरसहितको जग्गा बग्यो । गाउँमा अहिले ठूलीभेरी बगिरहेको छ । 'हेर्दाहेर्दै गाउँ बग्यो, गाउँले सबै अप्ठ्यारोमा छन्,' वडा सदस्य नैनकुमारी बोहराले भनिन्, 'केही व्यवस्थापन गरिए पनि उनीहरूका लागि पर्याप्त छैन ।'

सम्भावित खतरा देखेर आठबीसकोट नगरपालिकाले तारजाली पनि लगाएको थियो । त्यो पर्याप्त नहुँदा १२ परिवारको घर, खेतबारी बगे भने अरू ४५ घर र एउटा विद्यालय जोखिममा छन् ।

विस्थापित भएका अधिकांश परिवार आफन्तको घरमा बसेका छन् । तत्कालका लागि नगरपालिकाले ५/५ हजार रुपैयाँ राहत दिएको छ । घर बगेका परिवारलाई जिल्ला प्रशासन कार्यालयले ५०/५० हजार रुपैयाँ दिने तयारी गरेको छ । नगरप्रमुख गोर्खबहादुर केसीले मन्काबगरसहित नगरका अन्य ठाउँमा पनि ठूलो क्षति भएको बताए । उनले क्षतिपूर्तिका लागि प्रदेश र संघीय सरकारसँग पहल भइरहेको बताए ।

आगामी मंसिरदेखि नदीले कटान गरेको ठाउँको व्यवस्थापन गरिने उनको भनाइ छ । प्रदेशसभा सदस्य गोपाल शर्माले तत्काल राहतका लागि प्रदेश सरकारले प्रतिपरिवार २० हजार रुपैयाँ सहयोग गर्न लागेको बताए ।

बाढीपीडित भन्छन्-

# सरकार पीडा मात्र सुन्छ, सुनुवाइ गर्दैन !

दाताले दिएका त्रिपाल चुहिंदा वर्षायाम कटाउन पनि मुस्किल छ । मजदुरी नगरे उनीहरूको चुलोमा बिहानबेलुकी आगो बल्दैन । २०७१ साउन अन्तिम साता आएको बाढीपहिरोमा १ सय १५ जनाको मृत्यु भयो ।

■ **ज्योति कटुवाल** (वीरेन्द्रनगर, सुर्खेत)

रत्न राजमार्गको मसिनास्थित सडकछेउमा सानो झुपडी । झुपडी नजिकै सालिक र चिहान । देउरुपा कामीको नजर दैनिक एकपल्ट सालिक र चिहानमाथि पर्छ । ५ वर्षअघि बाढीले घरबारसहित छोरालाई बगाएपछि उनी सडकको सहारामा पुगेकी हुन् । 'बाढीले झुपडीमै पुऱ्याए पनि छोराको सम्झना आइरहन्छ,' शुक्रबार उनले भनिन्, 'त्यही भएर मन बुझाउन छोराको सालिक बनाएकी हुँ ।' देउरुपाको जीवनमा मानसिकभन्दा भौतिक पीडा बढी छ । उनी बस्ने त्रिपाल चुहिन्छ ।

पानी पऱ्यो कि परिवारका सदस्य भाँडा थापेर रातभर जाग्राम बस्नुपर्छ । ११ जनाको परिवारसहित त्रिपालमै बस्दै आएकी दुर्गा सुनारको अवस्था अझ दयनीय छ । सामान्य पानी पर्दासमेत त्रिपालभित्र लत्ताकपडा जोगाउन मुस्किल हुन्छ । गिट्टी नकुटेको दिन उनको चुलो बल्दैन । ५ वर्ष अवधिमा देउरुपा र दुर्गाको यस्तो पीडादायी दैनिकी हेर्न दर्जनौं मान्छे र सरकारका प्रतिनिधि आए । उनीहरू पीडा सुन्छन्, हेर्छन् र फर्किन्छन् तर पीडाको सुनुवाइ हुँदैन ।

बाढीपीडित भने सरकारी बेवास्ताका कारण वर्षौंदेखि सास्ती भोग्न बाध्य छन् ।दाताले दिएका त्रिपाल चुहिंदा वर्षायाम कटाउन पनि मुस्किल छ । दिनभर मजदुरी नगरे उनीहरूको चुलोमा बिहानबेलुकी आगो बल्दैन । २०७१ साउन अन्तिम साता आएको बाढीपहिरोमा १ सय १५ जनाको मृत्यु भयो ।

करिब २ हजार २ सय परिवार विस्थापित बने । 'पालको बसाइँले छोराले बिरामी भएर ज्यान गुमायो,' देउरुपाले भनिन्, 'सरकार फेरिए, हाम्रा पाल भने अझैसम्म फेरिएनन् ।' भेरी किनारामा गिट्टी कुटै आए पनि बिक्री नहुँदा थप सास्ती भएको उनले बताइन् । शिविरमा दैनिकजसो बालबालिका र वृद्ध बिरामी भइरहन्छन् ।

सर्प र जंगली जनावरको त्रास उस्तै छ । शिविरमै सुत्केरी हुँदा आमा र शिशुको स्याहारसुसारको समस्या पनि छ । 'न खानपिनको राम्रो व्यवस्था छ, न बासस्थानको,' महिला प्रशिक्षण केन्द्रमा बसिरहेकी रुपा सिंहले भनिन्, 'सरकारले हाम्रो सास्ती कहिल्यै बुझेन ।'बाढीपीडितको आवास निर्माणका लागि प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले गत वर्ष १४ करोड २० लाख रुपैयाँ विनियोजन गऱ्यो । तर १० जिल्लाका स्थानीय तहले अहिलेसम्म कति रकम खर्च भयो र कति रकम बच्यो भन्नेबारे जानकारी पठाएका छैनन् । पुरानो रकम कति बाँकी छ भन्ने यकिन नगरी मन्त्रालयले यस वर्ष ५ करोड ९० लाख रुपैयाँ विनियोजन गरेको छ ।



कर्णाली प्रदेश सभा सदस्यलाई पीडा सुनाउँदै वीरेन्द्रनगरस्थित महिला प्रशिक्षण केन्द्रका बाढीपीडित । *तस्बिर: ज्योति कटुवाल/कान्तिपुर*

बाढीपहिरोबाट विस्थापित १ हजार ४५ घरपरिवार सुर्खेतका गिरीघाट, महिला प्रशिक्षण केन्द्र, पाँडुलेलगायत स्थानमा बसिरहेका छन् । २०७१ साउनमा गिरीघाटमा आएको बाढीले घरबार बगाएपछि शेरबहादुर कामी वीरेन्द्रनगरस्थित महिला प्रशिक्षण केन्द्रमा आ श्रय लिई बस्न थालेको ५ वर्ष पुग्यो । 'अब त सरकारको आस लाग्न छोडिसक्यो,' उनले भने, 'सुरुमा आउँदा सरकारी प्रतिनिधि र नेताले यो वर्ष जसरी पनि पुनःस्थापना गर्छौं भन्छन्, फेरि फर्केर कहिल्यै आउँदैनन् ।'

आफ्नो समस्या सुनाउँदा सुनाउँदा आजित भइसकेको उनले बताए ।मन्त्रालयको विपद् व्यवस्थापन शाखाका अनुसार गत वर्ष वीरेन्द्रनगरमा करिब ३ करोड ८१ लाख रुपैयाँ खर्च भएको छ । अन्य स्थानीय तहले विवरण नपठाएको शाखाका नायब सुब्बा खड्ग विकको भनाइ छ । मन्त्रालयले प्रभावित घरपरिवारमध्ये जग्गा भएकालाई मात्रै घर बनाउन प्रतिपरिवार १ लाख ५० हजार रुपैयाँ पहिलो किस्ताको रकम दिएको हो । वीरेन्द्रनगरका १ सय ९९, पञ्चपुरीका १६, बराहतालका २९, लेकबेंसीका १२ र गुर्भाकोटका ३२ बाढीपीडित परिवारले रकम लिएको उनले जनाए । जग्गा र घर निर्माण तथा पुनर्वास रोजेका बाढी प्रभावितका हकमा भने प्रदेश सरकारले कुनै निर्णय गरेको छैन ।

बाढीपीडितका हितमा कार्यरत कर्णाली फाउन्डेसनका अनुसार सुर्खेतमा १ हजार ४५ परिवार अस्थायी शिविरमा बस्दै आएका छन् । त्यसमध्ये ५ सय १४ परिवारले घर, २ सय २९ जनाले जग्गासहितको घर र २ सय ३९ परिवारले पुनःस्थापना माग गरेका फाउन्डेसन अध्यक्ष नारायण भट्टराईले बताए । ऐलानी जग्गामा भए पनि पीडितका लागि घरबासको व्यवस्था मिलाउन जरुरी रहेको भेरीगंगा नगरपालिका उपप्रमुख रेणु आचार्यले बताइन् ।